२७९
भक्तपुर मासिक
Bhaktapur Monthly
फागुन २०७६
ISSN 2705-4454




भक्तपुर नपाको छैटौं नगरसभा




# भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता सम्पन्न

- अन्तरनगर एथ्लेटिक्स प्रतियोगिता
- भक्तपुर महोत्सवको तयारी तीव्र
- एमसीसीको विरोधमा नेमकिपा
- धवाहरूको इतिहास
- एन्जेलो ब्राक्सतोन हर्नडोन
- बेल विवाह
- भक्तपुर नगरपालिकाका गतिविधिहरु




भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता (द्वितीय टोली)




भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता (तृतीय टोली)







भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता (शान्त्वना टोलीहरू)

आवरण चित्र धिमेबाजा प्रतियोगिताको प्रथम टोली

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० म.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ★ अङ्क ४ ★ नेसं ११४० ★ विसं २०७६ फागुन ★ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

## ‘आलस्य दरिद्रताको मूल हो ।’

**- यजुर्वेद**

### यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) धवाहरूको इतिहास | ओम धौभडेल | ३ |
| २) एन्जेलो ब्राक्सतोन हर्नडोन : अश्वेत कम्युनिष्ट नेता (२) | धीरेन्द्रमान बिजुक्छेँ | ५ |
| ३) बेल विवाह संस्कार र ज्योतिषशास्त्र | डा.वीरेन्द्रप्रसाद कायस्थ | १० |
| ४) काठमाडौं उपत्यका ‘मनचिन्ते झोला’ होइन | विकास श्रेष्ठ | १२ |
| ५) हुक्कामा फस्दै युवापुस्ता | श्रीराम कासिछ्वा | १३ |
| ६) ‘भक्तपुरमा गोर्खाली हमला’-एक चर्चा | सजीव श्रेष्ठ, बोडे | १५ |
| ७) भक्तपुर नगरपालिकाको बैठक निर्णय | - | १७ |
| ८) नपाले अरु संघ-संस्थामा पनि ध्यान दिनुपर्ने (भक्तपुर नपाको छैटौं नगरसभा) | अध्यक्ष नारायणमान बिजुक्छेँ | ३५ |
| ९) ‘मौलिक पहिचानलाई कही कतैबाट हस्तक्षेप वा अतिक्रमण नहोस्’ | प्रमुख सुनिल प्रजापति | ४३ |
| १०) एमसीसीको विरोधमा नेमकिपाको विशाल जुलुस | - | ४७ |
| ११) ‘भक्तपुरका हरेक नागरिक कलाकार’ (धिमेबाजा प्रतियोगिता) | - | ५० |
| १२) अमर शहीदको स्मृतिमा अन्तरनगर एथ्लेटिक्स प्रतियोगिता | - | ५५ |
| १३) ‘अन्तर नगर खेलकुद प्रतियोगिता शहीदहरूप्रति समर्पित’ | सुनिल प्रजापति | ६१ |
| १४) प्रमुख सुनिल प्रजापति र नेपाली सेनाका मेजर जनरल निरञ्जनकुमार श्रेष्ठबीच भेट | - | ६५ |
| १५) ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठकबाट विभिन्न निर्णय | - | ६५ |
| १६) भक्तपुर नपामा स्थानीय पाठ्यक्रमबारे विज्ञहरूसँग परामर्श बैठक | - | ६६ |
| १७) ‘मिलेनियम च्यालेन्ज कर्पोरेशन र इन्डो प्यासिफिक स्ट्राटेजी’ विषयक प्रवचन कार्यक्रम | - | ६७ |
| १८) ‘अमेरिकी एमसीसी सम्झौता संसदबाट अनुमोदन हुनबाट रोक्नु आवश्यक छ’ | सुनिल प्रजापति | ६८ |
| १९) श्वासप्रश्वास पुनर्स्थापना केन्द्रको दोस्रो चरणको सम्झौता | - | ७० |
| २०) शैक्षिक संस्थाको सफलता शिक्षक र विद्यार्थीको संयुक्त मिहिनेत र प्रयासले सम्भव हुने | - | ७१ |
| २१) ङातापोल मन्दिर जीर्णोद्धारसम्बन्धी अन्तरक्रिया | - | ७४ |
| २२) ‘सम्पदा निर्माणमा जनताको अपनत्व अनुभव-राम्रो पक्ष’ | सुनिल प्रजापति | ७६ |
| २३) कोरोनाविरुद्ध चिनियाँ प्रतिरोधप्रति नेमकिपाको ऐक्यबद्धता | - | ७८ |
| २४) राष्ट्रिय कला सङ्ग्रहालय पुन:निर्माणबारे छलफल | - | ७९ |
| २५) भक्तपुर महोत्सवको तयारी तीव्र | - | ८१ |
| २६) विश्व क्यान्सर दिवसको अवसरमा जनचेतनामूलक कार्यक्रम | - | ८९ |
| २७) समाजको सेवा नै धर्म हो | - | ९१ |
| २८) नगरमा शैक्षिक गतिविधि | - | ९२ |
| २९) वडा गतिविधि | - | ९५ |
| ३०) पुरातत्त्वविद् तारानन्दको निधन | - | ९९ |
| ३१) धिमे, एथ्लेटिक्स र महोत्सव (सम्पादकको पृष्ठ) | - | १०४ |

**साथमा** :

रंगीन पृष्ठ-क देखि ज सम्म/शारीरिक व्यायाम सामग्री चोरी-५६/गमला फुटाउनेहरूलाई रु. पाँचहजार जरिवाना-६४/जिल्ला सामुदायिक आँखा केन्द्रको स्तरोन्नतिबारे छलफल-६४/बसिबियाँलो - ६९/‘कोरोना भाइरस’ रोग विषयमा छलफल तथा परामर्श-७७/चीनमा कोरोना भाइरसको महामारी-७७/जनस्वास्थ्य केन्द्रमा कर्मचारी भेला-८०/उत्कृष्ट खेलाडी चयन गर्ने राम्रो अवसर-८७/डीप बोरिङको पानी परीक्षण वितरण -८८/धिमेबाजा प्रतियोगितासम्बन्धी संस्कृतिकर्मीहरूको भेला-८८/ताप्लेजुङको मिक्वाखोला गापाका प्रतिनिधिमण्डल भक्तपुर नपामा -८९/शारीरिक र मानसिक रूपमा स्वस्थ रहन खेलकुद आवश्यक-९०/अरनिको सभाभवन निर्माणस्थल परिसरमा सरसफाइ-९९/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (४) -१००/SKETCHES FROM NIPAL (46) Henry Ambrose Oldfield-१०१/ ब्लड प्रेसर लो भएमा के गर्ने ?-१०२/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ माघ महिनाको प्रतिवेदन-१०२/माघ महिनाको पर्यटक तथ्याङ्क- १०३ ।

# धवाहरूको इतिहास



ओम धौभडेल

भक्तपुर नगर सानो छ, तर धेरै विशेषतायुक्त छन् । एउटा विशेषता यहाँको थर पनि हो । थर प्रत्येक ब्यक्तिको नाम पछाडि झुण्डिएको हुन्छ । भक्तपुर जस्तो सानो नगरमा सात सयभन्दा बढी थरहरू रहेको मेरो अनुसन्धानले पत्ता लगाइसकेको छु । भक्तपुरमा पाईने 'अनौठो' थरहरूले रोचकता पनि दिन्छ । भक्तपुरको थरको सबैभन्दा ठूलो विशेषता भनेको थरले पेशा बताइरहेको हुन्छ । अहिले समय परिवर्तन भएको अवस्था छ । धेरै थरहरू छोडी नयाँ थरहरू अपनाउने चलन बढ्दै आएको अवस्थामा भक्तपुरबाट लोप हुन लागेको धवा थरबारे यो आलेख केन्द्रित रहेको छ । धवा थर हाल भक्तपुरको इटाछें टोलमा केहीघरमा मात्र सीमित रहेको छ । कयौं धवाहरूले धवाको सट्टा श्रेष्ठ राखिसकेका छन् । यहाँ धवा के हो र कसरी धवा थर बन्यो यो महत्त्वपूर्ण प्रश्न छ । यसबारे कहीकतैबाट प्रकाश हुने आलेख आजसम्म प्रकाशमा आएको छैन । यो नै पहिलो लेख हो ।

धवाहरू भक्तपुरका सात सयभन्दा बढी थरमध्ये एक हो । हाल थोरै ब्यक्तिहरूले मात्र उपयोग गर्दै आएका छन् । आफ्नो धवा राख्नेहरूको एक दुई घर इटाछें टोलमा मात्र बाँकी छ । धवा भनेको नेपालभाषाको धवा अर्थात बंगारा जस्तो लागेको भएतापनि भक्तपुरको धवा थरको बंगारासित कुनै सम्बन्ध देखिंदैन । बरु यसलाई गहिरिएर अध्ययन गर्ने बेला कुनै समयको धलुवा बाट नै धवा बनेकोलाई यहाँ पुष्टि गर्नुपर्ने हुन्छ । धलुवाबाट धलवा हुदैं धवा बनेको भाषा विज्ञानले पनि सही देखिन आउँछ । यसबारे विस्तृत अध्ययनको खाँचो हुन्छ । विशेषगरि मल्ल कालमा तत्कालीन राजपरिवारसित नजिकका भारदारहरूले ग्रहण गरेको धलुवाहरूको निजी आवास तथा अन्य कीर्तिहरूबाट यसको पुष्टि हुन्छ ।

भक्तपुर लायकु राजदरबारको पश्चिमतर्फ खौमा पर्दछ । खौमा टोलमा राय मल्लका दुई छोराहरू भूवन मल्ल र जीत मल्ल मध्य जीत मल्लका छोरा नातिहरू १६ औं शताब्दिदेखि क्वाथनायकको रूपमा रहँदै आएको इतिहास सर्वप्रथम लेखकले केही अगाडि प्रकाशमा ल्याइसकेको यहाँ स्मरण गर्नु मनासिव हुन्छ । शुरुमा क्वाथनायक हुँदै पछि नायजु बनेका सबै मल्ल नै हुन् । राजा जितामित्र मल्लले ने.सं. ७९८ मा भक्तपुरको नगरकोटदेखि भक्तपुर लायकुसम्म पुग्ने एउटा राजकुलो बनाउन लगाएको भक्तपुर राजदरबारस्थित एक शिलापत्रले स्पष्ट सूचना दिन्छ । यस अभिलेखबाट जितामित्र मल्ललाई राजकुलो बनाउन साहै कष्ट परेको ब्यहोरा बुझ्न सकिन्छ । ने.सं. ७९८ मा बनाउन लगाएको सो कुलो ५ वर्षमा मात्र पूरा भएको थाहा हुन्छ । राजकुलो बनाएको अर्को ५ वर्षपछि अर्थात ने.सं. ८०८ मा पुनःजितामित्र मल्लले १० रोपनी जमिनसहित गुथि राखेबाट राज्यस्तरबाट यो राजकुलोप्रति अत्यधिक चासो दिएको प्रष्ट हुन्छ । यता जितामित्र मल्ल जीवित छँदै उनका छोरा भूपतिन्द्र मल्ल भक्तपुरका राजा बनेपछि पुनःराजकुलोको मर्मत सम्भार भएको देखिन्छ । विश्वप्रसिद्ध ५ तले मन्दिर बनाएको वर्ष भूपतिन्द्र मल्लले राजकुलोको जीर्णोद्धार गरेको थियो । त्यसपछि लामो समयसम्म राजकुलो बारे कहिंकतै उल्लेख नभएबाट राजकुलो राम्ररी जीर्णोद्धार हुनुको साथै राज्यबाट त्यसको समुचित ब्यवस्था भएको हुनुपर्छ । तर वि.सं. १८२६ मा मल्लवंशको पतन पछि यो अवस्था कायम हुन सकेन । यसैबीच नेपालको राजनीतिमा भीमसेन थापाको उदय पश्चात यहाँका संस्कृति सम्पदाको संरक्षणमा चासो लिएको थियो । यसमा उनले वि.सं. १८७५ मा बिग्रेको भक्तपुरको राजकुलो जीर्णोद्धार गरी ब्यवस्थित पार्ने प्रयास गर्यो । उनको भक्तपुर तलेजु सुनको ढोकामा उत्किर्ण अभिलेखमा 'भादगाउँ चार वर्ण छत्तिस जातले कुलो नजिक चपरी नकाट्नु, गायी र भैंसी नचराउनु र बेकाईदा गर्नेलाई दण्ड लाग्छ' भन्ने ब्यहोराबाट यसको पुष्टि हुन्छ । वि.सं. १९०३ मा जंगबहादुर राणा सत्तामा आएपछि धीर शम्सेरलाई भक्तपुरको बडाहाकिम बनाई पठाएको थियो । वि.सं.१९१२ मा नेपाल भोट बीच युद्ध हुँदा धीर शम्सेरले बहादुरीपूर्वक युद्ध लडेकोबाट खुशी भएका जंगबहादुरले राज्यकोषबाट यथेष्ट रकम खर्चको सिफारिस भएको समयमा धीर शम्सेरले यही राजकुलो जीर्णोद्धार गर्न लगाए । राजकुलोको हेरचाहको लागि ६ जना धलपाहरूको ब्यवस्था हुँदै आएकोमा ३ जना थपि ९ जना धलपाको समेत ब्यवस्था गरे । यतिबेलासम्म भक्तपुरमा धलवाहरूको राम्रो ब्यवस्था भएको पुष्टि हुन्छ । यस पछि खासै रूपमा धलवाहरूको जिकिर भएको पाइँदैन । यसैबीच राणाकालमै पुनः राजकुलो ठाउँ ठाउँमा भत्की पानी आउन बन्द हुँदा भक्तपुर तलेजु भवानीको नित्य पूजामा कठिनाई आईपुग्यो । यसको लागि तलेजु भित्र नाःक भनी पानी ल्याउने ब्यक्तिहरू समेतको ब्यवस्था भयो । यसलाई मनन गरी वि.सं. १९८९ माघ शुद्धी ७ को दिन तत्कालीन राणा प्रधानमन्त्रि जुद्ध शम्सेरले राजकुलोको जीर्णोद्धार गर्न लगाए । यसबाट राजकुलोको दायाँबायाँदेखि तलेजु भवानीको नित्य पूजाको लागि निर्माण गर्न लगाएको सुनको धारामा समेत राजकुलोको पानी आउन थाले । यसको पुष्टि गर्ने एक महत्त्वपूर्ण प्रमाण भक्तपुर दरबार क्षेत्रको प्रसिद्ध सुनको ढोका सँगैको लाल बैठकमा टाँसिएको

ताम्रपत्र हो। तर यो लामो समय टिक्न पाएन। वर्ष दिन नबित्दै वि.सं. १९९० माघ २ गतेको महाभूकम्पमा भक्तपुर लगायत काठमाण्डौ उपत्यका प्रायः ध्वस्त भयो। यसमा परी भक्तपुरको राजकुलो पनि ध्वस्त भयो।

ने.सं. ७९८ मा राजा जितामित्र मल्लको पालामा भक्तपुरको रत्नागिरि पर्वतदेखि भक्तपुर तलेजुभित्र कुलो मार्फत पानी ल्याउन राजकुलो बनाई सो राजकुलोको रेखदेख गर्ने मुख्य अभिभारा राजपरिवारका केही प्रभावशाली ब्यक्तिहरूलाई दिएको थियो। सो कार्य गर्न राजाले प्रशस्त जग्गाजमिन राखी गुथिको पनि ब्यवस्था गरेको देखिन्छ। तिनिहरूलाई धलुवा भनियो। जहाँ धलु भन्नाले कुलो र वा भन्नाले अधिकारी भन्ने बुझिन्छ। अर्थात राजकुलोको अधिकारी भन्ने अर्थ लाग्छ। तिनीहरू राजपरिवारका सदस्यहरू हुनाले उनीहरू शक्तिशाली पनि हुन्थ्यो। उनीहरूले शक्तिको असिमित दुरूपयोग पनि गर्थ्यो। यसको उदाहरण राजा जितामित्र मल्लले राख्न लगाएको विभिन्न अभिलेखहरूबाट थाहा पाउन सकिन्छ। यसबाहेक धवाहरूसित जोडिएको अरु धेरै प्रमाणहरू पनि यहाँ उल्लेख गर्नु आवश्यक हुन्छ।

**धवा ननी**

भक्तपुर खौमा टोलबाट दोक्छें हुँदै बंशगोपाल जाने एउटा बाटो छ। जुन बाटो अत्यन्त चल्तीको छोटो बाटो पनि हो। खौमाबाट दोक्छें पुग्नु अगावै बाटोमा एउटा सानो चोक आउँछ, जहाँ एउटा इनार पनि छ। यो चोकको नाम धवा ननी हो। यो धवा ननी नामबाट नै यो ठाँउ धवाहरूको बस्ती हो भन्ने थाहा हुन्छ। तर अचेल यहाँ कोही धवा परिवारको उपस्थिति देखिँदैन।

**धवा हिटी**

भक्तपुर इन्द्रायणी पिठको पछाडि पट्टि पोखरीसँगै बाटोभन्दा दक्षिणतर्फ गहिरो एउटा धारा छ। जुन पश्चिमाभिमुख छ। तीनतह पेटी मुनि रहेको सो धारालाई स्थानीयबीच धवाहिटीले प्रख्यात छ। विशेषगरि धवाहरूले बनाएको धारा भएर यसरी धवाहिटी भनेको हुनुपर्छ। तर धारा वरपर यो धारा कसले कहिले बनाएको हो बताउने प्रमाणहरू त अहिलेसम्म भेटिएको छैन। तापनि जनमानसको मुखारविन्दमा झुण्डिएको नाम धवा हिटी नै हो। भक्तपुरमा रहेका सयौँ ढुङ्गेधाराहरूमा यो ढुङ्गेधाराको आफ्नै महत्त्व यो छ की यसमा यद्यपि निरन्तर पानी आइरहेको छ। चौबिसै घण्टा निरन्तर पानी आइरहेको कारण यो ढुङ्गेधारामा बिहानदेखि नै मानिसहरूको घुइँच्चो लागेको हुन्छ। मूलकै पानी भएकोले जाडोमा न्यानो पानी आउने र गर्मीमा चिसो पानी आउनु अर्को विशेषताले यहाँ मानिसको भीड लागेको हुन्छ। यो धारासित धवाहरूको इतिहास जोडिएको कारण यो धाराको महत्त्व आफ्नै ठाउँमा छ।

**धवाहरूको दिगु:द्यः**

भक्तपुर खौमा टोलबाट इटाछें जाने मूलबाटोको बीचमा दक्षिणतिर साँयजु कसहरूको चोक छ। साँयजु कायस्थहरूको सो चोकभन्दा केही दूरीमा अर्को एउटा सानो चोक छ। जुन धवा ननीबाट एक घर उत्तरतिरको चोक हो। यो सानो चोकको मध्यभागमा एउटा सानो मन्दिर छ। पश्चिमतर्फ फर्केको सो सानो मन्दिर भित्र कुनै मूर्त देवता छैन। यहाँ अमूर्त देवताहरू लहरै स्थापना गरिएको छ। सो मन्दिरको पूर्वस्वरूप कस्तो थियो, थाहा हुन सकिएन। तर अहिले सिमेन्टले प्लाष्टर गरेको देख्दा धेरै पछि जीर्णोद्धार गरेको स्पष्ट हुन्छ। यो कुन देवताको मन्दिर हो भन्ने खोजतलास गर्दै जाँदा एउटा अचम्मको रहस्य भेटियो। नेवारहरूको दिगुद्यः नगरभन्दा बाहिर खोला तथा मशानघाट वरपर हुन्छ भन्ने मान्यता ब्याप्त रहेकोमा लेखकले आफ्नै अनुसन्धानमा कयौं नेवारहरूको दिगुद्यः बस्तीभित्र पनि हुन्छ भन्ने प्रकाशमा आइसकेको विषय हो। जस्तै मुल्मिहरूको दिगुद्यः आफ्नै घरको थामबाट अण्डा खसाल्दा जहाँ फुट्छ, सोही ठाउँमा दिगु पूजा गरे झैं भद्राहरूको आफ्नै घरको मूल थाममा दिगु पूजा हुन्छ। यहाँनेर खौमास्थित साँयजु चोकभित्रको सो सानो मन्दिर धवाहरूको दिगु द्यः रहेछ भन्ने कुरा पत्ता लाग्यो। यस विषयमा एउटा के भनाइ छ भने एकपटक दिगु पूजा गर्न तयार गरिरहेको समयमा पूजाको लागि ल्याएको हाँसको फूल चोकमा खसेछ। यो अनर्थ भयो भनी जोशी देखाउन जाँदा सोही स्थानमा दिगु पूजा गर्नु भनी ल्याएपछि यो ठाउँमा दिगु द्यः स्थापना भएको कहावत छ। केही समय अगाडि गोरखाबाट दुईवटा बसमा धवाहरू हाल श्रेष्ठहरू यहाँ दिगुद्यः पूजा गर्न आएको यहाँ स्मरणीय छ। दिगुद्यः भनिएको मन्दिर भित्र पस्ने ढोकामाथि एउटा लामो ढुङ्गामा कुँदिएका अक्षरहरू सबैभन्दा ठूलो उपलब्धि भयो। जुन आजसम्म कहिकतैबाट प्रकाशमा आएको छैन। पहिलो पटक यहाँ सो अभिलेखको तस्बिर तथा त्यसको भावानुवाद दिएको छु। जुन यस प्रकारको छ–

*श्री सम्वत् ७१० फाल्गुण कृष्ण दशम्यातिथौ दिन। जय रूपसिहं भारो नं दयकागु जुलो शुभम्॥ टोरन छत्र दुन्ता॥*

यसबाट सो दिगुद्यः नेपाल सम्वत ७१० फागुन कृष्ण दशमी तिथीको दिन रूपसिंह भारोले तोरणसहितको कितीहरू राखेको पुष्टि हुन्छ। यहाँ रूपसिंह भारो को हुन्, उनीबारे अनुसन्धान हुन बाँकी छ। यसबाट भक्तपुरका धवाहरूको इतिहासको साथसाथै भक्तपुरको मल्लकालीन इतिहासको केही पाटो प्रकाशमा आएको छ। विशेषगरि धवाहरूसित जोडिएको राजकुलोबारे धेरैथोरै जानकारी एउटा महत्त्वपूर्ण दस्तावेज हो। यो नै धवाहरूको इतिहास बुझाउने महत्त्वपूर्ण प्रमाण पनि हो।

**सन्दर्भ सामग्रीहरू**


१. ने.सं.७९८ को राजकुलोको अभिलेख
२. ने.सं. ८०३ को अभिलेख
३. ने.सं.८०८ को राजकुलोको लागि थप जग्गाको ब्यवस्था गरेको अभिलेख
४. विं.सं. १८८९ को सुनको ढोकाको ताम्रपत्र
५. स्थलगत अध्ययन
६. रामप्रसाद धवा, इटाछें
७. रामगोविन्द श्रेष्ठ, महालक्ष्मीस्थान

# एन्जेलो ब्राक्सतोन हर्नडोन : अश्वेत कम्युनिष्ट नेता (२)

धीरेन्द्रमान बिजुक्छेँ



PGh]nf]xg8f]g

### कानून हातमा लिनेहरूलाई मृत्युदण्ड

एन्जेलो हर्नडोन सेन्ट् लुइस सम्मेलनको प्रतिनिधि त थिएन। यद्यपि, त्यस सम्मेलनले गरेको निर्णयहरूबाट उनी निकै प्रभावित भए। सबै काला जातिका सङ्गठनहरू, सबै गोरा जातिका उदार समूहहरू कानून हातमा लिने कार्यहरूका जल्दाबल्दा विषयहरूमा होसियार भए, तौली तौली बोले, र फुकी फुकी पाइला चाले। काला जातिहरूको समानता र हकहित संघर्ष लिगको पर्चामा 'कानून हातमा लिनेहरूलाई मृत्युदण्ड' भनी लेखिएको चम्किलो नाराबाट उनी निकै सन्तुष्ट भए।

यी संघर्षका वर्षहरूमा एन्जेलोले धेरै अनुभव हासिल गरे। उनी अलाबामाको ब्ल्याक बेल्टमा गएर काला जाति र गोरा जातिका खेताला र जोताहा किसानहरूसँग छलफल गरे। कपासको मूल्य घट्यो, त्यस्को भार जोताहाहरू र खेतालाहरूको थाप्लोमा पर्‍यो। त्यसोभएपछि जमिनदारहरूको स्तरीय जीवन शैलीमा खासै फरक पर्दैनथ्यो। खेतालाहरूले ऋणको लागि सरकारलाई निवेदन दिएका थिए। ऋण अनुदान आइपुग्दा गाम्रीण हुलाकका हाकिमहरूको मिलेमतोमा जमिनदाहरूले त्यस्मा पैसा चोर्न लगाए। त्यहाँ खेतालाहरूको सङ्गठन भएको थिएन। सङ्गठन स्थापना भएपछि त्यसले जमिनदाहरूको ऋण–दासताको व्यवस्थालाई चुनौती दियो।

एकदिन एन्जेलोको एकजना काला जातिको प्रचारकसँग भेट भयो। त्यो प्रचारक चाहिं पूँजीपतिहरू वा कानून हातमा लिनेहरूको गुप्तचर थियो। उसले एन्जेलोको गतिविधिलाई नियालीरहेको थियो। उसले उनीलाई आतंकित पार्न खोज्यो। उसले भन्यो 'यहाँका जनताको अवस्थाबारे मलाई केही थाहा छैन। म चाहिँ खुशी र आरामदायक जीवन बिताइरहेको छु।' तिनीहरूले एन्जेलोलाई अपहरण गर्ने सुरसार कसे। उनी रौं प्रमाणले मात्र जोगिएर त्यहाँबाट एउटा ट्रेनमा बसेर हिंडिहाले। एकजना गोरा जातिको खेतालाले उनलाई ट्रेन भाडाको व्यवस्था गरिदिएको थियो।

### स्कोट्सबोरो काण्ड

ट्रेड युनियन युनिटी लिगको प्रतिनिधिको रूपमा एन्जेलो हर्नडोन केही हप्ता न्यू ओर्लिएन्समा बसे। त्यहाँ उनले सबैभन्दा पहिले स्कोट्सबोरो नाम देखे। उनले त्यस विषयमा केही कुरा बुझ्न चाहे। स्कोट्सबोरो काण्डले संरा अमेरिकामा कालाहरूको जीवन र गोरा मजदुरहरूको नयाँ चरणलाई प्रतिविम्वित गर्छ। एकदिन विहान, एन्जेलोले एउटा पूँजीवादी पत्रिकामा एउटा समाचार पढे। त्यस्मा लेखिएको थियो 'नौ जना काला पशुहरूले २ जना गोरा केटीहरूलाई बलात्कार गरे।' यसरी, यस्ता पूँजीवादी पत्र–पत्रिकाहरूले कालाहरूको आन्दोलन चर्किरहँदा बेसन्दर्भको कुरो छापेर काला र गोराबीच फाटो ल्याउने षड्यन्त्र र कालाहरूको बदनाम गर्ने गर्थे। एकचोटि, न्यू ओर्लियन्स बन्दरगाहमा काम गर्ने काला मजदुरहरूले हडताल जारिराखेका थिए। त्यस स्कोट्सबोरो काण्डलाई प्रयोग गरेर बन्दरगाहका काला जातिका मजदुर र गोरा जातिका मजदुरहरूबीच फाटो ल्याउन बन्दरगाह मालिकहरू उत्साहित भएका थिए।

एन्जेलोलाई दक्षिणमा मजदुरहरूको विजय हुने कुरोमा प्रष्टै थाहा थियो। उनले न्यू ओर्लिएन्समा सङ्गठनका कमिटिहरूमा रहेर मजदुरहरू माझ काम गरे। उनी आफ्ना सहयोद्धाहरूको साथमा स्कोट्सबोरोका युवाहरूको समर्थनमा क्लब, युनियन र चर्चहरूमा गए।

सन् १९३१ मे महिनाको ३१ तारिखको दिन एन्जेलो हर्नडोन चट्टानुगा (Chattanooga) मा भएको अखिल दक्षिण स्कोट्सबोरो सम्मेलनमा एक प्रतिनिधिको रूपमा सहभागी भए।

सम्मेलन हुने सभा भवन वरिपरि बन्दुकधारी र प्रहरीले घेरेका थिए । यद्यपि, एन्जेलो हर्नडोनहरू फटाफट सिधै सभा भवनमा प्रवेश गरे । बन्दरगाह मालिकहरू रिसले पागल भई मुर्मुरिरहेका थिए । त्यस सम्मेलनमा काला मजदुर र गोरा मजदुरहरू एक साथ सम्मिलित थिए । सम्पूर्ण स्कोट्सबोरो काण्ड सडे गलेको थियो भन्ने कुरो प्रष्ट भैसकेको थियो । एन्जेलोले त्यस सम्मेलनमा आफ्नो मन्तव्य दिए ।

त्यहाँ रहेको बेला उनी कालाहरूको चर्चमा हुने विलियम पिकेन्स (William Pickens) ले सम्बोधन गर्ने एउटा सभामा गए । विलियम पिकेन्स राष्ट्रिय संघका स्थलगत सचिव थिए । उनले 'अन्तर्राष्ट्रिय श्रम सुरक्षा' को खूब आलोचना गरे । उनले भने : 'हामीले गभर्नर र न्यायालयलाई मनपरि गर्न दिनुहुन्न । हामीले तिनीहरूलाई राम्रो व्यवहार देखाउने कोसिस गर्नुपर्छ । तपाईंहरूलाई के कसरी लड्नुपर्छ भन्ने  कुरा थाहा छैन । मलाई र कानून वेत्ताहरूलाई पैसा दिनुस् र हामीले यस्को हेरविचार गर्छौं ।' त्यसपछि, उनले स्कोट्सबोरोका युवाहरूका आमाहरूलाई आवश्यकताभन्दा बढी अबोध मूर्खहरू भएकोमा निकै आलोचना गरे ।

एन्जेलो हर्नडोनले त्याहाँ बोले : 'हामी सबै मजदुरहरू एक नभएसम्म र कानून हातमा लिनेहरूलाई चर्को चौतर्फी दबाब नदिएसम्म स्कोट्सबोरोका युवाहरू कहिल्यै जेलबाट छुट्ने छैनन् । हामी कानून हातमा लिनेहरू प्रति लामो समयसम्म विनम्र भयौं । हामी सबै एकजुट भएमा तिनीहरूले के गर्न सक्छन् र ? तिनीहरूको जिउ हजुर गर्ने र तिनीहरूको काम गर्ने शैलीलाई फेरबदल गर्ने हाम्रो कुनै चाहना छैन भनी तिनीहरूको अगाडि लम्पसार परे भने धेरै लामो समयदेखि दास भए जस्तै अझै हामी दास भइरहनेछौं ।'

### स्कोट्सबोरोको अर्थ

एन्जेलो हर्नडोनले  एट्लान्टाको जेल जीवन बिताउँदा स्कोट्सबोरो  काण्डको बारे विस्तारमा थाहापाउन सक्दो सबथोक गरे । उनले त्यस सम्बन्धमा पत्र-पत्रिकाहरूको अध्ययन गरे । त्यसैगरी उनले स्कोट्सबोरोका युवाहरूको सम्बन्धमा लेखिएका विश्लेषणात्मक समाचार लेखहरू खूब ध्यानपूर्वक पढे ।

एन्जेलो हर्नडोनहरूले डिक्यातर (Decatur) मा नयाँ मुद्दाको लागि गरेको सशक्त संघर्षबाट उनी निकै सन्तुष्ट भए । मजदुरहरूले स्कोट्सबोरो काण्डमा जातिवाद र दमनलाई नराम्रोसित प्रहार गरेका थिए । स्कोट्सबोरो काण्डको विरुद्ध संसारको एउटा कुनाबाट अर्को कुनामा प्रतिध्वनित हुने गर्जन गर्जिएको थियो । उनी जेलको कोठामा ओहोर-दोहर गर्न थाले । जेलबाट छिट्टै नै निस्केर उनी संघर्षमा हाम्फाल्न आत्तुर भए ।

स्कोट्सबोरोमा गोरा जमिनदारहरू आलिसान हवेलीमा बस्थे भने गोरा पूँजीपतिहरू उद्योग, कल कारखाना र ठूल-ठूला कम्पनीका मालिकहरू र सशस्त्र प्रहरी जवानहरू शहरका ठूल-ठूला घरहरूमा बस्थे । सशस्त्र प्रहरी जवानहरूले काला मजदुरहरूलाई यसो गर त्यसो गर भनी हप्की दप्की र थर्काउने काम गरिरहन्थे । तिनीहरूले त्यहाँ मोज मज्जाको जीवन बिताउँथे । जतिखेर पनि तिनीहरू काला मजदुरहरूलाई आवश्यकताभन्दा बढी काममा जोताउन, ठग्न र जेलमा कोच्न सक्थे । त्यसैगरी, तिनीहरूले कानून आफ्नो हातमा लिएर आफूखुशी काला मजदुरहरू माथि गोली हानेर मार्न सक्थे । यद्यपि, शोषण र दमन गर्ने अनि कानुन हातमा लिएर मनपरी गर्ने कार्यको विरोधमा मजदुर एकताको प्रदर्शन, आन्दोलन र संघर्ष चर्क्यो । यसबाट पूँजीपति, प्रतिकृयावादी र भरौटेहरू आजित भएर तर्से । स्कोट्सबोरोका पूँजीपति र प्रहरीसँग काला मजदुरहरूको मुठभेद हुन्थ्यो । त्यसबाट एउटा फाइदा के भयो भने हरेक खानी र कल-कारखानाका हरेक काला मजदुर र काला जातिको बस्ती वरिपरि रहेका ठूल-ठूला फाँटहरूमा काम गर्ने काला खेताला र कमैयाहरूले शिर ठाडो गर्न सके ।

ब्रिमिङघममा एन्जेलो हर्नडोन खानी मजदुरहरूसँग घुलमिल भएर बसे । खानीहहरूको अवस्था झन् झन् बिग्रन्दै गैरहेको थियो । कम्पनीको आफ्नो सशस्त्र रक्षकहरू हुन्थ्यो । खानी मजदुरहरूको कृयाकलाप र दिनचर्या हेर्दै तिनीहरू राजमार्गहरूमा ओहोरदोहर गर्थे । त्यसबेला एन्जेलो हर्नडोन ४-५ पटक प्रक्राउमा परे । हरेक पटक पक्राउमा पर्दा तिनीहरूले उनीलाई नानाभाँतिका प्रश्नहरू गरे र तर्साउन खोजे । एकचोटि, तिनीहरूले भने 'त्यो टम कहाँ छ ? हामी यो बोक्सीको छोरालाई दनक दिन चाहन्छौं ।' उनले भने 'केही दिनदेखि टमलाई मैले देखेकै छैन ।'  एक्कासी एकजना प्रहरी जवानले उनको मुखमा झ्याम्म हान्दै गर्ज्यो,'तँ रण्डीको छोरा, टम कहाँ बस्छ भन्ने कुरो तँलाई थाहा छैन, हँ ?'

### विली पिटरसन

'ज्याला' कटौतिविरुद्ध खानी मजदुरहरू सङ्गठित हुँदै थिए । काला जातिका मजदुर र गोरा जातिका मजदुरहरू बीच एकता बलियो हुँदै थियो । मजदुरहरूले आफूहरूबाट खोसिएका राहत र कार्य अनि मानव अधिकार फिर्ताको माग गरे । खानी मालिकहरूले केही काला जातिका मजदुर नेताहरू विरुद्ध झूटो आरोप लगाउँदै झूटा मुद्दामा फसाउने षड्यन्त्र गर्दै थिए । अधिकांश गोरा मजदुरहरूले आफ्नो जागिरलाई भन्दा काला जातिका मजदुरहरू माथिको अन्याय-अत्याचारको विषयमा चिन्तन मनन गर्नथाले ।

अगष्ट ३ तारिखको दिन ब्रिमिङघममा दुईजना गोरा जातिका केटीहरूको हत्या भयो । खानी मालिकहरूले ७० जनाभन्दा बढी काला जातिका मजदुरहरूलाई गैर कानूनी ढंगले पक्राउ गर्न लगाए र कोर्रा हिर्काउन लगाए । एउटा पत्रिकाले त यी

महिलाहरू मध्य एउटीलाई गोली हानेर मार्ने काला जातिको थियो र हत्याराहरूको अगाडि उसले एउटा 'कम्युनिष्ट मन्तव्य' दिएको भनी लेखिएको थियो ।

हट्टाकट्टा एकजना कुइरेले झ्याल भित्र हेर्‍यो र एन्जेलोको कन्चटमा बन्दुक सोझ्यायो । त्यसैबेला अरुहरूले ढोका फोडे । तिनीहरूले एन्जेलो र कोठामा बस्ने उनको साथीलाई ओछ्यानबाट उठाए र हतकडी लगाए ।

एन्जेलो हर्नडोन एउटा कोठामा थुनिए । एक घण्टापछि एकजना प्रहरी जवान आयो र उनलाई त्यहाँबाट घिसार्दै एउटा कारमा राख्यो । उसले एन्जेलोलाई शहरबाट २० माइल परको एउटा वनमा लग्यो । कार रोके पछि सबै बाहिर आए । तिनीहरूले एन्जेलोलाई नेल्स विलियमलाई कसले गोली हानेको भनी केरकार गरे । एन्जेलोले त्यसबारे आफूलाई केही थाहा नभएको कुरो दोहर्‍याइरहे । नेल्स विलियमको हत्याबारे केही थाहा नभएको बताए पछि तिनीहरूले एन्जेलोलाई यातना दिन सम्म दिए । टोपी नै लाउन नहुने गरी उनको टाउको र कान निकै सुन्निएको थियो । विली पिटरसनलाई हत्याको दोषी ठहर्‍याइए । उनी दोश्रो विश्व युद्धका घाघडान र अनुभवी सिपाही थिए । उनी कोइला खानीमा काम नपाएको एक बेरोजगार मजदुर थिए । उनी पनि एन्जेलो जति कै निर्दोष थिए ।

एन्जेलो हर्नडोनलाई ब्रिमिङघमको प्रत्येक गुप्तचर र प्रहरी जवानले चिनिसकेका थिए । त्यसो भएर, उनलाई त्यहाँ काम गर्न निकै गाह्रो भयो । पार्टीले उनलाई एट्लान्टामा पठाउने निर्णय गर्‍यो ।

एट्लान्टाको १ लाख ५० हजार जनसङ्ख्यामा २५,००० परिवारलाई मात्र सरकारले बेरोजगार भत्ताको व्यवस्था गरेको अनुमान थियो । हजारौं हजारले भत्ता पाएका थिएनन् । थप भत्ताको व्यवस्था गर्नु पर्ने भएर नै बेरोजगार सङ्ख्या यकिन हुने डरले यस्को तथ्याङ्कलाई लुकाइएको थियो ।

कल-कारखाना मजदुरहरूलाई बेराजगार भत्ताभन्दा अलि बढी पारिश्रमिक दिइन्थ्यो । संरा अमेरिकाको दक्षिणी क्षेत्रका लुगा-फाटा सिउने (जुलाहा) मजदुरहरूको अवस्था निकै नाजुक थियो । त्यसैगरी, एट्लान्टाका कल-कारखानाहरूको अवस्था पनि पीडाजनक थियो । फुल्टन ब्याग कम्पनी (Fulton Bag Company) ले पनि हप्तामा ६ डलरभन्दा कम पारिश्रमिकमा युवतीहरूलाई पोशाक तयार पार्ने कारखानाहरूमा काम गराइन्थ्यो । पुराना, अव्यवस्थित र फोहर घरहरूमा पनि लुगा सिलाउने काम गराइन्थ्यो । ती घरहरू नै कारखानाहरू थिए ।

सन् १९३० को वशन्त ऋतुमा दुईजना गोरा आइमाई, दुई जना गोरा पुरुष र दुई जना काला पुरुषहरू गरी जम्मा ६ जना मजदुरहरू पक्राउ गरिए । तिनीहरूलाई राज्य विप्लव गरेको आरोप लगाइयो । त्यसअनुसार राज्यले तिनीहरूलाई बिजुलीको झट्का दिने मेचमा बसाएर यातना दिने माग गर्‍यो ।

### मजदुर वर्गबीच फाटो

ब्ल्याक् शर्तस् (Black Shirts) भनिने फासीवादी सङ्गठनले सबै काला मजदुरहरूलाई कामबाट निकालेर त्यस्को ठाउँमा गोरा मजदुरहरूलाई मात्र राख्नुपर्छ भनी माग गर्‍यो । त्यसैगरी, त्यसले सबै कालाहरू अफ्रिकामा नै फर्कनु पर्ने भनी माग राख्यो । यो मागको मुख्य उद्देश्य नै अफ्रो-अमेरिकी काला मजदुर र युरोपेली मूलका गोरा मजदुरहरू बीच फाटो ल्याउनु र मजदुर हीतको संघर्षलाई अन्त्य गर्नु थियो । त्यसको विरुद्ध बेरोजगार परिषद्को एक सङ्गठनकर्ताको रूपमा एन्जेलोले चर्को संघर्ष गर्दै गए ।

ती फासीवादीहरूले संरा अमेरिकाको दक्षिणी क्षेत्रका गोरा केटा-केटीहरू चाहिं काला केटा-केटीहरू भन्दा धेरै असल भनी प्रशंसा गरे । त्यसैगरी, तिनीहरूले गोरा केटा-केटीहरूको जन्म दर्ता मै 'गोरा' भनी उल्लेख गर्न लगाए । तिनीहरू गोराहरू पढ्ने विद्यायहरूमा आउने-जाने गरे । तिनीहरूले गोराहरूका उद्यानहरूमा खेल्न शुरु गरे । तिनीहरू गोराहरू बस्ने सडक र बस्तीहरूमा बस्न थाले । तिनीहरूले गोराहरूका चर्चहरूमा प्रार्थना गर्न थाले । तिनीहरू मर्दा गोराहरू कै समाधी स्थलहरूमा लाश गाड्न शुरु भयो । तिनीहरूले 'गोराहरूको लागि' लेखिएका संकेतहरू जताततै राखे । तिनीहरूले गोरा केटा-केटीहरूलाई कालाहरू चोर-बदमाश, हत्यारा र बलात्कारीहरू हुन्छन् भनी सिकाए ।

एट्लान्टामा जिम नाम गरेको एकजना गोरा मजदुर थिए । उनी काठबाट विभिन्न सामान बनाउने (शिल्पकार) मजदुर थिए । एट्लान्टामा जिम नै एन्जेलोलाई भेटघाट गर्ने पहिलो मजदुर थिए । उनी एन्जेलोप्रति निकै मित्रवत् थिए । उनी बेरोजगार परिषद्को गतिविधिहरूबाट अति नै प्रभावित थिए । यद्यपि, उनी केही गलत दृष्टिकोणबाट निर्देशित थिए ।

एकदिन जिमले एन्जेलोलाई भने, 'मलाई त गोरा र कालाहरू हेलमेल भएको हेर्न मन लाग्दैन । एउटै सङ्गठनमा तिनीहरूलाई गोलबन्द गर्ने कार्यलाई कहिल्यै महत्त्व दिनु हुँदैन ।'

उत्नीखेरै, एन्जोलेले प्रत्युत्तरमा भने, 'हेर जिम, त्यहिँ कामको लागि अन्य प्रान्तहरूमा भन्दा दक्षिणी क्षेत्रमा कम ज्यालाको कारण मजदुरहरूको अवस्था दयनीय छ । तिमीले सधैं किन काला मजदुर-गोरा मजदुरहरू बीचको एकतालाई विरोध गर्छौ ?' यस्को जवाफ जिमसँग थिएन ।

### फाटोको मूल्य

पूँजीपति मालिकहरू काला मजदुर र गोरा मजदुरहरूबीच वैमनष्य पैदा गराउन प्रयासरत थिए । दक्षिण क्षेत्रका मजदुरहरू जहाँ गए पनि संघर्ष गर्न तम्तयार थिए । यद्यपि, तिनीहरूले समान ज्याला पाउन सकेका थिएनन् ।

त्यसैगरी, तिनीहरूलाई बोल्ने अधिकार पनि थिएन। किनभने, तिनीहरू काला मजदुर र गोरा मजदुरमा विभाजित थिए। गोरा मजदुरहरूले हडताल गर्दा पूँजीपति मिल मालिकहरूले काला मजदुरहरूलाई हडतालमा सहभागी नहुनु र काम गर्नु भन्थे र काला मजदुरहरू हडतालमा उत्रन्दा गोरा मजदुरहरूलाई हडतालमा साथ नदिनु र काममा लाग्नु भन्थे।

दक्षिणमा मजदुरहरूको सङ्गठनहरू पनि कमजोर नै थिए। किनभने, गोरा मजदुरहरू त काला मजदुरहरूसँग सङ्गठित हुन चाँहदैनथे र काला मजदुरहरूले गोरा मजदुरहरूलाई विश्वास गर्दैनथे। त्यसैगरी, ती सङ्गठनहरू मजदुरहरूलाई सङ्गठित र मजदुर जन-सभाहरू गर्ने अधिकारबाट बंचित थिए।

धेरैजसो काला मजदुरहरूलाई भोट दिने अधिकार पनि थिएन। कारखानाका काला मजदुरहरूलाई चुनावमा उठ्न र भोट दिन लगाइयो भने उनीहरू कै हितमा कानून बनाई गोरा मजदुरहरूको अधिकार छिनिने र फुट गर  र राज गर नीतिले काम गर्न नसक्ने भन्ने कारखानाका पूँजीपति मालिकहरूलाई डर थियो। दक्षिणका मजदुरहरू एक आपसमा झगडा गरिरहने एकै घरका दाजु-भाइहरू जस्तै थिए।

हाकिमहरूले धेरै धेरै काला मजदुरहरूलाई ख्वाउनु पर्ने हुनाले तिनीहरू गोरा मजदुरहरूलाई थप सुविधाहरू दिन असमर्थ भएको कुरा सुनाउँदै सबै काला मजदुरहरूलाई खेतमा जोत्न पठाउनु पर्ने कुरा गर्थे।

यदि काला मजदुरहरू र गोरा मजदुरहरू मिलेर हाकिमहरू कहाँ गई आफूहरू भोकभोकै मर्न लागिरहेको कुरा सुनाउँदै देशभर सुविधा बढाउने दबाब दिन मजबुत र शक्तिशाली सङ्गठन निर्माण गर्ने निर्णयहरू गरेको कुरो बताएमा तिनीहरू बाध्य भएर सुविधाहरू बढाउनु पर्ने हुन्थ्यो।

यी सबै कुरा एन्जेलोले जिमलाई सविस्तार बताए। जिम केही नभनी घर फर्के। एक हप्तापछि उनले एन्जेलोलाई आफ्नो घर बोलाए। एन्जेलोले पहिलो पटक जिमलाई एक जना काला मजदुरसँग एक मित्र र समानतापूर्वक बसिरहेको देखे। यसैगरी, उनले अर्को दुईजना काला मजदुरहरूलाई बेरोजगार परिषद्को सदस्य बनाए।

त्यस्को एक महिना पछि, घरबाट उठिबास गरिसकेको एकजना काला मजदुरलाई पहिलेको बहाल तिर्न थर्काइरहेको मान्छेलाई जिमले कुटपिट गरे। त्यहाँबाट उनी काला मजदुर र गोरा मजदुरलाई सङ्गठित गर्ने काममा लागे। त्यसपछि, उनी काला मजदुर  र गोरा मजदुरहरू सहित त्यस क्षेत्रका नगर प्रमुख कहाँ गए। दक्षिणमा काला मजदुर र गोरा मजदुरहरू सङ्गठित हुन थाले। अन्तमा, गोरा मजदुर र काला मजदुरहरूका परिवारहरूको लागि बहाल र अन्य सुविधाहरू प्राप्त भयो।

सन् १९३२ जुन महिनाको मध्यमा राज्यले सुविधाहरू प्रदान गर्ने केन्द्रहरू बन्द गऱ्यो। सबै बेरोजगार मजदुरहरूलाई खेत खेतमा पठाउने आन्दोलन शुभारम्भ भयो। सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरताको माग गर्दै न्यायालयको प्राङ्गणमा जन प्रदर्शन र जन सभा गर्न आह्वान गर्दै पर्चा छरियो। झण्डै एक हजार जवान मजदुरहरू भेला भए। त्यस्मा चार सयजति गोरा मजदुरहरू थिए। आन्दोलनकारीहरूले आफूहरू भोकभोकै मर्न नचाहेको कुरा राख्दै सामुदायिक केन्द्रबाट असी लाख डलर उठाई सकिएको कुरो हाकिमहरूलाई बताए। तर, हाकिमहरूले त्यहाँ एक सुको पनि नभएको कुरो गरे। आन्दोलनकारीहरू दृढता पूर्वक आफ्नो मागमा अडिग थिए। यस्को परिणाम स्वरूप, भोलिपल्ट आयोगले बेरोजगारहरूको लागि छ हजार डलर छुट्याउनु पर्ने भनी भोट दियो।

जुलाई ११ को एक रात एन्जेलो आफ्नो चिठ्ठी-पत्र र सामानका पोकाहरू लिन हुलाक गए। उनले कसैले आफ्नो जिउमा छोएको अनुभव गरे र पछाडि फर्केर हेर्दा एकजना प्रहरी अधिकारीलाई देखे। उनी पक्राउमा परे। प्रहरी अधिकारीले उनलाई बिजुलीको झट्का दिने मेच देखाउँदै आन्दोलनको विषयमा साँचो साँचो कुरा बक्न धम्की दियो। एन्जेलोले त्यस प्रहरी अधिकारीसँग कुरा गर्न इन्कार गरे। ११ दिन सम्म उनीलाई कसैसँग बोल्न र भेटघाट गर्न दिइएन। अन्तमा, जसोतसो गरेर उनी एक अर्को बन्दी मार्फत एउटा पत्र बाहिर पठाउन सफल भए। पत्र पाएर एक जना अन्तर्राष्ट्रिय वकिलले उनको पक्षमा बहस पैरवी गरे। जोन हडसन (John Hudson) नाम गरेको एकजना सरकारी वकिलले एन्जेलोको विरुद्ध बहस गऱ्यो। उनलाई राज्य द्रोहको आरोप लगाइयो। उक्त आरोप १८६१ को पुरानो विधानमा आधारित थियो। त्यसबेला कालाहरू दास थिए र गोरा दास मालिकहरूलाई दास विद्रोह दबाउन र दासहरूलाई सहयोग गर्नेहरूलाई मार्न कानूनको आवश्यकता थिएन। त्यस विधानमा के लेखिएको थियो भने विद्यमान राज्य व्यवस्थाको विरुद्ध दासहरूलाई विद्रोह, विप्लव, षड्यन्त्र वा प्रतिरोध गर्न उस्काउने छापेको वा लेखिएको कुनै पनि पर्चा-पम्प्लेटहरू कसैले राज्यभित्र ल्याइएको वा बाँडिएको पाइएमा उस्ले ठूलो अपराध गरेको मानिने छ र त्यस्को सजायँ मृत्युदण्ड हुन्छ।

पूँजीवादी व्यवस्थाबाट जन्मिएका काला मजदुर र गोरा मजदुरहरू एक भैरहेको बेला जर्जिया राज्यका खानी र मिल मालिकहरूले यस्ता अपराध गर्नेहरूलाई मृत्यदण्ड दिनुपर्ने भनी सोच्थे।

१९३३ जनवरी १६ मा मुद्दाको सनुवाई आरम्भ भयो। त्यसै सिलसिलामा एन्जेलोको कोठाबाट बरामद गरिएका साहित्यिक पुस्तकहरूको एउटा पुस्तकबाट एउटा परिच्छेद

न्यायाधीशहरूलाई पढेर सुनाईयो । न्यायाधीशहरूले एन्जेलोलाई के बेरोजगार मजदुरहरूलाई कारखाना मालिक, खानी मालिक वा सरकारले भत्ता दिनु पर्ने भनी माग गरेको हो ?, गोराहरू कै बराबरीमा कालाहरूलाई पनि समान अधिकार दिनु पर्ने भनी आवाज उठाएको हो ?, कालाहरू बस्ने क्षेत्रमा कालाहरूको आत्म निर्णय गर्ने अधिकार र गोरा जमिनदार र सरकारी अधिकारीहरूलाई गल हत्याएर त्याहाँ कालाहरूले नै राज्य गर्न पाउने अधिकारको लागि संघर्ष गरेको हो ?, कल–कारखाना र खानीहरू सरकार वा मजदुर वर्गले नै चलाउन सक्ने भनी प्रचार–प्रसार गरेको हो ?, कल–कारखाना र खानी मालिकहरूको विल्कुलै आवश्यकता नभएको भनी भाषण गरेको हो ? जस्ता आदि विभिन्न प्रश्नहरू विस्तारमा सोधे । एन्जेलोले आफूलाई सोधिएका प्रश्नहरू सबै सही भएको जवाफ फर्काए । न्यायालयको बहस सुनुवाई गर्ने बैठक कोठा त काला र गोरा मजदुरहरूबाट खचाखच भरिएको थियो । एन्जेलो र उनका तर्फबाट बहस पैरवी गर्नेहरूले कालाहरू पनि न्यायाधीश पदमा राखिनु पर्छ भनी माग गरे । त्यसैगरी, तिनीहरूले काला मजदुरहरूलाई न्यायालयमा 'काले' 'हब्शी' जस्ता अपहेलित शव्दहरूबाट सम्बोधन गर्न बन्द गर्नुपर्ने माग राखे । साँच्चिनै एन्जेलोहरूले ती न्यायाधीश अनि मिल र खानी मालिकहरूसँग बोलिरहेका थिएनन् । वास्तवमा, तिनीहरू त्यहाँ उपस्थित गोरा र काला मजदुरहरूसँग कुराकानी गर्दै थिए । न्यायाधीश अनि कारखाना र खानी मजदुरको मुखिञ्जेल तिनीहरूले त्यहाँ आएका मजदुरहरू, अमेरिकाका विभिन्न प्रदेशका मजदुर–किसान साथै विश्वभरिका मजदुर र श्रमिकहरूको हितमा बोल्दै यस्तो मुद्दा संसार कै मजदुर वर्गको लागि चुनौती भएको प्रष्ट पारे ।

सुनुवाईको क्रममा एन्जेलोले भने – 'तिमीहरूले यो एन्जोले हर्नडोनलाई जे पनि गर्न सक्छौ । तिमीहरूले उस्लाई अपराधी घोषणा गर्न सक्छौ । तिमीहरूले उस्लाई जेलमा थुन्न सक्छौ । तर, हजारौं हजार एन्जेलोहरू जन्मने छन् । यदि तिमीहरू साँच्चिनै यो मुद्दाबारे केही गर्न चाहन्छौ भने तिमीहरू बाहिर जानै पर्छ र शोषण, अन्याय–अत्याचार र असमानतामा आधारित यो सामाजिक व्यवस्थाको विरुद्ध फैसला गर्नुपर्छ । तर, यसो हुने छैन, किनभने तिमीहरूको धर्म भनेकै मजदुर र श्रमिकहरूको रगत–पसिना चुसेर अकुत नाफा कुम्ल्याउने शोषणमा आधारित राज्य व्यवस्थाको रक्षा गर्नु हो । तिमीहरूले एकजना, दुईजना, अझ दर्जनौं मजदुर वर्गका सङ्गठनकर्ताहरूलाई मार्न सक्छौ । तर, तिमीहरूले मजदुर वर्गलाई मार्न सक्दैनौ ।'

एन्जेलोले बोलिसकेपछि न्यायाधीशहरूले फैसला सुनाए – हाम्रो न्याय मण्डलले एन्जेलो हर्नडोन दोषी भएको ठहऱ्यायो र जेभएपनि, दोषीमाथि दया देखाउँदै १८ देखि २० वर्षसम्म कैद सजायँ सुनाउँछौ ।

एन्जेलोलाई फुल्टोन टावर जेलमा चलान गरियो । उनको जेल जीवन निकै कष्टकर र पीडादायक थियो । उनलाई सधैं जसो यातना, धम्की, केरकार गरिन्थ्यो । उनलाई कसैसँग भेटघाट, लेख पढ आदि गर्न दिइँदैन्थ्यो ।

बाहिर मजदुर आन्दोलन चर्कँदै थियो । कहिलेकाँही एन्जेलोले च्यातिएका र फोहर पत्र–पत्रिकाका टुक्राटाक्रीहरू देख्ने गर्थे । त्यसैगरी, उनले आकलझुकल केही क्षणको लागि भएपनि आन्दोलनमा पक्राउ परेका साथीहरूलाई देख्ने गर्थे । यसबाट उनले बाहिर मजदुर आन्दोलनहरू जारी रहेको कुरो बुझ्ने गर्थे ।

जर्मनीमा हिटलरले सत्ता सम्हाले । फासीवादको जन्म भयो । रगतको खोलो बग्यो । त्यसोभए तापनि मजदुर वर्गको लडाकु भावनालाई दमन गर्न सकिएन ।

उता, कामरेड स्टालिनको नेतृत्वमा सर्वहारा वर्गको अधिनायकत्व सोभियत संघमा मजबुत हुँदै थियो । विशाल विशाल नयाँ नयाँ बाँध र विद्युत केन्द्र, हजारौं हजार माइल लामो रेल मार्ग, ठूल्ठूला कल–कारखाना, उद्योग, कृषि फार्म, गाँस–बाँस, लत्ता–कपडा, शिक्षा, स्वास्थ्य आदि आधारभूत कुराहरूको राज्यबाट नै निशुल्क बन्दोबस्तको प्रत्याभूति, शोषणरहित, समानता र समृद्धिमा आधारित शान्तिपूर्ण समाजको निर्माण आदिबाट संरा अमेरिकाका मजदुर र श्रमिक वर्ग निकै प्रभावित हुँदै थिए ।

एन्जेलो मजदुर आन्दोलन र संघर्षमा हाम फाल्न चाहन्थे । तर, उनी जेलमा थिए । हुनतः, उनका मजदुर कामरेडहरूले उनलाई जेलबाट छुटाउन कुनै कसर बाँकी राखेनन् ।

जर्जियाको सर्वोच्च अदालतले एन्जेलोको मुद्दाको पुनरावेदन लिन अस्वीकार गऱ्यो । त्यस्ले उनलाई कुनै फरक परेन । उनले पत्र पत्रिका पढेर संरा अमेरिकालगायत विश्वका विभिन्न भागहरूमा मजदुर आन्दोलन र साम्राज्यवाद विरोधी मुक्ति आन्दोलनहरू चर्किरहेको कुरा थाहा पाउँथे ।

मजदुर वर्ग आफ्नो वर्गको अनि नेता एन्जेलोलाई छुटाउन दृढ संकल्पित थिए । मजदुरहरूसँग अलि अलि पैसा उठाएर तिनीहरूले पन्ध्र हजार डलर जम्मा गरे । अन्ततः, 'अन्तर्राष्ट्रिय श्रम रक्षा सङ्गठन' ले एन्जेलोलाई धरौटी राखेर छुटायो । उनी सात हजार काला मजदुर र गोरा मजदुर चढेको भिलाको रेलबाट आफ्नो गन्तव्य तर्फ लागे । उनी मजदुर वर्गको आन्दोलनहरूको पुनः नेतृत्व गर्न पाएर निकै खुशी थिए ।

*(पछि उनले सन् १९३७ मा 'Let Me Live' शीर्षकमा एक पुस्तक लेखे । सन् १९४० मा Negro Publication Society of America स्थापना गरे जसले क्रान्तिकारी पत्रिका प्रकाशन गर्थ्यो । उनको निधन १९९७ दिसेम्बर ९ मा अर्कान्ससमा भयो ।)* **(समाप्त)**

# बेल विवाह संस्कार र ज्योतिषशास्त्र



डा.वीरेन्द्रप्रसाद कायस्थ

संस्कार संस्कृति र सभ्यताको मूल रूप हो भने जीवन पद्धति त्यसको आदर्श हो । त्यस्तो आदर्श एवंम् संस्कारगत नियम र निष्ठाले मानव समाजलाई सभ्य समृद्ध बनाएर विशिष्ट श्रेणीमा पुऱ्याउछ । संस्कार केवल धार्मिक वा सामाजिक आडम्बरमात्र नभई त्यसको विशेष उद्देश्य पनि हुन्छ । संस्कारको माध्यमबाट व्यक्तिको व्यक्तिगत क्षमताको विकास गरी व्यक्तित्वको उन्नति गर्ने र चरित्र निर्माण गर्नमा पूर्ण प्रयास गर्ने हुन्छ । जीवनमा आउने विभिन्न कठिनाइका सकारात्मक रूपबाट मुकाबला गरी आफ्नो जीवनयापन गर्न सक्ने बनाउन यस प्रकारको संस्कार गर्भाधानबाट मृत्यु पर्यन्त सोह्र संस्कार हाम्रा महर्षि, विद्वान र पूर्वजले बताएका छन् । हाम्रा ऋषिमुनिले मुहूर्त शास्त्रको रचना गरी कुन कार्य कहिले गर्ने भनी निर्णय गरेका थिए । वस्तुतः मुहूर्त काल निर्धारणको प्रकिया हो । कालचक्रमा विभिन्न अंग तिथि, बार, नक्षत्र, योग एवम् कारण (पञ्चाङ्ग) को साथै लग्नलाई महत्त्वपूर्ण मानेका छन । विभिन्न संस्कारहरू मुहूर्तअनुसार नै सम्पन्न गर्ने निर्देशन दिएका छन् । शुद्ध मुहूर्तमा कार्य गरे निश्चित रूपमा सफलताप्राप्त हुन्छ । यही दृष्टिबाट हाम्रा शास्त्रकारद्वारा बताएका सोह्र संस्कारका उचित मुहूर्तले संस्कारलाई साथ दिएको छ । जसले संस्कार विधि विधानपूर्वक सम्पन्न गर्न सकुन् । सोह्र संस्कार यस प्रकार छन् :

| | |
|---|---|
| १. गर्भाधान | २. पुसवन |
| ३. सीमन्तोन्नयन | ४. जातकर्म |
| ५. नामकरण | ६. निष्क्रमण |
| ७. अन्नप्राशन | ८. चुडाकर्म (मुंडन) |
| ९. कर्णवेध | १०. विद्यारम्भ |
| ११. उपनयन | १२. केशान्त |
| १३. समावर्तन | १४. विवाह |
| १५. अग्न्याधान | १६. अन्त्येष्टि |

यी माथिका संस्कारमा चुडाकर्म ( मुंडन) र उपनयन छोराको हुन् भने छोरीलाई इहि र गुफा राखिन्छ । यी सबै संस्कार नेवार जातिहरूले आ–आफ्नै परम्परा रीतिरिवाजअनुसार गर्दछन् ।

हिन्दू धर्मका दर्शनमा संस्कार सम्पन्न मान्छे मात्र मोक्षको अधिकारी हुन्छ भनिएको छ । जुन कर्मद्वारा मानिस शुद्ध भई मोक्षको अधिकारी हुन्छ । त्यसैलाई संस्कार भनिन्छ । हिन्दू धर्ममा मानवको अठचालिस (४८) संस्कारहरू बताइएको छ । ती मध्ये १६ वटा प्रमुख संस्कार भनी मानिएको छ ।

इहि छोरी रजोवती हुन अघि नै सुवर्णकुमार नामक धार्मिक देवपात्रसँग विवाह गरी दिने परम्परा र संस्कार हो । शास्त्रको कथनअनुसार छोरीको विवाह नहुँदै बुबाको घरमा छोरी रजोवती भएमा वृषली भइन्छ भनिन्छ । वृषली हुनु नारीको लागि कलंक मानिन्छ । यसबाट मुक्तहुन शास्त्रअनुसार अर्थात कात्यायन सूत्र र कल्पशास्त्रको निर्देशनअनुसार कुशण्डि यज्ञ विधिद्वारा छोरीलाई सुवर्णकुमारसँग विवाह गराइन्छ । बोलीचालीको भाषामा यसलाई बेलविवाह भन्ने गरिन्छ । बेल पवित्र एवं कहिले विटुलो नहुने सौभाग्यको प्रतीक मानिन्छ । यस फलमाथि भू–गर्भबाट निकालिएको सुन अर्थात काँचो सुनले जे पनि बन्न सक्ने अर्थात जे चिताएको छ, सोही बन्न सक्ने धार्मिक विश्वासको आधारमा सर्वव्यापी भगवान नारायणको प्रतीक उक्त सुनको प्रतिमा राखी विधिवत पूजा अर्चना गरी छोरीलाई सुवर्णकुमारसँग विवाह गरी सम्पन्न गरिन्छ । सुवर्णको अर्थ मनले चिताएको वा मनपर्ने वर्ण भन्ने पनि अर्थ लाग्छ ।

इहि गर्ने समय भनेको कन्याको उमेर ५,७ र ९ वर्षमा उत्तम मानिन्छ । शास्त्रको भनाइ हेर्दा कन्या १२ वर्षभन्दा पहिले नै हुनुपर्छ ।

इहिको साईत चन्द्रमाको तिथिअनुसार ज्योतिषीले तोकेको हुन्छ । प्रत्येक वर्षको अक्षय तृतीया र माघ शुक्ल पंचमी तिथि अर्थात श्री पञ्चमीको दिन साईत हेर्नु पर्दैन भन्ने जनविश्वास छ ।

पहिले ब्राम्हण कूलमा छोरीलाई रजस्वला हुनुभन्दा पहिले कन्यादान नगरी नहुने चलन थियो । उदाहरणको लागि शिव शर्मा र शति ब्राम्हणीकी पुत्री गोमा ब्राम्हणीलाई पाँच वर्षको उमेरदेखि विवाहको लागि दुलाहा खोजिहिंडेको भन्ने कुरा स्कण्द पुराणमा वर्णन गरेको पाईन्छ ।

इहि संस्कार कहिलेदेखि सुरु भएको भन्ने कुरा भक्तपुरका एक प्रसिद्ध विद्वान् गुरु गिरीन्द्रराज राजोपाध्यायको भनाई अनुसार यो संस्कार सत्ययुगदेखि चलिआएको हो । सत्ययुगमा दक्ष प्रजापतिको छोरी सतीदेवी र हिमालय पर्वतको छोरी पार्वतीको विहे भगवान महादेवसँग गर्नुभन्दा पहिले विष्णु भगवानसँग वचन विवाह गरे । विष्णु भगवानको अर्को नाम सुवर्णकुमार हो । त्यसपछि जया, विजया, अजिता र अपराजिता

नाउँगरेका सखीहरूले पार्वतीलाई कसैले नदेख्ने ठाउँमा लुकाए भन्नाले गुफा राखेको बुझिन्छ । शास्त्रको कथनअनुसार सत्ययुगमा बुबाको घरमा छोरी रजोवती भएमा वृषली भइन्छ भनिन्छ । त्यसैले जया, विजया, अजिता र अपराजिता नाउँगरेका सखीहरूले पार्वतीलाई कसैले नदेख्ने अर्थात घरबाट टाढा जंगलमा लुकाए । किनभने पहिलो रजोवती हुने केटीले पिता, दाजु, भाइको मुख हेर्नु हुँदैन भन्ने जनविश्वास सत्ययुगदेखि आजसम्म पाइन्छ ।

नेवारी परम्परा अनुसार केटी अर्थात बालिकाहरूको विवाह तीन पल्ट हुन्छ । पहिलो इहिं मचा, जस्मा बेलसँग विवाह गरिन्छ । दोस्रो गुफा राख्ने जसलाई सूर्य दर्शन पनि भनिन्छ । यसमा सूर्यसँग विवाह गरिन्छ भने तेस्रो लोग्नेमान्छेसँग गरिन्छ ।

नेवारी जातिमा बालिका रजस्वला नहुँदै बेलसँग विवाह बेल विवाह गरिदिने परम्परा छ । बेल विवाह गर्ने बालिका दिनभरि व्रत बसेर बेललगायत कलश, बज्र, चक्र आदिको पूजा गरिन्छ । विधिवत रूपमा पूजा गर्ने बालिकालाई बुवाले कन्यादान दिएपछि विवाह सम्पन्न हुने गर्दछ । नेवार जातिमा बेल जस्तो भयो दुलहीको वर पनि उस्तै हुने विश्वास छ । बाल्यअवस्थामा नै भगवान सुवर्ण कुमारसँग वैदिक–तन्त्र निर्देशनअनुसार इहि सस्कार सम्पन्न भै सकेकोले कहिले पनि विधुवा नहुने शास्त्रीय मान्यता छ ।

बेल विवाहमा फुस्रो सिन्दुरको पनि प्रयोग गरिन्छ । यो टीका तान्त्रिक पूजामा मात्रै प्रयोग हुने होईन् । यो टीकालाई लक्ष्मीको प्रतिक मानिन्छ । नेवाः संस्कारको बेल विवाह, सूर्यदर्शन, विवाह र स्वयंवरको विधिमा सिन्दुरको प्रयोग गरिन्छ । त्यस्तै देवी देवताको जात्रामा फुस्रो सिन्दुर चाहिन्छ । जस्तै थिमिको वालकुमारी जात्रामा फुस्रो सिन्दुर छर्ने गरिन्छ । यसबाट फुस्रो सिन्दुर कुमारीको प्रतीक भएको पुष्टि हुन्छ ।

सिन्दुरको महत्त्वबारे वैज्ञानिक कारण–

हिन्दू धर्ममा सिन्दुरको निकै नै महत्त्व छ । खासगरी महिलाहरूले सिन्दुरलाई आफ्नो सिउँदोमा लगाउने गर्दछन् । विवाहिता महिलाहरूले सिन्दुरलाई श्रृंगारको रूपमा लिने गर्दछन् । सिन्दुर बेसार र पारोको सम्मिश्रणबाट बनाईन्छ । पारोमा रक्तचाप नियन्त्रण गर्ने र यौनचाहना बढाउने तत्व रहेको हुन्छ । पारोले मानसिक तनाव पनि कम गर्छ । विधुवा तथा अविवाहित महिलाहरूले सिन्दुर लगाउने गर्दैनन् ।

वर्तमान समयमा विवाहित महिलाहरूले लगाउने सिन्दुर स्वास्थ्यका हिसावले भने हानिकारक हुने पाइएको छ । एक अध्ययनअनुसार सिन्दुरको रंगलाई गाढा बनाउनकोलागि टेट्रोक्साइड नामक सिसाको प्रयोग गरेको पाइन्छ । सिसा मानव स्वास्थ्यका लागि हानिकारक मानिन्छ । सिसाको स्तर र मात्राले स्वास्थ्यको लागि हानिकारक हुने एउटा बेलायती अध्ययनले पत्ता लगाएको छ ।

सिउँदोमा प्रयोग गर्ने सिन्दुर हावाको माध्यमबाट फोक्सोमा तथा खानाको माध्यमबाट पेटमा पुग्न सक्ने हुँदा सीसाको असर शरीरमा पर्ने हुन्छ र मानिसको मृत्युसम्म हुन सक्छ वा स्वास्थ्यलाई खराव गर्नुका साथै मानसिक स्थितिमा समेत ह्रास ल्याउने उक्त अध्ययनले बताएको छ ।

पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति

eQmk'/ gu/kflnsf

## ङातापोल मन्दिर जीर्णोद्धारबारे सूचना

भक्तपुरको ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारको सिलसिलामा सम्पदा अनुरागी जनता, विभिन्न संघ, संस्था र पर्यटकहरूलगायत चन्दादाताहरूबाट स्वेच्छाले चन्दा, दान दातव्य दिन चाहेमा तथा श्रमदान समेत गर्न चाहने व्यक्ति, संघ-संस्था, गुथि, टीम, क्लबलाई सहयोगका लागि आह्वान गरिन्छ ।

eQmk'/ gu/ sfo{kflnsfsf]sfof{no

व्यासी २, भक्तपुर

# काठमाडौं उपत्यका 'मनचिन्ते झोला' होइन

विकास श्रेष्ठ

'अलकापुरी कान्तिपुरी' भनेर आदिकवि भानुभक्त आचार्यले एक शताब्दी अघि प्रशंसा गरेका थिए । त्यो भन्दा धेरै शताब्दी पहिले चिनियाँ यात्रीहरुले काठमाडौं उपत्यकाको प्रशंसा गरेका थिए । केही दसक पहिलेसम्म पनि थुप्रै यात्री र पर्यटकले काठमाडौं उपत्यकाको त्यस्तै प्रशंसा गरेका थिए । त्यो प्रशंसा कुनै स्मार्ट सिटी हेरेर गरेका होइनन् । कंक्रीटको जंगल हेर्न तिनीहरू आएका पनि थिएनन् । यहाँको मौलिक वास्तु, सम्पदा, जीवनशैली, भौगोलिक वातावरणकै कारण मुक्त कण्ठले प्रशंसा गरेका हुन् ।

तर आजका यात्री वा पर्यटकहरूले कतिपय कुराका प्रशंसा गर्दै अन्तमा तर ... झुण्ड्याएर नमज्जा व्यक्त गर्छन् । काठमाडौं उपत्यकामा आफ्नै मौलिक इतिहास बोकेका बस्तीहरू छरिएर रहेका छन् । त्यसले यो उपत्यकालाई आवाद गर्दै हराभरा पारिराखेका थिए, आत्मनिर्भर भएर जीवन यापन गरिराखेका थिए । तर कुबेरको राजधानी 'अलकापुरी' जस्तो कान्तिपुरी आज स्वच्छ हावा र शुद्ध पानीको अभावमा कंगाल भएको छ । दैनिक जीवनयापनका वस्तुको अभावमा परनिर्भरताको हिलोमा चुर्लुम्म डुबिसेकेको छ । केही दिन घुम्नलाई बाहेक बस्न लायक ठाउँ होइन भन्ने अनुभव मोफसलबाट आउने धेरैको भनाइ सुनिन्छ । यसको पहिलो र अन्तिम कारण यहाँ थुप्रिएको, कोच्चिएको मानिसको भीड नै हो । जसरी बस-मिनिबसमा कोच्चिएर यात्रा गर्दा उकुस मुकुस व्यहोर्नुपर्छ उपत्यकामा बस्दा त्यस्तै अनुभव गर्न थालेका छन् ।

काठमाडौं उपत्यकामा चारै दिशाबाट मानिस ओइरिएका छन्, खेत मासेर घर ठडिन थालेका छन्, यातायातका साधन अनियन्त्रित ढंगले थपिएका छन्, धारा छ पानी आउन छोडेको छ, फोहोर मैलाको व्यवस्थापन गर्न ठूलै सकस छ, यसबाट यहाँको वातावरण प्रदूषित भएको छ र प्रदूषणको मात्रा अचाक्ली बढेको छ । त्यसैले काठमाडौं उपत्यकाले बसिरहेका जनसङ्ख्यालाई थेग्न नसक्ने अवस्थामा पुगेको कुरा सम्बन्धित विज्ञहरूले धेरै वर्ष अझ दसक अगाडिदेखि भन्न थालेका हुन् । तर सरकारले त्यसलाई सुनेन वा बेवास्ता गर्दै आएको छ । त्यसको विपरीत सरकारले काठमाडौं उपत्यकामा चारवटा स्मार्ट सिटी बनाउन विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गराएको छ । स्मार्ट सिटी हरेक दृष्टिले सुविधा सम्पन्न हुने बताइएको छ । अहिलेसम्म बनेका 'कोलोनी' हरू धनाढ्य र नवधनाढ्यहरूको लागि निवास क्षेत्र भएको छ । अब सत्तामा गएर र उच्च ओहोदामा पुगेर रातारात धनी बनेकाहरू, म्यानपावर, ठेकेदार, भ्रष्ट, तस्कर ... आदिको 'पूर्ण सुविधा' को लागि हुने निश्चित छ । त्यस्तो सुविधायुक्त आवास क्षेत्रमा सर्वसाधारण साना कर्मचारी, सामान्य व्यापारी, मजदुर, किसान, बेरोजगार बस्ने सपना पनि देख्न सक्दैनन् । स्मार्ट सिटीमा उपत्यकाका बस्न जानेभन्दा बाहिरबाट ल्याएर भरिने छ अर्थात उपत्यकामा थप १५-२० लाख जनसङ्ख्या थपिने छ । उपत्यकामा अहिले नै ८० लाख जनसङ्ख्या रहेको बताइन्छ । जतिसुकै सुविधा सम्पन्न भनिए पनि खेत, जंगल मासेर स्वच्छ हावा कहाँबाट ल्याउँछ ? बस्ने ठाउँ नभएर उभिएर पनि कोच्चिएर भरिएको बस-मिनिबसमा यात्रु अझ थपिन्दाको स्थिति भोलि उपत्यकाले व्यहोर्ने छ । क्षमताभन्दा बढी यात्रु बोक्ने बस-मिनिबसको दुर्घटना हुने सम्भावना धेरै हुन्छ । मानबीय र प्राकृतिक प्रकोपले भोलि उपत्यकाको अवस्था पनि त्यस्तै हुनेछ ।

हरेक क्षेत्रको भौगोलिक र वातावरणीय क्षमता सीमित हुन्छ । त्यो प्राकृतिक क्षमताको सीमालाई नाघ्न खोजेमा परिणाम कदापि सुखद हुन सक्दैन । काठमाडौं उपत्यका कुनै मनचिन्ते झोला पनि होइन चाहिए जति दोहन गर्न सकिने र चाहेजति राख्न सकिने । काठमाडौं उपत्यकाले थेग्न सक्ने जनसङ्ख्याको पनि सीमा छ । त्यसलाई बेवास्ता गरी 'सुकुलगुन्डे सोंख' ले स्मार्ट सिटी बनाउनु मूर्खताको पराकाष्ठा हो ।

धेरै पहिले एउटा कथा पढेको थिएँ सुकुलगुन्डा । गरिब आमाका एउटा छोरो थियो । छोरो अरुले खाएको, लगाएको खूबै नक्कल गर्थे । एक पटक कतै होटलमा मेच-टेबलमा बसेर भात खाएको देखेछ । ऊ पनि घरमा गएर ढोका छेउमै डोकोलाई मेच बनाएछ, थोत्रा बाकसहरू ल्याएर टेबल बनाएछ । घर कै मूल्यवान पित्तलको थालमा आमाले पस्की दिएको भात ल्याएर 'मेच' मा बसेर 'टेबल' मा थाल राखी खाएछ । खाइसकेपछि 'होटल' मा जस्तै थाल त्यहीं छोडेर बाहिर हिंडेछ । आमाचाहिं भान्सामा व्यस्त भएको मौका छोपेर चोरले थाल चोरेर लगेछ । त्यस बेलुकादेखि सिलाबरको थालमा भात खान वाध्य भयो ।

'स्मार्टसिटी' ले भोलि काठमाडौं उपत्यकाको वैभवलाई एकातिर नेपथ्यमा पार्ने छ भने यहाँ बसोबास गर्नेहरूको दुर्दशा कहाली लाग्दो हुनेछ- सुकुलगुन्डेको भएको पित्तलको थाल पनि चोरिए जस्तै ।

# हुक्कामा फस्दै युवापुस्ता

श्रीराम कासिछ्वा, भक्तपुर

कुनै होटल, रेष्टुरेन्ट वा बारमा जाँदा हुक्का तान्दै गरेको दृश्य धेरैले देखेका होलान् । विशेषगरी युवाहरूमा रमाइलो र देखासिकीका लागि भएपनि हुक्का तान्ने प्रचलन क्रमशः बढिरहेको छ । हुन त हाम्रा बाबुबाजेले पनि परापूर्वकालमा हुक्का नतानेका भने होइनन् । इतिहासअनुसार यसको उत्पत्ति ५ सय वर्षअघि पर्सियामा भएको हो । पछि यो भारत हुँदै नेपाल भित्रियो । हिजो बुढापाकाले तान्ने हुक्का आजभोलि युवापुस्तामा पुस्तान्तरण हुन थालेको छ त्यो पनि व्यावसायिक रूपमा । पहिले र अहिलेको हुक्कामा फरकपन आउन थालेको छ । पहिलेका हुक्काहरू काठ र पित्तलबाट बनेको हुन्थ्यो । आजभोलि काँचका अचेल मिन्ट, स्ट्रबेरी, कफी, कोला, पाइन एपल, चकलेट जस्ता विभिन्न स्वाद वा बास्नामा बजारमा उपलब्ध छन् । यिनीहरू फ्लेक्स ड्राइभ, पेनजस्ता विभिन्न आकारमा उपलब्ध भएसँगै युवापुस्ता आकर्षित हुन थालेका छन् । नशाको माध्यमको रूपमा प्रयोग गर्ने हुक्का कमी हुँदै गएपनि आजभोलि विशेषगरी युवावर्ग नराम्ररी त्यसमा फसेका छन् । होटल, रेष्टुरेन्ट, बारमा सामूहिक रूपमा त्यस्ता विभिन्न फ्लेवरको हुक्का तान्नेको जमात देख्न सकिन्छ । मनोरञ्जका लागि विभिन्न स्वादमा बजारमा उपलब्ध भएपछि धूवाँमा फस्ने युवाहरूको जमात झाङ्गिएको छ ।

## हुक्काको असर

फेसनको रूपमा हुक्का तान्ने युवापुस्ता यसको असरबारे प्रायः अनभिज्ञ नै छन् । धूवाँको रूपमा सेवन गर्ने इ हुक्काको ४५ मिनेट तान्दाखेरी एउटा सिगरेटको सेवनभन्दा ३६ गुणा बढी तार र ७० प्रतिशतभन्दा बढी निकोटिन शरीरभित्र जाने गर्दछ । एउटा हुक्का पिउनु २ सय खिल्ली चुरोट पिउनुभन्दा बढी हानिकारक हुने गर्दछ ।

ब्रिटिश मेडिकल जर्नलमा प्रकाशित एक अध्ययनमा भनिएअनुसार हुक्कामा प्रयोग गर्ने तम्बाकुमा फल र केन्डी जस्तै फ्लेवर हुने गर्छ । प्रमुख शोधकर्ता मेरी रेजाक हानाका अनुसार यही कारणबाट यो युवामा अधिक लोकप्रिय छ । धेरै मानिसलाई लागेको छ कि, विभिन्न फ्लेवरको धूवाँ पानीभित्रबाट गएर फोक्सोसम्म पुग्दा फिल्टर भइसक्छ । यही भ्रमले गर्दा तम्बाकु (सुर्ती) भन्दा सुरक्षित छ भन्ने गलत विश्वास लिन पुग्छन् ।

हुक्कामा हुने फ्लेवरमा कुनै सूर्ती हुदैन भन्ने गरिन्छ तर वास्तवमा त्यो होइन । यसले शरीरलाई हानि गर्छ । आधुनिकिकरण सँगै युवाहरूले धेरैजसो हुक्कासँगै पेयपदार्थ पनि प्रयोग गर्ने गरेका छन् । विशेषज्ञका अनुसार हुक्का र रक्सी एकैचोटि खाएमा खतरनाक असर हुने गर्दछ । त्यसमा कार्वनमोनोअक्साइड र क्यान्सरजन्य तत्वहरू हुने गर्दछ । हुक्कामा तम्बाकुसँगै निकोटिन, तार र कोबाल्ट, निकेल, लिड जस्ता तत्वहरू हुने गर्दछ । यसले दम, उच्च रक्तचाप, धमनीमा असर तथा मुटुको धड्कनमा समेत गम्भीर असर गर्दछ । हुक्का सेवन गर्नेलाईमात्र होइन त्यससँगै नजिक बस्नेलाई उतिकै असर गर्दछ । कहिल्यै चुरोट नतान्ने युवायुवतीहरूसमेत हुक्कामा फसिसकेका छन् ।

---

यसको अर्थ स्मार्ट सिटी बनाउनै हुँदैन भन्ने होइन । देशमा चारवटा होइन चालीसवटा बनाउनु पर्छ । तर पूर्व, पश्चिम, उत्तर दक्षिण जहाँ संभाव्यता छ । देशको सन्तुलित विकास नहुँदा र नगर्दा आजै काठमाडौं, पोखरा, विराटनगर आदिले जनसङ्ख्याको चाप थेग्न सकेको छैन । यस्तो स्थितिमा तीन करोड जनसङ्ख्या भएको देशका एक करोड जनसङ्ख्या काठमाडौं उपत्यकामै कोच्ने विकासको यो कस्तो सोच र नीति हो ? थुपार्ने र कोच्ने नै हो भने देशको आधा जनसङ्ख्या काठमाडौं उपत्यकामै सार्न सकिन्छ- भोलि जेसुकै होस् भन्ने हो भने ! के त्यसो भन्न मिल्छ ?

देशको एक उर्वर भूमि रहेको काठमाडौं उपत्यका संस्कृति र सम्पदामा पनि धनी छ । यथार्थमा तिनै संस्कृति र सम्पदा, अर्को शब्दमा सभ्यता विरोधीहरूको पूर्वाग्रही र दुराग्रही जनित सोचको परिणाम नै 'स्मार्ट सिटी' हो । अर्को शब्दमा लिच्छवि र मल्लकालीन कला-संस्कृतिको समृद्धिबाट ईर्ष्या र डाहा गर्ने साम्प्रदायिकहरूको षडयन्त्र हो । खोकना बुंगमतीको पुरानो बस्ती म्हास्ने कार्यले पनि त्यसलाई प्रमाणित गर्छ । अन्यथा 'स्मार्ट सिटी' बनाउन लायक क्षेत्र नेपालका सबै जसो प्रदेशमा छ, अति घना बस्तीको काठमाडौं उपत्यका नै किन चाहियो ? काठमाडौं उपत्यकाका संस्कृति र सम्पदाले विश्वमा नेपालको पहिचान दिएको छ । त्यसैलाई ध्वस्त पार्ने नियोजित कलुषित सोच र नीतिलाई त्यागेर सरकारले आफूलाई सन्तुलित विकासमा समर्पित भएको व्यवहारमा देखाउने अपेक्षा छ । असन्तुलित विकासको दुष्परिणामले आक्रान्त जनतालाई सन्तुलित विकासको नमुना ल्याएर सरकारले बुद्धिमत्ता देखाउन विलम्व गर्ने छैन भन्ने आशा छ ।

हामी कहाँ धेरैजसो मानिसहरूले हुक्का एक अर्कामा साटफेर गरी सेवन गरेको पाइन्छ । जुठो हुक्काको प्रयोगले संक्रमणको खतरा ज्यादा हुने गर्दछ । सामूहिक रूपमा सेवन गर्दा एक व्यक्तिमा भएको रोग अर्कोमा सर्ने गर्दछ । यसबारे हुक्का तान्नेहरू अनभिज्ञ छन् साथै हुक्का सेवन हानिकारक होइन भन्ने मानसिकताले पनि यसको प्रयोग भने व्यापक बन्दै गइरहेको छ । हुक्कालाई फेसन र मनोरञ्जनको साधनको रूपमा लिनेहरूको तर्क जेसुकै होस्, वास्तवमा अध्ययनहरूले भने हुक्कालाई चुरोट सेवनभन्दा कैयौं गुणा घातक हुने निष्कर्ष निकालिसकेका छन् । विश्व स्वास्थ्य संगठनको रिपोर्ट भन्छ– हुक्का सेवन गर्नेहरूले चुरोट सेवन गर्नेभन्दा २ सय गुणा बढी हानिकारक धूवाँ सेवन गरिरहेका हुन्छन् ।

त्यस्तै, क्यान्सर इपिडिमियोलोजी, बायोमार्कर्स एन्ड प्रिभेन्सन जर्नलमा सान डिआयो स्टेट युनीभर्सिटीका शोधकर्ता नाडा कासिमले उल्लेख गरेअनुसार हुक्का प्रयोग गर्ने र त्यसको धूवाँ सुँघ्न वाध्य मानिसमा खतरनाक रसायन बेन्जिनको प्रभाव परेर रक्त क्यान्सर (ल्युकेमिया) हुने सम्भावना बढ्ने देखिएको छ। विश्व स्वास्थ्य सङ्गठनले बेन्जिनलाई एक नम्बरको क्यान्सरजन्य तत्व मानेको छ । बेन्जिनको कुनै पनि स्तरको मात्रा मानिसलाई हानिकारक हुन्छ ।

## नियन्त्रण आवश्यक

आजभोलि हुक्काको प्रयोग क्रम बढिरहेको छ । विशेष गरेर युवायुवतीहरू यसमा फसेका छन् । हुक्का सेवन सुर्तीजन्य पदार्थजस्तो हानिकारक होइन भन्ने गलत विश्वास र भ्रमका कारण यसको प्रयोगकर्ता दिनानुदिन बढ्दै गइरहेको छ । यो भ्रम चिर्न आवश्यक छ, नत्र युवापुस्ता नराम्ररी फस्ने डर छ । हुन त यसको रोकथामका लागि विभिन्न प्रयासहरू पनि भएका छन् । सुर्तीजन्य पदार्थसम्बन्धी जारी महासन्धि 'एफसीटीसी' को नेपाल १४२ औं सदस्य राष्ट्र हो । यो सन्धिमा १८ वर्षभन्दा कम उमेरका मानिसले सुर्तीजन्य पदार्थ किनबेच गर्न नपाइने भनिएको छ भने कुनै कार्यालय वरिपरि एक सय मिटरभित्र धूमपान गरेमा सो कार्यालयले जरिवाना गराउन सक्ने प्रावधान छ । साथै सुर्तीजन्य पदार्थको कुनै पनि खालको विज्ञापन गर्न पाइँदैन । तर नेपालमा यसको कार्यान्वयन पक्ष भने फितलो नै रहेको पाइन्छ ।

महासन्धिमा भएको नियम पनि खासै अवलम्बन गरेको पाइँदैन । नेपालमा उत्कृष्ट कानुन त बन्यो तर कार्यान्वयन अभावमा नीति नियमहरू प्रभावकारी रूपमा पालना भएको देखिँदैन । नीति कार्यान्वयन भए मात्रै सुर्तीजन्य पदार्थ सेवनमा कमी आउँछ । यसबाट क्यान्सरका बिरामी पनि स्वतः घट्छन् ।

आजको युवापिँढीले पिएको चुरोट र हुक्काको धूवाँले भोलिको पुस्तालाई समेत रोगी बनाइरहेको छ । तसर्थ यसको नियन्त्रणको लागि सरकारी तथा गैरसरकारी सबै तह र पेशाका व्यक्ति तथा संस्थाहरूले सबै प्रकारका धूमपान तथा मद्यपानको कुलतमा नलाग्न र कुलतमा परेकाहरूलाई छुटाउन समयमै ध्यान दिन जरुरी छ। साथै अभिभावकहरूले पनि आफ्ना छोराछोरीहरू कुन बाटोमा हिंडिरहेका छन् भन्ने जानकारी लिन आवश्यक छ । यसबाट पर्ने असर बारे प्रचारप्रसार गर्न आवश्यक छ । युवाहरू यसरी कुलतमा फस्नु भनेको कुनै पनि देशको लागि राम्रो संकेत पक्कै होइन । तसर्थ सरकारले पनि यस सम्बन्धी बनेका कानुनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ । नेपाल अर्बुद रोग निवारण लगायत अन्य संस्थाहरूले नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि विभिन्न कार्यक्रम गरिदै आइरहेको छ र यसलाइ पनि निरन्तरता दिन आवश्यक छ ।

भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

**सच्याउनुहोस्**

'भक्तपुर' सङ्ख्या २७८ को पृष्ठ ३ को मस्तकको चित्र पृष्ठ ४ मा र पृष्ठ ४ को देवआसनको चित्र पृष्ठ ३ मा हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनुहोस्– 'भक्तपुर'

भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम

'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

**गरुड नारायणको संस्मरणमा**

# ‘भक्तपुरमा गोर्खाली हमला’–एक चर्चा

सजीव श्रेष्ठ, बोडे

गरुड नारायण गोंगलद्वारा लिखित ‘भक्तपुरमा गोर्खाली हमला’ नामक संस्मरणात्मक ऐतिहासिक किताब हालै प्रकाशित भएको छ । यस किताबका सम्पादक एवं दोस्रो लेखक देविचन्द्र श्रेष्ठ हुन् । जगदम्बा प्रकाशनले प्रकाशन गरेको सो किताब प्राक्कथन र प्रकाशकीय समेत गरी ८९ पृष्ठको छ । क्राउन साइजको सो किताब गरुड नारायण गोंगलले हातले लेखेको १४ पृष्ठ, सारेको १४ पृष्ठ रहेको छ । जसको ६६ पृष्ठदेखि ८८ पृष्ठसम्म छ । दोस्रो लेखक देविचन्द्र श्रेष्ठले पृष्ठ ११ देखि ५९ सम्म भक्रपुरको भौतिक स्थिति, राजा रणजित मल्लका पारिवारिक स्थिति, प्रशासनिक स्थिति समेत केलाउँदै हमलाको शुरुवातदेखि युद्धको अन्तिम अवस्थासम्मको वर्णन गरेका छन् । उनले गोंगल थरको खोजविन समेत गरी किताबमा उल्लेख गरेका छन् । लेखक गरुड नारायण गोंगल युद्धका प्रत्यक्षदर्शी एवं दरबारका पदीय व्यक्तित्व भएकाले यो किताब महत्त्वपूर्ण छ । त्यहीकारण यस किताबकोबारे केही कुरा चर्चा गरेको छु ।

राजा पृथ्वीनारायण शाहले कान्तिपुर र ललितपुर राज्यलाई कब्जामा लिइसकेपछि ने.सं. ८९० कार्तिक सुदि ११ रोज ७ का दिन (वि.सं. १८२६ मार्ग १ गते) भक्तपुर (भादगाउँ) मा रातको ९।१० बजे हमला गरेका थिए । कान्तिपुर विजय हासिल गरेको ने.सं. ८८८ भाद्र सुदि १४।१५ दिन थियो । त्यसको ११ दिनपछि ललितपुरमा हमला गरेको थियो । त्यसको मिति ने.सं. ८८८ आश्विनबदि ११ रोज ५ थियो । भक्तपुरमा १ वर्षपछि मात्र हमला गर्न आएको देखिन्छ । त्यसको २ वटा कारण छन्– १) भक्तपुर मितेरी बा को राज्य, २) भक्तपुर काठमाडौं र ललितपुरको दाँजोमा सुरक्षित गढ थियो ।

भक्तपुरमा चारैतिर पर्खालले घेरिएको राज्य थियो । भक्तपुरमा हमला गर्नुभन्दा अगाडि काठमाडौं र ललितपुरका राजा जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भक्तपुरमा शरण लिन आएका थिए । ललितपुरका राजा तेजनरसिंह मल्ल भन्दा अगाडि जय प्रकाश मलल शरण लिन आएका थिए । शरणमा आएको कुरा राजा रणजित मल्ललाई खबर पठाइएको थियो । उतिनैखेर राजा रणजित मल्लले भारदारहरूसँग सल्लाह गर्दा शरण दिनुपर्छ भन्ने सल्लाह दिएका थिए । यो कुरा जनतालाई चित्त बुझ्दैन कि भनेर राजाले भारदारहरूलाई भक्तपुरको २४ टोलमा सुझाव माग्न पठाए । २४ टोलका प्रधानहरूले शरणमा आएकालाई मरण गर्नु हुँदैन भन्ने सुझाव दिए । टोलमा कान्तिपुर र ललितपुरका राजाहरू शरण लिन आएका छन्, उनीहरूलाई शरण दिने कि राजा पृथ्वीनारायणलाई सुम्पी दिने भन्ने कुरा बताइएको थियो ।

भक्तपुरमा हमला गर्न आउँदा राजा पृथ्वीनारायण शाह र उनका भाइ सुरप्रताप शाह पनि सँगै थिए । हमलाको लागि उनीहरू सबभन्दा पहिला भक्तपुरको पूर्वी ढोकाबाट उनीहरू लश्करै प्रवेश गरे । त्यसपछि फेरि पश्चिम ढोकाबाट १०।१२ वटा घरमा आगो लगाई उनीहरू ईटाछेँबाट प्रवेश गरे । लायकु दरबार अगाडि पूर्वी र पश्चिम ढोकाबाट आउने फौजको भेट भयो । संस्मरणमा यति उति फौजको उल्लेख गरिएको छैन । कुनै कुनै किताबमा १५ सयको फौज थिए जस्मा ७८ जना बन्दुक धारी सेना, अरु धनु–काँड, खुकुरी र तरवार बोकेका सेना थिए भन्ने लेखिएको छ ।

बन्दुक भएको फौज कोही हिति चोकको ४ तले दरबारमा गए । हितिचोकको उत्तरी दरबारको छाना माथिबाट बन्दुक चलाउँदा धेरै मान्छे मरेको उल्लेख गरिएको छ । उत्तरी दरबारबाट मूलढोका (स्वर्ण ढोका) बाट आउने सबै देखिन्थ्यो । उत्तरी दरबारको छानाबाट बन्दुक चलाई गोलीबाट मर्नेको सङ्ख्या सस्मरणमा उल्लेख गरिएको छ । जुन यस प्रकारको छ–

१. मूलचोकमा ११ जना
२. बेको चोकमा ३ जना
३. तीन चपलीमा १ जना
४. जलधु चोकमा २ जना
५. दुधाल चोकमा १ जना
६. लक्ष्मी राजको पूर्वपट्टिको कौसीमा ३ जना
७. तुँ चोकमा ३ जना
८. हिति चोकमा ३ जना
९. चौकोटजाने बाटोमा १ जना पछि बाँचेको २ जना
१०. क्वाछें टोलमा १ जना
११. महादेव चोकमा १ जना
१२. इन्द्रायणी ढोकामा, ताल्सी चोक, चौकोट चोकमा धेरै मान्छे मरेको उल्लेख छ ।

त्यसपछि उनीहरू छानाबाट ओर्लेर चिकंअट चोकमा पुगे । उनीहरू नगरा राखेको सत्तलमा पुगे । सत्तलको छानाबाट बन्दुकको गोली चलाउँदा जयप्रकाश मल्लका सर्दारसिं नगरकोटी १, मुन्चा नेवा १, गरुड नारायणका बुबा भाजुदेव १, लामापाटीमा काठमाडौंका विरषी १, वाभन १, श्रीकृष्ण पाठक १, कामेशवरप्रधान १, जसराज भडेल १, हनुमन्तसिं प्रधान १,

गरुड नारायणका काका १ मरेको उल्लेख गरिएको छ ।

भक्तपुर, ललितपुर र काठमाडौंका राजाहरू भक्तपुर दरबारको मूलचोकमा बसिरहेका थिए भने गोर्खालीहरू बाहिरी दरबारको छानामा उभेका थिए । त्यसपछि रणजित मल्लका छोराहरूले अग्लो ठाउँ चौकोट दरबारमा गए सुरक्षित होला भनेर सल्लाह दिएको हुँदा राजाहरू र सभासदहरू चौकोटमा दाखिला भए । जयप्रकाश मल्ल लिस्नुबाट माथि चढ्न लाग्दा छानाबाट गोर्खालीहरूले बन्दुक चलाउँदा उनको पाइतालामा गोली लाग्यो । उनी भऱ्याङबाट लडे । उनी चौकोट खण्डमा पुग्नै पाएनन् । ललितपुरका राजा तेजनरसिंह मल्ल, रणजित मल्लका छोराहरू, काजी प्रधानहरू र छरिदार (राजदण्ड समाएर राजा सँगै जाने) हेम नारायण समेत ५१ जना चौकोटमा दाखिल भए । उनीहरूलाई दरबारभित्र कै छाना छानाबाट गोर्खाली सेनाले बन्दुकले हान्ने भएपछि चौकोटमा पनि टिक्न गाहारो देखेर छरिदार हेम नारायणले राजा रणजित मल्ल छेउ आएर आत्मसमर्पण गर्नुपर्ने अवस्थाको पटक पटक जाहेरी दिएपछि राजाले आफ्नो पगरी आफैले फुकालेर चौकोटको सानो झ्यालबाट तल झुण्ड्याई दिए । यो देखेर युद्ध संचालन गरिरहेका काजी सुरप्रताप शाहले युद्ध बन्द गर्न आदेश दिए ।

युद्धपछि राजा रणजित मल्ललाई गरुड नारायण गोंगललाई नै सेवा, टहल गर्न लगाए । गोर्खाली प्रभु मल्ल ठाकुरलाई पहरामा राखे । राजा रणजित मल्लसँग राजनैतिक सम्पर्कको लागि सर्दार केहरसिंह खटिएका थिए । त्यस्तै जयप्रकाश मल्लको सुसार गर्न उनकै कोठा मोचा महन्त सिंह, कृष्ण सिंह छ्याकट, भजुवा बाहुन, भादगाउँले वैद्य चुकुधि राखी दिए । जयप्रकाश मल्ल घाइते भएका कारण धेरै बाँच्न सकेनन् । उनको व्यथा चर्केर आर्यघाट लानु पऱ्यो उनको त्यही देहान्त भयो ।

राजा रणजित मल्ल मित बुबा भएकाले पृथ्वीनारायण शाहले उनलाई उदार व्यवहार गरेको कुरा संस्मरणमा उल्लेख गरिएको छ । उनलाई आवश्यक दैनिक वस्तु कमी हुन दिएनन् । एक दिन सर्दार केहर सिंहले राजा रणजित मल्ललाई ३ जना रानीहरू यहाँ पठाउन मर्जी भएको छ भन्दा राजा रणजितले ल्याउनु पर्दैन भने । सर्दार केहरसिंहले धेरै जोड गरेपछि कान्छी महारानीमात्र ल्याउनू भने । पछि सर्दार केहरसिंहले श्री ५ महाराजले तपाईलाई बोलाउनु भएको छ, केही कुरा गर्नु छ भन्नु भएको छ भने । लौ छिट्टै सवारी होस् भनेकोले राजा रणजित मल्ल उठेर श्री ५ महाराज कहाँ पाउ लाग्नु भयो । केहरसिंह उत्तरतिर उभिरहे, गरुड नारायण तुं चोक झ्यालनिर राजाको पछाडि बसेका थिए ।

श्री ५ महाराजबाट आज्ञा भयो– अब के मनसुवा छ आज्ञा होस् भनी हुकुम भयो । राजा रणजित मल्लले म ७५ वर्षको भएँ, मेरो केही मनसुवा छैन, मलाई केही चाहिँदैन भनी आज्ञा भयो । अनि श्री ५ महाराजले त्यसो होइन तीन शहर बाहेक बनेपा, पनौती तिर मनसुवा भए उतैतिर, होइन भने साँखु चाँगुतिर वा थिमी, बोडे तिर, पाटनतिर गाउँ घर वा कीर्तिपुर तिर वा एउटा गाउँतिर राज गर्नुहोस् भनी मर्जी भयो । राजा रणजित मल्लले मलाई केही चाहिँदैन, मेरो मर्ने बेला भयो, मलाई केही चाहिँदैन भन्ने आज्ञा भयो । श्री ५ महाराजले त्यसो होइन जुन गाउँमा राज गर्नुहोला त्यस गाउँको आम्दानीले नपुगे म पुऱ्याई दिन्छु भनेर धेरै बेर कुरा भएपछि त्यसरी होइन एउटा कुरा आज्ञा होस् भनी मर्जी हुँदा राजा रणजित मल्ले म के गरुँ ? मैले भनेको पाउने छैन भनी आज्ञा हुँदा पाइन्छ लौ आज्ञा होस् भनी ३/४ पटक मर्जी भयो । लौ उसो भए बोल्न पाउँ भनी खाष्टोमा पोल्टो थाप्नु भयो । जो आज्ञा सो मनसुवा पुऱ्याइ दिनु भनी पोल्टामा हात मार्नु भयो । राजा रणजित मल्लले मर्ने बेला भयो, मलाई अरु कुरा केही चाहिँदैन, मलाई काशीबास दिनु भनी आज्ञा भयो । त्यसपछि श्री ५ महाराजबाट मर्जी भयो– लौ म पुऱ्याई दिउँला, सबै सरसामान, खर्च बर्च, डोल्या भरिया तयार गरिदिउँला, केही धन्दा मान्नु पर्दैन भनी कुरा हुँदा दुवै राजा हाँस्नु भयो ।

काशी जान लाग्दा श्री ५ पृथ्वीनारायण शाहले आफूले भने मुताविक सबै पुऱ्याईदिए । राजा रणजित मल्लले काशी जाने बेलामा गरुड नारायणलार्य तिमी यही बस, तिम्रा परिवार यहीं छन् भन्ने आज्ञा भयो । तर गरुड नारायणले तपाईंको जे जस्तो पर्ला, म उस्तै भोग गरुँला, म तपाईंको सेवा गर्न चाहन्छु भनेको हुनाले राजा रणजित मल्लले उनलाई सँगै लिएर गएका हुन् । काशी गएका राजा रणजित मल्ल काठमाडौंको बसन्तपुरमा बसेका थिए । उनले छोराहरू धनजुजु, अवधुत सिंह र दातिम्ह (माइला) जुजु भेट्न चाहे । उनीहरू नेलसहित थुनिएका थिए । राजा रणजित मल्लले उनीहरूलाई मुक्त गरिदिनु भनेका थिए । तर राजा पृथ्वीनारायण शाह यसमा मञ्जुर भएनन् बसन्तपुर दरबारमा उनीहरूलाई नेलसहित भेट्न दिए । अवधुत सिंहको बसन्तुपरमा नै मृत्यु भयो । उनका श्रीमती सती गइन् । अवधुत सिंहकी रानी लिन गरुड नारायण गोंगल नै भक्तपुरमा गएका थिए । सती गएकी रानीलाई पोल्दा गरुड नारायण मुर्च्छा परे । बिरामी परे । त्यसपछि राजा रणजितको आदेश अनुसार उनी भक्तपुर फर्के । त्यसपछि मात्र राजा रणजित मल्ल काशीबास गएका थिए । जेठ महिनाको दशहराका दिन उनको देहान्त भयो भन्ने कुरा किताबमा उल्लेख गरिएको छ ।

यसरी यो किताबले गोर्खाली हमला र त्यसपछिका घटनाहरूको महत्त्वपूर्ण जानकारीको लागि पठनीय रहेको छ । लेखकलाई धन्यवाद !

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ माघ ६ गते सोमबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना थ्वोला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री ईन्द्रप्रसाद बस्याल | ऐ |

## निर्णयहरू

### आयोजनाको म्याद थप

यस नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गत विकास निर्माणको कार्य अन्तिम चरणमा पुगेको र जग्गा प्रशासनको केही कार्य अझै बाँकी भएको तथा उपभोक्ता समितिमार्फत हाल सञ्चालित योजनाहरूको पेश्की फछ्र्यौट गर्न बाँकी रहेको हुँदा आयोजनाको म्याद आ.व. २०७६/०७७ को मसान्त (२०७७ असार मसान्त) सम्म थप गर्ने निर्णय गरियो ।

### जग्गा सट्टापट्टा

क) साविक भ.न.पा. वडा नं. ८ बाट हाल वडा नं. ५ जगन्नाथ क्षेत्रको कि.नं. ९७५ क्षे.फ. ०-२-०-२ हिराकाजी कपालीसमेतको जग्गा र साविक भ.न.पा. वडा नं. ८ बाट हाल वडा नं. ५ स्थित साकोठा क्षेत्रको राम कपालीसमेतको कि.नं. १०४२ क्षे.फ. ०-१-३-० जग्गा र सुरेन्द्र नागासमेतको कि.नं. १०४३ क्षे.फ. ०-०-१-३ जग्गा तथा साविक भ.न.पा. वडा नं. १४ बाट हाल भ.न.पा ४ स्थित कि.नं. ५२०, क्षे.फ.०-१-१-१ को तालादोम्फोको जग्गा ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वलाई मध्यनजर गरी उत्खनन गर्नुपर्ने हुँदा यस नपाबाट गठित जग्गा सट्टापट्टा सम्बन्धी वार्ता समितिले सम्बन्धित जग्गा धनीसँग हालसम्म वार्ता गर्दाको निष्कर्षबारे समितिका संयोजक श्री उकेश कवांले जानकारी गराउनु भयो ।

वार्ताअनुसार जग्गा सट्टापट्टा गर्ने विषयमा प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

ख) भ.न.पा. वडा नं. ८ लिवाली क्षेत्रमा यस नपाद्वारा निर्माणाधीन खेलकुद कभर्ड हल निर्माणको क्रममा सोही जग्गासँग जोडिएको थप जग्गा आवश्यक भएकोले नपाको स्वामित्वमा रहेको जग्गासँग सट्टापट्टा गर्ने विषयमा हालसम्म भएको वार्ताबारे जानकारी गराई प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

ग) भनपा ९ तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गत हाल निर्माणाधीन ख्वप अस्पतालसँगै बढीमा १ रोपनीसम्मको कित्ता वा छुट्टाछुट्टै जग्गाहरू अस्पताल प्रयोजनको लागि आवश्यक भएको हुँदा उक्त जग्गा नपाको स्वामित्वमा लिने र आयोजना अन्तर्गत रहेको उपयुक्त जग्गासँग सट्टापट्टा गर्ने विषयमा प्रक्रिया अघि बढाउन तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनालाई लेखी पठाउने निर्णय गरियो ।

### बाजा प्रतियोगिताको पुरस्कार

यस नगरपालिकाको आयोजनामा यही २०७६ माघ २५ गते हुने भक्तपुर जिल्लास्तरीय धिमेबाजा प्रतियोगिता सम्बन्धी देहाय बमोजिम निर्णय गरियो :

**क. पुरस्कार**

१) **प्रथम टोली** : नगद रु.३०,०००।- (कर बाहेक), धिमेबाजा १ थान, भुछ्या १ जोडी, सिछ्या १ जोडी ।

२) **द्वितीय टोली** : नगद रु.२५,०००।- (कर बाहेक), धिमे बाजा १ थान, भुछ्या १ जोडी ।

३) **तृतीय टोली** : नगद रु.२०,०००।- (कर बाहेक), धिमे बाजा १ थान, सिछ्या १ जोडी ।

४) **सान्त्वना टोली** : (२ टोलीलाई) : नगद रु.१०,०००।- (कर बाहेक) प्रति टोली, धिमे बाजा १ थान (प्रति टोली) ।

५) **सहभागी प्रत्येक टोलीलाई** : भुछ्या १ जोडी ।

ख. प्रतियोगितामा सहभागी प्रत्येक टोलीलाई खाजा वापत नगद रु. २,०००।- (कर बाहेक) प्रदान गर्ने ।

ग. प्रतियोगितामा सहभागी हुने प्रत्येक टोलीबाट दर्ता शुल्क वापत रु.१००।- (अक्षरूपी एक सय रूपैयाँ) लिने ।

## समितिका निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो-

### खानेपानी तथा स्रोत परिचालन समिति

**मिति २०७६।९।११ गते**

भक्तपुर नपा वडा नं. १ भार्वाचो टोलमा बोरिङ्गको पानी वितरण गर्न पाइप लाइनको व्यवस्था गर्न वडा नं. १ को कार्यालयले लागत इष्टिमेटसहित रु.१२,७४,८६८।८४ बराबरको ल.ई. पठाएको हुँदा उक्त योजना सञ्चालन गर्ने निर्णय गरियो ।

### महिला बालबालिका तथा समाज कल्याण समिति

**मिति २०७६।९।२१ गते**

१. भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने सिलाई तालिमको लागि पुरानो मेशिनहरू बिग्रिएको र नपुग भएकोले थप १० वटा सिलाई मेशिन खरिद गर्ने निर्णय गरियो ।

२. निम्न तालिममा निम्नअनुसार मासिक पारिश्रमिक दिने गरी प्रशिक्षकहरू नियुक्ति गर्ने निर्णय गरियो :

क. धर्मलक्ष्मी लघु - आधारभूत सिलाई रु.१५,०००।-
ख. तुल्सीमैया धुख्वा - आधारभूत सिलाई रु.१५,०००।-
ग. कमला शाक्य - उन्नत सिलाई रु.१६,०००।-
घ. कृष्णमाया कवां - उन्नत सिलाई रु.१६,०००।-
ङ. सविना कवां - बुटिक रु. १६,०००।-
च. रोशनी मानन्धर - बुटिक सहायक रु.१०,०००।-

### आर्थिक समिति

**मिति २०७६।९।१७ गते**

क. महेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को विनियम संशोधन
ख. विश्वकर्मा बचत तथा ऋण सहकारी संस्था लि.को विनियम संशोधन
ग. जय भिमसेन बचत तथा ऋण सहकारी संस्थाको विनियम संशोधन
घ. सप्ततारा बचत तथा ऋण सहकारी संस्था लि. को विनियम संशोधन
ङ. श्वेत भैरव बचत तथा ऋण सहकारी संस्थाको विनियम संशोधन
च. सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. को विनियम संशोधन
छ. सुकुलढोका बचत तथा ऋण सहकारी संस्था लि.को विनियम संशोधन

## नौका विहारको शुल्क

भक्तपुर नगरपालिकाले नेपाल भ्रमण वर्ष २०२० को शुरुवातसँगै भ.न.पा. १ स्थित सिद्ध पोखरीमा नौका विहार, सर्वधारणका लागि सञ्चालनमा ल्याएकोमा उक्त नौका विहार गर्नेको हकमा अधिकत्तम आधा घण्टाभित्र सिद्धपोखरी एक चक्कर (एक राउण्ड) लगाउँदा प्रतिव्यक्ति प्रतिसिट रु.१००।- (अक्षरूपी रु.एक सय) लिने साथै विद्यार्थी, १० वर्षमुनिका बालबालिका, नगरपालिकाका जनप्रतिनिधि तथा नगरपालिका र अन्तर्गतका निकायका कर्मचारी तथा जेष्ठ नागरिक (६० वर्ष नाघेका), अपांगलगायतलाई लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय गरियो ।

### सहकारी संस्था अनुगमन समिति

**मिति २०७६।९।२१ गते**

१. भक्तपुर नगरपालिका कार्य क्षेत्र रहेका सहकारी संस्थाको लेखा समितिका पदाधिकारीहरूलाई आन्तरिक लेखा परीक्षण सम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

### युवा तथा खेलकुद समिति

**मिति २०७६।९।१४ गते**

१. ललितपुर महानगरपालिकाको आयोजनामा २०७६ पौष १९-२६ गतेसम्म जावलाखेल भलिबल प्रशिक्षण केन्द्रमा हुने ३ नं. प्रदेश स्तरीय अन्तर नगर महानगर कप भलिबल प्रतियोगितामा सहभागी हुन आवश्यक व्यवस्था गर्न समितिका सदस्य श्री कुमार चवाललाई रु.५०,०००।- पेश्की लिन लगाउने निर्णय गरियो ।

**मिति २०७६।९।२० गते**

१. भक्तपुर नगरपालिकाको १ देखि १० वडाका विभिन्न विद्यालयका छात्राहरूलाई आत्मरक्षा तालिम सञ्चालन गर्ने र उक्त तालिम सञ्चालन गर्न तपसिलअनुसारको अनुमानित खर्च विवरण पेश गर्ने निर्णय गरियो :

**अनुमानित खर्च**

| | |
|---|---|
| १. उद्घाटन तथा समापन समारोह | - रु.२०,०००।- |
| २. जलपान खर्च | - रु.१५,०००।- |
| ३. स्टेशनरी खर्च | - रु.१५,०००।- |
| ४. प्रमाण पत्र | - रु.१५,०००।- |
| ५. भाडा | - रु.५,०००।- |
| ६. पोशाक (ट्र्याकसुट) | - रु.४०,०००।- |
| जम्मा रु. | - १,१०,०००।- |

**मिति २०७६।९।२२ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८-१२ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता आयोजनाको लागि भक्तपुर नगरपालिका प्रमुख श्री सुनिल प्रजापतिको संयोजकत्वमा १२५ सदस्य मूल आयोजना समिति गठन गर्ने निर्णय गरियो ।

## निर्माण समिति

| मिति : २०७६/०९/१८ गते | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | |
| १ | कोसेली घरमा फर्निचर जडान कार्य | २ | ४८२,७६१।४९ | | | | | | नपा | |
| **पेश्की पछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | नःपुखु वाटर फाउन्टेन जडान कार्य | १ | १,२५०,१२७।४७ | दशैंलाई मध्यनजर गरी रू. ५ लाख पेश्की लिई रू. ४८६४९१।८२ खर्च फाँटवारी भई रू. १३५०८।०० बैङ्क दाखिला फिर्ता गरी रू ५ लाख पेश्की फछ्र्यौट भएको र १ नं. वडा सदस्यबाट बाँकी काम उपभोक्तामार्फत गर्न उपभोक्ता समिति गठन गर्ने निर्णय भयो । | | | | मेसिन औजार | | |
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | |
| १ | जनज्योति पुस्तकालयको पाठक कक्षमा जडित सीसी क्यामेरा मर्मत कार्य | | | थर्ड आइ इन्टरप्राइजेज | | | | १३,५००।०० | | |
| | **अन्य** | | | | | | | | | |

| मिति : २०७६/०९/२४ गते | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भक्तान दिनुपर्ने | बजेट | कैफियत |
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | |
| १ | बाराही पुलदेखि बाराही पीठ हुँदै अरनिको राजमार्गसम्म पेटी मर्मत कार्य | ३ | १,००६,९९०।०५ | १,०८१,१५७।१८ | | | | | सडक बोर्ड | ढुङ्गा छपाइको सट्टा पेटी बनाउने कार्यको लागि |
| २ | वासिकचा चोकदेखि हनुमानघाट पुलसम्म बाटो मर्मत कार्य | ७ | १,०९४,६७९।०१ | १,००९,६२८।२९ | | | | | सडक बोर्ड | पीचको सट्टा हाललाई Sub Base course राख्ने |
| ३ | बस स्टप र हरियाली जोन निर्माण | १० | ४,०५९,७९२।४३ | | | | | | वातावरण शीर्षक | |
| ४ | दरबार स्क्वायर साकोठा बाटोमा ४ इन्च मोटाइको ढुङ्गा छपाइ कार्य | ५ | ५,५४२,९२०।७९ | | | | | | प्रदेश सरकार ३ (सांसदकोष) | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | राम मन्दिरको पुलदेखि बोलाछेंसम्मको बाटो ढुङ्गा छपाइ मर्मत कार्य | ४ | १,०७५,२३३।२८ | | १,३३६,०८१।८४ | १,०६७,०९५।०० | ३५०,०००।०० | ७१७,०९५।०० | सडक बोर्ड | पेश्की फछ्र्यौट |
| २ | ब्रम्हायणी सडक तथा पेटी ढलान गर्ने कार्य | ८ | २,६५९,४६३।४९ | ५,४९८,६९३।६१ | ५,०५०,५७९।७७ | ३,४९३,९०९।१३ | ९००,०००।०० | २,५९३,९०९।१३ | नपा | पीचको सट्टा ढलान कार्य भएको/२०७६ माघ मसान्तसम्म म्याद थप |

| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | च्याम्हासिंह प्रवेशद्वार निर्माण कार्य | ९ | २,०९७,७०५।३९ | ३,९२८,३००।२२ | २,४११,३१२।४९ | १,८३६,४६३।६७ | १,०००,०००।०० | ९३६,४६३।०० | नपा | १५,००,०००।०० बाँकी महल थप पेश्की भुक्तानी दिने |
| ४ | महेश्वरी खेल मैदानमा जाली बार फेर्ने कार्य | ७ | ८२३,१६४।८२ | | ६५४,५९४।६४ | ५७८,७२१।४० | २४५,०००।०० | ३३३,७२१।४० | नपा | पेश्की फछ्र्यौट |
| **मिति : २०७६/१०/६ गते** | | | | | | | | | | |
| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | |
| १ | भार्वाचो दूधपाटी र न:पुखु गेटमा रङ्गरोगन कार्य | ३ | ५०७,१२६।०० | १,०८१,१५७।१८ | | | | | वातावरण शीर्षक | |
| २ | सल्लाघारी नपलीस्थित नपली सृजनानगर बाटो पीच कार्य | १ | २,८३८,०१७।२६ | | | | | | प्रदेश सरकार ३ (सांसदकोष) | |
| ३ | मंगलतीर्थ शिवालय संरक्षण कार्य अन्तर्गत पर्खाल निर्माण कार्य | ४ | ४४१,०९८।१० | | | | | | वडा | |
| ४ | लिबाली बाल विकास स्कूल क्षेत्रमा बाटो पीच र सडक पेटी निर्माण कार्य | ८ | ६१,१८,४९५।८२ | | | | | | प्रदेश सरकार ३ (सांसदकोष) | सूचना प्रकाशित गर्ने निर्णय भयो । |
| ५ | राम मन्दिर ओरालो तारा स्कूल जाने बाटोसम्म ढुङ्गा छाप्ने कार्य | ४ | ४,९८९,५५७।२७ | | | | | | प्रदेश सरकार ३ (सांसदकोष) | |
| ६ | बोरिङ्गको पानी भार्वाचो टोलमा वितरण गर्ने कार्य | १ | १,२७४,८६८।८४ | | | | | | खानेपानी शीर्षक | |
| | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | |
| १ | रानी पोखरी संरक्षण कार्य | १ | २६,३१३,७३६।०२ | | १०,८९८,५०७।१० | ९,९९९,५१६।०० | ९,९९९,५१६।०० | | | उ.स. पुन:गठन गर्न र पोखरीको इष्टमेट बमोजिम बाँकी कार्य गर्ने |
| उपभोक्ता समिति अनुमोदन सम्बन्धमा | | | | | | | | | | |
| १ | बोरिङ्गको पानी भार्वाचो टोलमा वितरण गर्ने कार्य | १ | १,२७४,८६८।८४ | उ.स.अ. : बिकुलक्ष्मी कोजू | | उ.स.सं. : गंगालक्ष्मी वमनु | | | खानेपानी शीर्षक | |

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. भक्तपुर नगरपालिकाको गाडी नं. ७१५० को मर्मत गर्दाको रु.४,८६२।५०, गाडी नं. २५२८ मर्मत गर्दाको रु.५५,३४१।७५ र गाडी नं. ६०४९ मर्मत गर्दाको रु.६७,५१७।५० गरी कूल रु.१,९७,७२१।७५ अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ख. नपाको डोजर गाडी नं. ९०२५ को मर्मत वापत रु.११,६००।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ग. नपाको बा १ क ८१५६ स्काभेटरको मर्मत वापत रु.२३,६७३।५० न्यौपाने ई. प्रा.लि. लाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ. नपाको फोहर संकलन गाडी १६७७ को मर्मत वापत रु.१५,७५०।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. नपाको फोहोर संकलन गर्ने गाडी नं. २२६४ मर्मत वापत रु.२५,२५५।५० सिद्धि गणेश मोटर पार्टसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. यस नपाको फाहोर संकलन गर्ने गाडी बा १ ग ३२३९ ले मिति २०७६ पुस १७ गते कासन चोकमा ब्याक गर्ने क्रममा पछाडि राखिराखेको गाडालाई छोएको हुँदा सो गाडाको **क्षतिपूर्ति** वापत रु.१,८२५।- दिने दिने निर्णय गरियो ।

छ. मिति २०७६ पौष ११ गते को नपाको बोर्डमा खाजा खर्च वापत रु.६,१०२।-, मिति २०७६ पौष १३ गतेको नपाको बोर्डमा खाजा खर्च वापत रु.६,७८०।-, मिति २०७६ पौष १४ गते नपाले आयोजना गरेको भ्रमण वर्ष २०२० र भक्तपुर महोत्सव २०७६ सम्बन्धी पत्रकार भेटघाट कार्यक्रममा खाना वापत रु.३४,८०४।-, मिति २०७६ पौष १० गतेको नगरा पुनर्स्थापन कार्यक्रममा चिया वापत रु.४,८३१।८८ र पौष १६ गतेको प्रभातफेरि कार्यक्रममा चियापान वापत रु.६६,६७०।- र पौष २३ गते सम्पन्न २२ औ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको कार्यक्रममा खाजा वापत रु.२२,६००।- र २०७६ माघ २ गते २२ औ भूकम्प सुरक्षा दिवसको अवसरमा आयोजित कार्यक्रममा खाजा र जलपान वापत रु.१,४६,९००।- गरी कुल रु.२,८८,६८७।८८ सूर्यविनायक भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज. भनपाबाट सञ्चालित जनज्योति पुस्तकालयको पाठक कक्षमा सीसी क्यामरा जडान वापत रु.१३५००।- थर्ड आई इ. लाई **भुक्तानी** दिने निर्णय गरियो ।

झ. २२ औ भूकम्प सुरक्षा दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा २०७६ माघ २ गते भक्तपुर दरबार स्क्वायरमा आयोजित कार्यक्रममा सुरक्षा निकायहरूको ब्याण्ड बाजासहित ऱ्यालीमा सहभागी समूहलाई प्रति समूहलाई रु.१०,०००।- सहित कूल पाँच समूहलाई रु.५०,०००।- **भुक्तानी** दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिका क्षेत्रमा घर/कोठा भाडामा रहेका परिवार/व्यक्तिहरूको **अभिलेख राख्ने** उद्देश्यले समुदाय प्रहरी साझेदारी नगरपालिका समिति, भक्तपुर नगरपालिकाले तयार गरेको फाराम वडा–वडामा पठाई अभिलेख संकलन कार्य अघि बढाउने निर्णय गरियो ।

ट. नक्सावाला सुस्तमनस्थिति कल्याण कोष स्कूलको साविक भ.न.पा.वडा नं. १४ बाट हाल कायम भ.न.पा.वडा नं.४ स्थित कित्ता नं. ३३९ क्षे.फ. ०–५–२–० भएको जग्गामा सुस्तमनस्थिति कल्याण कोष स्कूलको भवन निर्माणका लागि नक्सा पास गर्ने नक्सा पेश भई म्याद जारी भई सम्बन्धित वडा प्राविधिकबाट प्रतिवेदन पेश गरेकोमा पेश प्रतिवेदनमा पश्चिम बाटोतर्फको केन्द्र रेखाबाट ५.५ मि. र संस्थागत भवनमा थप २.० मी.गरी जम्मा ७.५ मी. छोड्नु पर्नेमा हाल पेश नक्सामा ६.६ मि. मात्र छोडी नक्सा पेश भएको भनी प्रतिवेदन पेश भएको सम्बन्धमा हाल पुनः निर्माण गर्ने भवन २०४६ सालदेखि स्कूल भवन कायम भएको र सो भवन २०७२ सालको भूकम्पले क्षति भई पुनः निर्माण गर्नु परेको हुँदा साविक भवन पुनः निर्माण गर्ने गरी पेश भएको प्रस्तावित नक्साअनुसार स्वीकृति पाऊँ भनी विद्यालयका प्र.अ. तारादेवी किजुको निवेदन सम्बन्धमा भ.न.पा.वडा नं. ४ कार्यालयबाट पेश भएको निवेदन सम्बन्धमा सो भवन साविकदेखि कायम भएको भवन हो र माग निवेदन मनासिव छ भनी सिफारिससाथ पेश भएकोमा श्रीमान प्रमुखज्यूबाट निर्माण समितिमा पेश गर्ने भनी आदेशानुसार तत् सम्बन्धमा भक्तपुर नगरपालिका अन्तर्गत निर्माण समितिको तर्फबाट साइत निरीक्षण गर्दा पेश नक्साअनुसार पश्चिम बाटोतर्फ ६.२६ मि. छोडी पेश भएअनुसार नक्सा पास प्रक्रिया अगाडि बढाउन मिल्ने भन्ने निर्माण समितिको सिफारिसअनुसार **नक्सा पास गर्ने** निर्णय गरियो ।

## मिति २०७६ माघ १५ गते बुधबार

## निर्णयहरू

### छैटौं नगरसभा

यस नगरपालिकाको छैटौं नगर सभा २०७६ माघ २८ गते, मंगलबार, दिनको १:०० बजे, नगरपालिकाको सभाकक्ष, ब्यासीमा बस्ने निर्णय गरियो ।

### ख्वप अस्पताललाई रकम निकासा

यस नगरपालिकाद्वारा संचालन गरिने ख्वप अस्पतालको भवन निर्माण भइरहेको सन्दर्भमा ख्वप अस्पताल निर्माण समितिबाट मिति २०७६।९।११ गते यस नगरपालिकामा हाललाई रु.१० करोड निकास माग गरेकोमा यस नगरपालिकाबाट माग बमोजिम रु.१० करोड निकासा गर्ने निर्णय गरियो ।

### नगरप्रहरीको दरबन्दी

यस नगरपालिकाको क्षेत्रभित्रको बजार व्यवस्थापन गर्न, अनियमितता रोक्न तथा अन्य आवश्यक कार्य गर्न एकजना नगर प्रहरी निरीक्षकसहित १५ जना नगर प्रहरी जवानको

दरबन्दी कायम गर्ने र सोही बमोजिम नगर प्रहरी पदपूर्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

## ङातापोल सम्बन्धी अन्तरक्रिया

भक्तपुर नगरपालिका वडा नं. ५ टौमढीस्थित ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारसम्बन्धी सरोकारवाला सरकारी कार्यालयहरू, इतिहासविद्, संस्कृतिविद्, विज्ञ, जनप्रतिनिधि एवं स्थानीय अग्रजहरूबीच २०७६ माघ २० गते, सोमबार, विहान ८:०० बजे, नगरपालिका सभाकक्ष, ब्यासीमा अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो ।

## विद्युत मिटर काउखालिलाई हस्तान्तरण

भक्तपुर नगरपालिका वडा नं. २ सल्लाघारीमा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडसँग सहकार्य गरी यस नगरपालिकाले ट्यांकी निर्माण गरी त्यसका लागि आवश्यक विद्युत आपूर्तिका लागि नगरपालिकाको नाममा थ्री फेज लाइनसहित मिटर जडान गरिएकोमा उक्त मिटर र थ्री फेज लाइनको स्वामित्व काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

## एम्बुलेन्स र शववाहन खरिद

यस नगरपालिकाबाट संचालित एम्बुलेन्स र शव बाहन सेवालाई थप प्रभावकारी बनाउन यस नगरपालिकाको कार्यपालिकाको मिति २०७५।८।१२ गतेको बैठकबाट थप एक थान एम्बुलेन्स र एक थान शव वाहन खरिद गर्ने निर्णयअनुसार प्रक्रिया अघि बढाइएकोमा प्राविधिक कारणले अहिलेसम्म खरिद गरिनसकेको अवस्थामा यस अघिको खरिद प्रक्रिया रद्द गरी पुनः क्याटलग खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

## समितिहरूका निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो –

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

### मिति २०७६।९।१४ गते

१. भक्तपुर नगरपालिकाको आयोजनामा यही २०७६ माघ २५ गते हुने भक्तपुर जिल्लाब्यापी धिमेबाजा प्रतियोगिताको देहाय बमोजिम निर्णय गरियो :

क. प्रतियोगिताको स्थलगत मूल्याङ्कन एवं पुरस्कार वितरण

स्थान : दत्तात्रय, भ.न.पा. ९

समय : विहान ११:०० बजे

प्रतियोगितामा सहभागी हुने धिमेबाजा समूहहरू सम्मलित सांस्कृतिक र्याली सञ्चालन गर्ने र त्यसका लागि भनपा १ इनागः (दूधपाटी) मा विहान १० बजे जम्मा हुने निर्णय गरियो ।

ख. भक्तपुर जिल्लाब्यापी धिमेबाजा प्रतियोगिताको लागि देहाय बमोजिम विज्ञहरूलाई **निर्णायक**मा छनौट गर्ने निर्णय गरियो :

| | |
|---|---|
| १. बालमुकुन्द प्रजापति | २. शेषनारायण महर्जन |
| ३. विष्णुबहादुर मानन्धर | ४. मोहन ब्यञ्जनकार |
| ५. इन्दिरा लाछिमस्यू | ६. रवि कपाली |
| ७. राजकुमार त्वायना | ८. शारदा डंगोल |
| ९. मुक्तिसुन्दर जधारी | १०. कृष्णाकुमार कोजु |

### स्वीकृति

ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा ऐतिहासिक सम्पदाहरूको **विस्तृत फोटो खिची अभिलेखीकरण** गर्न पाऊँ भनी स्थानीय फोटोग्राफर बालकृष्ण बनमालाले यस नगरपालिकामा मिति २०७६।१०।१४ गते पेश गरेको निवेदन बमोजिम निजलाई मन्दिरको विस्तृत फोटो खिच्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो । निजले मन्दिरको विस्तृत फोटो खिचेर तयार गरेको अभिलेखको **एकप्रति यस नगरपालिकामा बुझाउने** प्रतिवद्धता व्यक्त गरेको बैठकमा जानकारी गराइयो ।

### युवा तथा खेलकुद समिति

### मिति २०७६।१०।१५ गते

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८–१२ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको लागि छनौट भएका भक्तपुर नगरपालिका टीमका खेलाडीहरूलाई विहान र साँझ २ पल्ट **बन्द प्रशिक्षणमा** राखी प्रशिक्षण संचालन गर्ने र उक्त खेलाडीहरू र प्रशिक्षकहरूलाई रु.१००।– का दरले खाजाको व्यवस्था गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८–१२ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको लागि बन्द प्रशिक्षणमा राखेका खेलाडीहरूलाई प्रशिक्षण दिन २ जना **प्रशिक्षकको व्यवस्था** गर्ने र निजहरूलाई प्रतिमहिना रु.१५,०००।– (अक्षरूपी रु. पन्ध्र हजार) पारिश्रमिक दिने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८–१२ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई रु.१५,००,०००।– (अक्षरूपी रु.पन्ध्र लाख) **पेश्की** लिन लगाउने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८–१२ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको लागि तपसिलअनुसारको **अनुमानित खर्च** बजेट पेश गर्ने निर्णय गरियो–

### अनुमानित खर्च विवरण

| | |
|---|---|
| १. उद्घाटन समारोह | ५०,०००।– |
| २. नगद पुरस्कार (पुरुष) | |
| क) प्रथम पुरस्कार १४X५००० | ७०,०००।– |
| ख) द्वितीय पुरस्कार १४X३००० | ४२,०००।– |
| ग) तृतीय पुरस्कार १४X१५०० | २१,०००।– |
| ३. नगद पुरस्कार (महिला) | |
| क) प्रथम पुरस्कार १४X५००० | ७०,०००।– |
| ख) द्वितीय पुरस्कार १४X३००० | ४२,०००।– |
| ग) तृतीय पुरस्कार १४X१५०० | २१,०००।– |
| ४. प्रथम मेडल १०००X१४ | १४,०००।– |
| ५. दोश्रो मेडल १०००X१४ | १४,०००।– |
| ६. तृतीय मेडल १०००X१४ | १४,०००।– |
| ७. मायाको चिनो | |

| | |
|---|---|
| ८. सहभागी न.पा. ७०X२००० | १,४०,०००।– |
| ९. उत्कृष्ट खेलाडी ट्रफी | ५०,०००।– |
| १०. खेल सामग्री | २,००,०००।– |
| ११. रेफ्री निर्णायक भत्ता १५००X४०X५ | ३,००,०००।– |
| १३. स्वयम् सेवक | १,००,०००।– |
| १४. भ.न.पा. टीम तयार+जर्सी +खाजा | ३,००,०००।– |
| १५. खेल मैदान मर्मत तथा व्यवस्थापन | १,५०,०००।– |
| १६. यातायात | १,००,०००।– |
| १७. प्रचार प्रसार (पत्रकार सम्मेलन) | १,५०,०००।– |
| १८. जलपान, अतिथि सत्कार | २,५०,०००।– |
| १९. खेलाडीहरूलाई नास्ता | ३,००,०००।– |
| २०. रेफ्री, स्वयम सेवकहरूलाई नास्ता | २,००,०००।– |
| २१. समापन समारोह | १,५०,०००।– |
| २२. स्वास्थ्य उपचार | १,००,०००।– |
| २३. विविध | १,५२,०००।– |
| जम्मा | ३०,००,०००।– |

**निर्माण समिति (पृष्ठ २४ मा)**

## भक्तपुर महोत्सवको लागि बजेट निकासा

यस नगरपालिकाको आयोजनामा यही २०७६ चैत्र ४–८ गते हुने भक्तपुर महोत्सवका लागि सचिवालयबाट बजेट निकासा माग गरिएकोमा हाललाई नगरपालिकाको तर्फबाट रु.१ करोड बजेट निकासा गरी भक्तपुर महोत्सव सचिवालयको नाममा नेपाल बैंक लि., भक्तपुर शाखामा अलग्ग खाता खोल्ने तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्रप्रसाद बस्याल र लेखापाल श्री रामसुन्दर सुजखुको संयुक्त हस्ताक्षरमा खाता संचालन गर्ने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. भक्तपुर नगरपालिकाद्वारा संचालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको मिति २०७६।९।१४ गतेको पत्रानुसार आ.व. २०७६।०७७ को लागि भ.न.पा.मा रु.२५ करोड निकासा उपलब्ध गराई पाऊँ भनी निवेदन प्राप्त भएकोमा उक्त विषयमा छलफल हुँदा उपरोक्त आयोजनाको लागि आवश्यक रकम व्यवस्था गर्न काठमाण्डौ उपत्यका विकास प्राधिकरणमा रु.२५ करोड **ऋण उपलब्ध गराई पाउन पत्राचार** गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा आयोजित नगरा पुनर्स्थापना कार्यक्रममा मेच उपलब्ध गराए वापत रु.२०५०।–; साँस्कृतिक सम्पदा सन्ध्याकालीन न्याली कार्यक्रममा मेच वापत रु.३,४५०।–; भैरवनाथ मन्दिर जीर्णोद्धारको आयव्यय सार्वजनिकीकरणमा मेच, पाल वापत रु. ८,५००।– र २२ औं भूकम्प सुरक्षा दिवसको कार्यक्रममा मेच तथा कार्पेट वापत रु. २८,७०२।– गरी कूल रु.४२,७०२।– भक्तपुर टेण्ट हाउसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ग. वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपलिकाको आयोजनामा २०७६ कार्तिक १७ देखि २३ गतेसम्म भएको भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि रु. १० लाख पेश्की लिएकोमा रु.१२,३८,०२४।– खर्च गरी नपुग रकम २,३८,०२४।– भुक्तानी माग गरिएकोले निजको नाउँको पे.फ. गरी नपुग रकम **भुक्तानी** दिने निर्णय गरियो ।

घ. वडा नं. ४ का वडाअध्यक्ष कुमार चवालले ललितपुर महानगरपालिकाको आयोजनामा २०७६ पौष १९ देखि २५ गतेसम्म भएको महानगर कप भलिबल प्रतियोगितामा भक्तपुर नगरपालिकाको टीम सहभागी हुन र खेलाडीहरूलाई आवश्यक व्यवस्था गर्न रु. ५०,०००।–पेश्की लिएकोमा रु.९५,४४७।– खर्च गरी नपुग रकम रु. ४५,४४७।– माग गरिएकोले निजको नाउँका पे.फ. गरी नपुग रकम **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. मिति २०७६ माघ ७ गते मंगलबार बेल्जियमको राजकुमारीको स्वागत कार्यक्रममा चिया नास्ता व्यवस्था गरेवापत रु. ३२,६६६।०४ न्यू न्यातापोल क्याफेलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. यस नपाको गाडी नं बा १ ४५५४ को मर्मत वापत रु.२२,०५७।६० सिद्धि गणेश मोटर पार्टसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. यस नपाको गाडी नं. बा १ ३५५८ को मर्मत वापत रु.२९,८५०।–, गाडी नं. बा १ ९०२५ को मर्मत वापत रु. ६,८०५।– गरी कूल रु.३६,६५५।– तुल्सी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज. यस नपाद्वारा संचालित बहुउद्देशीय भवन निर्माणको क्रममा २०७६ पुस १३ गते कार्यक्षेत्रमा खटिँदै गर्दा बाँसले बायाँ खुट्टामा गहिरो चोट लागि उपचार गराउँदाको खर्च रु.६,२०३।८२ सानुभाई छ्वाजूलाई **शोधभर्ना** दिने निर्णय गरियो ।

झ. भैरव मन्दिर निर्माण सम्पन्न कार्यक्रममा सहभागी महानुभावहरूलाई विहानको चिया नास्ता व्यवस्था गरे वापत रु.१३,०५१।५० र मिति २०७६ मंसिर ३० गतेको दिवाखाजा वापत रु.५९७।– गरी कूल रु.१३,६४८।५० सिद्धि होम एण्ड रेष्टुरेण्टलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकाद्वारा चिनियाँ प्रतिनिधि मण्डलको स्वागतमा दही तथा केक वापतको रु.४,२५०।– र मिति २०७६ असोज ३० गते युनेस्कोको प्रतिनिधि मण्डलको भक्तपुर भ्रमण भेलामा जलपान वापत रु.१०००।– गरी कूल रु.५,२५०।– दुवाल दही भण्डारलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ट. यस नपामा विभिन्न समयमा फलफूल उपलब्ध गरे वापत रु.६,२०५।– एच.एच. जुस सेन्टरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ठ. यस नपामा विभिन्न समयमा खाजा व्यवस्था गरे वापत रु.३९,०४०।– दिव्य स्वीट्सलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ड. नवदुर्गा मुकुण्डो बनाउने चित्रकारलाई सहयोगार्थ यस न.पा. बाट व्यवस्था गरेको रु.१०,००,०००।– (दश लाख) अक्षय कोषबाट प्राप्त व्याज रु.७४,०००।– (अक्षरूपी चौहत्तर हजार) नवदुर्गा मुकुण्डो बनाउने कलाकार पुर्ण चित्रकारलाई **हस्तान्तरण** गर्ने निर्णय गरियो ।

मिति : २०७६/१०/१५ गते

| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | बोलाछेँदेखि राम मन्दिर पुलसम्म बाटोमा ढुङ्गा छपाइ कार्य | ४ | ४,९६७,१५९।१० | | | | | | बगमति प्रदेश सांसद कोष | |
| २ | त्वचा नासद्यो पुन:निर्माण कार्य | ९ | ६६१,०४९।२९ | | | | | | वडा बजेट | |
| ३ | शारदा माविमा ढुङ्गा छपाइ कार्य | २ | ३,१९०,८७३।५५ | | | | | | बगमति प्रदेश सांसद कोष | |
| ४ | बुलबुल हिति संरक्षण कार्य | ५ | ५९१,६१९।३३ | | | | | | वडा बजेट | |
| ५ | भगवती स्थान टुरिस्ट शौचालय र सार्वजनिक शौचालय निर्माण कार्य | ५ | ३,७८२,४९२।८८ | | ४,५३३,४४९।५४ | ४,०१६,३०३।७२ | १,८००,०००।०० | १,९५७,९१७।८९ | नपा | अघिल्लो पेश्की फछ्र्यौट हुंदा रू.२,५८,३८५।८३ लिइसकेको र थप कार्यहरू अण्डर ग्राउण्ड ट्याङ्की, I beams भऱ्याङ, गेट फ्लाम सिलिङ, ढल व्यवस्थापन, Minor Grouting इत्यादि Item हरू थप्नु परेकोले |
| ६ | Tele Fiber Optics Lease line cat 6 cable underground work at tourist counter | २ | ९५,६८१।३१ | टुरिस्ट सर्भिस सेन्टरमा तार लाइन अण्डर ग्राउण्ड गर्ने कार्य | | | | | | |

| पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | असंगालदेखि हनुमन्ते खोला फलामे पुलसम्म बाटो मर्मत र ग्राभेलिङ कार्य | १ | ६९७,००७।८६ | | ७९२,१३३।१६ | ५२२,४८५।०० | २३०,०००।०० | २९२,४८५।०० | सार्वजनिक मर्मत सम्भार | कार्य सम्पन्न भइसकेको पेश्की फछ्र्यौट गर्ने |
| २ | उपत्यका खानेपानी लि.को मातहतमा रहेको डीप बोरिङ कार्यको लागि आवश्यक पानी संकलन गर्न रिजरभ्वायर ट्याङ्की र पानी उपचार गर्न फिल्टरेशन गर्ने कार्य | २ | ९,६७२,३७५।९० | | १०,४४५,५१६।९४ | ९,२०९,२५१।९२ | ६,५००,०००।०० | २१७,३४०।३६ | नपा | कार्य सम्पन्न भई पे.फ. भइसकेको |
| ३ | ब्यासी टुरिस्ट बसपार्कमा स्वचालित सार्वजनिक शौचालयको लागि अण्डरग्राउण्ड पानी ट्याङ्की तथा तहरा निर्माण कार्य | २ | ७,०४२,६५६।४७ | | ४,१८०,५२७।४८ | ३,१२६,६८०।०० | २,१००,०००।०० | १,०२६,६८०।०८ | नपा | रू.१०,००,००० थप पेश्की माग |
| ४ | भैरवनाथ आगछैं पुन:निर्माण कार्य | ४ | ३,३७०,३९६।५० | | १,००६,११७।६४ | ९३५,६२०।५८ | १,०००,०००।०० | | | उ.स.को नाममै पेश्की रू.६४,३८०।- बाँकी र थप रू.१०,००,०००।- पेश्की माग |
| ५ | सिद्ध पोखरीको उत्तरतर्फको चौरमा माटो राखी सम्याउने कार्य | १ | ९६५,५२५।०५ | | | | | | | |

## मिति २०७६ माघ २३ गते विहीबार

## निर्णयहरू

### ङातापोलको क्षति सम्बन्धी अध्ययन

यस नगरपालिका वडा नं. ५ टौमढीस्थित ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा मन्दिरमा हाल भएको क्षतिसम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी प्रतिवेदन प्रस्तुत गर्न देहायबमोजिम पदाधिकारीहरू रहने गरी प्राविधिक समिति गठन गर्ने निर्णय गरियो –

संयोजक : ई.चन्द्रकिरण कवां–सहप्राध्यापक, ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य : ई.सुजन माक – प्राचार्य, ख्वप इन्जिनियरिङ कलेज
सदस्य : ई.सुनिल दुवाल – प्राचार्य, ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्यः ईमन्जिप शाक्य, वरिष्ठ उपप्राध्यापक, ख्वप इन्जिनियरिङ कलेज
सदस्य : आ.लिवास फैजु, वरिष्ठ उपप्राध्यापक, ख्वप इन्जिनियरिङ कलेज
सदस्य : आ.रविना शिल्पकार, ख्वप इन्जिनियरिङ कलेज
सदस्य : ई.अमित प्रजापति, ख्वप कलेज अफ इन्जिनियरिङ
सदस्य सचिव : आ.रामगोविन्द श्रेष्ठ, योजना तथा प्राविधिक शाखा, भक्तपुर नगर कार्यपालिकाको कार्यालय

### निर्देशक समिति

**(क)** ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार कार्यको व्यवस्थापन, नियमन, अनुगमन र सुरक्षा प्रबन्ध समेतमा आवश्यक व्यवस्था र निर्देशन गर्ने ध्येयले देहायबमोजिम पदाधिकारीहरू रहने गरी निर्देशक समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : सुनिल प्रजापति – प्रमुख, भक्तपुर नगरपालिका
सदस्य : रजनी जोशी – उपप्रमुख, भक्तपुर नगरपालिका
सदस्य : प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि
सदस्य : प्रहरी उपरीक्षक वा निजले तोकेको अधिकृत प्रतिनिधि, महानगरीय प्रहरी परिसर, भक्तपुर
सदस्य : उकेश कवां – संयोजक, निर्माण समिति, भनपा
सदस्य : प्रेमगोपाल कर्माचार्य – वडाअध्यक्ष, भनपा ५
सदस्य : कुमार चवाल – वडाअध्यक्ष भनपा ४
सदस्य : सरस्वती सिंह – कार्यालय प्रमुख, दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, भक्तपुर
सदस्य : आनन्दप्रसाद कर्माचार्य–कार्यालय प्रमुख, गुथि संस्थान, भक्तपुर
सदस्य : इन्द्रप्रसाद बस्याल, प्रमुख प्रशासकीय अधिकृत, भनपा
सदस्य : सिद्धिवीर कर्माचार्य, पुजारी, ङातापोल मन्दिर
सदस्य : केशव तमखु – अध्यक्ष, ङातापोल मन्दिर जीर्णोद्धार उपभोक्ता समिति
सदस्य : बलराम सिबञ्जार – स्थानीय समाजसेवी
सदस्य : योगेन्द्रमान कर्माचार्य, पुजारी, ङातापोल मन्दिर
सदस्य सचिव : रामगोविन्द श्रेष्ठ– योजना तथा प्राविधिक शाखा, भक्तपुर नगर कार्यपालिकाको कार्यालय

**(ख)** सल्लाहकार

१. प्रा. प्रेमनाथ मास्के
२. प्रा. सुदर्शनराज तिवारी

**(ग)** निर्देशक समिति, प्राविधिक समिति र सल्लाहकारहरूले ङातापोल मन्दिरको क्षतिसम्बन्धी विस्तृत प्राविधिक अध्ययन गर्ने र जीर्णोद्धार कार्य गर्ने कार्यविधि समिति आफैले निर्धारण गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्देशक समिति र प्राविधिक समितिका पदाधिकारी तथा सदस्यहरू एवं सल्लाहकारहरूलाई बैठक भत्ता वापत प्रतिव्यक्ति प्रति बैठक नगद रु.१,५००।– (अक्षेरूपी एक हजार पाँच सय रूपैयां) उपलब्ध गराउने निर्णय गरियो ।

ङातापोल मन्दिर जीर्णोद्धारसम्बन्धी प्राविधिक अध्ययन प्रतिवेदनलगायत जीर्णोद्धारको सम्पूर्ण अभिलेख प्रतिवेदन तयार गरी नगरपालिका, जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर, भक्तपुर, दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, गुठी संस्थान, भक्तपुर, भक्तपुर कार्यालयलगायतका सरोकारवाला कार्यालयहरूमा एक एक प्रति राख्ने निर्णय गरियो ।

### भक्तपुर महोत्सवका लागि समिति गठन

भक्तपुर नगरपालिकाको आयोजनामा यही २०७६ चैत्र ४–८ गते हुने भक्तपुर महोत्सव व्यवस्थित रूपमा संचालन गर्न देहायबमोजिमका पदाधिकारीहरू रहने गरी समितिहरू गठन गर्ने निर्णय गरियो–

**विभिन्न समिति र संयोजकहरूको विवरण**

| क्र.सं. | समितिको नाम | संयोजकको नाम |
|---|---|---|
| १ | प्रकाशन समिति | सुनिल प्रजापति |
| २ | अतिथि सत्कार व्यवस्थापन समिति | रजनी जोशी |
| ३ | स्वयंसेवक तथा खेलकुद व्यवस्थापन समिति | श्यामकृष्ण खत्री |
| ४ | खाना महोत्सव व्यवस्थापन तथा सहकारी संस्थाहरुसँग समन्वय समिति | हरिप्रसाद बासुकला |
| ५ | हस्तकला तथा जीवनशैली प्रदर्शनी व्यवस्थापन समिति | राजकृष्ण गोरा |
| ६ | निर्माण तथा मर्मत समिति | कुमार चवाल |
| ७ | खानेपानी तथा प्राथमिक स्वास्थ्य उपचार व्यवस्थापन समिति | प्रेमगोपाल कर्माचार्य |
| ८ | पुस्तक तथा शैक्षिक प्रदर्शनी व्यवस्थापन समिति | हरिराम सुवाल |
| ९ | व्यापार मेला व्यवस्थापन समिति | उकेश कवां |
| १० | पार्किङ व्यवस्थापन समिति | महेन्द्र खायमली |
| ११ | सांस्कृतिक प्रदर्शनी व्यवस्थापन समिति | रबिन्द्र ज्याख्व |
| १२ | नौका विहार र दीपावली व्यवस्थापन समिति | लक्ष्मीप्रसाद ह्यौंमिखा |
| १३ | बालमैत्री गतिविधि व्यवस्थापन समिति | रोशनमैयाँ सुवाल |

**१. प्रकाशन समिति**

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | सुनिल प्रजापति | प्रमुख, भक्तपुर नगरपालिका |
| २ | सदस्य | रविन्द्र ज्याख्व | वडाअध्यक्ष, भनपा ९ |
| ३ | सदस्य | लक्ष्मणराज जोशी | सम्पादक, 'भक्तपुर' मासिक |
| ४ | सदस्य | आश कुमार चिकंबन्जार | सम्पादक, 'ख्वपः पौ' |
| ५ | सदस्य | गौत्तम प्रसाद लासिवा | संयोजक, भक्तपुर महोत्सव–२०७६, सचिवालय |

२. अतिथि सत्कार समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | रजनी जोशी | उप प्रमुख, भनपा |
| २ | सदस्य | छोरीमैया सुजखू (प्रजापति) | कार्यपालिका सदस्य,भनपा-९ |
| ३ | सदस्य | सम्झना खाइजू | वडा सदस्य, भनपा ५ |
| ४ | सदस्य | सरस्वती सिंख्वाल | नेपाल क्रान्तिकारी महिला संघ |
| ५ | सदस्य | कृष्णश्वरी माक | नेपाल क्रान्तिकारी महिला संघ |

३) स्वयंसेवक तथा खेलकुद समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | श्यामकृष्ण खत्री | वडाध्यक्ष, भनपा १ |
| २ | सदस्य | पशुपति प्रजापति | वडा सदस्य, भनपा ४ |
| ३ | सदस्य | बलराम न्हिसुतु | वडा सदस्य, भनपा ५ |
| ४ | सदस्य | कृष्णगोविन्द सुवाल | सचिव, खेलकुद समिति, भनपा |
| ५ | सदस्य | सविन ख्याजू | अध्यक्ष, नेक्राविसंघ केन्द्रीय समिति |
| ६ | सदस्य | जगतराम धुख्वा | अध्यक्ष, नेक्रायुसंघ, भक्तपुर नगर समिति |
| ७ | सदस्य | प्रवीण प्रजापति | अध्यक्ष, नेक्राविसंघ भक्तपुर नगर समिति |

४) खाना महोत्सव व्यवस्थापन तथा सहकारी संस्थाहरुस ँग समन्वय समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | हरिप्रसाद बासुकला | वडाध्यक्ष, भनपा २ |
| २ | सदस्य | जितेन्द्र मुनंकर्मी | वडा सदस्य, भनपा १० |
| ३ | सदस्य | सीता नेपाली | वडा सदस्य, भनपा ६ |
| ४ | सदस्य | जगतलाल मानन्धर | वडा सदस्य, भनपा ९ |
| ५ | सदस्य | गंगाराम ज्याख्व | अध्यक्ष, नेक्राकिसंघ भक्तपुर नगर समिति |
| ६ | सदस्य | कृष्णगोविन्द लाखाजु | अध्यक्ष, भक्तपुर बचत तथा ऋण सहकारी संघ |
| ७ | सदस्य | मञ्जु लाखा | नेक्रा महिला संघ, भक्तपुर नगर समिति |

५) हस्तकला र जीवनशैली प्रदर्शनी व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | राजकृष्ण गोरा | वडाध्यक्ष, भनपा ३ |
| २ | सदस्य | पञ्चमाया दुवाल | वडा सदस्य, भनपा ८ |
| ३ | सदस्य | राजकुमार शिल्पकार | वडा सदस्य, भनपा ३ |
| ४ | सदस्य | पूर्णगोपाल राजचल | वडा सदस्य, भनपा ५ |
| ५ | सदस्य | विक्रम ढुकुछु | अध्यक्ष, भक्तपुर सिकर्मी संघ |
| ६ | सदस्य | वीरेन्द्र जति | अध्यक्ष, भक्तपुर घरेलु तथा साना उद्योग व्यवसायी संघ |
| ७ | सदस्य | विश्वराम दुवाल | अध्यक्ष, भक्तपुर मफौला उद्योग व्यवसायी संघ |
| ८ | सदस्य | विष्णुभक्त कुसी | सल्लाहकार, भक्तपुर सिकर्मी संघ |

६) निर्माण तथा मर्मत समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | कुमार चवाल | वडाध्यक्ष, भनपा ४ |
| २ | सदस्य | सिद्धिराम अवाल | वडा सदस्य, भनपा ६ |
| ३ | सदस्य | कृष्णगोपाल चौगुठी | वडा सदस्य, भनपा ३ |
| ४ | सदस्य | रामगोविन्द श्रेष्ठ | योजना शाखा प्रमुख, भनपा |
| ५ | सदस्य | सुनिल दुवाल | प्राचार्य, ख्वप कलेज अफ इन्जिनियरिङ |
| ६ | सदस्य | विष्णुराम दुमरु | अध्यक्ष, नेपाल क्रान्तिकारी डकर्मी संघ, भक्तपुर |

७) खानेपानी तथा प्राथमिक उपचार व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | प्रेमगोपाल कर्माचार्य | वडाध्यक्ष, भनपा ५ |
| २ | सदस्य | गंगा बमनू | वडा सदस्य, भनपा १ |
| ३ | सदस्य | रिजु कपाली | वडा सदस्य, भनपा ७ |
| ४ | सदस्य | डा. रत्नसुन्दर लासिवा | प्राचार्य, ख्वप बहुप्राविधिक अध्ययन संस्थान |
| ५ | सदस्य | कृष्णप्यारी जधारी | अध्यक्ष, नेक्रा महिला संघ भक्तपुर नगर समिति तथा अध्यक्ष, महिला स्वास्थ्य स्वयंसेविका समिति |
| ६ | सदस्य | राम सुवाल | अध्यक्ष, भक्तपुर खानेपानी वितरक संघ |
| ७ | सदस्य | कृष्णराम त्वानाबासू | अध्यक्ष, इसान भक्तपुर नगर समिति |

८) पुस्तक तथा शैक्षिक प्रदर्शनी व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | हरिराम सुवाल | वडाध्यक्ष, भनपा ६ |
| २ | सदस्य | विजयलक्ष्मी शाक्य | वडा सदस्य, भनपा १० |
| ३ | सदस्य | रञ्जना त्वाती | वडा सदस्य, भनपा ७ |
| ४ | सदस्य | प्रकाश कुमार धौबजी | प्राचार्य, ख्वप माध्यमिक विद्यालय |
| ५ | सदस्य | रुपक जोशी | प्राचार्य, ख्वप कलेज |
| ६ | सदस्य | सुजन माक | प्राचार्य, ख्वप इन्जिनियरिङ कलेज |
| ७ | सदस्य | पुरुषोत्तम ग्वाछा | महासचिव, इसान |
| ८ | सदस्य | मिलन गणेजू | अध्यक्ष, नेक्राविसंघ, भक्तपुर जिल्ला समिति |

९) व्यापार मेला व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | उकेश कवां | वडाध्यक्ष, भनपा ७ |
| २ | सदस्य | सुनिता अवाल (प्रजापति) | कार्यपालिका सदस्य |
| ३ | सदस्य | राजेन्द्र माक | वडा सदस्य, भनपा ४ |
| ४ | सदस्य | हरिरत्न गोर्खाली | वडा सदस्य, भनपा ७ |
| ५ | सदस्य | शिवप्रसाद बाला | वडा सदस्य, भनपा ८ |
| ६ | सदस्य | प्रदिप श्रेष्ठ | अध्यक्ष, भक्तपुर उद्योग वाणिज्य संघ |
| ७ | सदस्य | पुण्यराम खाताखो | भक्तपुर विद्युतीय सामग्री व्यवसायी संघ |
| ८ | सदस्य | राजेन्द्र प्रजापति | अध्यक्ष, भक्तपुर रेडिमेड कपडा व्यवसायी संघ |
| ९ | सदस्य | नारायणमान बनमाला | अध्यक्ष, भक्तपुर खुद्रा व्यवसायी संघ |

१०) पार्किङ व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | महेन्द्र खायमली | वडाध्यक्ष, भनपा ८ |
| २ | सदस्य | इन्द्रबहादुर प्याथ | वडा सदस्य, भनपा ९ |
| ३ | सदस्य | श्यामसुन्दर मातां | वडा सदस्य, भनपा २ |
| ४ | सदस्य | उपेन्द्र सुवाल | नेक्रा मजदुर संघ केन्द्रीय समिति |
| ५ | सदस्य | केदार तुइतुई | भक्तपुर ट्रक व्यवसायी संघ |
| ६ | सदस्य | शिव सितिखू | अध्यक्ष, नेपाल क्रान्तिकारी यातायात मजदुर संघ |
| ७ | सदस्य | कृष्णप्रसाद कोजू | भक्तपुर ईंटा व्यवसायी संघ |

११) सांस्कृतिक प्रदर्शनी व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | रबिन्द्र ज्याख्व | वडाध्यक्ष, भनपा ९ |
| २ | सदस्य | रत्नकाजी नायभारी | वडा सदस्य, भनपा २ |
| ३ | सदस्य | गोविन्द दुवाल | वडा सदस्य, भनपा ६ |
| ४ | सदस्य | ज्ञानकुमार मगजू | वडा सदस्य, भनपा १० |
| ५ | सदस्य | हेरा ख्याजू | वडा सदस्य, भनपा ७ |
| ६ | सदस्य | कृष्णगोपाल छुस्याबाग | वडा सदस्य, भनपा ८ |
| ७ | सदस्य | कृष्णलक्ष्मी दुवाल | वडा सदस्य, भनपा ४ |
| ८ | सदस्य | मुक्तिसुन्दर जधारी | नेपाल क्रान्तिकारी साँस्कृतिक संघ |
| ९ | सदस्य | लक्ष्मीप्रसाद चवाल | अध्यक्ष, नेपाल क्रान्तिकारी सांस्कृतिक संघ भक्तपुर जिल्ला समिति |
| १० | सदस्य | श्यामसुन्दर शिल्पकार | कलाकार |
| ११ | सदस्य | इन्दिरा लाछिमस्यू | कलाकार |

१२) नौका विहार तथा दीपावली व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | लक्ष्मीप्रसाद ह्यौमिखा | वडाध्यक्ष, भनपा १० |
| २ | सदस्य | सूर्यप्रसाद श्रेष्ठ | वडा सदस्य, भनपा १ |
| ३ | सदस्य | मंगललक्ष्मी शाही | वडा सदस्य, भनपा २ |
| ४ | सदस्य | प्रज्वल खत्री | विपद् व्यवस्थापन तालिम प्राप्त |
| ५ | सदस्य | श्यामकृष्ण बासुकला | खेलाडी |
| ६ | सदस्य | कल्पना देउपाला | विपद् व्यवस्थापन तालिम प्राप्त |
| ७ | सदस्य | कृष्ण गरु | विपद् व्यवस्थापन तालिम प्राप्त |
| ८ | सदस्य | | |

१३) बालमैत्री गतिविधि व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | रोशनमैया सुवाल | कार्यपालिका सदस्य, भ.न.पा. ६ |
| २ | सदस्य | सरिना चौला | कार्यपालिका सदस्य, भ.न.पा. ५ |
| ३ | सदस्य | तुल्सीलक्ष्मी दुमरु | वडा सदस्य, भनपा २ |
| ४ | सदस्य | विश्वराज शिल्पकार | वडा सदस्य, भनपा १ |
| ५ | सदस्य | दिपेन्द्र प्रजापति | शाखा अधिकृत, शिशु स्याहार केन्द्र, भ.न.पा. |
| ६ | सदस्य | गणेशराम थुसा | अध्यक्ष, नेपाल क्रान्तिकारी शिक्षक संघ, भक्तपुर नगर समिति |
| ७ | सदस्य | दिपेशराज शर्मा | महासचिव, भक्तपुर पर्यटन विकास समिति |

उपरोक्त समितिहरूमा आवश्यकताअनुसार सदस्यहरू थप गर्न सकिने व्यवस्था गर्ने निर्णय गरियो ।

## समिति निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**युवा तथा खेलकुद समिति**

**मिति २०७६।१०।१९ गते**

१. भक्तपुर नगरपालिका वडा नं. १ स्थित सिद्ध पोखरीको उत्तरतर्फको खेल **मैदान सम्याउन** माटो राख्ने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाद्वारा २०७६ माघ महिनादेखि संचालन गरिरहेको **जिम्नाष्टिक खेलको प्रशिक्षण** निरन्तर रूपमा संचालन गर्ने निर्णय गरियो।

३. भक्तपुर नगरपालिकाको १ देखि १० वडासम्मका विद्यालयका विद्यार्थीहरूलाई आत्मरक्षा तालिम संचालन गर्ने र उक्त **आत्मरक्षा तालिम संचालन** गर्न सम्बन्धित वडा समितिलाई जिम्मा दिने निर्णय गरियो।

४. भक्तपुर नगरपालिकाको आयोजनामा वडा नं. १ देखि १० सम्मका विद्यालयका विद्यार्थीहरूलाई आत्मरक्षा तालिम संचालनको लागि आवश्यक व्यवस्था गर्न समितिका सदस्य श्री कुमार चवाललाई रु.१,००,०००।- (अक्षरूपी एक लाख) **पेश्की** लिन लगाउने निर्णय गरियो।

५. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ माघ १३-१५ गते आयोजना गर्ने निर्णय गरिएको 'राष्ट्रपति कप' खेलकुद प्रतियोगिता विद्यार्थीहरूको परीक्षा भएकोले अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको **जानकारी** विद्यालयहरूलाई दिने निर्णय गरियो।

**मिति २०७६।१०।२० गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८-१२ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रयितयोगिताको लागि आवश्यक **एथ्लेटिक्सका सामान**हरूको लागि नेपाल एथ्लेटिक्स संघसँग अनुरोध गर्ने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८-१२ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको **प्रचार प्रसार** गर्न 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७६।१०।२१ गते**

१. यस भक्तपुर नगरपालिकाको आयोजनामा हुने भक्तपुर जिल्लाव्यापी धिमे बाजा प्रतियोगिताबारे प्रकाशित सूचना बमोजिम निर्धारित मिति माघ २० गतेभित्र जम्मा ७७ वटा **सांस्कृतिक टोलीहरू दर्ता** भै सहभागी टोली सङ्ख्या कायम भएको जानकारी लिइयो।

२. धिमे बाजा प्रतियोगिताको कार्यक्रम तालिका देहाय बमोजिम संशोधन गरियो :

**उद्घाटन र्‍याली**

मिति २०७६ माघ २५ गते विहान १०:०० बजे इनाग, दूधपाटी, भ.न.पा. १ बाट शुरु गर्ने।

**स्थलगत मूल्यांकन**

मिति २०७६ माघ २५ र २६ गते दत्तात्रयमा गर्ने।

**बजार परिक्रमा मार्ग**

धिमेबाजा प्रतियोगितामा सहभागी प्रतियोगी टोलीहरूलाई बजार परिक्रमाको रुट देहाय बमोजम तय गरियो -

इनाग, भार्वाचो, तेखापुखु, वंशगोपाल, नासमना, टौमढी, क्वाछेँ, साकोठा, सुकुलढोका, गोल्मढी, इनाचो, दत्तात्रय।

**पुरस्कार वितरण समारोह**

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यमा मिति २०७६ माघ २६ गते दत्तात्रयमा गर्ने।

**जिम्मेवारी**

भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता व्यवस्थित रूपमा सम्पन्न गर्न विभिन्न कार्यको जिम्मेवारी विभाजन गर्ने निर्णय गरियो।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो -

क. भक्तपुर महोत्सव-२०७६ सचिवालयको तर्फबाट भक्तपुर महोत्सवको व्यवस्थापन गर्न प्राविधिक र व्यवस्थापकीय सेवा आवश्यक भई दैनिक ज्यालादारीमा **जनशक्ति व्यवस्था** गर्ने सम्बन्धमा नगरपालिकामा सिफारिस भई आएको सम्बन्धमा छलफल गरी देहाय बमोजिमका व्यक्तिहरूलाई दैनिक ज्यालामा २०७६ माघ २० गतेदेखि चैत्र २० गतेसम्मका लागि दैनिक ज्यालादारीमा महोत्सव सचिवालयले सेवा करारमा लिई काममा लगाउने र निजहरूलाई प्रतिव्यक्ति दैनिक रु.१२००।- का दरले पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो-

१. राम सुन्दर भेले (इभेन्ट्स एक्सपर्ट)

२. दिपेश सैंजु (आई.टी. एक्सपर्ट)

३. रमेश प्रजापति (क्षेत्रीय व्यवस्थापक)

४. सुनिल सुवाल (क्षेत्रीय व्यवस्थापक)

५. सुवास दुवाल (क्षेत्रीय व्यवस्थापक)

ख. मिति २०७६ माघ ६ गते भएको कार्यपालिका बैठकको लागि नास्ता उपलब्ध गराए वापत रु.६,७८०।- र मिति २०७६।१०।२० गते पांच तल्ले मन्दिरसम्बन्धी अन्तरक्रिया कार्यक्रमको लागि विहानको नास्ता र खाना उपलब्ध गराए बापत रु. ५०,३४१।५० गरी जम्मा रु.५७,१२१।५० (अक्षेरूपी रु.सन्ताउन्न हजार एक सय एक्काइस रूपैया पचास पैसा) सूर्यविनायक पार्टी भेन्युलाई **भुक्तानी** दिने निर्णय गरियो।

## निर्माण समिति

मिति २०७६।१०।२३ गते

| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | हनुमान्चामा फोहोर व्यवस्थापन कार्य | ८ | ६,७९६,९८४।४८ | | | | | | कम्पोष्ट प्लानिङ निर्माण कार्य शीर्षक | |
| २ | हनुमानघाट वासिकचा हुँदै आदर्श जाने बाटो पीच कार्य | ७ | २,९९६,२९२।६० | ५,३३७,२७७।५७ | | | | | प्रदेश नं. ३ सांसद कोष | सूचना प्रकाशित गर्ने |
| ३ | डातापोल – पाँच तले) मन्दिरमा सीसी टीभी क्यामेरा जडान कार्य | ५ | २३३,०८७।४७ | | | | | | सीसी टीभी/इन्टर कम शीर्षक | |
| **माटो परीक्षण गर्ने सम्बन्धमा** | | | | | | | | | | |
| १ | राममन्दिर पुल निर्माण कार्य | ४ | ३८७,३६४।०० | | | | | | १० वडा बहुउद्देश्यीय भवन निर्माण शीर्षक | १० वडा बहुउद्देश्यीय भवन निर्माण शीर्षकबाट बजेट व्यवस्था गरी माटो परीक्षणको लागि शिलबन्दी दरभाउ पत्र वा कोटेशनमार्फत सूचना प्रकाशित गर्ने निर्णय गरियो । |
| २ | धाला खुसी (खोला) पुल निर्माण कार्य | १ | ३८७,३६४।०० | | | | | | १० वडा बहुउद्देश्यीय भवन निर्माण शीर्षक | |
| ३ | कमलविनायक बहुउद्देश्यीय भवन निर्माण कार्य | १० | ४४०,०२२।०० | | | | | | १० वडा बहुउद्देश्यीय भवन निर्माण शीर्षक | |
| **उपभोक्ता स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | श्री तलेजु स्थित मधिकर्मी छें पुन:निर्माण कार्य | ३ | ४,२२८,८०८।०० | उ.स.अ. : लक्ष्मीबहादुर सुवाल | | उ.अ.स. : राजकुमार शिल्पकार | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा वाल लगाउने, प्लास्टर गर्ने कार्य (शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडिङ प्रा.लि.) | ९ | | २०७७ वैशाख मसान्तसम्म म्याद थप | | | | | | |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा फिनिसिङ कार्य (सिरूवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.) | ९ | | २०७७ वैशाख मसान्तसम्म म्याद थप | | | | | | |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा रंगरोगन कार्य (सिरूवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.) | ९ | | २०७७ वैशाख मसान्तसम्म म्याद थप | | | | | | |
| ४ | लिबाली प्लानिङमा पीच कार्य (कन् टेक प्रा.लि.) | ८ | | २०७६ चैत मसान्तसम्म म्याद थप | | | | | | |
| ५ | कमलविनायक प्लानिङमा पीच कार्य (कन् टेक प्रा.लि.) | १० | | २०७६ चैत मसान्तसम्म म्याद थप | | | | | | |
| ६ | कुथुबही एक्सप्रेस बसपार्कमा पीच कार्य (कन् टेक प्रा.लि.) | १ | | २०७६ चैत मसान्तसम्म म्याद थप | | | | | | |

## मिति २०७६ फागुन १ गते बिहीबार

### निर्णयहरू

#### भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरण

आर्थिक वर्ष २०७२/०७३ को नेपाल सरकारको बजेट मन्तव्यमा भक्तपुर औद्योगिक क्षेत्रलाई अन्य स्थानमा स्थानान्तरण गर्ने उल्लेख भएतापनि हालसम्म स्थानान्तरण नगरिएकोले भक्तपुर नगर कार्यपालिकाको मिति २०७६।८।३० गते बसेको बैठकले भक्तपुर नगरपालिका वडा नं. २ स्थित सो औद्योगिक क्षेत्रलाई तत्काल स्थानान्तरणको लागि पहल गरिदिनु हुन र उक्त जग्गा सरकारले अधिग्रहण गर्दा कुटीर व्यवसाय र हस्तकलामा आधारित क्षेत्र विकास गरिने उद्देश्य राखिएको हुँदा सो क्षेत्रको सम्पूर्ण जग्गा यस नगरपालिकालाई हक हस्तान्तरण गर्न आवश्यक व्यवस्थाको लागि पहल गरिदिनु हुन अनुरोध गर्ने निर्णय भएको र मिति २०७६।१०।२७ गते सोही सम्बन्धमा उक्त क्षेत्र वरपर बसोबास गर्ने यस नगरपालिकाका १७९ जना स्थानीय बासिन्दाहरूले भक्तपुर औद्योगिक क्षेत्रमा धूवाँ, धूलो र रसायन प्रदूषण हुने उद्योगहरू संचालन भई वातवरण प्रदूषण भएको र यसले स्थानीय नागरिकहरूको स्वास्थ्यमा प्रतिकुल असर परिरहेको र हाल सो क्षेत्र नगरको मध्य भागमा अवस्थित भएकोले सो क्षेत्रको प्रदूषणले सम्पूर्ण नगरवासीहरूको स्वास्थ्य तथा नगरको वातावरणमा समेत प्रतिकूल प्रभाव परेको भनी आवेदन प्राप्त भएको हुँदा उक्त भक्तपुर औद्योगिक क्षेत्र तत्काल स्थानान्तरण गर्न अति आवश्यक देखिएको हुँदा उक्त औद्योगिक क्षेत्र स्थानान्तरण गरी सो क्षेत्रको जग्गा भक्तपुर नगरपालिकाको नाममा हक हस्तान्तरण गरी लिनुपर्ने देखिएकोले भक्तपुर आद्योगिक क्षेत्र तत्काल स्थानान्तरण गर्न र उक्त क्षेत्रको जग्गा भक्तपुर नगरपालिकाको नाममा स्वामित्व हस्तान्तरण गरिलिन नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्य सरोकारवाला निकायहरूमा अनुरोध गर्ने प्रस्ताव नगर सभामा पेश गर्ने निर्णय गरियो। **(नगरसभाबाट पारित)**

#### बेरुजु नियमित गर्न नगरसभामा प्रस्ताव लाने

आ.व. २०७३/०७४ र आ.व.२०७४/०७५ को महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदनमा उल्लेखित बेरुजु नियमित गर्न लेखा समितिबाट प्रस्तुत भएको देहाय बमोजिमको **प्रस्ताव नगरसभामा पेश** गर्ने निर्णय गरियो–

#### आर्थिक वर्ष २०७३।०७४ को बेरुजु फछ्र्यौट सम्बन्धी निर्णयहरु :

१. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखा परीक्षण प्रतिवेदनको दफा नं. २ मा पूँजीगत प्रकृतिको कार्यमा मात्र खर्च गर्नुपर्नेमा चालु प्रकृतिको कार्यमा खर्च भएको नियमित गर्नुपर्ने भनी रु.१,०४,४१,९२६।– बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण, स्थलगत निरीक्षण तथा छानबिन गर्दा नियमानुसार पूँजीगत प्रकृतिको खर्च पूँजीगत खाताबाट खर्च लेख्नुपर्नेमा चालू खाताबाट खर्च लेखिएकोले शीर्षक मात्र फरक परेको र नगरपालिकालाई कुनै हानिनोक्सानी नभएको भनी नियमित गर्न पेश भएको प्रस्तावमा छलफल गर्दा वास्तविक खर्च भएकोले सो बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो।

२. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.३ मा बाटो सरसफाइ कामदारलाई बोलपत्र माग गरी नियुक्त गर्नुपर्नेमा सफाइ कर्मचारीसँग सिधै सम्झौता गरी काममा लगाएअनुसार खर्च लेखेकोमा नियमित गर्नुपर्ने भनी रु.१,४३,६२,९२९।– बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण, स्थलगत निरीक्षण तथा छानबिन गर्दा सफाइ कार्यमा कुनै बाधा व्यवधान तथा रोकावत नआओस् र सरसफाइ कार्य सुचारु रूपले संचालन होस् भन्ने उद्देश्यले नगरपालिकाका पहिलेका स्थायी कर्मचारीहरूलाई सफाइ कार्यमा प्रतिस्पर्धा गराउन स्थायी, अस्थायी र करार समूहमा विभाजन गरी सफाइ कार्य गर्ने व्यवस्था गरेको हो। पहिलेको स्थायी कर्मचारीहरूलाई करारनामा गराई करारमा काम गराइएको हुँदा सो समूहलाई प्रतिस्पर्धाबाट नियुक्ति गर्न कठिनाइ भएको र स्थायी कर्मचारीहरूलाई दिने सेवा, सुविधाभन्दा कम सेवा, सुविधा उपलब्ध गराउँदै आएकोले न.पा.लाई थप व्ययभार नपरेको, कुनै हानिनोक्सानी नभएको साथै भनपाको सरसफाइ कार्य नेपालकै सफल नमुना सरसफाइ कार्य भएकोले पेश हुन आएको सो बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो।

३. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं. ६ मा बाकोहो लोडर खरिदको लागि बोलपत्र प्रकाशन अनुरूप ३ थान बोलपत्र परेकोमा सबैभन्दा घटीवालाको बोलपत्र स्वीकृत गर्नुपर्नेमा दोस्रो घटी बोलपत्रवालासँग स्पेशिफिकेशन मेल खाएको भनी स्वीकृत गरेको तर पहिलो घटीवालाको बोलपत्र स्वीकृत नभएको कारण नखुलाएको (पहिलो घटीवाला बोलपत्र रु. ३४,६७,४७७।–, दोस्रो घटीवाला बोलपत्र रु. ३८७५,०००।–) भनी रु.४,०७,५२३।– बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण तथा छानबिन गर्दा नगरपालिकाले माग गरिएको स्पेशिफिकेशनसँग पहिलो घटीवाला वी.एस.ट्र्याक्टर सप्लायर्स बुटवलको स्पेशिफिकेशन मेल नखाएको र दोस्रो घटीवाला सिमृद्धि अर्थ मुभर्सको बाकोहो लोडर टेण्डर स्पेशिफिकेसन अनुसार मेल खाएको भनी मेकानिकल ईन्जिनियर रवि सुवालले मिति २०७३।५।१६ गते दिएको प्रतिवेदनको आधारमा न.पा.ले पहिलो घटीवालालाई

अस्वीकृत गरी दोश्रो बोलपत्रदातासँग खरिद गरिएको पाइएकोले नगरपालिकालाई कुनै हानि नोक्सानी नभएकोले सो बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

४. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.८ मा लागत अनुमान स्वीकृत बेगर बा.१ क ३५७६ 'कोमात्सु WB98A बाकोहो लोडर' मर्मत गरेको तर मर्मत पश्चात लोडरले काम नगरेकोमा ठेकेदारलाई रकम भुक्तानी दिएको भनी रु.३२,७९,७१२।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण तथा छानबिन गर्दा लागत अनुमान स्वीकृत बेगर बा.१ क ३५७६ 'कोमात्सु WB98A बाकोहो लोडर' मर्मत भएको तर मर्मत भएपछि पनि पूर्ण क्षमतामा संचालन नआएकोमा सो मर्मत बापतको भुक्तानी नदिएको र मर्मत गर्नुपर्ने विषयको ल.ई. गरी दोश्रो पटक मर्मत गर्दा ल.ई स्वीकृत भई मर्मत गरेको प्रमाण पेश भएकोले पहिलो पटकको मर्मतको भुक्तानी नभई दोश्रो पटक मर्मत हुँदा पहिलो र दोश्रो दुवैको मर्मत बापतको खर्च भुक्तानी दिएको हुँदा सो बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

५. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं. १३ मा हनुमन्ते खोला सफाइ सेवाको लागि सुरु बोलपत्रमा कुनैपनि बोलपत्र नपरेकोमा पुनः बोलपत्र गर्नुपर्नेमा दररेट परिवर्तन गरी गोमा देवी सप्लायर्सलाई कार्यादेश दिएको भनी रु.६७,०४,३०६।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण, स्थलगत निरीक्षण गर्दा नगरपालिकाले हनुमन्ते खोला सरसफाइ कार्यका लागि १११३६.३१ घनमिटर माटो निकाल्न प्रति घनमिटर रु.३६३।६४ का दरले रु.४०,५०,००९।४५ लगत इस्टिमेट स्वीकृत भएकोमा सो आ.व २०७३।०७४ को जिल्ला दररेट मानिसले खन्ने प्रति घनमिटर रु.४५७।८४ भएको र स्वीकृत Norms प्रति घनमिटर रु.३६३।६४ मा पनि १३ प्रतिशत भ्याट छुट भएकोले सो दररेटमा भ्याट जोड्दा रु.४१०।९१ हुनुपर्नेमा सो छुट भएको देखिएको छ । सो कार्य सम्पन्न गर्ने सिलसिलामा १११३६.३१ घनमिटर माटो निकाल्न ल.ई. रु.४०,५०,००९।४५ स्वीकृत गरी २०७३।७।२७ मा बोलपत्र आह्वान गरिएकोमा कुनै पनि बोलपत्र नपरेको २०७३।८।३० मा कारण उल्लेख गरी एक्साभेटरबाट माटो निकाल्न प्रतिघण्टा रु.४०००।- र ट्रिपर प्रतिघण्टा रु.१५००।- का दरले बोलपत्र स्वीकृत गरी कार्य अगाडि बढाइएको हो । मिति २०७३।९।३ मा सिलबन्दी दरभाउपत्रको सूचना ७ दिनको म्याद राखी प्रकाशित गरेको सम्बन्धमा हनुमानघाटमा माधव नारायण धार्मिक मेला लाग्ने र वर्षाको समय पनि नजिकिँदै गएकोले छिटोभन्दा छिटो खोला सफाइ कार्य सम्पन्न गर्नुपर्ने अन्यथा समयमै खोला सरसफाइ गरी माटो निकाल्न नसकेमा वर्षातको समय खोलामा पानीको प्रवाह माथि आई खोला नजिकका घाट तथा बस्तीमा पानी छिरी डुवानको समस्या आउने भएकोले ७ दिने सूचना प्रकाशित गरेको हो । सो सूचना अनुसार पर्न आएका ४ वटा सिलबन्दी दरभाउपत्र मध्ये सबैभन्दा घटीवाला श्री गोल्मादेवी सप्लायर्सको एक्साभेटर प्रतिघण्टा रु.४०००।- र ट्रिपर ढुवानी प्रतिघण्टा रु.१५००।- स्वीकृत गरी कार्यादेश दिएको हो । सो बोलपत्रदातालाई १६,९८८.४१ घनमिटर माटो निकाले बापत एक्साभेटर र ट्रिपरको प्रतिघण्टा माथि उल्लेखित दररेट प्रयोग गरी रु.६७,०४,३०६।- भुक्तानी दिएको हो ।

भुक्तानी भएको रकम शुरु लगत इस्टिमेटको दररेट भित्र परेको छ वा छैन भनी हिसाब निकाली हेर्दा तपसिल अनुसार देखियो ।

प्रति घनमिटर भ्याटसहित/जम्मा भुक्तानी- रु. ६७,०४३०६।-
निकालेको माटो - १६,९८८.४१,
प्रति घनमिटर - रु.३९४।-(भ्याट सहित), रु.३४८।-(भ्याट बाहेक)

रु.३६३।८४ भन्दा वास्तविक खर्च रु.३४८।- भ्याटबाहेक प्रति घनमिटर घटी भएकोले आर्थिक व्ययभार नबढेको व्यहोरा अनुरोध भएकोले सो बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

६. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं. १४ मा नगरपालिकाअन्तर्गत संचालित देको-मिवा-इतापाके आवास योजनाको लागि निकासा गरिएको रकमको खर्च प्रगति र लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने भनी रु. १०,२२,०१,८२८।८ बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल गर्दा देको-मिवा-इतापाके आवास योजनाको खर्चको प्रगतिको प्रमाण तथा लेखा परीक्षण प्रतिवेदन पेश भइसकेको हुँदा सो बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

७. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं. १५ मा लिवाली जग्गा एकीकरण आयोजनाको विभिन्न प्लट जग्गा बिक्री गर्दा पुनः मूल्याङ्कन गरी बिक्री गर्नुपर्नेमा आ.व.२०६६।०६७ को प्रस्तावित रकममा बिक्री गरेको भनी रु.४,२३,०१२।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल गर्दा आ.व २०६६।६७ पछि जग्गाको मूल्य निर्धारण नभएकोले सोही निर्णय अनुसार जग्गा बिक्री गरी आम्दानी बाँधिएको र लेखापरीक्षण प्रतिवेदनमा पुनःमूल्याङ्कन गर्नुपर्ने सुझाव अनुसार २०७३।७४ पछिका आ.व.हरूका लागि पुनःमूल्याङ्कन गरी नयाँ दररेट निर्धारण गरेको व्यहोरा अनुरोध

गर्दै सो बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

८. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.२३ मा कर्मचारी कल्याण कोष अन्तर्गतको रकम (क) वर्गको बैंक खातामा राख्नुपर्नेमा भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्थाको नाममा राखेको भनी रु.१,००,००,०००।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल गर्दा भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था भक्तपुर नगरपालिकाका कर्मचारीहरूको मात्र सहकारी संस्था भएको र कर्मचारी कल्याण कोष पनि भक्तपुर नगरपालिकाका कर्मचारीको आफ्नै कोष भएको हुँदा सोही संस्थाकै कर्मचारीहरूको हितमा प्रयोग भएको व्यहोरा उल्लेख भएको र (क) वर्गको बैंक नेपाल बैंक लिमिटेडमा सो कोषको रकम जम्मा गर्दा ९.२५% ब्याज प्राप्त हुने र सहकारी संस्थामा रकम जम्मा गर्दा १२% ब्याज प्राप्त हुने भएकोले कर्मचारी कल्याण कोषको लागि २.७५% बढि फाइदा भएको हुँदा सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

९. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.२४ मा परामर्श सेवा खरिद गर्दा सम्झौता अनुरूप खरिद गर्नुपर्नेमा सम्झौता वेगर खरिद गरेको भनी रु.३,६०,०००।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल गर्दा स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ अनुसार स्थानीय निकायमा आवश्यक सल्लाहकार नियुक्ति गर्न सक्ने व्यवस्था भएअनुरूप दुईजना कानुनी सल्लाहकारहरूको पारिश्रमिक भुक्तानी गरिएको, हाल दुईजनामध्ये एकजनासँग मात्र करारनामा गरी कार्य गर्दै आएको हुँदा सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

१०. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.२५ मा कर्मचारी कल्याण कोषबाट अवकाश सुविधा वितरण गर्नुपर्नेमा तलब शीर्षकबाट खर्च लेखेको भनी रु.३,२७,९२२।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल तथा विश्लेषण गर्दा सफाइ कर्मचारीहरू अवकाश हुँदा दिइने सहुलियत तथा सुविधा रकम बजेट तर्जुमा गर्दा सफाइ कर्मचारीको तलब शीर्षकमा रकम व्यवस्था गरिएको हुँदा तलब शीर्षकबाट सो रकम भुक्तानी भएको व्यहोरा अनुरोध भएको र यसमा सम्बन्धित शीर्षकबाट खर्च नभई अन्य शीर्षकबाट खर्च भुक्तानी मात्र भएको तर नगरपालिकालाई कुनै हानि नोक्सानी नभएको र आगामी पछिल्ला आ.व.देखि सम्बन्धित शीर्षकबाट खर्च लेखिसकेको हुँदा सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

११. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.२६ मा नगरपालिकाले बोलपत्र स्वीकृत गरी सम्झौता भएको तर ढिला सामान आपूर्तिबापत ०.०५% का दरले जरिवाना गर्नुपर्ने र सोको जरिवाना नदेखाएकोले असुलउपर गर्नुपर्ने भनी रु. ५५,१४६।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी अध्ययन र छलफल गर्दा जरिवाना रकम केपी हिमाल इन्टरप्राइजेजले २०७४।११।११ गते भक्तपुर नगरपालिकाको खातामा रु.५५,१४६।- रकम जम्मा गरेको बैंक भौचरको प्रमाण पेश भइसकेको हुँदा सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

१४. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.२८ मा निर्वाचन कार्यक्रमको खर्च रकम निर्वाचन कार्यालयबाट गर्नुपर्नेमा नगरपालिकाबाट नै गरेको भनी रु. २२,२२५।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी बृहत अध्ययन, छलफल तथा विश्लेषण गर्दा नगरवासीहरूलाई सुसूचित गर्ने जिम्मेवारी नगरपालिकाको भएको हुँदा मतगणनाको परिणाम घोषणा गरेबापत भएको खर्च न.पाले व्यहोरेकोमा सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्नुपर्नेमा सो अनुसार नभई अन्य शीर्षकबाट खर्च भुक्तानी भएको व्यहोरा अनुरोध भएको र यसले नगरपालिकालाई कुनै हानि नोक्सानी नभएको हुँदा सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

१५. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं. २९ मा सूचिकृत बिक्रेताबाट सामान खरिद गर्नुपर्नेमा सूचिकृत दर्तावाला समेत नभएको न्यू सिन्धु इन्टरप्राइजेजसँग सामान खरिद गरेको भनी रु.२,७९,७२९।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल गर्दा सूचिकृत आपूर्तिकर्तासँग सामान माग गर्दा सामान नभएको जानकारी आएको हुँदा सूचीमा समावेश नभएका आपूर्तिकर्तासँग खरिद गर्नुपर्ने व्यहोरा अनुरोध छ । यसले नगरपालिकालाई हानि नोक्सानी नभएको, सामान्य कानुनी प्रकृया मात्र पूरा नभएको र आगामी वर्षदेखि सूचिकृत भएका आपूर्तिकर्तासँग मात्र खरिद गर्ने प्रतिबद्धता व्यक्त गर्दै सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

१६. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको

कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.३२ मा करारमा कार्यरत कर्मचारीलाई परामर्श सेवा शीर्षकमा बजेट खर्च गर्नुपर्नेमा तलब शीर्षकबाट खर्च लेखेको भनी रु.८३,२२,४०८।५ बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी बृहत अध्ययन, छलफल र विश्लेषण गर्दा यस न.पा.ले बजेट तर्जुमा गर्दा करारमा कार्यरत कामदारहरूको पारिश्रमिक तलब शीर्षकअन्तर्गत व्यवस्था गरिएको हुँदा तलब शीर्षकबाटै खर्च लेखिएको व्यहोरा अनुरोध भएको, यसले नगरपालिकालाई हानि नोक्सानी नभएको र शीर्षक मात्र नमिलेको र आगामी आ.व.देखि करारमा कार्यरत कामदारहरूको पारिश्रमिक परामर्श सेवामा बजेट व्यवस्था गरी खर्च लेख्ने प्रतिबद्धता जनाउँदै सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

१७. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.३३ मा न.पा.ले मर्मत कोषबाट मर्मत कार्यको लागि भनी लागत अनुमान तयार नै नगरी विविध सामग्री खरिद गरेकोले कुन काममा खर्च भएको हो भनी एकिन नभएको भनी रु.२१,९५,५५३।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी अध्ययन, छलफल तथा विश्लेषण गर्दा लगत ईस्टिमेट तयार गरी कार्यसम्पन्न प्रतिवेदन समेतको प्रमाण पेश भएको र यसले सामान्य प्रकृयागत त्रुटीमात्रै भएको तर नगरपालिकालाई कुनै आर्थिक हानि नोक्सानी नभएको र त्यस आ.व.पछिका आ.व.हरूमा सम्पूर्ण मर्मत कार्यहरूको ल.ई.तयार गरी मात्र मर्मत कार्य भइरहेको हुँदा सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

१८. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.४१ मा रु. २०,०००।- देखिको सामान खरिदमा भ्याटमा दर्ता भएका व्यवसायीसँग मात्र खरिद गर्नुपर्नेमा भ्याटमा दर्ता नभएकासँग खरिद गरेको भनी रु. ५,१३,८४४।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण तथा छानबिन गर्दा रु.२०,०००।- देखिको सामान खरिदमा भ्याटमा दर्ता भएका व्यवसायीहरूसँग मात्र खरिद गर्नुपर्नेमा भ्याटमा दर्ता नभएकासँग खरिद गरेकोमा आगामी आ.व. देखि रु. २०,०००।- देखिको खरिद भ्याटमा दर्ता भएका आपूर्तिकर्ताहरूसँग मात्र खरिद गरिसकेकोले एकपटकको लागि सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

१९. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं. ४२ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्नेमा प्रमाण पेश नभएको अवस्थामा पनि भुक्तानी भएको भनी रु.४,१२,१८६।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी अध्ययन तथा छलफल गर्दा केपी हिमाल इन्टरप्राईजेजबाट भ.न.पा.को मासिक पत्रिका 'भक्तपुर' को अग्रिम पृष्ठमात्र छपाइ गरेबापत भुक्तानी दिएकोमा छपाइ कार्य दाखिला नगरिएको व्यहोरा अनुरोध भएकोले रु.२८,२५०।- बेरुजु, ६७ औं नगरपालिका दिवसको अवसरमा कासीलाल प्रजापतिलाई रु.२१,३००।- भुक्तानी दिएकोमा उक्त पुस्तकको माग फारम, खरिद आदेश र जिन्सी दाखिला समेत भइसकेको हुँदा रु.२१,३००।- बेरुजु, सफाइ कर्मचारी न्हूछेबहादुर बनमालालाई अवकाश रकम रु. ३,२७,९२२।- भुक्तानी दिएकोमा बजेट तर्जुमा गर्दा अवकाशको रकम सफाइ कर्मचारीको तलब शीर्षकमा व्यवस्था गरिएको हुँदा तलब शीर्षकबाट सो रकम भुक्तानी भएको व्यहोरा अनुरोध भएको साथै यसमा सम्बन्धित शीर्षकबाट खर्च नभई तलब शीर्षकबाट खर्च भुक्तानी मात्र भएको तर नगरपालिकालाई कुनै हानि नोक्सानी नभएको सो दफाको बेरुजु रु.३,२७,९२२।- दफा २५ मा समेत उल्लेख भइसकेकोले रु.३,२७,९२२।- बेरुजु, भ.न.पा.को कर्मचारी इन्द्रमान ग्वाछा नगरपालिकाको सरसफाइ क्षेत्रमा काम गर्ने कर्मचारी भएको र निज कर्मचारी कार्यालय समयमा आफ्नो जिम्मेवारी सरसफाइ कार्य गर्दा गर्दै खुट्टामा सिसाको टुक्राले काटी दुर्घटना हुँदा उपचारका लागि न.पा.ले गरेको भुक्तानी सेवा निवृत्त पश्चात कट्टी गर्ने अभिलेखमा चढाउनु नपर्ने गरी भुक्तानी दिइएकोले रु.२१,४००।- बेरुजु, ड्राइभर मनोज छुकांलाई न.पा.को पछाडिको पर्यटन सेवाको भवन भत्काउदा दुर्घटना भई सोको उपचार गर्न खर्च भुक्तानी गरेकोमा सम्बन्धित शीर्षकमा बजेट व्यवस्था नभएको हुँदा तलब शीर्षकबाट खर्च लेखिएको व्यहोरा अनुरोध भएकोले रु.१३,३१४।- बेरुजु गरी जम्मा रु.४१२,१८६।- बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

२०. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.४३ मा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ नियम ३४ अनुसार न.पा.ले आन्तरिक आयको २५% भन्दा बढी खर्च गर्न नपाइने व्यवस्था रहेकोमा सो भन्दा बढी खर्च भएको भनी रु.४,६८,४२,४९८।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल गर्दा न.पा.को सफाइ कार्य, सफाइ गाडीको मर्मत, इन्धन र मर्मत अन्तर्गत डकर्मी, सिकर्मी, नकर्मी र निजहरूको ज्याला र सामानसमेत प्रशासनिक खर्चबाट हुन गएकोले प्रशासनिक खर्च वृद्धि हुन गएकोमा आगामी आ.व.देखि उक्त खर्च शीर्षकहरू

कार्यक्रम बनाई पूँजीगत खर्च शीर्षक लेखिने व्यहोरा अनुरोध भएकोले सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

२१. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.४४ मा समयमा विद्युत महसुल भुक्तानी गरी छुट लिन सक्ने व्यवस्था रहेकोमा ढिला भुक्तानी गरी जरिवाना तिरेको भनी रु.४०,४२४।०६ बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल तथा विश्लेषण गर्दा स्थानीय विकास मन्त्रालयबाट विभिन्न समयमा कार्यकारी अधिकृत नपठाएकोले बैंक खाता संचालन हुन नसकी विद्युत महसुल रकम समयमा भुक्तानी गर्न नसकेको तर पछिल्ला महिनाहरूमा विद्युत जरिवाना नतिरेकोले सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

२२. आ.व.२०७३।०७४ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं.४५ मा समयमा पानी महसुल भुक्तानी गरी छुट लिन सक्ने व्यवस्था रहेकोमा ढिला भुक्तानी गरी थप दस्तुर तिरेको भनी रु.८,७५७।८५ बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल तथा विश्लेषण गर्दा स्थानीय विकास मन्त्रालयबाट विभिन्न समयमा कार्यकारी अधिकृत नपठाएकोले बैंक खाता संचालन हुन नसकी पानी महसुल रकम समयमा भुक्तानी गर्न नसकेको तर पछिल्ला महिनाहरूमा पानीको जरिवाना नतिरेकोले सो दफाको बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

## आर्थिक वर्ष २०७४।०७५ को बेरुजु फछ्र्यौट सम्बन्धी निर्णयहरू

१. आ.व.२०७४।०७५ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं. १० मा खर्च गर्दा बिल भपाईसहित लेखा राख्नुपर्नेमा बैठक भत्ता वितरण गरेको रकमको खर्च लेखेकोमा भर्पाई नभएको कारण उल्लेख गरी रु.९६,०००।- बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण गर्दा न.पा.को कार्यपालिकाको निर्णयअनुसार बैठक भत्ता वितरण गरेको र भत्ता वितरणको रकम बुझिलिएको भर्पाई भएकोले सो बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

२. आ.व.२०७४।०७५ को महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनको दफा नं. १६(४) मा कार्यालयले निर्माण व्यवसायीलाई रु.५१,९१,१०२।८१ (मू.अ.कर समेत) भुक्तानी दिएकोमा आन्तरिक राजश्व विभागको वेभसाइट अनुसार निज करदाता २०७३ आषाढ देखि Non-filer देखिएकोले आयकर तथा मू.अ.कर विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले मू.अ.कर समायोजनको प्रमाण पेश गराउनुपर्ने भनी रु. रु.५,९७,२०६।४४ बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण तथा छानबिन गर्दा प्रथम रनिङ्ग बिल, दोस्रो रनिङ्ग बिल, तेस्रो रनिङ्ग बिल, चौथो रनिङ्ग बिल भिडेको, तर पाचौं रनिङ्ग बिलको भुक्तानी रकम रु.२३,०९,१३३।८२ हुनु पर्नेमा म.ले.प.को प्रतिवेदनमा गलत अंक रु.२४,४०,६७८।- उल्लेख भएकोले सो रकम सच्याउन अनुरोध गर्दै जी श्री बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि.ले रु. ५,२०,४२०।०४ को मू.अ.कर समायोजनको प्रमाण पेश गरेको र बाँकी रु.६१,६५३।१३ बराबरको मू.अ.कर भ.न.पा. ले सो ठेकेदारबाट कट्टी गरीराखेको रकमबाट आन्तरिक राजश्व कार्यालयमा मु.अ.कर जम्मा गरेको प्रमाण पेश गरिएको र रु.१५,१३३।३० बराबरको मू.अ.कर म.ले.प. प्रतिवेदनमा गलत अङ्क उल्लेख गरेको कारण बढी देखिएको हुँदा सो बढी लेखिएको मू.अ.कर समेत सच्याई बेरुजु फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनु हुन अनुरोध गर्ने निर्णय गरियो ।

३. आ.व.२०७४।०७५ को महालेखा परीक्षकको कार्यालयको लेखा परीक्षण प्रतिवेदनको दफा नं.२५ मा भ.न.पा.ले धरौटी फिर्ता गर्दा मू.अ.कर समायोजन बेगर धरौटी फिर्ता गरेको भनी रु.१८,७८,१०१।७५ (ओम मंगलमुर्ति- रु.१,१५,०००।- , सिद्धि हार्डवेयर सेन्टर-रु.८,७९,७०५।-, तुल्सी कन्स्ट्रक्सन- रु.८,८३,३९६।७५) बेरुजु उल्लेख भएको सम्बन्धमा भक्तपुर नगरपालिकाको लेखा समितिको बैठकमा पेश गरी छलफल, विश्लेषण तथा छानबिन गर्दा मिति २०७६।३।२ गते ओम मंगलमुर्ति कन्स्ट्रक्सन प्रा.लि.ले आन्तरिक राजश्व कार्यालयको चलानी नं १५१३३ बाट मू.अ.कर समायोजनको प्रमाण पेश भएको सोको प्रतिलिपि संलग्न गरिएको प्रमाण प्राप्त भएकोले बेरुजु नियमित गर्ने, सिद्धि हार्डवेयर सेन्टर-रु.८,७९,७०५।- र तुल्सी कन्स्ट्रक्सन- रु.८,८३,३९६।७५ गरी जम्मा रु.१७,६३,१०१ को कर चुक्ता प्रमाण पेश गरेको आधारमा धरौटी फिर्ता गरेको देखिएकोले हाल एकपटकलाई सो दफाको बेरुजु रु.१८,७८,१०१।७५ फछ्र्यौट गरी म.ले.प.को कार्यालयलाई लगत कट्टी गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

***(आ.व. २०७३।०७४ र आ.व.२०७४।०७५ को बेरुजु फछ्र्यौट सम्बन्धी उपरोक्त प्रस्तावहरू नगरसभाबाट पारित)***

## सूचीकरण कार्यविधि

भक्तपुर नगरपालिकाको साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवन निर्माण सूचीकरण सम्बन्धी कार्यविधि - २०७६ विधायन समितिबाट कार्यपालिकामा पेश भए बमोजिम नगरसभामा पेश गर्ने निर्णय गरियो ।

# भक्तपुर नगरपालिकाको छैटौं नगरसभाको उद्घाटन

# 'नपाले अरु संघ–संस्थामा पनि ध्यान दिनुपर्ने'

**- अध्यक्ष बिजुक्छें**




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको छैटौं नगरसभा माघ २८ गते पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो।

प्रमुख अतिथि बिजुक्छेँले एमसीसी सम्झौता नेपालको लागि खतराको विषय भएको औँल्याउनुहुँदै नेपाल मजदुर किसान पार्टीले एमसीसीको खुलेर विरोध गर्दै आएको र व्यापक जनतामा सजगता आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित स्वास्थ्य केन्द्रबाट प्रवाहित हुने सेवाहरूमा सुधार आवश्यक भएको औँल्याउनुहुँदै उहाँले नगरपालिकाले भक्तपुरमा रहेका अरु संघ–संस्थाको काम–कारबाहीहरूमा पनि ध्यान पु¥याउनुपर्ने बताउनुभयो।

भक्तपुर क्यान्सर अस्पतालमा भएका अनियमितता र बेथिति समयमै जनताले थाहा पाएका कारण अस्पताल सम्भावित संकटबाट जोगिएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले अस्पताल र स्वास्थ्य संस्थाहरू संवेदनशील क्षेत्र हो र स्वास्थ्य संस्थाहरूमा कहिले पनि हस्तक्षेप गर्न नहुने बताउनुभयो।

चीनमा फैलिरहेको कोरोनाभाइरस नियन्त्रणप्रति ऐक्यबद्धता जनाउनुहुँदै अध्यक्ष बिजुक्छेँले चिनियाँ सरकार र चिनियाँ जनताले कोरोनाभाइरसविरुद्ध साहसपूर्वक लडिरहेको छ भन्नुभयो। उहाँले संसारका अनेक घटनाक्रम तथा युद्धहरूमा अमेरिकी साम्राज्यवादको षड्यन्त्र दृश्य/अदृश्य रूपमा रहने
















k|d'v cltly g]lskf cWoIf gf/fo0fdfg lahS5]F k|d'v ;'lgn k|hfklt, pkk|d'v /hgL hf]zL, k"{ Coofofwz uf]laGb/ sfs}{ / j8fWoIf psz sjf+



गरेको प्रष्ट पार्नुभयो ।

नेपाल सरकारले विश्व स्वास्थ्य संगठनसँग आवश्यक सहकार्य गरी नेपालमा चिनियाँ नागरिकको व्यवस्थापनको लागि भूमिका खेल्नुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष बिजुक्छेँले आपतको समयमा गरेको सहयोगले मनोबल वृद्धि गर्न मद्दत पुऱ्याउँछ भन्नुभयो ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको ६ महिनाको प्रगति समीक्षा प्रस्तुत गर्नुहुँदै भक्तपुर नगरपालिकाको मौलिक पहिचानलाई कहींकतैबाट हस्तक्षेप वा अतिक्रमण नहोस् भन्नेबारे नपाका जनप्रतिनिधिहरू सचेत रहेको बताउनुभयो ।

नेपालमा फैलिएको डेंगु रोग र हाल चीनमा फैलिएको कोरोनाभाइरसका कारण नेपाल भित्रिने पर्यटकहरूको सङ्ख्यामा कमी आएको औंल्याउनुहुँदै भक्तपुर नपा शिशुस्यारहादेखि कलेजसम्म आफ्नै स्रोत र साधनले शैक्षिक संस्थाहरू सञ्चालनगर्ने नेपालकै पहिलो नगरपालिकाको भएको बताउनुभयो ।

२०७२ सालको भूकम्पबाट क्षति पुगेको भक्तपुर दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय रहेको न्ह्यकं झ्य दरबार, पहिले नगरपालिका भवन रहेको थन्थु दरबारलगायतका केही संरचनाहरू प्राविधिक कारणले निर्माणमा ढिलाइ भइरहेको छ – प्रमुख प्रजापतिले भन्नुभयो । ***(मन्तव्यको पूर्ण पाठ ४३ पृष्ठमा)***

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले न्यायप्रेमी जनताको सल्लाह सुझावलाई आधार बनाएर भक्तपुर नपा अगाडि बढ्ने प्रतिबद्धता जनाउनुहुँदै पाँच दिने भक्तपुर महोत्सवमा हुने प्रदर्शनीमा नगरवासीहरूको साथ र सहभागिताको लागि आह्वान गर्नुभयो । स्थानीय तह निर्वाचन २०७४ मा नेमकिपाले भक्तपुर नपाको लागि जारी गरेको घोषणापत्रअनुरूप आफ्नो कार्यक्रमहरूलाई अगाडि बढाइरहेको छ – उहाँले भन्नुभयो ।

विशेष अदालतका पूर्व मुख्य न्यायधीश गौरीबहादुर कार्कीले स्थानीय तहमा भ्रष्टाचारको जनगुनासो भएको अवस्थामा भक्तपुर नपा ७५३ वटा स्थानीय तहमध्ये उत्कृष्ट भएको बताउनुहुँदै कुनै पनि नीति नियम, ऐन–कानुन बनाउँदा जनताको सुझावअनुरूप भए त्यसको कार्यान्वयन प्रभावकारी हुने बताउनुभयो । उहाँले भक्तपुरमा पर्यटकहरूको बसाइ लम्ब्याउन नगरपालिकाको अगुवाई आवश्यक भएको बताउनुहुँदै पर्यटन व्यवसाय सम्बन्धी आवश्यक अध्ययन र छलफलमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले छैटौं नगरसभाले नगर विकासको निम्ति आवश्यक नीति निर्णय









j8fWofIf /laGb|HofVj, k|k|c:0Gbk|; fb, k|rfo{; h, k|rfo{k|sfzsdf/, 8f-Clifs]




k|d'v k|fkIt 5}6f}gu/;efsf]a}7s ;~rfng ug{b}

लिनेछ भन्नुहुँदै भक्तपुर नपाले नक्सा पास, सामाजिक सुरक्षा भत्ता, वडा–वडामा नर्स परिचालन तथा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य प्रस्तुत गर्नुहुँदै प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले भक्तपुर नपाले आफ्नै मातहतमा ख्वप विश्वविद्यालय सञ्चालनको स्वीकृति ढिलो–चाँडो प्राप्त गर्नेमा विश्वास व्यक्त गर्नुभयो । उहाँले संघ र प्रदेश सरकारले समयमै ऐन–नियम बनाएको खण्डमा स्थानीय तहहरूलाई आफ्नो कार्य सञ्चालन गर्न सजिलो हुने बताउनुहुँदै देशभरिका ७५३ वटा स्थानीय तहमध्ये भक्तपुर नपाले उत्कृष्ट ढंगले काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले नगरका शिक्षा प्रेमी जनताको चाहना 'एक घर एक स्नातक' नारालाई सार्थक तुल्याउन नपाद्वारा सञ्चालित कलेजहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेको चर्चा गर्नुहुँदै ख्वप इन्जिनियरिङ कलेजमा अध्ययरत विद्यार्थीहरूको नतिजा उत्कृष्ट भएकै कारण कलेजमा पढ्ने देशभरिका विद्यार्थीको आकर्षण दिन प्रतिदिन बढ्दै गइरहेको बताउनुभयो ।

शुभकामना मन्तव्य प्रस्तुत गर्नुहुँदै ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले ख्वप माविमा विभिन्न संकायमा अध्ययनरत विद्यार्थीको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै यस आर्थिक वर्षमा भक्तपुर जिल्लाभरिबाट १५७९ जना र भक्तपुर नपा क्षेत्रबाट ७०८ जना विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर ऋषिकेशनारायण श्रेष्ठले नगरसभाको पूर्ण सफलताको कामना गर्नुहुँदै भक्तपुर क्यान्सर अस्पतालको असहज स्थितिमा सहयोगी भूमिका खेल्ने भक्तपुर नपा र नगरवासीहरूप्रति कृतज्ञता ज्ञापन गर्नुभयो । अस्पताल स्थापनाको २३ वर्ष बितिसक्दा पनि भक्तपुर क्यान्सर अस्पतालको समयसापेक्ष प्रगति र विकास गर्न नसकेकोप्रति चिन्ता व्यक्त गर्नुहुँदै डा. श्रेष्ठले भक्तपुर क्यान्सर अस्पतालमा सबै किसिमको क्यान्सर उपचार सेवा उपलब्ध रहेको अवगत गराउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको उद्घाटन समारोहमा भक्तपुर नपाका जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधि, विभिन्न संस्थाका कार्यालय प्रमुख तथा प्रतिनिधि, शिक्षासेवी, समाजसेवी, विद्यालयका प्रधानाध्यापक, कर्मचारी, सहकारीकर्मी र सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

## छैटौं नगरसभाको पहिलो बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको छैटौं नगरसभाको बैठक माघ २८ गते बस्यो ।

बैठकलाई सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापतिले स्थानीय तहको निर्वाचनमा व्यक्त प्रतिबद्धताअनुरूप जनताको भावना समेटेर नपाले आफ्ना हरेक गतिविधि नमुनाको रूपमा सञ्चालन गर्दै आइरहेको बताउनुभयो। उहाँले भक्तपुर नपाको छैटौं नगरसभाबाट पारित गर्न केही विधेयक/विनियमहरू तयार गरेको बैठकमा जानकारीगराउनुभयो।

नगरसभाको अर्को बैठक २०७६ फागुन १ गते बस्ने गरी स्थगित गरियो।

## भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरणसम्बन्धी प्रस्ताव पारित

भक्तपुर नगरपालिकाको छैटौं नगरसभाको दोश्रो बैठक फागुन १ गते सभाध्यक्ष नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बस्यो।

भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरणसम्बन्धी प्रस्ताव, आ.व. २०७३/७४ र २०७४/७५ को बेरुजु फछ्र्यौटसम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो। **(दुवै प्रस्तावको व्यहोरा पृष्ठ ३१ मा)**

सभामा सम्बोधन गर्नुहुँदै सभाध्यक्ष सुनिल प्रजापतिले भक्तपुरका प्रजिअ र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका चिकित्सकहरूको प्रतिनिधि टोलीसँग 'कोरोना भाइरस' बारे भएको छलफल अवगत गराउनुहुँदै उहाँले चीनबाट नेपाल फर्काइने नेपाली विद्यार्थीहरूलाई मानव बस्तीभन्दा टाढा अलग सुरक्षित स्थानमा व्यवस्थापन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

कोरिया युद्ध र भियतनाम युद्धमा जीवाणु युद्धको प्रसँग कोट्याउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपा कोरोना भाइरस रोगप्रति निकै सजग रहेको बताउनुभयो। उहाँले अमेरिकी एमसीसी सम्झौता नेपालको हितविपरीत भएको बताउनुभयो।

ऐतिहासिक बस्ती विनास हुने गरी खोकना र बुंगमतीमा फास्ट ट्र्याक र सडकको नाममा स्थानीय जनताको जग्गा अधिग्रहण विषयमा आफ्नो विमति राख्नुहुँदै प्रमुख प्रजापतिले काठमाडौं उपत्यकामा देशभरिको मानिस जम्मा हुने केन्द्रको रूपमा विकास भइरहेको छ भन्नुभयो।

नगरसभाको विशेष समयमा सभासद्हरूले चीनबाट फर्किने विद्यार्थीहरूको सुरक्षित व्यवस्थापन गर्न आवश्यक रहेको, नगर प्रहरीको व्यवस्थापनमा ढिलाइ गर्न नहुने, भक्तपुर औद्योगिक क्षेत्रलाई अन्य ठाउँमा स्थानान्तरण गर्नुपर्ने, भक्तपुर नगरका नयाँ बस्तीहरूमा घर निर्माणसम्बन्धी मापदण्डको विषय कडाइका साथ लागु गर्नुपर्ने, एमसीसी सम्झौताबारे जनचेतना अभिवृद्धि गर्नुपर्ने, फास्ट ट्र्याक आयोजना कार्यान्वयन भए ऐतिहासिक बस्तीको विनाश हुने, काठमाडौं उपत्यका बाहिर व्यवस्थित सहरको विकास आवश्यक भएकोलगायत धारणा व्यक्त गर्नुभयो।

सभामा नगरसभासद्हरू सिद्धिराम अवाल, राजेन्द्र माक, ज्ञानकुमार मगजु, बलराम न्हिसुतु, शिवप्रसाद बाला, रत्नकाजी नायभारी, सूर्यप्रसाद श्रेष्ठ, पूर्णगोपाल राजचल, श्यामसुन्दर मातां, गोविन्द दुवाल, रन्जना त्वाती, हरिरत्न गोर्खाली, इन्द्रबहादुर प्याथ र जितेन्द्र मुनंकर्मीले आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

समसामयिक विषयमा सभासद्हरूले राख्नुभएको जिज्ञासा र सरोकारमाथि सम्बन्धित समितिका संयोजक तथा सदस्यहरूले प्रष्ट पार्नुभएको थियो।

नगरसभाको अर्को बैठक फागुन ४ गते आइतबार दिनको १ बजे बस्ने गरी स्थगित गरियो।



k|tfj kfl/t ub{;ef ;bx?

# नगरसभाबाट पारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका प्रस्तावहरू

फागुन १ गते स्थगित नगरसभाको बैठक फागुन ४ गते आइतबार बस्यो। बैठकले निम्न प्रस्तावहरू पारित गऱ्यो–

**१)** छिमेकी मित्रराष्ट्र चीनको हुपेई प्रान्तको उहानमा महामारीको रूपमा फैलिएको नोवल कोरोना भाइरस रोगका कारण हजारौं चिनियाँ जनता संक्रमित भएको र सयौंको सङ्ख्यामा मृत्यु भएकोमा मृतकहरूप्रति यो नगरसभा भावपूर्ण श्रद्धाञ्जली तथा पीडित विरामीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ। कोरोना भाइरस नियन्त्रण गर्ने तथा विरामीहरूलाई उपचार गर्ने कार्यमा चिनियाँ सरकारले चालेको प्रभावकारी कदमप्रति यो नगरसभा ऐक्यबद्धता प्रकट गर्दछ।

चीनमा अध्ययनरत नेपाली विद्यार्थीहरूलाई नेपाल सरकारले सुरक्षित रूपमा स्वदेश फर्काउने निर्णय सकारात्मक छ। तथापि नेपाल फर्काइने विद्यार्थीहरूलाई भक्तपुरको खरिपाटीस्थित विद्युत तालिम केन्द्र परिसरमा क्वारेन्टाइनमा राख्ने नेपाल सरकारको निर्णयप्रति यो नगरसभाको गम्भीर ध्यानाकर्षण भएको छ। कोरोना भाइरस हावाको माध्यमबाट तीव्र गतिमा सर्ने रोग भएको हुँदा मानव बस्तीको नजिकै क्वारेन्टाइन राख्दा संक्रमण चाँडै नै फैलिन सक्ने र यसबाट थप भयावह स्थिति उत्पन्न हुने खतराप्रति सचेत हुन आवश्यक छ।

लामखुट्टेका कारण सर्ने डेंगु रोगले महामारीको रूप लिँदा तत्काल व्यवस्थापनको उपाय अवलम्बन गर्न नसक्ने नेपाल सरकारले कोरोना भाइरसको सम्भावित महामारीबाट जोगिने उपायबारे तयारी गरेको छ भन्नेमा विश्वास गर्न सकिने अवस्था देखिंदैन।

तसर्थ चीनमा रहेका नेपालीहरूलाई खरिपाटीको सट्टा मानव बस्तीभन्दा टाढा सुरक्षित स्थानमा क्वारेन्टाइनमा राखेर तिनीहरूको स्वास्थ्य अवस्थाको निरन्तर परीक्षण गरी स्वस्थ भएपछि परिवारको सम्पर्कमा पठाउने व्यवस्था तत्काल गर्न यो नगरसभा नेपाल सरकारसँग माग गर्दछ।

**२)** नेपाल सरकारले काठमाण्डौं उपत्यका नगर विकास प्राधिकरणमार्फत काठमाण्डौं उपत्यकामा चार वटा स्याटेलाइट सिटी निर्माण गर्ने र भक्तपुर नगरपालिका वडा नं. १० को सुकुन्दा फाँट, चाँगुनारायण नगरपालिकाको अधिकांश भाग र साँखु क्षेत्रसमेत गाभेर सबैभन्दा ठूलो स्याटेलाइट सिटी तथा सूर्यविनायक क्षेत्रमा अर्को स्याटेलाइट सिटी निर्माण गर्नेसमेत उल्लेख गरिएकोमा यो नगरसभाको ध्यानाकर्षण भएको छ।

काठमाण्डौं उपत्यकामा अहिले नै ८० लाखको हाराहारीमा जनसङ्ख्या छ र उपत्यकावासीहरू खाद्यान्न आपूर्ति, खानेपानी व्यवस्थापन, स्वास्थ्य उपचार, यातायात जस्ता आधारभूत विषयहरूमा गम्भीर समस्या भोगिरहेका छन्। फोहोरमैला व्यवस्थापन र वायु प्रदूषण अर्को जटिल समस्या बनेको छ। यस्तो अवस्थामा स्याटेलाइट सिटी बनाउने नाममा देशभरिकै जनसङ्ख्या उपत्यकामा थुपार्दा काठमाण्डौं उपत्यकाले धान्न सक्ने अवस्था रहन्न। देशको सन्तुलित विकासलाई ध्यानमा राख्ने र सम्भावित विपद् व्यवस्थापन गर्ने हो भने काठमाण्डौं केन्द्रित विकास निर्माण कार्यलाई विभिन्न जिल्लामा विकेन्द्रित गर्नुको विकल्प छैन।

तसर्थ काठमाण्डौं उपत्यकाको सांस्कृतिक एवं प्राकृतिक सम्पदा र भूबनोटको संरक्षण गर्न, स्वच्छ वातावरणसहित पर्याप्त खुला क्षेत्र र हरियाली व्यवस्थापन गर्न तथा उपत्यकाको कृषि भूमि सुरक्षित राख्न नेपाल सरकारबाट प्रस्ताव गरिएको चार ठूला स्याटलाइट सिटी उपत्यकाभन्दा पर उपयुक्त स्थानमा विकास गर्न यो सभा नेपाल सरकारसँग अनुरोध गर्दछ।

**३)** संरा अमेरिकी गैरसरकारी संस्था सहश्राब्दी चुनौति परियोजना (Millenium Challenge Corporation-MCC) मार्फत् नेपाल सरकारलाई ५० अर्ब रूपैया बराबरको अमेरिकी सहयोग दिने सम्झौताप्रति यो नगरसभाको ध्यानाकर्षण भएको छ।

कुनै पनि दातृ निकायबाट दिइने आर्थिक सहयोग सर्तसहित हुन नहुनेमा यो सभा सचेत छ। एमसीसी संरा अमेरिकी साम्राज्यवादी हतियार भएको र यसमार्फत विकासशील देशहरूमा अमेरिकी सैन्य हस्तक्षेपको लागि बाटो खोलेको विभिन्न अन्तर्राष्ट्रिय घटनाहरूबाट प्रष्ट भइसकेको छ।

संरा अमेरिकाले छिमेकी देश चीनलाई चारैतिरबाट घेर्ने नीति बमोजिम हिन्द प्रशान्त रणनीति (Indo Pacific Strategy-IPS) अघि सारेको र एमसीसी त्यसै नीतिको अङ्ग भएको स्वयं अमेरिकी उच्च पदाधिकारी समेतले प्रष्ट पारेको अवस्थामा नेपालको सार्वभौमिकतामाथि आँच आउने ढङ्गबाट प्रस्तुत गरिएको एमसीसी सम्झौता तत्काल खारेज गर्न यो सभा जोडदार माग गर्दछ।

**४)** नेपाल सरकारले फास्ट ट्र्याक, बाहिरी चक्रपथ, स्मार्ट सिटी र विद्युत प्रसारण लाइन विस्तारको नाममा ललितपुर जिल्लाको ऐतिहासिक एवं सांस्कृतिक महत्त्व बोकेका शहरहरू बुङमति र खोकना क्षेत्रका जनतालाई विस्थापित गर्ने तथा सांस्कृतिक सम्पदा म्हास्ने योजना अघि सारेकोमा यो सभा नेपाल सरकारको उक्त कदमको विरोध गर्दै उक्त योजना तत्काल फिर्ता लिई आन्दोलनरत स्थानीय जनताको न्यायोचित आवाजको सम्बोधन गर्न माग गर्दछ।

भक्तपुर नगरपालिकाको छैटौं नगरसभाको विशेष

समयमा १९ जना नगर सभासद्हरूले समसामयिक विषयवस्तुमा आ-आफ्नो धारणा व्यक्त गर्नुभयो । सभामा शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका संयोजक रबिन्द्र ज्याख्व, निर्माण समितिका संयोजक उकेश कवां, युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, खानेपानी समितिका संयोजक महेन्द्र खायमलीले नगर सभासद्हरूद्वारा व्यक्त जिज्ञासामाथि प्रस्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाको छैटौं नगरसभाको मिति २०७६ फागुन ४ गतेको बैठकले निम्न निर्णयहरू गर्‍यो :

**१.** ऐतिहासिक तथा सांस्कृतिक राजधानीको रूपमा रहेको यस भक्तपुर नपामा शहरीकरणमा भएको वृद्धि र जनसङ्ख्याको बढ्दो चापका कारण वातावरणीय प्रदूषण बढेको अवस्थामा नगरपालिकाका विभिन्न स्थानमा हरियाली व्यवस्थापन र खुला स्थान व्यवस्थापन गर्ने क्रममा भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित चोङा पाँ क्षेत्र र भनपा वडा नं. ९ स्थित ब्रम्हायणी मन्दिर परिसरमा हरियाली पार्क तथा उद्यान बनाउन नेपाल सरकार, काठमाडौं उपत्यका विकास प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गर्‍यो ।

**२.** भक्तपुर नपा वडा नं. ७ स्थित हनुमानघाट परिसरमा घाट सुधार तथा हरियाली व्यवस्थापन कार्यका लागि श्री अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट योजना स्वीकृत भई हाल कार्य भइरहेको अवस्थामा सोसँग जोडिएको पाँचाखेलको वातावरण सुधार हरियाली पार्क तथा उद्यान निर्माण कार्यको गुरुयोजना बमोजिम निर्माण कार्यका लागि सोही समितिमा अनुरोध गरी पठाउने निर्णय गर्‍यो ।

**३.** भक्तपुर नगरपालिकाको नाममा सञ्चालन भइरहेको बा ३ च ७१४९ नम्बरको एम्बुलेन्स र बा ३ च ५४३ नं. को शववाहन २२ वर्ष पुरानो भएको हुँदा मर्मत तथा इन्धनसमेत बढी लाग्ने, समय-समयमा बिग्री मर्मत गरिरहनुपरेको अवस्था हुँदा नियमित रूपमा सञ्चालन गर्न समस्या रहेको हुँदा आ.व. २०७६/७७ को नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रममा १ थान एम्बुलेन्स र १ थान शववाहन खरिद गर्नको लागि बजेट विनियोजन गरी भक्तपुर नपाअन्तर्गत ख्वप अस्पताल २५ शय्याको स्वीकृति प्राप्त भएको र हाल सो अस्पतालबाट इमर्जेन्सी सेवासहित दैनिक करिब ५०० जनालाई विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्दै आएको छ । निकट भविष्यमा १०० शय्यामा सञ्चालन गर्ने गरी नगरपालिकाबाट आफ्नै स्रोतबाट अस्पतालको भवन तथा भौतिक संरचनाहरू विस्तार गर्ने निर्णय गर्‍यो ।

स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुटसम्बन्धी मापदण्ड, २०७५ मा व्यवस्था भएबमोजिम कर छुटसहित एम्बुलेन्स थान एक, शववाहन थान एक खरिद गर्नको लागि एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिको सहमति प्राप्त गर्नका लागि जिल्ला स्वास्थ्य कार्यालयलाई अनुरोध गरी पठाउने र सो समितिको स्वीकृति लिई नियमानुसार पाउने कर छुटको लागि एम्बुलेन्समा राजस्व छुटसम्बन्धी मापदण्ड, २०७५ को अनुसूची-१ को अनुसूची प्रमाणित गरी एम्बुलेन्स सञ्चालन गर्न राजस्व छुटको पूर्व सहमतिको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गर्‍यो ।

नगरसभाको बैठक अर्को सूचनापछि बस्ने गरी स्थगित गरियो ।

## केही सभासदहरूबाट व्यक्त विचार

नगरसभाको बैठकमा नगरसभासदहरूबाट व्यक्त विचारहरू मध्ये केही जानकारीको लागि यहाँ दिइएको छ –

### राजेन्द्र माक, नगरसभा सदस्य, भनपा-४

सम्माननीय सभाध्यक्ष महोदय, हामी नेपाल मजदुर किसान पार्टीबाट स्थानीय निर्वाचन २०७४ को घोषणापत्रलाई शिरोपर गरी सोही घोषणापत्रमा उल्लेख भएअनुसारका कुराहरूलाई अक्षरशः पालना गर्दै नगरवासीहरूलाई दिएका वचनबद्धताअनुसार कार्य गर्दै आइरहेका छौं । शिक्षा, स्वास्थ्य कला संस्कृतिलगायत विकास निर्माणका कार्यहरू नगरवासीहरूको सल्लाह सुझाव र स्वयम् नगरवासीहरूको प्रत्यक्ष संलग्नतामा काम कारवाही अगाडि बढाइरहेको घाम जस्तै छर्लङ्ग छ । आज यस नगरपालिका देशभरिका स्थानीय निकायहरूको पथपदर्दशक एवं रोल मोडेलको रूपमा स्थापित भैसकेको छ । यसरी रोल मोडेलको रूपमा स्थापित नगरपालिकाका हरेक कार्यहरू नगरवासी र देशवासीले मात्र होइन अन्तर्राष्ट्रिय जगतले पनि सूक्ष्म रूपले नियालिरहेका हुन्छन् । त्यसैले अबको हाम्रो हरेक पाइलामा विभिन्न चुनौतीहरू थपिरहेका छन् । हामीले अबका पाइलाहरू स्थानीय विकास निर्माणमा साथ साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरू पनि उत्थान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

सन्दर्भमा कोरोना भाइरसको विषयमा केही अनलाइन पत्रिकाहरूले चीनमा रहेका नेपाली विद्यार्थीहरूलाई भक्तपुरका विभिन्न स्थानमा राख्नु हुँदैन भनेर विरोध हुँदा त्यस्ता अनलाइन पत्रिकाहरूले ती नेपाली विद्यार्थीहरूका परिवारको हवाला दिँदै भक्तपुरका स्थानीय पार्टी, स्थानीय निकाय र स्थानीय जनतामा मानवता हराएको भन्ने समाचारप्रति यसै सभाबाट घोर निन्दा गर्न चाहन्छु । चीनमा रहेका हाम्रा नेपाली दाजुभाइ र त्यसका परिवारप्रति हाम्रो पनि सहानुभुति छ । तर सहानुभुति भयो भन्दैमा कुनै सोच विचारै नगरी निर्णय लिनु के सही हो ? ती पत्रकारहरूलाई भन्न चाहन्छु– मानवता के हो भक्तपुरमा आएर सिक । सहयोग कसरी

गर्नुपर्छ भक्तपुरका जनताका सहयोगी हातहरू स्पर्श गरेर बुझ। यस्ता साम्राज्यवादी डलर खाने दही चिउरे पत्रकारहरू प्रति सजग हुन म श्रीमान् समक्ष निवेदन गर्न चाहन्छु।

अहिले छिमेकी मुलुक चीनमा महामारीको रूपमा फैलिरहेको कोरोना भाइरसका कारण आज विश्वमा एक किसिमको त्रास पैदा भैरहेको छ। यस भाइरसले धेरै मानिसको ज्यान गएको समाचारहरू हामी दिनहुँ पढिरहेका छौं। चीन हाम्रो छिमेकी मुलुक भएकोले हामी नेपाली जनता पनि चिन्तित हुनु स्वाभाविक हो। तर नेपाल सरकारले चीनमा रहेका नेपाली विद्यार्थीहरूलाई नेपाल ल्याई भक्तपुरका विभिन्न ठाउँहरू जस्तै खरिपाटी विद्युत तालिम केन्द्र, नगरकोट, सूर्यविनायक आदि ठाउँमा राख्ने भन्ने समाचार सम्प्रेषनले यहाँका जनतामा त्रास फैलनु स्वाभाविक हो। हामी जनतासँग प्रत्यक्ष सरोकार राख्ने भएकोले सरकारको यस निर्णयप्रति घोर विरोध यसै सभाबाट गर्न चाहन्छु। यस कोरोना भाइरस हावालगायत विभिन्न माध्यबाट सजिलै सर्ने भएकोले यसरी मानव बस्ती भएको ठाउँमा राख्दा यो महामारी तुरुन्त देशभर फैलन के बेर ? यसको रोकथामको लागि के हामी सक्षम छौं ? चीनले त यो महामारी फैलिरहँदा १० दिनमा सुविधा सम्पन्न अस्पतालहरू बनाएर पनि यो महामारी रोक्न हम्मेहम्मे भएको अवस्थामा के महामारी नेपालमा फैलिए हाम्रो सरकारले १० वर्षमा पनि त्यस्तो अस्पताल बनाउन सक्ला ? साधारण झाडापखाला रोक्ने औषधी नै समयमा पुऱ्याउन नसक्ने सरकारले यो सम्भव देखिंदैन। यसको उदाहरण यो मात्र होइन गत वर्ष डेंगु रोग फैलँदा हामीले अनुभव गरिसकेका छौं। डेंगु त लामखुट्टेबाट मात्र सर्ने रोग भएता पनि हामी कहाँ महामारीको रूप लिएको हामीसँग तीतो अनुभव छ। त्यस रोगलाई रोकथाम गर्न गाह्रो भयो भने यो त हावालगायत विभिन्न माध्यमबाट सजिलै सर्ने भएकोले यसले तुरुन्तै महामारीको रूप लिने छ। र हामी कहाँ यस रोग सम्बन्धी रोकथामको कुनै उपकरण नभएकोले यसले बस्तीका बस्ती नै सखाप हुनेछ।

### श्याम मातां, नगरसभा सदस्य, भनपा-२

भक्तपुर औद्योगिक क्षेत्र हस्तकला उद्योगको रूपमा विकास गरी त्यहाँ रहेका डाइङ्ग, प्लाष्टिक कारखाना, रंगरोगन हटाउन पहल गर्नुपर्ने, साथै आ.व. ०७३।०७४ मा प्र.म. ओलीले दुई वर्षभित्र काठमाण्डौ उपत्यकाको औद्योगिक क्षेत्रलाई काठमाण्डौ उपत्यका बाहिर स्थानान्तरण गर्ने भन्ने कार्यक्रम हालसम्म कार्यान्वयन नभएकोले यस नगरसभाबाट प्रस्ताव पारित गर्नु पर्ने। साथै यसबारे स्थानीय जनताले हस्ताक्षर संकलन गरी प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्र बुझाएको छ।

- अमेरिकी रणनीतिक हतियार IPS (इन्डो प्यासेफीक रणनीति) अन्तर्गतको एमसीसी (सहश्राब्दी चुनौती परियोजना) राष्ट्रघाती भएकोले आम जनताको विरोध भैरहेको छ। यसमा नगरसभा मौन रहन सक्दैन भनी ध्यानाकर्षण गर्न चाहन्छु।

**स्मरणीय रहोस्**

- अन्तर्राष्ट्रिय विकासकालागि पारदर्शीता तथा सच्चा साझेदारीमा आधारित नयाँ मोडलका रूपमा सन् २००४ मा एमसीसीको स्थापना गरिएको हो।
- एमसीसी कम्प्याक्टको योजना विकास गर्न सन् २०१२ मा नेपाले थालनी गरेको थियो।
- सडकको स्तरोन्नती र विद्युत लाइनको जडानको लागि ५० करोड डलर अनुदान दिनु रहेको छ। नेपाली करिब रु.५५/५६ अर्ब हुन्छ।

**यस भित्र**

- नेपालले प्रस्ताव गरेको योजना अमेरिकालाई स्वीकार्य हुनुपर्ने
- प्रस्तावित योजनाबारे भारतसँग स्वीकृति लिनुपर्ने
- खर्च विवरणको अडिट अमेरिकाले गर्ने
- कुनै विवाद भएमा अन्तिम निर्णय अमेरिकाकाले गर्ने
- यो योजना चीनलाई घेर्ने रणनीतिक योजना हो। विभिन्न बहानामा सेना ल्याउने छन्।

**शर्त**

- चिनियाँ नागरिक भागेर आउँदा फिर्ता नपठाई भारतमा पठाउनु पर्ने
- अमेरिकाले उत्तर कोरियालाई लगाएको अमानवीय नाकाबन्दीको समर्थन गर्नुपर्ने
- यूरोप, एसिया, ल्याटिन अमेरिका हेर्ने सहायक उपाध्यक्ष जोनाथन ब्रुक्सले माघ २४-२७ सम्म नेपालको भ्रमण र परामर्श गरेको परिप्रेक्ष्यमा यसको विरोध गरिनु पर्दछ।

साथै मर्मत शाखाका कर्मचारीहरू सिकर्मी र डकर्मीले प्राविधिक कारणले ४/५ महिनादेखि पारिश्रमिक नपाएको गुनासो छ, वास्तविकता के हो ?

### सिद्धिराम अवाल, नगरसभा सदस्य भनपा -६

सर्वप्रथम, चीनको हुपेइ प्रान्तको उहानमा फैलिएको महामारी रोग कोरोना भाइरसबाट निधन भएका प्रति श्रद्धाञ्जली एवं परिवारजनमा समवेदना प्रकट गर्दछु। साथै रोग संक्रमित जनताको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै रोग यिन्त्रणमा चीन सरकार र जनताले गरेको कार्यप्रति ऐक्यबद्धताका साथ सफलताको कामना गर्दछु।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंज्यूले आशंका गर्नु भए जस्तै कोरोना भाइरस अमेरिकाले फैलाएको जीवाणु युद्ध भन्ने कुरा विभिन्न संचार माध्यमले पनि प्रस्ट गरेको छ। चीनको आर्थिक विकासदेखि तर्सिएर साम्राज्यवादी अमेरिकाले यस्तो अमानवीय र घृणित कार्यको यस नगर परिषदले विरोध गर्नु पर्दछ। साथै चीन सरकारले

गरेको रोग नियन्त्रण कार्यको लागि संसार भर प्रशंसा भइरहेको अवस्थामा अमेरकाले गलत अभिव्यक्ति दिनु निन्दनीय काम हो यस्को पनि विरोध गर्नुपर्दछ ।

चीनको विभिन्न स्थानमा अध्ययन गरिरहेका नेपालीहरूको स्वास्थ्यप्रति चीन सरकार सचेत रहेको समाचार आइरहेको वर्तमान समयमा नेपाल सरकार ती नेपाली विद्यार्थीहरूलाई नेपाल फर्काउने र तिनीहरूलाई राख्ने पुर्वाधार बिना, विश्व स्वास्थ्य संघको विना सिफारिस आम जनताको चर्को विरोधका बावजुद घनाबस्ती भएको भक्तपुरको खरिपाटीमा क्वारेन्टाइनको व्यवस्था गर्नुले हामीलाई त्रसित बनाएको छ यस विषयमा पनि यो परिषदले आवाज उठाउनु पर्दछ ।

### जितेन्द्र मुनंकर्मी, नगरसभा सदस्य, भनपा-१०

मिति २०७६ पुस ८ गतेको गोरखापत्र दैनिकमा नेपाल सरकारले काठमाडौं उपत्यका विकास प्राधिकरणमार्फत काठमाडौं उपत्यकामा चारवटा स्मार्ट सिटी–काठमाडौं इशान (भक्तपुर र साँखु), काठमाडौं आग्नेय (सूर्यविनायक), काठमाडौं नैऋत्य (ललितपुर) र काठमाडौं उत्तर (टोखा, झोर) विकास गरिने समाचार प्रकाशित भयो । सबभन्दा ठूलो स्मार्ट सिटी 'काठमाडौं इशान' को एक लाख रोपनी क्षेत्रफल हुने र निर्माण लागत ४ खर्ब रूपैयाँ लाग्ने तथा बाँकी तीनवटा स्मार्ट सिटीको दश/दश हजार रोपनी क्षेत्रफल हुने र निर्माण लागत ४०/४० अर्ब रूपैयाँ लाग्ने उक्त समाचारमा उल्लेख छ ।

नेपालको आर्थिक अवस्थाले डेढ दुई करोडभन्दा बढी जनसङ्ख्या हुने काठमाडौं उपत्यकालाई व्यवस्थित गर्न सजिलो हुँदैन । अहिले नै काठमाडौं उपत्यकामा सडक जाम बढ्दो छ । प्रधानमन्त्रीज्यूले नै काठमाडौं उपत्यकाको बढ्दो जनसङ्ख्या र अव्यवस्थित पूर्वाधारलाई ध्यानमा राखी 'विपदमा भाग्ने र ओत लगाउने ठाउँ नभएको' गम्भीर र सम्वेदनशील भनी चिन्ता व्यक्त गर्नु भएको छ । प्रधानमन्त्रीज्यूको यो चिन्तालाई सम्बोधन गर्न र नेपाली जनताले उठाएको जनआन्दोलनको भावनाअनुसार देशको सन्तुलित विकास गर्न काठमाडौं उपत्यकाबाहिरका स्थानीय तहका सदरमुकामहरूलाई व्यवस्थित शहरको रूपमा विकास गर्नु आवश्यक छ । यसले शिक्षा प्राप्ति, स्वास्थ्य उपचार र रोजगारीको लागि देशभरिका मानिस काठमाडौं उपत्यका वा अन्य जिल्लाका सदरमुकाममा धाउनु पर्ने वर्तमानको वाध्यता अन्त्य हुनेछ । साथै भविष्यमा आइपर्ने विपदको व्यवस्थापन गर्नसमेत सरकारलाई सजिलो हुनेछ । यसकारण ठूला शहरको विकास तुलनात्मक रूपले पछाडि परेको पश्चिम नेपालमा शुरु गर्नु उपयुक्त हुनेछ ।

हामी पनि प्रस्तावित काठमाडौं इशान स्मार्ट सिटीभित्र जग्गा पर्ने सरोकारवालाहरू हौं । काठमाडौं उपत्यकामा अहिले ७०–८० लाख जनसङ्ख्या पुगेको तथ्याङ्क छ साथै यति धेरै जनसङ्ख्यालाई आवश्यक खाद्यान्न भारतलगायतबाट आपूर्ति गर्नुपर्ने अवस्था छ । यसैकारण नेपालको व्यापार घाटा बढ्दो छ र खानेपानी, फोहरमैला, धूलो धूवाँ प्रदूषण समस्यासँगै यहाँका बासिन्दाहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ भने अपराधको सङ्ख्या पनि बढ्दो छ ।

काठमाडौं उपत्यकाको कृषि भूमि सुरक्षित राख्न, यहाँ बसोबासमा रहेका जनतालाई स्वच्छ वातावरणसहित पर्याप्त खुला क्षेत्र र हरियाली व्यवस्थित गर्न, सांस्कृतिक तथा प्राकृतिक सम्पदा एवम् भूबनोट संरक्षण गर्न काठमाडौं उपत्यकामा प्रस्तावित उल्लेखित चार वटा ठूला शहरलगायत अन्य ठूला शहर विकासमा हामी सरोकारवालाहरूको सहमति नभएको हुँदा उक्त प्रस्ताव खारेज गर्नुपर्ने जनताको मागलाई यो नगरसभाले सम्बोधन गर्नुपर्दछ ।

### सूर्यप्रसाद श्रेष्ठ, नगरसभा सदस्य, भनपा-१

छिमेकी मित्र राष्ट्र चीनमा कोरोना भाइरसको महामारी फैलिएर धेरैको मृत्यु भएको र थुप्रै सङ्क्रमित छन् । त्यो महामारी हाम्रो देशमा नफैलिएला भन्न सकिन्न तसर्थ जनस्तरमा बुझ्ने भाषामा सचेतना फैलाउन ढिला गर्नुहुन्न । चीनबाहेक अन्य देशमा पनि देखापरिसकेकोले सबै सीमा र अन्तर्राष्ट्रिय विमानस्थलमा प्रभावकारी परीक्षणको व्यवस्था गर्नुपर्दछ । यसका साथै चीनमा कोरोना भाइरस पत्ता लागेको २–३ हप्ता अगाडि चीनबाट नेपाल आएका नेपाली वा अन्यको पनि परीक्षण गर्नु उचित हुनेछ । किनभने सङ्क्रमित भएको तर लक्षण नदेखाएको पनि हुनसक्छ ।

नेपाली विद्यार्थीहरूलाई उहानबाट ल्याई घना बस्तीको भक्तपुरमा राख्ने कुराले जनता त्रसित छन् । र विरोध गरेका छन् । उहाँहरूलाई नेपालमा ल्याउनुभन्दा विकसित चीन मै राखेर उहाँहरूको स्याहार र आवश्यक परे उपचार राम्रो हुनेछ ।

सिंहदरबारको सरकारलाई सत्ताबाहेक केहीको ध्यान छैन । तर देश र जनताको निःस्वार्थ सेवा गर्ने हाम्रो स्थानीय सरकारले कोरोना भाइरस सङ्क्रमणले देखिने लक्षणबारे जनचेतना मूलक कार्यक्रम गरी प्रचार प्रसार गर्नु पर्दछ । यसबाट बच्न नियमित सरसफाइ, खोक्दा–हाँछ्यु गर्दा नाक र मुख छोप्ने, मानिसको हुलबाट टाढा बस्ने, जनावर र पशुपन्छीबाट टाढा रहने, मासु खाँदा राम्रोसँग पकाएर खाने, रुघाखोकीसँगै ज्वरो धेरै आएमा तुरुन्त चिकित्सक जँचाउने लगायतका कुरा व्यापक प्रचारप्रसार गर्न यस नगर सभामा अनुरोधका साथ पेश गर्दछु ।

चीनबाट फर्काइने विद्यार्थीहरूलाई नागार्जुन वन जस्तो शान्त क्षेत्र, हिजोको माओवादी क्यान्टोन्मेन्टहरूमा राखे उपयुक्त हुन्छ । यदि सरकारले उहाँहरूलाई जवर्जस्ती घनाबस्तीको भक्तपुरमा ल्याइन्छ र यहाँ रोगफैलिएमा त्यसको जिम्मेवारी सरकारकै हुनेछ ।

मन्तव्य

# 'मौलिक पहिचानलाई कहीं कतैबाट हस्तक्षेप वा अतिक्रमण नहोस्'

- प्रमुख सुनिल प्रजापति




**नगर सभासदज्यूहरू,**

भक्तपुर कला र संस्कृतिमा धनी प्राचीन नगर हो। विश्व सम्पदा सूचीमा सूचिकृत दरबार क्षेत्रलगायत यस नगरमा कयौं मूर्त र अमूर्त सम्पदाहरू जीवन्त छन्। 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई व्यवहारमा उतार्न हामी जनप्रतिनिधिहरू कृयाशील छौं। कला र संस्कृतिको संरक्षण गर्दै भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थल बनाउने उद्देश्य अनुरूप विभिन्न गतिविधि गर्दैछौं। मौलिक पहिचानलाई कही कतैबाट हस्तक्षेप वा अतिक्रमण नहोस् भन्नेबारे नगरपालिकाका हामी जनप्रतिनिधिहरू अत्यन्त सचेत छौं।

हाम्रा परम्परागत निर्माण प्रविधि र निर्माण सामग्रीको प्रयोग कति उत्कृष्ट छन् भन्ने कुरा सयौं वर्ष पुराना हाम्रा सम्पदाहरूले प्रमाणित गरेका छन्। हाम्रा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धारमा परम्परागत प्रविधिलाई नै प्राथमिकतामा राख्दै कार्य अगाडि बढाउँदै छौं।

**आदरणीय मित्रहरू,**

नगरपालिकाको यो छैटौं नगरसभा हो। मुलतः यो विधेयक सभा हो। आ. व. २०७६/७७ को लागि विनियोजित रकमको समीक्षा तथा नगरपालिकाका लागि आवश्यक ऐन, नियम, विनियम र कार्यविधिहरू यस नगरसभाले पारित गर्नेछ। नगरसभाले पास गरेका विधेयकहरू राजपत्रमा प्रकाशित भएपछि मात्रै कार्यान्वयनमा आउने कानूनी व्यवस्था छ।

नगरपालिकाको पाँचौं नगरसभा २०७६ असार ९ गते शुरु भई असार १८ गते सम्पन्न भएको थियो। उक्त नगरसभाले आ. व. २०७६/७७ को नीति तथा कार्यक्रम पारित गर्नुका साथै रु. २ अर्ब १३ करोडको बजेट पारित गरेको थियो। नीति तथा कार्यक्रमलाई आधार बनाई पारित गरेको बजेट अहिले कार्यान्वयनमा छ। नीति तथा कार्यक्रममा उल्लेखित अधिकांश कार्यहरू भइसकेका छन् भने विकास निर्माणले तिव्रता पाउँदैछ। यसबारे संक्षिप्तमा यहाँ प्रस्तुत गर्न चाहन्छु–

**खर्चतर्फ**

आ.व. २०७५/७६ मा चालूतर्फ ८७ करोड ९३ लाख ८८ हजार रूपैयाँ विनियोजन गरिएकोमा २०७५ पौष मसान्तसम्ममा ३१ करोड ७९ लाख ८३ हजार रूपैयाँमात्र खर्च भएको थियो। चालू आ.व. २०७६/७७ मा ९९ करोड ८० लाख रूपैयाँ विनियोजन गरिएकोमा २०७६ पौष मसान्तसम्ममा ३६ करोड १७ लाख २२ हजार रूपैयाँमात्र खर्च भएको छ, जुन विनियोजित बजेटको ३६.२४ प्रतिशत हो।

त्यसैगरी पूँजीगततर्फ २०७५।७६ मा ८६ करोड ९६ लाख १२ हजार रूपैयाँ विनियोजन गरिएकोमा सोही आ. व. को पौष मसान्तसम्ममा रु २१ करोड १४ लाख ५९ हजार खर्च भएको थियो। चालू आ.व. २०७६।७७ मा पूँजीगततर्फ १ अर्ब १३ करोड ३० लाख विनियोजन गरिएकोमा २०७६ पौष मसान्तसम्म २५ करोड १० लाख ९५ हजार रूपैयाँ खर्च भएको छ, जुन विनियोजित वजेटको २२.१६ प्रतिशत हो।

यसरी चालू आ.व.मा जम्मा २ अर्ब १३ करोड १० लाख बजेट पारित भएकोमा चालू तथा पूँजीगततर्फको गरी जम्मा ६१ करोड २८ लाख १७ हजार अर्थात कूल बजेटको २८.७६ प्रतिशत खर्च भएको छ।

**आन्तरिक आयतर्फ**

पाँचौं नगरसभाले आन्तरिक आयतर्फ ४२ करोड रूपैयाँ ( जग्गा बिक्रीबाहेक) राजश्व संकलन गर्ने लक्ष्य राखेको थियो। बितेको ६ महिनामा २० करोड ३५ लाख ८४ हजार रूपैयाँ कर असुली भएको छ। सोही अवधिमा आ.व. २०७५/७६ मा २० करोड ३७ लाख ३० हजार रूपैयाँ कर असुल भएको थियो। यो वर्ष विगतको वर्षभन्दा ६ महिनामा १ लाख ४६ हजार रूपैयाँ कर असुली कम भएको देखिन्छ।

**पर्यटन**

२०७६ साल साउन १ गतेदेखि पौष मसान्तसम्ममा गैरसार्क पर्यटकहरू ७५,५२९ जना र सार्क तथा चिनियाँ पर्यटकहरू

५८,१०३ जना गरी १,३३,६३२ जनाले भक्तपुर भ्रमण गरे। गत आर्थिक वर्षको सोही अवधिमा गैरसार्क पर्यटकहरू ७८,१३९ र सार्क तथा चिनियाँ पर्यटकहरू ५५,८३२ जना गरी कूल १,३३,९७१ जनाले भक्तपुर भ्रमण गरेका थिए। यस अवधिमा गैरसार्क पर्यटकहरू, सार्क तथा चिनियाँ पर्यटकहरू गरी ३३९ जनाले घटेको देखिन्छ। केही समय पहिले नेपालमा फैलिएको डेंगु रोग र हाल चीनमा फैलिएको कोरोना भाइरसको कारण नेपाल आउने पर्यटकहरूको सङ्ख्यामा कमी आएको देखिन्छ।

पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि विभिन्न ६ वटा भाषामा ब्रोसरहरू प्रकाशित गर्दै आएका छौं। लामो समयसम्म भक्तपुर भ्रमणमा बस्न चाहनेहरूका लागि भिजिटर पासको व्यवस्था, भक्तपुरका महत्त्वपूर्ण क्षेत्रहरू– दरबार क्षेत्र, टौमढी क्षेत्र, भक्तपुर नगरपालिका क्षेत्रलगायतमा इन्टरनेटको सुविधा, स्थानीय पथ प्रदर्शक तालिम संचालन, भाषा कक्षा तथा समय समयमा पर्यटन व्यवसायी तथा होटेल व्यवसायीहरूको भेला गर्दै आएका छौं।

चालू आर्थिक वर्षमा विभिन्न देशका उच्चपदस्थ पदाधिकारीहरूले भक्तपुरको भ्रमण गरेका छन्। यस क्रममा मिति २०७६ कार्तिक २६ गते मित्रराष्ट्र बंगलादेशका महामहिम राष्ट्रपति अब्दुल हमिद, २०७६ जेष्ठ २८ गते चिनियाँ विदेशमन्त्री वाङ यी ९धबलन थ्०, र २०७६ पौष ७ गते बेल्जियमका राजकुमारी एष्ट्रिड ९बकतचष्म० ले भक्तपुरको भ्रमण गर्नुभयो।

## शिक्षा

शिशु स्याहारदेखि कलेजसम्म आफ्नै श्रोत र साधनले शैक्षिक संस्थाहरू संचालन गर्ने भक्तपुर नेपालकै पहिलो नगरपालिका हो। २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरूमा देशभरिका ६००० भन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। सरकारले अनुमति दिएमा ख्वप विश्वविद्यालयअन्तर्गत् मेडिकल कलेज संचालन गरी सस्तोमा गुणस्तरीय चिकित्सकहरू उत्पादन गर्ने उद्देश्य रहेको छ। नगरपालिकाद्वारा संचालित कलेजहरूमा देशको आवश्यकतालाई ध्यान दिएर कानून, चित्रकलालगायतका विषय संचालन शुरु गर्‍यौं। राजनीति शास्त्र, भूगोल, इतिहास, संस्कृति र नेपाल भाषामा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था छ।

गरिबीको कारण उच्च शिक्षा हासिल गर्नबाट बंचित हुन नपरुन् भनेर प्रति विद्यार्थी रु. ५ लाखसम्म शैक्षिक प्रमाणपत्र धितो लिएर शैक्षिक ऋण प्रदान गर्ने निर्णय गर्‍यौं। २०७५/७६ मा ३५ जनाले रु. १८ लाख १६ हजार ऋण लिए भने २०७६/७७ मा ९० जना विद्यार्थीहरू ऋण पाउन छनौट भएकोमा हालसम्म ३३ लाख १९ हजार रूपैयाँ ऋण वितरण भइसकेको छ।

विद्यार्थीहरूको मानसिक र व्यक्तित्व विकासको लागि समय समयमा चित्रकला, वक्तृत्वकला, निबन्ध लेखन प्रतियोगितालगायतका गतिविधिहरू गर्दै आएका छौं।

## स्वास्थ्य

जनताको स्वास्थ्यलाई ध्यानमा राखेर नगरपालिकाले घरदैलो नर्सिङ र ठाउँ–ठाउँमा स्वास्थ्य केन्द्र संचालन गरेर जनताको सेवा गर्दै आएको छ। यस वर्ष भनपा–१ सल्लाघारी सृजना नगरमा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्र बनाउने कार्य अगाडि बढाइ सकेका छौं भने नगरका सबै वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र बनाउने तयारीमा छौं। सामुदायिक आँखा केन्द्र र आयुर्वेदिक स्वास्थ केन्द्रबाटसमेत जनताको सेवा गर्दै आएका छौं।

समय समयमा नगरपालिकाले महिलाहरूको पाठेघर जाँच, आँखा परीक्षण, आयुर्वेदिक उपचार, दन्त परीक्षण शिविरहरू संचालन गर्दैछौं। नगरवासीहरूमा नसर्ने रोगहरू क्यान्सर, मस्तिष्कघात, मृगौला र मुटु रोगका बिरामीहरू बढी देखिन थालेपछि नगरपालिकाले आफ्नै श्रोतबाट रु १०,०००।–( दश हजार) र नेपाल सरकारबाट प्राप्त हुने नगद रु. १ लाखका दरले आर्थिक सहयोग प्रदान गर्ने नीति बमोजिम चालू आर्थिक वर्षको ६ महिनाको अवधिमा १०९ जना बिरामीहरूले सहयोग पाइसकेका छन्।

नेपालमै पहिलो पटक दीर्घ दमखोकीको बिरामीको लागि श्वास प्रश्वास पुनःस्थापन केन्द्र संचालनको तयारी गर्दैछौं। त्यसको लागि भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। जापानमा गएर हाम्रा २ जना चिकित्सकहरूले तालिम लिई सक्नुभएको छ भने भक्तपुरमै ५ जना प्राविधिकहरूलाई जापानी विज्ञहरूबाट तालिम दिइसकेका छौं। निकट भविष्यमै श्वास प्रश्वास पुनःस्थापन केन्द्र संचालन गर्ने तयारीमा छौं।

## संस्कृति संरक्षण

भक्तपुर नगरपालिकाले कला–संस्कृति र सम्पदा संरक्षणमा महत्त्वपूर्ण योगदान गर्दै आएको छ। हरेक वर्ष प्रत्येक वडाबाट २ जना गरी नगरभरिबाट २० जना सांस्कृतिक गुरुहरूलाई नगदसहित सम्मान तथा विभिन्न सांस्कृतिक प्रतियोगिताहरू संचालन गर्दै आएका छौं। भर्खरै माघ २५ र २६ गते २ दिन भक्तपुर जिल्लाव्यापी धिमे बाजा प्रतियोगिता सम्पन्न गर्‍यौं। कूल ७७ समूहले दर्ता गरेको उक्त प्रतियोगिताबाट सांस्कृतिक सम्पदा नयाँ पुस्तामा हस्तान्तरण भएको अनुभव गरियो। नयाँ पुस्तालाई प्रोत्साहन दिन यस्ता गतिविधिहरूलाई निरन्तरता दिँदै जानेछौं।

गाईजात्रा पर्वलाई पनि थप व्यवस्थित गर्ने सोचले त्यसबेला प्रदर्शन भएका परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको छुट्टाछुट्टै मूल्यांकन गरी पुरस्कारको व्यवस्था गरियो।

विद्यालय र कलेजहरूमा हाम्रा कला–संस्कृतिको महत्त्वबारे जानकारी दिन स्थानीय पाठ्यक्रममा व्यवस्था गरिए बमोजिम नयाँ पुस्तामा हाम्रो संस्कृति संरक्षणप्रति आकर्षण बढेको छ।

**पुन:निर्माण**

२०७२ सालको भूकम्पले क्षति पुऱ्याएका ११५ भन्दा बढी सम्पदाहरूमध्ये हालसम्म ९१ वटा सम्पदाहरूको पुन:निर्माण सम्पन्न भयो। त्यसको लागि नगरपालिकाले २५ करोड ४९ लाख ५२ हजार खर्च गरिसकेको छ। अझै डेढ दर्जन पाटी पौवा, ढुङ्गेधारा, सत्तल, मन्दिर पुनः निर्माणको क्रममा छन्। भनपा वडा नं. ५ स्थित भैरवनाथको मन्दिर हालै जीर्णोद्धार सम्पन्न भयो भने विश्व प्रसिद्ध ङातापोल मन्दिर, भनपा १ स्थित रानीपोखरी र भाज्यापोखरी पनि जीर्णोद्धार भइरहेका छन्। यी सबै कार्यहरू स्थानीय जनताबीचबाट गठित उपभोक्ता समितिमार्फत् भइरहेका छन्।

सम्पदा पुन:निर्माणमा मौलिकतालाई जोड दिँदैछौं। संस्कृतिविद्, पुरातत्त्वविद्, इन्जिनियर, आर्किटेक्टलगायत विज्ञहरूसँग छलफल गरी परम्परागत निर्माण शैली र निर्माण सामग्रीलाई प्राथमिकता दिई कार्य गर्दैछौं। २०७६ माघ २० गते भक्तपुर नगरपालिकाको आयोजनामा विश्व प्रसिद्ध ङातापोल मन्दिर जीर्णोद्धारबारे अन्तरक्रिया सम्पन्न भयो। कार्यक्रममा उपस्थित विज्ञहरूको सुझावअनुसार इ. चन्द्रकिरण कवांको संयोजकत्वमा प्राविधिक समिति गठन गरी कार्य अगाडि बढाइएको छ। यस्तै अन्य महत्त्वपूर्ण सम्पदाहरूको पनि अभिलेखीकरण गर्दै व्यवस्थित गर्दै आएका छौं।

दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय रहेको न्हेकं झ्य दरबार, पहिले नगरपालिका रहेको थंथु दरबारलगायतका केही संरचनाहरू प्राविधिक कारणले निर्माणमा ढिलाइ भइरहेको छ। अरनिको सभाभवन निर्माणको सम्पूर्ण डिजाइन कार्य तथा इष्टिमेटसमेत तयार भइसक्दा पनि प्राविधिक कारणले निर्माण अगाडि बढाउन सकेका छैनौं।

नगरपालिकाभित्र भूकम्प पीडितहरूको लागि घर पुन:निर्माण गर्न माटो जोडाइमा १०० प्रतिशत र सिमेन्ट जोडाइमा ७५ प्रतिशत छुटमा नक्सापास गर्दै आएका छौं। करिब ८ हजार घरमा क्षति पुगेकोमा ६,८८८ लाभग्राही सूचीमा दर्ता छन्। त्यसमध्ये पहिलो किस्ता लिनेहरू ५,६५१ जना, दोस्रो किस्ता लिनेहरू १,९७१ जना र तेस्रो किस्ता लिनेहरूको सङ्ख्या १,७८८ जना मात्र रहेका छन्। भूकम्प पीडितहरूलाई एकमुष्ट रकम दिनुपर्ने र अनुदान रकम समयानुकूल वृद्धि गर्नुपर्नेमा हामीले जोड दिँदै आएका छौं।

**विकास निर्माण**

भक्तपुर नगरपालिका वडा नं. ९ च्याम्हसिंहमा ख्वप अस्पतालको निर्माण कार्य तीव्र गतिमा भइरहेको छ। ३ वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित निर्माण शुरु गरेको उक्त अस्पताल लक्ष्यभन्दा अघि नै सम्पन्न गर्ने प्रयास गर्दैछौं।

भेलुखेलस्थित गयः भिन्द्यो पुलको निर्माण अन्तिम चरणमा पुगेको छ। अनुकूल समयमा पुलको उद्घाटन गरिने छ। सो पुल भक्तपुर नगरपालिकाले बनाएको अहिलेसम्मकै सबभन्दा ठूलो आधुनिक पुल हो।

हनुमानघाट सुधार र त्यहाँका पाटी पुन:निर्माण सम्पन्न भइसकेका छन् भने छिपा ताँ पुनः निर्माण भइरहेको छ। त्यसबाहेक राममन्दिर, बाराहीस्थान, धालाखुसीको पुल निर्माणमा पनि बजेट विनियोजन भई त्यसको डिजाइन कार्य अगाडि बढेको छ।

वडा वडामा थुप्रै विकास निर्माणका कार्यहरू भइरहेका छन्। भक्तपुर नगरपालिकाको बजेटबाट संचालन हुने अधिकांश विकास निर्माणका योजनाहरू उपभोक्ता समितिमार्फत् संचालन गर्दै आएका छौं। नगरपालिकाअन्तर्गत संचालित तुमचो–दुगुरे–चोखा जग्गा एकीकरण आयोजना अन्तिम चरणमा पुगेको छ। त्यस्तै देको–मिवा–इटापाके जग्गा एकीकरण आयोजनाअन्तर्गत हाल निर्माण कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ। लिवाली र कमलविनायक आवास क्षेत्रका सडकहरू कालोपत्रे गर्ने कार्य अघि बढिरहेको छ भने तुमचो–दुगुरे आयोजनाका सबै सडकहरू कालोपत्रे भैसकेका छन्।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग सहकार्य गरी भक्तपुर नगरपालिका वडा नं. २ सल्लाघारीमा ३ लाख लिटर क्षमताको पानी ट्यांकी तथा प्रशोधन संरचना निर्माण गरी खानेपानी वितरण कार्य भइरहेको छ। लिवालीमा भएको डीप बोरिङको पानी केयुकेएलको समन्वयमा वितरण भइरहेकोछ।

**पर्यटन केन्द्रित गतिविधि**

नेपाल भ्रमण वर्षको पहिलो औपचारिक कार्यक्रम भक्तपुरबाट भयो। २०७६ मंसिर २६ गते सन्ध्याकालीन सम्पदा क्षेत्र पदयात्रा गरी त्यसको शुरुवात भयो। दरबार क्षेत्र, टौमढी, दत्तात्रय हुँदै च्याम्हासिंहसम्म पैदलयात्रा गरी उक्त कार्यक्रम सम्पन्न भयो। पुरानो नगरको मूल सडकमा ढुङ्गा छाप्ने, सम्पदा क्षेत्रमा आवश्यक बत्तीको व्यवस्था गर्ने, ठाउँ ठाउँमा शौचालय निर्माण गर्ने, महत्त्वपूर्ण सम्पदा क्षेत्रहरूमा सवारी प्रवेश निषेध गर्ने, पर्यटक सूचना केन्द्रहरूको व्यवस्था गर्ने काम भइरहेका छन्।

स्थानीय प्रशासनसँग समन्वय गरी आवश्यक शान्ति सुरक्षातर्फ पनि हामीले ध्यान दिँदै आएका छौं। **'भक्तपुर सुरक्षित छ'** भन्ने सन्देश दिन प्रहरी प्रशासनसँग समन्वय गरी विभिन्न गतिविधिहरू गर्दैछौं।

यो वर्षदेखि सिद्धपोखरीमा नौका विहार संचालन भएको छ। त्यहाँ घुम्न आउने आन्तरिक र वाह्य पर्यटकहरूले बढी मनोरञ्जन लिन सकून् भन्ने उद्देश्यले त्यसलाई थप व्यवस्थित र विस्तार गर्ने तयारी गर्दैछौं।

### भक्तपुर महोत्सव

नेपाल भ्रमण वर्षको अवसरमा २०७६ चैत्र ४ गतेदेखि ८ गतेसम्म ५ दिन भक्तपुर महोत्सव गर्दैछौं। महोत्सवलाई भव्यताका साथ सम्पन्न गर्न नगर प्रमुखको संयोजकत्वमा १६१ सदस्यीय महोत्सव व्यवस्थापन समिति तथा आवश्यक विभिन्न उप-समितिहरू गठन गरी तयारी तीव्र पारेका छौं।

महोत्सवमा भक्तपुरको जीवन शैली, माटोका भाँडाको सीप प्रदर्शनी, स्थानीय उत्पादन, खाद्य उत्सव, दही उत्सव, पुस्तक तथा शैक्षिक प्रदर्शनी, सांस्कृतिक प्रतियोगिता, व्यापार मेला, महिला तथा बालबालिका मैत्री गतिविधिहरूलगायत प्रदर्शनी गर्ने योजना छ। यसमा सबैको सहयोग हुने हाम्रो अपेक्षा छ।

### खेलकुद

सबै नगरवासीहरूलाई स्वस्थ बनाउने उद्देश्यले खेलकुदलाई पनि प्राथमिकतामा राख्दै आएका छौं। निर्वाचन घोषणापत्र बमोजिम हरेक वर्ष एक वटा खेलको अन्तर नगर खेलकुद प्रतियोगिता संचालन गर्दै आएकोमा यो वर्ष यही फागुन ८ गतेदेखि १२ गतेसम्म अन्तरनगर एथ्लेटिक्स प्रतियोगिता संचालन गर्दैछौं। २०७६ कार्तिक १७ गतेदेखि २३ गतेसम्म सम्पन्न अन्तर विद्यालय खेलकुद प्रतियोगितामा ७२ विद्यालयका २,१०० खेलाडीहरूले सहभागिता जनाए। पुस २ गते नगरपालिका स्थापना दिवसको अवसरमा जनप्रतिनिधि र कर्मचारीहरूबीच छुट्टाछुट्टै खेलकुद प्रतियोगिताहरू सम्पन्न भए। खेलकुदलाई हरेक नागरिकको जीवनको एक अभिन्न अङ्ग बनाउने उद्देश्य अनुसार समय समयमा विद्यालयहरूमा खेलकुद गतिविधि संचालनमा जोड दिंदैछौं।

स्थानीय जनताको स्वास्थ्यलाई ध्यानमा राखेर प्रत्येक वडामा ब्यायामशालाहरू बनाइ सकेका छौं। यसलाई स्कूल र कलेजमा पनि क्रमशः विस्तार गर्दैछौं। ख्वप कलेज र ख्वप इन्जिनियरिङ्ग कलेजमा पढ्ने विद्यार्थीहरूले त्यो सुविधा पाइसकेका छन्। विद्यालय र कलेजहरूमा खेलकूद अभ्याससम्बन्धी तालिम पनि संचालन गर्दैछौं।

### सीपमूलक तालिम

युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्न पाक शिक्षा, फोटोग्राफी, रेडियो प्रस्तोता, पथप्रदर्शक, भाषालगायतका तालिमहरू संचालन गर्दै आएका छौं। किसान र महिला लक्षित माटो परीक्षण, किटनाशक औषधी प्रयोग विधि, बेमौसमी खेती, कौसी खेती, ५ महिने कृषि प्राविधिक तालिमसम्पन्न गर्‍यौं।

### बजार अनुगमन

नियमित बजार अनुगमनको क्रममा खाद्य, अखाद्य वस्तुहरू बेचबिखन गर्ने, मासु पसल, औषधी पसल जस्ता जनताको स्वास्थ्यसित प्रत्यक्षरूपमा जोडिएका विषयहरूको अनुगमन गर्दै आएका छौं। अनुगमनको क्रममा म्याद नाघेका, कुहिएका वा खान अयोग्य देखिएका वस्तुहरू नष्ट गर्ने, कारवाही गर्ने, चेतावनी दिने र दण्ड जरिवाना गर्दै आएका छौं। यस काममा प्रहरी प्रशासनको तर्फबाट पनि आवश्यक सहयोग प्राप्त भएको छ।

अन्त्यमा, भक्तपुर नगरपालिकाको यो छैटौं नगरसभा उद्घाटन कार्यक्रममा प्रमुख अतिथिलगायत सहभागी सबैलाई हार्दिक स्वागत एवं अभिभादन गर्दछु।

*(भक्तपुर नपाको २०७६ माघ २८ गते उद्घाटन कार्यक्रममा व्यक्त मन्तव्य)*

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
व्यासी, भक्तपुर

## भक्तपुर नगरपालिकाको सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ चैत्र ४ देखि ८ गतेसम्म हुन गइरहेको **भक्तपुर महोत्सव २०७६** भव्यताकासाथ सम्पन्न गर्न, भक्तपुर नगरको वातावरण स्वच्छ र सफा राख्नुहुन सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछ। नगरमा निर्वाध आवतजावत गर्न तथा सरसफाइ, खानेपानी एम्बुलेन्स र दमकल जस्ता आपतकालीन सेवा निर्वाध रूपमा संचालन गर्न सडक, चोक, गल्ली र पेटीमा राखिएका निर्माण सामग्रीहरूलगायतका **विभिन्न सामग्रीहरू यथाशीघ्र हटाइदिनुहुन** तथा नगरका सम्पदा क्षेत्र र खुल्ला क्षेत्रहरूमा गरिएका **अव्यवस्थित पार्किङ्ग यथाशीघ्र अन्यत्र सार्न**समेत सम्बन्धित सबै नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ।

# एमसीसीको विरोधमा नेमकिपाको विशाल जुलुस, नेपाललाई साम्राज्यवादको क्रिडाभूमि नबनाउन चेतावनी

नेपाल मजदुर किसान पार्टीले फागुन १३ गते दसौं हजार जनसमुदायको सहभागितामा संरा अमेरिकी नेतृत्वको हिन्द–प्रशान्त रणनीतिअन्तर्गतको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौताको विरोधमा राजधानीमा विशाल विरोध जुलुस गरेको छ। रत्नपार्कबाट सुरु भएको जुलुस महाराजगञ्जस्थित नेपालस्थित संरा अमेरिकी राजदूतावास पुगेर विरोध पत्र बुझायो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालको नेतृत्वमा गएको प्रमण्डलले सो विरोध पत्र बुझाएको हो। *(विरोधपत्र पृष्ठ ४९ मा)*

दूतावासका सुरक्षा अधिकारीलाई विरोधपत्र हस्तान्तरण गरिए पछि आयोजित जनसभामा पार्टी सचिव सुवालले एमसीसी सम्झौता खारेज गर्नुपर्ने नेपाली जनताको माग संरा अमेरिकी सरकार र नेपाल सरकारले पूरा गर्नुपर्ने बताउनुभयो।

५० करोड अमेरिकी डलर देशको सार्वभौमिकताभन्दा ठूलो हुन नसक्ने चर्चा गर्नुहुँदै उहाँले एमसीसी सम्झौता नेपालको संसदले अस्वीकृत गर्नुपर्छ भन्नुभयो।

अमेरिकी सैन्य गठबन्धन विश्व शान्तिको निम्ति चुनौती बनिरहेको उल्लेख गर्नुहुँदै पार्टी सचिव सुवालले साम्राज्यवादी युद्ध अभ्यासले कुनै पनि स्वाधीन र सार्वभौम देशको निम्ति हित नहुने बताउनुभयो।

सचिव सुवालले भन्नुभयो, 'नेपाल सरकार र अमेरिकी सहयोग निगम भनिएको मिलेनियम च्यालेन्ज कर्पोरेसनबीचको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (सम्झौता) अमेरिकी सैन्य नेतृत्वको हिन्द–प्रशान्त रणनीतिअन्तर्गतको हो। यो सम्झौतामार्फत अमेरिकाले यस क्षेत्रमा आतङ्क र युद्धको स्थिति खडा गर्ने तथा हतियार बिक्री गर्ने नियत राखेको देखिन्छ।'

अमेरिकी राष्ट्रपति ट्रम्पले सन् २०१७ मा भियतनाममा 'हिन्द–प्रशान्त रणनीति' (आइपीएस) सैन्य गठबन्धन भएको बताएको प्रसङ्ग चर्चा गर्नुहुँदै उहाँले हाल भारत भ्रमणमा रहेका राष्ट्रपति ट्रम्पले भारतसँग ३ अर्ब डलरको हतियार बिक्री गर्ने सम्झौता गरेको बताउनुभयो।

एमसीसी सम्झौतामा भारतको सहमति चाहिने र नेपालको कानुनभन्दा यो सम्झौता नै बलियो हुने प्रावधान नेपालको हितविपरीत हुने उल्लेख गर्नुहुँदै उहाँले भारतले नेपालको जलविद्युत् कब्जा गरी बंगलादेश, मलेसिया, सिङ्गापुरसम्म बेच्ने नियत सहित अमेरिकालाई अगाडि सारी यो सम्झौता गराउन खोजेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'यो सम्झौतामार्फत नेपाल अमेरिकी नेतृत्वको हिन्द–प्रशान्त सैन्य गठबन्धनमा संलग्न हुनु असंलग्नताको सिद्धान्तविपरीत हो। यही समयमा हामीले नेपाल सरकारलाई पनि देश हितविपरीतको यो एमसीसी सम्झौता खारेज गर्न र संसदबाट अनुमोदन नगर्न खबरदारी गराउन चाहन्छौँ।'

सचिव सुवालले भन्नुभयो, 'सम्झौता स्वीकार गर्नु नेपालको सार्वभौमिकतामाथि अमेरिकी र भारतीय हस्तक्षेपलाई स्वीकार गर्नु हो, देशघाती सम्झौता नेपालको संसद्ले अनुमोदन गर्नुहुँदैन, खारेज गर्नुपर्छ।'

सचिव सुवालले भन्नुभयो, 'अमेरिकाको सहयोग पाएका दक्षिण कोरिया, जापान, इराक, लिबिया, सिङ्गापुर, कतार, फिलिपिन्स, साउदी अरबलगायत देशमा आज अमेरिकी सेना परेड खेल्दै छन्, यो सम्झौता कार्यान्वयनसँगै भोलि नेपालमा अमेरिकी सेना तैनाथ गरिनेछ।'

एमसीसी सम्झौता नेपालको संविधान र कानुनभन्दा माथि भएको हुँदा सो सम्झौता लागू नगर्न र नगराउन नेपाली



जनताको प्रतिनिधित्व गर्दै विरोध पत्र बुझाएको उहाँले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले देशमा सङ्कट परेको बेला देशको स्वाधीनता र सार्वभौमिकता जोगाउन देशभक्त जनताले सहयोग गरिरहेको स्मरण गर्नुहुँदै अमेरिकी साम्राज्यवादविरुद्ध अन्तिम घडीसम्म लडिरहने विश्वास व्यक्त गर्नुभयो ।

श्रीलंकाले एमसीसीको सम्झौता स्थगित गरेको कुरा लाचार नेपाल सरकारलाई के थाहा नभएको हो र भनी प्रश्न गर्नुहुँदै उहाँले एमसीसी सम्झौता संसद्ले कुनै हालतमा अनुमोदन गर्न नहुने बताउनुभयो ।

साम्राज्यवादी देश अमेरिकाले संसारका ७० भन्दा बढी देशमा आठ सय बढी सैन्य अखडा तैनाथ गरेको उल्लेख गर्नुहुँदै केन्द्रीय सदस्य थापामगरले अमेरिकी राष्ट्रपति ट्रम्प संसारका सबभन्दा ठूला र भारतका प्रधानमन्त्री मोदी संसारका सहायक आतङ्कवादी भएको बताउनुभयो ।

नेपालको नक्सालाई केक बनाएर जन्मदिन मनाउने ओलीमाथि देशद्रोहको मुद्दा चलाउनुपर्ने नेपाली जनताको माग रहेको उल्लेख गर्नुहुँदै उहाँले एमसीसी सम्झौतामा हस्ताक्षर गर्ने तत्कालीन देउवा सरकारका अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र नेकपाका वर्तमान परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली अपराधी हुन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् बाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले शासकहरू अमेरिकी साम्राज्यवादसामु झुकेर एमसीसी सम्झौता गरेमा त्यसविरुद्ध लड्ने तागत नेपाली जनतामा रहेको बताउनुभयो ।

नेपालस्थित अमेरिकी राजदूतावासमा बुझाइएको विरोधपत्र वाचन गर्नुहुँदै उहाँले एमसीसी सम्झौताविरुद्धको जुलुस प्रदर्शनका समाचार साम्राज्यवादविरोधी सञ्चारमाध्यमले प्रचारप्रसार गरेर सहयोग गर्ने र साम्राज्यवादविरोधी जनताले ऐक्यबद्धता जनाउने विश्वास व्यक्त गर्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवालले विदेशी सहयोग र ऋणले कुनै पनि स्वाधीन र सार्वभौम देश विकास नभएको उल्लेख गर्नुभयो ।

स्वाधीन र सार्वभौम देशलाई दलाल र मगन्तेहरूको देश बनाउन नहुनेमा जोड दिनुहुँदै उहाँले भन्नुभयो, 'अमेरिकाले संसारका विभिन्न देशमा आतङ्क मचाउँदै छ, न्यायप्रेमी देशभक्त जनताको हत्या गरिरहेको छ ।'

एसिया महादेशमा आफू एक्लैले प्रभाव क्षेत्र जमाउन नसक्ने देखेपछि अरू देशको सैन्य गठबन्धनमा अमेरिका लागेको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'विदेशीसामु झुकेर ऱ्याल चुहाउनु गलत हो, विदेशी सहयोगको नाउँमा उपनिवेश बनाउने कामको विरोध गर्नु सबै स्वाधीनताप्रेमी र देशभक्त जनताको कर्तव्य हो ।'

उहाँले नेपाल र नेपाली जनता साम्राज्यवादीहरूका दास नभएको चर्चा गर्नुहुँदै एमसीसी सम्झौता दासताको दस्तावेज हुन सक्ने बताउनुभयो ।

नेपाल सरकारले साम्राज्यवादीसामु झुकेर सरकारको इज्जत फाल्न नहुने उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'नेपालको संविधान नेपाली जनताको बलिदान, भावना र विचारसित गाँसिएको छ, नेपालको संविधान अमेरिकाको संविधानभन्दा तल छैन ।'

नेपाल क्रान्तिकारी विद्यार्थी संघका पूर्वअध्यक्ष नीरज लवजूले संसारका मुलुकमा अशान्ति र आतङ्क मच्चाउने देश साम्राज्यवादी अमेरिकाविरुद्धको जुलुस प्रदर्शन नेपालमाथि गिद्देदृष्टि लगाउने कुनियतमाथि चुनौती भएको बताउनुभयो ।
अशान्तिका कारक संरा अमेरिकाले नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने दुस्साहस नेपाली जनताको निम्ति सह्य नहुने विचार व्यक्त गर्नुहुँदै उहाँले नेपाली भूमिमा आँखा गाड्ने साम्राज्यवादी र विस्तारवादीहरूविरुद्ध हजारौँ योद्धाहरू लड्न तयार छन् भन्नुभयो ।

कुनै सरकारको भीखले देश विकास नहुने हुँदा नेपालीहरूको आफ्नै श्रम, सीप, ज्ञान र मिहिनेतले नेपालको विकास गर्नसक्ने उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'सरकारले नेपाली जनताको विश्वास जित्नुपर्छ, साम्राज्यवादी अमेरिकाको पाउ मोलेर होइन ।'

विरोधपत्र बुझाउनुअघि रत्नपार्कबाट सुरु भएको न्यायप्रेमी मजदुर, किसान, महिला, युवा, विद्यार्थी, प्राध्यापक, शिक्षक, बुद्धिजीवी, उद्योगी, व्यवसायी, व्यापारी, कर्मचारी तथा सर्वसाधारण जनताको हजारौँ जनसमुदाय सहभागी सो जुलुस भोटाहिटी, जमल, नारायणहिटी दरबार, नागपोखरी, भाटभटेनी, विशालनगर, चुनदेवी, टुँडादेवी हुँदै महाराजगञ्जस्थित अमेरिकी दूतावास क्षेत्रमा पुगेर सभामा परिणत भएको थियो ।

रत्नपार्कको भेलामा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले एमसीसी सम्झौताविरुद्धको जुलुस प्रदर्शनले सम्झौता खारेज गर्न सरकारको होस खोल्ने विचार व्यक्त गर्नुभयो ।

एमसीसी सम्झौता खारेज नभएसम्म आन्दोलन जारी राख्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'भारतको सहमतिमा अमेरिकाले नेपालको सार्वभौमिकतामा आँच पुऱ्याउने काम गरेको हो । साम्राज्यवादी र विस्तारवादी देशहरूको बरोबर हस्तक्षेप भइरहे पनि सरकारको होस अझै खुलेको छैन ।'

उहाँले भन्नुभयो, 'देश र जनताको अहित या विपक्षमा सरकारले कुनै सम्झौता गर्नुहुँदैन ।'

नेक्राविसंघका केन्द्रीय अध्यक्ष सविन ख्याजूले जुलुस प्रदर्शन र विरोधपत्र बुझाउनुपर्ने उपादेयताबारे चर्चा गर्नुहुँदै नेमकिपाद्वारा प्रकाशित मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौता खारेजको मागसहितको अपिल वाचन गर्नुभएको थियो ।
जुलुसमा एमसीसी सम्झौता खारेज गर, आतङ्क र युद्ध बन्द गर, देश बेच्न पाइँदैन, अमेरिकी साम्राज्यवाद मूर्दावाद, सैन्य गठबन्धन चाहिँदैन, भारतीय विस्तारवाद मूर्दावाद, विदेशी पूँजीका दलालहरू मूर्दावाद, नेमकिपा जिन्दावाद आदि नारा लगाइएको थियो ।

जुलुस नेमकिपाका सचिव प्रेम सुवाल, केन्द्रीय सदस्यहरू सुनिल प्रजापति, डिल्लीप्रसाद काफ्ले, नारायण महर्जन, सनकमान महर्जन आदिको नेतृत्वमा भएको थियो ।

# नेमकिपाको विरोध पत्र

महामहिम राष्ट्रपति डोनाल्ड ट्रम्पज्यू,
संयुक्त राज्य अमेरिकी सरकार,
वासिङ्टन, संयुक्त राज्य अमेरिका ।

मार्फत्,
महामहिम राजदूत,
संरा अमेरिकी राजदूतावास
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

महामहिमज्यू,

नेपाल मजदुर किसान पार्टीका हामी नेता-कार्यकर्ता तथा समाजको विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने नागरिकहरू राजधानी सहरमा आज अपरान्ह विरोध ऱ्यालीपश्चात् संरा अमेरिकी राजदूतावास अगाडि भेला भएका छौं । संरा अमेरिकाको सहस्राब्दी चुनौती परियोजना (एमसीसी) र नेपाल सरकारबीच भएको सम्झौता यस क्षेत्रको शान्ति र विकासअनुकूल नभएकोले उक्त सम्झौताको विरोध एवम् भर्त्सना गर्दै महामहिम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नाममा लेखिएको विरोध-पत्र महामहिमसमक्ष हस्तान्तरण गर्न हामी यहाँ भेला भएका हौं । विगत पाँच महिना यतादेखि एमसीसी सम्झौताको खारेजीको माग गर्दै संरा अमेरिकाको हिन्द-प्रशान्त रणनीतिविरुद्ध नेपाली जनता निरन्तर आवाज उठाउँदै छन् ।

यो सम्झौता नेपालको राष्ट्रिय स्वार्थविपरीत छ । यसले देशको सार्वभौमिकता तथा राष्ट्रिय स्वतन्त्रतामाथि आँच पुऱ्याउने छ । नेपाली जनता यो सम्झौतालाई अस्वीकार गर्दछन् । नेपाल र नेपाली जनताले अन्तर्राष्ट्रिय क्षेत्रमा असङ्लग्नताको नीति अवलम्बन गर्दै आएको जगजाहेर छ ।

सारा विश्वलाई अवगत छ कि नेपालले कुनैपनि सैनिक गठबन्धनमा कहिल्यै सहभागिता जनाएन र जनाउने चाहनासमेत कहिल्यै देखाएन । एमसीसी संरा अमेरिकाको हिन्द-प्रशान्त रणनीतिअन्तर्गतको सैनिक परियोजना पनि हो । नेपाल र नेपाली जनता सर्तसहितको सहायतामा विश्वास गर्दैनन् । कुनैपनि आवरणमा नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नेपाललाई स्वीकार्य छैन । कुनै शक्ति राष्ट्रले नेपाली भूमिलाई 'स्प्रिङ बोर्ड' बनाउन खोजेको नेपालीलाई स्वीकार्य हुने छैन । संसारका विभिन्न भागमा तैनाथ संरा अमेरिकी सैन्य अखडानै विश्व शान्तिको निम्ति ठूलो खतरा हो भन्नेबारे विश्वकै न्यायप्रेमी जनता प्रस्ट छन् । नेपाली जनता यस क्षेत्रमा अमेरिकी सैन्य अखडा निर्माण होस् भन्ने पक्षमा छैनन् । एमसीसी तथा सैन्य रणनीतिअन्तर्गतको अनुदानमा लुकेको संरा अमेरिकी नेतृत्वको सैन्य गठवन्धनको हामी स्पष्ट शब्दमा विरोध गर्दछौं । देशको सार्वभौमिकता एवम् स्वतन्त्रताको रक्षा गर्न हामी नेपाली जनता हरदम संघर्षरत रहने छौं, जुन इतिहासमा लामो समयदेखि गर्दै आइरहेका छौं ।

हामी पुनः जोडका साथ भन्छौं कि नेपाली जनता साम्राज्यवादी अत्याचार, दमन या युद्धमा होइन देशभित्र शान्ति, एसियामा शान्ति तथा विश्व शान्तिप्रति दृढ छन् । एसियामा ध्वंश मच्चाउने या युद्ध भड्काउने अथवा हतियार व्यापारमार्फत विश्व शान्तिमा खलल पुऱ्याउने कुनैपनि प्रस्ताव हाम्रो निम्ति स्वीकार्य छैन । राष्ट्रिय स्वतन्त्रता, सम्प्रभुताको रक्षा, शान्ति तथा समृद्धिको पक्षमा निरन्तर संघर्षरत नेपाली जनताको भावनासँग एमसीसी सम्झौता पटक्कै मेल खाँदैन । नेपाली जनता सह-अस्तित्व, आपसी सहयोगमा विश्वास गर्दछन् । हामी त्यस्तो मित्रवत् सम्बन्धको पक्षमा छौं जुन आपसी लाभ, समानता र आपसी सम्मानको बलियो जगमा आधारित होस् ।

तसर्थ, नेपाल सरकारसँगको एमसीसी सम्झौता खारेज गर्न र नेपालको सम्प्रभुत्ताको यथोचित सम्मान गर्न संरा अमेरिकी सरकारलाई आह्वान गर्दछौं । यो कदम दुवै देशको निम्ति हितकर हुनेछ । यो बुद्धिमानीपूर्ण पाइलाले मात्र लामो समयदेखि कायम रहँदै आएको नेपाल र संरा अमेरिकाबीचको सम्बन्ध तथा नेपाली जनता र संरा अमेरिकी जनताबीचको सम्बन्धलाई सुमधुर बनाउने छ ।

नेपाली जनताको सशक्त आवाजका साथ,
प्रेम सुवाल
सचिव, नेमकिपा
सदस्य, संघीय संसद्

## भक्तपुर जिल्लाव्यापी धिमे बाजा प्रतियोगिता–२०७६ भव्यताका साथ सम्पन्न

# 'भक्तपुरका हरेक नागरिक कलाकार'

भक्तपुर नगरपालिकाद्वारा आयोजित भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण र सम्बर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर जिल्लाव्यापी दुईदिने धिमे बाजा प्रतियोगिता सफल र भव्यताका साथ सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा माघ २६ गते धिमेबाजा प्रतियोगिताको समापन तथा विजयी टोलीहरूलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो ।

पुरस्कार वितरण समारोहमा बोल्नुहुँदै नेता बिजुक्छेँले नगरपालिकाद्वारा आयोजित धिमे बाजा प्रतियोगिताका प्रतिस्पर्धीहरू अधिकांश नयाँ पुस्ताका युवाहरू रहेको उल्लेख गर्नुहुँदै भक्तपुरका जनताको राजनैतिक र सांस्कृतिक स्तर बिस्तारै बढ्दै गएको छ भन्नुभयो । उहाँले भक्तपुरका हरेक नागरिकलाई कलाकारको संज्ञा दिनुहुँदै आफूले सिकेको सीप र ज्ञान सधैं जीवनउपयोगी हुने बताउनु भयो ।

भक्तपुर नपाले मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय सञ्चालनको स्वीकृतिको लागि माग गरिरहेको चर्चा गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरभित्र भारी सवारीसाधन निषेध गर्ने निर्णय स्वागतयोग्य भएको बताउनुभयो ।

समारोहका सभापति एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले सांस्कृतिक प्रवर्द्धनमा नयाँ पुस्तालाई अगाडि सार्नुपर्ने बताउनहुँदै भक्तपुर नपाले भक्तपुरको संस्कृति प्रवर्द्धन र संरक्षणमा अग्रणी भूमिका खेल्ने संस्कृतिकर्मीहरूको सम्मान गर्दै आइरहेको बताउनुभयो । उहाँले सांस्कृतिक नगर भक्तपुरमा फागुन १ गतेदेखि निश्चित समयको लागि भारी सवारीसाधन प्रवेश निषेधको योजना अगाडि सारेको बताउनुभयो ।

नेमकिपा बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले प्रतियोगिता निकै उल्लासमय ढंगले सञ्चालन भएको बताउनुहुँदै धिमे बाजामार्फत समाजमा भएका विभिन्न किसिमका सामाजिक र राजनीतिक विकृति विरोध गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो । नेपाली कांग्रेसले पञ्चायती बाटो नै पछ्याइरहेको छ भन्नुहुँदै उहाँले पञ्चायत, नेका र नेकपा सरकार 'गाँसे गुसे एकै नासे' हुन् भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरलाई जीवन्तता दिन सांस्कृति प्रतियोगिताले थप योगदान पुऱ्याउने बताउनुहुँदै भक्तपुर महोत्सवमा समाविष्ट गरिने सांस्कृतिक कार्यक्रमहरूबारे जानकारी गराउनुभयो ।

उहाँले भक्तपुर भूकम्पीय जोखिममा रहेको क्षेत्र भएको र नपाद्वारा सञ्चालित कलेजहरूमा भूकम्प इन्जिनियरिङ विषयको अध्ययन–अध्यापन भइरहेको छ भन्नुभयो । नयाँ पुस्तालाई कुलतबाट जोगाउन विभिन्न प्रतियोगिता र गतिविधिमा संलग्नता बढाइरहनुपर्ने बताउनुहुँदै उहाँले अस्पतालजस्तो





संवेदनशील क्षेत्रमा कुनै किसिमको लापरवाही हुन नहुनेतर्फ सजग पार्नुभयो ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष तथा धिमेबाजा प्रतियोगिता संयोजन समितिका सदस्य उकेश कवांले धिमेबाजाको विकास र प्रवर्द्धनमा अग्रजको भूमिका उल्लेखनीय भएको बताउनुहुँदै मानव सभ्यताको विकासको निम्ति निरन्तर लागिरहनुपर्ने बताउनुभयो । नयाँ पुस्तामा विदेशी वाद्यवादनमा आकर्षण बढिरहनु चिन्ताको विषय भएको औंल्याउनुहुँदै उहाँले नेपालको गीत–संगीतलाई बचाइराख्न नयाँ पुस्तालाई क्रियाशील बनाइराख्नु आजको आवश्यकता हो भन्नुभयो ।

उक्त समारोहमा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले भक्तपुर देशकै सांस्कृतिक महत्त्व बोकेको ठाउँ भएको बताउनुहुँदै भक्तपुर नपाले केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी भएको स्रोत–साधनको अधिकत्तम उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् धिमेबाजा प्रतियोगिता संयोजन समितिका सदस्य रबिन्द्र ज्याख्व, भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, निर्णायक मण्डलका सदस्य शेषनारायण महर्जन र शारदा......ले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा प्रथम हुन सफल टोलीलाई नगद रु. ३०,०००l–, धिमे १ थान, भुछ्या १ जोडी, सिछ्या १ जोडी, द्वितीय स्थान हासिल गरेको टोलीलाई नगद रु. २५,०००l–, धिमे १ थान, भुछ्या १ जोडी, तृतीय स्थानको टोलीलाई नगद रु. २०,०००l–, धिमे १ थान, सिछ्या १ जोडी र सान्त्वना हुन सफल दुईवटा टोलीलाई नगद रु. १०,०००l–, धिमे १ थान, भुछ्या १ जोडी प्रदान गरिएको थियो । प्रतियोगितामा मध्यपुर थिमिको गुङ्ग चिवा धिमे खल र सूर्यविनायक नपाको पाण्डोबजार धिमाय बाजा खललाई प्रोत्साहन पुरस्कार दिइएको थियो ।

प्रतियोगितामा सहभागी सबै टोलीलाई भुछ्या १ जोडी र खाजा खर्च रु. २०००l– प्रदान गरिएको उक्त समारोहमा निर्णायक मण्डलका सदस्य, धिमेबाजा प्रतियोगिता संयोजन समितिका सदस्य, बजार परिक्रमा मूल्यांकनकर्ताहरूलाई मायाको चिनोसहित प्रशंसा पत्र प्रदान गरिएको थियो ।

नगरपालिकाको आयोजनामा भएको धिमे बाजा प्रतियोगितामा भक्तपुर नगरपालिकाबाट–६०, चाँगुनारायण नपाबाट–१३, सूर्यविनायक नपाबाट–२ र मध्यपुर थिमी नपाबाट–२ गरी ७७ बाजा समूह टोलीले सहभागिता जनाएका थिए । त्यसमध्य ७२ समूहले प्रतियोगितामा भाग लिएका थिए ।

### उद्घाटन

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने मूल नारा बोकेको भक्तपुर नपाको आयोजनामा दुई दिने भक्तपुर जिल्लाव्यापी धिमे बाजा प्रतियोगिता–२०७६ को उद्घाटन दत्तात्रयमा माघ २५ गते भयो ।

उद्घाटन कार्यक्रममा सम्बोधन गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले सांस्कृतिक प्रतियोगिताहरूले यहाँका कला र संस्कृति बचाइराख्न मद्दत पुऱ्याउने र प्रतियोगी टोलीमा उत्साह थप्नुका साथै आपसी सम्बन्ध कायम गर्न मद्दत पुग्ने बताउनुभयो ।

शक्तिशाली भूकम्पहरूमा माटो जडित घरबाट हुने क्षति र हानी सिमेन्टबाट बनेका घरको तुलना कम हुने बताउनुहुँदै सांसद सुवालले भक्तपुरलाई 'सांस्कृतिक राजधानी' को रूपमा विकास गर्दै लैजानुपर्नेमा जोड दिनुभयो ।

उहाँले सम्पदा संरक्षणसँगसँगै पर्यटन उद्योगको विकास पनि हुँदै जाने बताउनुहुँदै सरकारले उपत्यकालगायतका सांस्कृतिक सम्पदा संरक्षणमा विशेष प्राथमिकता दिएर अगाडि बढ्नुपर्छ भन्नुभयो । ➲➲



# धिमे बाजा प्रतियोगिताको सिंहावलोकन

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०७६ माघ २५ र २६ गते सम्पन्न जिल्लाव्यापी धिमेबाजा प्रतियोगिताको सिंहावलोकन भनपा प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भनपाको सभाकक्षमा फागुन ७ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले धिमेबाजा प्रतियोगिता गर्नुको मुख्य उद्देश्य भक्तपुर नगरलाई सांस्कृतिक केन्द्र बनाउनु रहेको बताउनुहुँदै नगरको पुरानो पहिचान र संस्कृति बचाउनका लागि यस्ता किसिमको प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

लोप हुन लागेको सांस्कृतिक सम्पदालाई जीवन्तता दिन युवा पुस्तालाई पुरानो सीप हस्तान्तरण र पुस्तान्तरण गर्न आवश्यक भएको उल्लेख गर्नुहुँदै उहाँले धिमेबाजा प्रतियोगितामा जनसहभागिता उत्साहजनक हुनुनै सफलता भएको औंल्याउनुभयो ।

प्रमुख प्रजापतिले मूल्यांकन टोलीमा रही सहयोग गर्नुहुने निर्णायक मण्डल, संयोजक समिति, कर्मचारीहरू तथा जनसमुदायलाई आभार प्रकट गर्नुभयो ।

वडा नं. ९ को वडाध्यक्ष रबिन्द्र ज्याख्वले नेमकिपाको स्थानीय निर्वाचन २०७४ मा प्रस्तुत घोषणापत्र अनुसार हरेक वर्ष सांस्कृतिक प्रतियोगिता आयोजना गर्दै आएको बताउनुहुँदै नगरको नाचगान, बाजागाजा रात्रीकालीन समयमा प्रस्तुत गर्ने



वातावरण तयार गर्न नगरपालिका लागिपरेको बताउनुभयो ।

सिंहावलोकन कार्यक्रममा मूल्यांकनकर्ता र संयोजन समितिका सदस्यहरूले आ-आफ्नो राय सुझाव प्रस्तुत गर्नुहुँदै ७७ वटा टोलीले भाग लिनु उदाहरणीय कार्य भएको उल्लेख गर्नुहुँदै आगामी दिनमा यस्ता कार्यक्रम गर्दा सूचना प्रवाह र प्रचार प्रसारलाई व्यापक बनाउनुपर्ने र कार्यक्रमलाई आर्काइभ गरी दस्तावेजको रूपमा राख्नुपर्ने विचार राख्नुभयो ।

उद्घाटन समारोहमा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरको कला-संस्कृतिलाई अनन्तकालसम्म जोगाइराख्न यहाँको कला, संस्कृति, भाषा आदिको संरक्षणमा नपाले अग्रणी भूमिका खेलिरहेको बताउनुभयो ।

नपाको आयोजनामा भएको धिमेबाजा प्रतियोगितामा भक्तपुर जिल्लाभरिबाट ७७ वटा बाजा समूहको सहभागिता रहनु खुसीको कुरा हो- उहाँले भन्नुभयो ।

भक्तपुर महोत्सवमा पनि विभिन्न बाजा प्रतियोगिता गर्ने योजना रहेको उल्लेख गर्नुहुँदै उहाँले सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० सफल पार्न वर्षभरि पर्यटक केन्द्रित विभिन्न गतिविधि सञ्चालन गर्दैछ- भन्नुभयो ।

उहाँले भक्तपुरलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रदर्शन गर्न लायक सहरको रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो ।




## उद्घाटन र्‍याली

प्रतियोगिताको उद्घाटन अघि भक्तपुरको दुधपाटी इनागबाट सहभागी टोलीहरूसहितको र्‍याली शुरु भएको थियो । र्‍याली शुरु हुनु अघिको भेलामा नेमकिपा बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले प्रतियोगिताको सफलताको कामनाका साथ सम्पदा र संस्कृति संरक्षणमा भक्तपुर नपाको कदम प्रशंसनीय भएको बताउनुहुँदै कला र संस्कृति संरक्षणमा जनताको हातेमालो आवश्यक भएको बताउनुभयो ।

हाम्रो कला, संस्कृति र सम्पदा नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्ने आवश्यकता औंल्याउनुहुँदै सांसद गोसाईले बाजागाजा र नाचगानले जीवन र सिङ्गो सहरलाई जीवन्त बनाउँछ भन्नुभयो ।

उपप्रमुख रजनी जोशीले संस्कृतिकर्मीहरूले आफूले सिकेको कला नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुहुँदै भक्तपुरलाई कला र संस्कृतिको जीवन्त नगरको रूपमा परिचित गराउने उद्देश्यसहित नगरपालिका अगाडि बढिरहेको बताउनुभयो ।

धिमेबाजा प्रतियोगिताको उद्घाटन र्‍याली भनपा-१ इनागबाट शुरु भई दत्तात्रयमा पुगी सभामा परिणत भएको थियो । प्रतियोगीहरूले बाजा बजाएर नगर परिक्रमा गर्ने क्रममै मूल्यांकनकर्ताहरूले विभिन्न ठाउँहरूमा बसेर स्थलगत मूल्यांकन गरेका थिए ।

## अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताका केही झलक









## अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताका केही झलक









## अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताका केही झलक














*"Creation of predecessors - Our art and culture"*


भक्तपुर महोत्सव २०७६
MDNOTC

# डतापोल सम्बन्धी अन्तरक्रिया कार्यक्रम र भूकम्पको असर


चित्र नं.१



चित्र नं.२


चित्र नं.३


चित्र नं. ४

चित्र (१) डतापोलसम्बन्धी अन्तरक्रिया कार्यक्रम (२) डतापोलका छानाहरू घडीको सुइको दिशातिर बटारिएको (क) दोश्रो तलाको छाना - ०.१५° (ख) तेश्रो तलाको छाना - ०.२९° (ग) चौथो तलाको छाना - ०.८५° (घ) पाँचौ तलाको छाना - ३.२५° ।
चित्र ३ र ४ पाँचौ तलाको छाना मुनिका क्षतिग्रस्त भित्ताहरू

# भक्तपुर नपाका केही गतिविधि तस्बिरमा









भक्तपुर नपाको पाक्षिक सरसफाइ कार्यक्रम : अरनिको सभा भवन निर्माण स्थल, देकोचामा (माथि, फागुन १ गते) र कम्पोस्ट प्लान्ट परिसर, वडा नं ५ मा (तल, फागुन १५ गते)

## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति राष्ट्रिय सभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको बैठकमा सिंहध्वाका दरबार पुन:निर्माण सम्बन्धी छलफलमा (फागुन ७ गते)




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति आरम्भ नेपालद्वारा आयोजित पुस्तक प्रदर्शनीमा भक्तपुर महोत्सवबारे अन्तरक्रिया कार्यक्रममा (फागुन ३ गते)



हालै पुन:निर्माण सम्पन्न वडा नं. ५ को कुमारी पाटी



पुन:निर्माणको अन्तिम चरणमा पुगेको वडा नं. ९ को च्याम्हासिंह ध्वाका

# जिल्लाव्यापी धिमेबाजा प्रतियोगितामा सहभागीहरू

| क्र.सं. | सांस्कृतिक टोली | ठेगाना | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| १ | ख्वप: संगित संस्थान | भेलुखेल-५, भक्तपुर | इन्दिरा लाछिमस्यु |
| २ | गुरु महाराज धिमे खल: | दत्तात्रय-९, भनपा | कृष्णगोपाल लाछिमस्यु |
| ३ | विश्वकर्मा धिमे बाजा खल: | तौलाछे-९, भनपा | पृथ्वीनारायण प्रजापति |
| ४ | वेगविनायक गणेश दाफा भजन (ख) | छालिङ-५ चाँनपा, भक्तपुर | कृष्णलाल त्यात |
| ५ | दत्तात्रय मको धिमे बाजा खल: | मको-९, भनपा | कृष्ण गुज |
| ६ | श्री गणेश दाफा भजन समूह | छालिङ-५ चाँनपा, भक्तपुर | रञ्जन लागेजू |
| ७ | चोङा गणेश धिमे खल:(ख) | सल्लाघारी-१ | किरण शिल्पकार |
| ८ | श्री एकान्त कुमारी सांस्कृतिक खल: (ख) | चासुखेल-५, भक्तपुर | चिनियाँलाल माक |
| ९ | नाटेश्वर धिमे खल: | कमलविनायक-१०, भनपा | सुशान्त नायजु |
| १० | श्वेत भैरव धिमे खल: | जेंला-८, भक्तपुर | सुकराम फेलू |
| ११ | याछें कुठुमला धिमा खल: | याछें-६, भक्तपुर | कृष्णमोहन सिजख्व |
| १२ | अष्टमातृका धिमे खल: | क्वाठण्डौ-१०, भक्तपुर | पुण्यराम बोहजू |
| १३ | मंगलाछे धिमाय् खल: | मंगलाछे-४, भक्तपुर | जयकुमार कर्माचार्य |
| १४ | अजिमाया धुकु धिमाय् खल: | तेखाचो-३, भक्तपुर | रामप्रसाद बखुन्छे |
| १५ | ब्रम्हायणी धिमे खल: | इथाचा-९, भनपा | सुमन प्रजापति |
| १६ | बासु मावि | ब्यासी-२, भक्तपुर | |
| १७ | विश्वकर्मा धाँ बाजा खल: | तौलाछेँ-९, भनपा | विष्णुप्रसाद प्रजापति |
| १८ | श्री एकान्त कुमारी सांस्कृतिक खल:(क) | चासुखेल-५ ,भक्तपुर | प्रेमबहादुर माक |
| १९ | गुङ्चिवा धिमे | गुङ्चिवा-६, मध्यपुर थिमि | जितेन्द्र प्रजापति |
| २० | श्री नवदुर्गा दाफा भौर भजन | इनाचो -७, भक्तपुर | अमन बनमाला |
| २१ | दत्तात्रय धिमे खल: | दत्तात्रय-९, भनपा | कृष्णगोपाल लाछिमस्यु |
| २२ | एभरेष्ट इङ्गलिस स्कुल | मिवाछें-२, भक्तपुर | भक्तराज भण्डारी |
| २३ | नसंचा नास: बाजागाजा बहुउद्देश्यीय स.सं | क्वाठण्डौ-१०, भक्तपुर | राजेन्द्र जरेजू |
| २४ | चम्पक धिमे खल: | चाँनपा-४, भक्तपुर | रोहन श्रेष्ठ |
| २५ | भिगु नेवा: संस्कृति बाजा खल: | भक्तपुर, दूधपाटी | रोजिन तचामो |
| २६ | विश्वकर्मा बाँसुरी बाजा खल: | तौलाछेँ-९, भनपा | राजेन्द्र प्रजापति |
| २७ | कोलाछें गणेश धिमे खल: | भनपा-३, भक्तपुर | रामराजा गोरा |
| २८ | भक्तपुर सहकारी साकोस | दुगुरे-९, भनपा | सत्यनारायण साँय्जु |
| २९ | मानन्धर धिमे खल: | साकोलान-९, भनपा | विष्णुबहादुर मानन्धर |
| ३० | जितपुर संस्कृति विकास समाज | चाँनपा-८ | विकल श्रेष्ठ |
| ३१ | घट्खा दाफा धिमाय् खल: | घट्खा-३, भक्तपुर | तुल्सीभक्त त्वायना |
| ३२ | गणेश दाफा भजन खल: | भार्वाचो-१, भक्तपुर | मङ्गलबहादुर भैल |
| ३३ | वाकुपति ल्याम्हो पुच | सूर्यमढी-९, भनपा | गोपालसुन्दर गोसाई |
| ३४ | युवा धिमे खल: | भनपा-१० | लक्ष्मीप्रसाद चोलेखो |
| ३५ | वागेश्वरी धिमे खल: | वागेश्वरी-७ चाँनपा, भक्तपुर | सुवीन्द्र धाँजू |
| ३६ | मनकामना धिमा खल: | दुमलाचाँ-४, भक्तपुर | रामप्रसाद बखुन्छें |
| ३७ | जोजोलपा यातु गणेश धिमे खल | कमलविनायक-१०, भक्तपुर | प्रेमकृष्ण मारिखु |

| क.सं. | सांस्कृतिक टोली | ठेगाना | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| ३८ | धांला नगर नेवा: समूह | कटुञ्जे-५ सूनपा, भक्तपुर | रामकृष्ण बखुन्छे |
| ३९ | श्री विष्णुभी भैरवनाथ धिमे बाजा खल: | लाकोलाछेँ-४, भक्तपुर | लक्ष्मीभक्त भेले |
| ४० | कुटुछे धिमा बाजा खल: | बोलाछेँ-४, भक्तपुर | पुष्पलाल सुजखु |
| ४१ | जय दोलखा भीमसेन धिमा खल | चाँनपा, भक्तपुर | रामचन्द्र |
| ४२ | द राइजिङ कल्चर ग्रुप | याछेँ-६, भक्तपुर | कपिल बनेपाली |
| ४३ | तेपुचो दाफा भजन | तेपुचो | कर्णबहादुर शिल्पकार |
| ४४ | बालाखु गणेश धिमे पुच: | ब्यासी-२, भक्तपुर | विष्णुभक्त सुवाल |
| ४५ | श्री इन्द्रायाणी माँ धिमे खल: | खौमा-३, भक्तपुर | प्रकाश शिल्पकार |
| ४६ | प्रभात इ.से. स्कूल | भक्तपुर-६ | इन्दिरा लाछिमस्यु |
| ४७ | मचा पुच धिमे खल: | जेलाँ-८, भनपा | राजेश गोसाई |
| ४८ | याकामी धिमे बाजा खल: | ब्यासी-२, भक्तपुर | संचज्ञान याकामी |
| ४९ | न्हुज धिमे खल: | कमलविनायक-१०, भनपा | रोसन दुमरु |
| ५० | चोङ्गा गणेश धिमे खल: (क) | सल्लाघारी-१, भक्तपुर | कृष्णगोविन्द मुलगुठी |
| ५१ | नसंचा नास: धिमे खल: | क्वाठण्डौ-१०, भक्तपुर | राजेन्द्र जरेजू |
| ५२ | थिमि धिमे पुच: | मध्यपुर थिमि-४, भक्तपुर | अमृत सांय श्रेष्ठ |
| ५३ | श्री नास है: मा बाजा खल:(ख) | भार्वाचो-१, भक्तपुर | श्यामकुमार रजक |
| ५४ | नेप: दे धिमे खल: | नागपोखरी, भक्तपुर | विक्रम दुवाल |
| ५५ | प्रजापति धिमे खल: | नगाँचा-१०, भक्तपुर | राधाकृष्ण प्रजापति |
| ५६ | विश्वकर्मा भैल प्याखं खल: | भ.न.पा.वडा नं.-९ तौलाछे | कृष्णभक्त प्रजापति |
| ५७ | श्री नास है: मा बाजा खल:(क) | भार्वाचो-१, भक्तपुर | श्यामकुमार रजक |
| ५८ | श्री नवदुर्गा धिमे खल: | इनाचो टोल-७, भक्तपुर | बालगोपाल वनमाला |
| ५९ | श्री गण-भैरव धिमे बाजा खल: | झौखेल-२ चाँनपा, भक्तपुर | सुजन दुवाल |
| ६० | ख्वप धिमे खल: | दत्तात्रय-९, भनपा | सुविन गोसाई |
| ६१ | तैकाबु सांस्कृतिक खल: | ताथली-९ , चाँनपा, भक्तपुर | करण वनमाला |
| ६२ | लायकु ध्वाका धिमे खल: | खौमा-३, देगलिने भक्तपुर | साजन ह्योपला |
| ६३ | वेगविनायक गणेश दाफा भजन(क) | छालिङ-५ चाँनपा, भक्तपुर | विकेश सुवाल |
| ६४ | ताथली धिमे खल: | ताथली-९ , चाँनपा, भक्तपुर | विजयराम वनमाला |
| ६५ | श्री गणेश दाफा भजन समूह | छालिङ-५ चाँनपा, भक्तपुर | जगतबहादुर लागेजू |
| ६६ | पाण्डो बजार धिमाय् बाजा खल: | पाण्डोबजार-६, सूनपा | सूर्यभक्त सुवाल |
| ६७ | तुछिमला धिमे खल: | तुछिमला-६, भक्तपुर | अकलबहादुर अवाल |
| ६८ | जेठा गणेश धिमाय् बाजा खल: | बोलाछें-४, भक्तपुर | न्हुछे प्रजापति |
| ६९ | सिद्धि गणेश धिमा खल: | रातोपाटी, चाँनपा-८, भक्तपुर | रोशन राजबाहक |
| ७० | श्रमिक बचत तथा ऋण सहकारी | गोल्मढी-७, भक्तपुर | लक्ष्मण तचामो |
| ७१ | कमलविनायक पाइप लाइन धिमा खल: | पाइपलाइन-१०, भक्तपुर | रामचन्द्र/दामोदर |
| ७२ | इन्द्र सिद्धि गणेश दाफा भजन | गोल्मढी-७, भक्तपुर | रक्की त्वायना |
| ७३ | माहिली ब्रम्हायणी धिमा खल: | डाबु चाँनपा, भक्तपुर | नरेन्द्र श्रेष्ठ/रामचन्द्र |
| ७४ | नगांचा धिमे बाजा खल: | नगाँचा-१०, भक्तपुर | दीपक मगजू |
| ७५ | श्री कुमारी धिमा खल: | क्वाछेँ-५, भक्तपुर | हरिराम बाटी |
| ७६ | निभा युवा क्लव | खिछेँ-५, भक्तपुर | सागर आचार्य |
| ७७ | श्री चण्डेश्वरी धिमे पुच: | टिबुक्छें-५ चासुखेल, भक्तपुर | सुसन त्वानाबासु |

# अमर शहीदको स्मृतिमा अन्तरनगर एथ्लेटिक्स प्रतियोगिता



### समुद्घाटन

छयालीस सालको जनआन्दोलनका अमर शहीदको स्मृतिमा भक्तपुर नगरपालिकाको आयोजनामा भएको अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताको समुद्घाटन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले एक समारोहबीच फागुन ८ गते गर्नुभयो ।



cWolf gf/fo0fdfg lahS5F/f]xt_

फागुन ८ गतेदेखि १२ गतेसम्म हुने प्रतियोगिताको शहीदस्मृति खेलमैदानमा भएको उद्घाटन समारोहका प्रमुख अतिथि बिजुक्छेँले ५ दिने अन्तरनगर खेलकुद प्रतियोगिता पूर्ण सफलताको कामना गर्नुहुँदै खेलाडीहरू देशको स्वतन्त्रता र सार्वभौमिकता रक्षाको निम्ति सधैं तयार रहनुपर्ने बताउनुभयो ।

उहाँले साम्राज्यवादी देशहरूले कमजोर देशमा हमला गर्ने हुँदा आर्थिक रूपले पीछडिएका गरिब देशहरूले साम्राज्यवादीहरूविरुद्ध संघर्ष गर्न सधैं तयारी अवस्थामा बस्नुपर्ने र देशघाती सन्धिविरुद्ध सरकारको विरोध गर्न पनि अग्रसर हुनुपर्ने बताउनुभयो ।

अमेरिकी एमसीसी सम्झौतामा नेपाल फस्नु देशको लागि खतरा भएको औंल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले सरकारको अकर्मन्यताले देशलाई ठूलो हानि पुग्नेतर्फ नेपाली जनता सजग बन्नुपर्ने बताउनुभयो ।



k|d'v ;'gn k|hfklt

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०४६ सालको जनआन्दोलनमा प्रजातन्त्र पुनःस्थापनाको लागि ज्यानको आहुति दिने शहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै भक्तपुर नपाले शहीद दिवसको अवसर पारी प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिताको आयोजना गर्दै आएको बताउनुभयो ।

शहीदहरूप्रति उच्च सम्मान व्यक्त गर्न भक्तपुर नपाले खेलकुद प्रतियोगिताहरू आयोजना गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले अन्तर नगर खेलकुद प्रतियोगिता राष्ट्रिय खेलाडी छनौटको लागि राम्रो अवसर हुनसक्ने बताउनुभयो ।



kb]z ;f+b ;'/]b|/fh uf];fO{

पूर्वाधारको कमीले नेपालका खेलाडीहरूको अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी प्रस्तुती गर्न सक्षम भइनसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले खेलाडीहरूको सल्लाह र सुझावअनुरूप खेलकुदको पूर्वाधार निर्माणमा जोड दिंदै आएको बताउनुभयो ।

बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले २०४६ सालको ऐतिहासिक जनआन्दोलन र त्यसका उपलब्धीबारे नयाँ पुस्तालाई अवगत गराउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै भक्तपुर नपाको आयोजनामा भएको खेलकुद प्रतियोगिता शहीदहरूको योगदान र बलिदानको सम्मानमा आयोजना भएको हो भन्नुभयो । प्रजातन्त्र पुन:स्थापना भएको ३० वर्ष बितिसक्दा पनि नेपाली जनताले प्रजातन्त्रको अनुभूति गर्न नसकेको बताउनुहुँदै सांसद गोसाईंले शासक वर्ग शहीदको सपना पूरा गर्नेभन्दा व्यक्तिगत स्वार्थपूर्तिमा लिप्त रहेको बताउनुभयो ।



k|d'v lhNnf clwsf/L xdsnf kf08]

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले अन्तर नगर प्रतियोगिताले अन्तर नगर समन्वय, सहजीकरण र प्रतिस्पर्धात्मक भावनाको विकास सँगसँगै खेलाडीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा मद्दत पुग्ने बताउनुभयो ।



j8fWoIf Zofds[i0f vqL

कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा भनपा वडा नं. ९ का वडाअध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो । उद्घाटन कार्यक्रममा भ.न.पा.का प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्याल, सैनिक आवासीय महाविद्यालय, भक्तपुरका प्र.से. अनुप शाह, महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानलगायतका अतिथिहरूको उपस्थिति रहेको थियो ।



j8fcWoIf /laGb|Hofv'j

प्रतियोगिताको समुद्घाटनको लागि भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट ऱ्यालीसहित नगरपरिक्रमा गरी शहीदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो । ऱ्यालीमा भक्तपुर नपाका जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, कर्मचारी, स्वयंसेवकहरू तथा विभिन्न विद्यालयका विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा खेलाडीहरूको तर्फबाट ओलम्पियन कान्छीमैयाँ कोजु र निर्णायकहरूको तर्फबाट आशाराम गोठेले खेलकुद प्रतियोगिता अनुशासित ढंगले सम्पन्न गर्न शपथ लिनुभयो ।

# शारीरिक व्यायाम सामग्री चोरी



भक्तपुर नपा वडा नं. १ सिद्धपोखरी प्रवेशद्वारसँगैको शारीरिक व्यायामस्थलमा रहेको ब्यायाम सामग्री माघ २८ गते बिहान चोरी भएको छ ।

भक्तपुर नगरपालिकाले सर्वसाधारण जनताको लागि जडान गरेको शारीरिक व्यायामशालामा भएका विभिन्न व्यायाम सामग्रीमध्येको 'वेट लिफ्टिङ' बिहान करिब ७ बजेतिर चोरी भएको जनाएको छ । उक्त व्यायामसामग्री बिहान व्यायाम गर्ने समयसम्म भएको थाहा हुनगएको छ । चोरी भएको सामान र चोरको खोजतलासी भइरहेको भनपा वडा नं. १ स्रोतले जनाएको छ ।



# अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता सम्पन्न

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा फागुन ८-१२ गतेसम्म सञ्चालित अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको समापन कार्यक्रम फागुन १२ गते शहीद स्मृति खेलमैदानमा सम्पन्न भयो ।

समापन कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि सुवालले खेलकुदमा इमानदारी, अनुशासन, मित्रता, स्वास्थ्य र सार्वभौमिकतासँगै जोडएको हुन्छ भन्नुहुँदै सरकारले खेलकुदलाई विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने, खेलाडीले जितेको पदकलाई शैक्षिक योग्यतासँग समकक्षता प्रदान गर्नुपर्ने र १६ वर्ष नाघेका नेपाली नागरिकहरूलाई सैनिक तालिम दिनुपर्नेमा जोड दिनुभयो ।

मन्त्रीपरिषद्बाट गरेको निर्णयमा अख्तियार नलाग्ने हुँदा सरकारमा बस्ने मन्त्रीहरूले नीतिगत भ्रष्टाचार गरिरहेको भन्नुहुँदै अमेरिकाको आइपीएस अन्तर्गतको एमसीसी सम्झौता नेपालको हित विपरीत भएको उदाहरण दिनुहुँदै उहाँले यो सम्झौता असंलग्नताको नीति विपरीत भएको बताउनुभयो ।

प्रमुख अतिथि सुवालले पूँजीवादी व्यवस्थाले हित नगर्ने हुँदा देशमा औद्योगिक विकासलाई महत्त्व दिनुपर्ने सुझाव दिनुहुँदै नयाँ पुस्तालाई निस्वार्थी र देशभक्त बनाउन खेलकुदले योगदान दिने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपाले २०४६ सालको जनआन्दोलनमा सहादत्त प्राप्त गर्ने शहीदहरूप्रतिको सम्मान स्वरूप हरेक वर्ष खेलकुद प्रतियोगिताको आयोजना गरिंदै आएको बताउनुहुँदै शहीदहरूको बलिदानलाई विर्सन नहुने धारणा राख्नुभयो ।

उहाँले सत्तासीन दलहरूको स्वार्थका कारण देशको नक्सा खुम्चिदै गएको बताउनुहुँदै संसदले एमसीसी सम्झौता अनुमोदन गरे देशको सार्भौमिकता खतरामा पर्ने हुँदा सार्वभौमिकताको लागि सबै नेपालीहरू संघर्षरत रहनुपर्छ भन्नुभयो ।

बागमती प्रदेशका सभासद् सृजना सैंजुले खेलकुद क्षेत्रलाई प्राथकितामा राख्दै भक्तपुर नगरपालिकाले नयाँ खेलाडी उत्पादन गर्ने काम गरेकोमा आभार प्रकट गर्नुहुँदै देशका शासकहरूले ब्रम्हलुट गरिरहेको बताउनुभयो । उहाँले यस्ता खेलकुद प्रतियोगिताहरूले व्यक्तिलाई अनुशासित, तन्दुरुष्ट र जुझारु बनाउँदै देशप्रति समर्पित बनाउँदै जाने आशा व्यक्त गर्नुभयो ।







k|d'v cltly ;f+b k|d ;'jfn, k|d'v ;'lgn k|hfklt, ;ef;b\ ;[hgf ;}h'/ PYn]6S; ;3sf cWoIf /fhLj ljqmd zfx






j8fWolfx? Zofds[0f vq|, ps]; sjf;+/laGb|HofVj / xl/k|;fb af;'Snf

उहाँले अमेरिकी साम्राज्यवाद नेपाल भित्र पस्नका लागि ल्याइएको एमसीसी पास भएमा देशको सार्वभौमिकता गुम्ने खतरा रहेको बताउनुभयो ।

नेपाल एथ्लेटिक्स संघको अध्यक्ष राजीव विक्रम शाहले भक्तपुर नपाले एथलेटिक्स संघलाई अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता संचालनमा प्राविधिक सहयोग गर्ने मौका दिएकोमा आभार प्रकट गर्नुहुँदै भनपाले एथ्लेटिक्स खेललाई विशेष महत्त्व दिई खेलाडी उत्पादन गरिरहेकोमा खुशी व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले कला र संस्कृतिको जगेर्ना गर्दै विकास र संस्कृतिलाई सँगसँगै अगाडि बढाइरहेको उदाहरणीय भएको भन्नुहुँदै एथलेटिक्सलाई Father of Game को संज्ञा दिनुभयो ।

कार्यक्रममा वडा नं. १ का वडाध्यक्ष एवं युवा तथा खेलकुद समितिका संयोजक श्याकृष्ण खत्रीले अन्तर नगर खेलकुद प्रतियोगिताले नगरपालिकाहरू बीचको सम्बन्धलाई प्रगाढ बनाउने उल्लेख गर्नुभयो भने वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले प्रतियोगितामा विजयी खेलाडीहरूको नाम उद्घोष गर्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ र २ का वडाध्यक्षहरू रबिन्द्र ज्याख्व र हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो । कार्यक्रममा विजयी खेलाडीहरूलाई प्रमुख अतिथि तथा अतिथिहरूले पदक तथा पुरस्कार वितरण गर्नुभयो ।


पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति

**भारी सवारीसाधन प्रवेश निषेधबारे**

**भक्तपुर नगरपालिकाको**

**जरुरी सूचना**

ऐतिहासिक एवम् सांस्कृतिक नगरी भक्तपुरको सौन्दर्यता कायम गर्न तथा पैदलयात्रीहरूको सुरक्षाका लागि भक्तपुर नगरपालिकाको अगुवाई एवम् जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, महानगरीय ट्राफिक प्रहरी प्रभाग र सरोकारवाला सम्पूर्ण संघ-संस्थाहरूको पहलमा यही २०७६ फागुन १ गतेदेखि लागु हुने गरी पुरानो नगर क्षेत्रमा सवारीसाधन प्रवेश निषेध गरिएको बारे सम्पूर्णमा जानकारी गरिन्छ ।

टिपर, ट्रकलगायत भारी सवारीसाधनहरू विभिन्न नाकाहरूबाट पुरानो नगरभित्र प्रवेश निषेध गरिएको छ । मिनि टिपर, मिनि ट्रकलगायत मझौला सवारीसाधनहरू हरेक दिन साँझ ६ बजेदेखि बिहान ८ बजेसम्म मात्र पुरानो नगर क्षेत्रमा प्रवेश अनुमति दिइने तथा दिउँसोको बाँकी समयमा प्रवेश निषेध गरिनेछ ।

सम्पदा स्थल र त्यस वरपरका क्षेत्रहरूमा दुई पांग्रे र चारपांग्रे सवारीसाधन पार्किङ निषेध गरिएको छ । यदि यो सूचनालाई बेवास्ता गरी नियम पालना नगरेमा नियमानुसार कारबाही हुने जानकारी गराइन्छ ।

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**व्यासी २, भक्तपुर**

# अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता २०७६

## अन्तिम परिणाम

**सटपुट - पुरुष**
प्रथम- वीरेन्द्र चौधरी- भरतपुर मनपा (९.४० मी.)
द्वितीय- रामकुमार श्रेष्ठ- मन्थली नपा (८.६२ मी.)
तृतीय- लोकेन्द्र विष्ट- भक्तपुर नपा (८.२३ मी.)

**सटपुट - महिला**
प्रथम- पूजा तामाङ- मन्थली नपा (७.०५ मी.)
द्वितीय- अनिता कार्की- मन्थली नपा (६.८१ मी.)
तृतीय- ऊर्जा मधिकर्मी- भक्तपुर नपा (५.८० मी.)

**२०० मिटर दौड - महिला**
प्रथम- स्वागता खाइजु- भक्तपुर नपा (२८.२९ से.)
द्वितीय- प्रकृति सुवाल- भक्तपुर नपा (२९.३७ से.)
तृतीय- रजिना दुलाल- ललितपुर मनपा (३२.०७ से.)

**२०० मिटर दौड - पुरुष**
प्रथम- सुजन थारु- भक्तपुर नपा (२३.५३ से.)
द्वितीय- वीरेन्द्र चौधरी- भरतपुर मनपा (२४.०० से.)
तृतीय- रोहन सुवाल- भक्तपुर नपा (२४.४४ से.)

**१५०० मिटर दौड - महिला**
प्रथम- काजल बिष्ट- ललितपुर मनपा (५:३३:५ मि.)
द्वितीय- रेस्तिना सितिखु- भक्तपुर नपा (५:३६:१ मि.)
तृतीय- निशा ब्लोन- भक्तपुर नपा (६:०९:१ मि.)

**१५०० मिटर दौड - पुरुष**
प्रथम- ईश्वरचन्द्र बस्नेत- भक्तपुर नपा (४:३१:९३ मि.)
द्वितीय- उज्वल श्रेष्ठ- साङ्गाचोक चौतारागढी नपा (४:३४:१६ मि.)
तृतीय- विश्वराम कुंवर- भक्तपुर नपा (४:४४:२५ मि.)

**१0000 मिटर दौड - पुरुष**
प्रथम- धर्म महर्जन- किर्तिपुर नपा (३६:२०:९ मि.)
द्वितीय- सागर श्रेष्ठ- चाँगुनारायण नपा (३७:११:५ मि.)
तृतीय- सुरेन्द्र ग्वाछा- भक्तपुर नपा (३७:४७:८ मि.)

**१0000 मिटर दौड - महिला**
प्रथम - शकुन्तला ठगुन्ना- कीर्तिपुर नपा (४७:५२:२ मि.)
द्वितीय - स्वस्तिका कर्माचार्य- भक्तपुर नपा (५२:३३:९ मि.)
तृतीय- निशा थापा - ललितपुर नपा (५३:१५:७ मि.)

**४00 मिटर दौड - पुरुष**
प्रथम- सुरेन्द्र परियार- भक्तपुर नपा (५७.०७ से.)
द्वितीय- दर्पण श्रेष्ठ - साँगाचोक चौतारागढी नपा (५९.९ से.)
तृतीय- विक्रम खड्का - कागेश्वरी नपा (१.००.२० मि.)

**४00 मिटर दौड - महिला**
प्रथम- रजिना दुलाल- ललितपुर मनपा (१.०४.९ मि.)
द्वितीय- श्रयस्का शिल्पकार- भक्तपुर नपा (१.०९.८ मि.)
तृतीय- उर्जा मधिकर्मी - भक्तपुर नपा (१.१४.८ मि.)

**डिसकस थ्रो - पुरुष**
प्रथम- सूर्यबहादुर माझी- मन्थली नपा (२२.३५ मी.)
द्वितीय- रामकुमार श्रेष्ठ- मन्थली नपा (२१.०९ मी.)
तृतीय- बबिन मगर- चौदण्डी नपा (१६.५६ मी.)

**डिसकस थ्रो - महिला**
प्रथम- पूजा तामाङ - मन्थली नपा (१७.७५ मी.)
द्वितीय- निशा ब्लोन- भक्तपुर नपा (१५.१५ मी.)
तृतीय- खुशी जसवाल- भक्तपुर नपा (१२.२९ मी.)

**लङ्ग जम्प - पुरुष**
प्रथम- भुवन महतो- भरतपुर मनपा (६:१५ मी.)
द्वितीय- मनोज श्रेष्ठ- मन्थली नपा (५:९० मी.)
तृतीय- रोशन पहरी- भक्तपुर नपा (५:४१ मी.)

**लङ्ग जम्प - महिला**
प्रथम- काजल विष्ट- ललितपुर मनपा (४:०४ मी.)
द्वितीय- निशा ब्लोन- भक्तपुर नपा (३:८९ मी.)
तृतीय- ईशा राई- चौदण्डी नपा (३:७४ मी.)

**१00 मिटर दौड - महिला**
प्रथम- स्वागता खाइजु- भक्तपुर नपा
द्वितीय- प्रकृति सुवाल- भक्तपुर नपा
तृतीय- सुप्रिया रजक - ललितपुर मनपा

**१00 मिटर दौड - पुरुष**
प्रथम- आशिष खत्री- ललितपुर मनपा
द्वितीय- भुवन महत्तो- भरतपुर मनपा
तृतीय- रोहन सुवाल - भक्तपुर नपा

**५000 मिटर दौड - पुरुष**
प्रथम- ईश्वरचन्द्र बस्नेत - भक्तपुर नपा
द्वितीय- सागर श्रेष्ठ - चाँगुनारायण नपा
तृतीय- विश्वराम कुंवर - भक्तपुर नपा

**५000 मिटर दौड - महिला**
प्रथम- जुनेली सुनुवार- ललितपुर मनपा
द्वितीय- रेष्टिना सितिखु- भक्तपुर नपा
तृतीय- गंगा महर्जन- ललितपुर मनपा

**त्रिपलजम्प - पुरुष**
प्रथम- भुबन महतो- भक्तपुर नपा
द्वितीय- रोशन पहरी- भक्तपुर नपा
तृतीय- मनोज श्रेष्ठ - मन्थली नपा

**त्रिपलजम्प - महिला**
प्रथम - स्वागता खाइजू- भक्तपुर नपा
द्वितीय - रजिना दुलाल- ललितपुर मनपा
तृतीय - श्रयस्का शिल्पकार - भक्तपुर नपा

**४x१०० मिटर रिले दौड - महिला**
प्रथम- १.प्रकृति सुवाल २.स्वागता खाइजु ३.श्रयस्का शिल्पकार ४.कसिस गोठे - भक्तपुर नपा (५७:६१ से.)
द्वितीय- १.काजल विष्ट २.रजिना दुलाल ३.रफिका अवाले ४. सुप्रिया रजत - ललितपुर मनपा (५७:९२ से.)
तृतीय- १.ईशा राई २.सन्दिया भण्डारी ३.सुमिना दाहाल ४. कान्ति राई - चौदण्डी नपा (१:०६:०४ मि.)

**४x१०० मिटर रिले दौड - पुरुष**
प्रथम- १.रोहन सुवाल २.रोशन पहरी ३.सुजन थारु ४.लोकेन्द्र विष्ट- भक्तपुर नपा (४८:२८ से.)
द्वितीय- १.मनोज श्रेष्ठ २.सूर्यबहादुर माझी ३.दिलिप ठाकुर ४.अशोक माझी- मन्थली नपा (५०:८३ से.)
तृतीय- १.छिरिङ लामा २.रोनिश आचार्य ३.विकास खाँड ठकुरी ४.सौरभ राई- ललितपुर मनपा (५१:३७ से.)

**८०० मिटर दौड - महिला**
प्रथम- काजल विष्ट- ललितपुर मनपा (२:३३:६ मि.)
द्वितीय- श्रयस्का शिल्पकार- भक्तपुर नपा (२:३८:३ मि.)
तृतीय- उर्जा मधिकर्मी- भक्तपुर नपा (२:४१:६ मि.)

**८०० मिटर दौड - पुरुष**
प्रथम- उत्तम श्रेष्ठ- ललितपुर मनपा (२:१५:४ मि.)
द्वितीय- दर्पण श्रेष्ठ- चौतारा साँगाचोकगढी नपा (२:२०:५ मि.)
तृतीय- सौगात बानिया- भक्तपुर नपा (२:२६:७ मि.)

**ज्याभ्लिङ थ्रो - पुरुष**
प्रथम- वीरेन्द्र चौधरी- भरतपुर मनपा (४९:४५ मी.)
द्वितीय- लोकेन्द्र विष्ट- भक्तपुर नपा (४१:२७ मी.)
तृतीय- शिवनाश कडरिया- रामेछाप नपा (३८:३० मी.)

**ज्याभ्लिङ थ्रो - महिला**
प्रथम- शकुन्तला ठगुन्ना- कीर्तिपुर नपा (१७:०१ मी.)
द्वितीय- स्वस्तिका कर्माचार्य- भक्तपुर नपा (१२:७८ मी.)
तृतीय- अनिता कार्की- मन्थली नपा (८:६१ मी.)

**म्याराथन (४२.१९५ कि.मि.) - पुरुष**
प्रथम-कृष्णसुन्दर तुईतुई (२ घण्टा ४१ मिनेट १३ सेकेण्ड)-भक्तपुर नपा
द्वितीय-धर्म महर्जन (३ घण्टा ५ मिनेट ५१ सेकेण्ड)-कीर्तिपुर नपा
तृतीय-सुरेन्द्र ग्वाछा (३ घण्टा १० मिनेट १ सेकेण्ड)-भक्तपुर नपा

**हाफ म्याराथन (२१.९७ कि.मि.) - महिला**
प्रथम-कान्छीमाया कोजु (१ घण्टा २५ मिनेट २१ सेकेण्ड)-भक्तपुर नपा
द्वितीय-शकुन्तला ठगुन्ना (१ घण्टा ४० मिनेट ५२ सेकेण्ड)-कीर्तिपुर नपा
तृतीय-रेष्टिना सितिखु (१ घण्टा ५० मिनेट ४६ सेकेण्ड)-भक्तपुर नपा

**४x४०० मिटर रिले दौड - पुरुष**
प्रथम- १.रोहन सुवाल २.रोशन पहरी ३.विशाल बेंजु ४.सुरेन्द्र परियार - भक्तपुर नपा (३:५५:२५ मिनेट)
द्वितीय- १.मनोज श्रेष्ठ २.सूर्य माझी ३.दिलीप ठाकुर ४.अशोक माझी - मन्थली नपा (३:५९:५६ मिनेट)
तृतीय- १.स्वर्णिम श्रेष्ठ २.दर्पण श्रेष्ठ ३.उज्ज्वल श्रेष्ठ ४.प्रकाश खत्री - चौतारी साँगाचोकगढी नपा (४:०१:८० मिनेट)

**४x४०० मिटर रिले दौड - महिला**
प्रथम- १.प्रकृति सुवाल २.स्वागता खाइजु ३.श्रयस्का शिल्पकार ४.उर्जा मधिकर्मी- भक्तपुर नपा (४:३५:८ मिनेट)
द्वितीय- १.रजिना दुलाल २.काजल बिष्ट ३.जमुना महर्जन ४.जुनेली सुनार- ललितपुर मनपा (४:४६:१ मिनेट)
तृतीय- १.इशा राई २.सन्दिया भण्डारी ३.सुमिना दाहाल ४.कान्ति राई- चौदण्डी गढी नपा (५:३१:९ मिनेट)

**हाइजम्प - पुरुष**
प्रथम- विकास खाँडठकुरी- ललितपुर मनपा
द्वितीय- सागर आचार्य- भक्तपुर नपा
तृतीय- साजन सापकोटा- चौतारा साँगाचोकगढी नपा

**हाइजम्प - महिला**
प्रथम- प्रकृति सुवाल- भक्तपुर नपा
द्वितीय- उजु गारु- भक्तपुर नपा
तृतीय- सुप्रिया रजत- ललितपुर मनपा

**पुरस्कार रकम**

| **फिल्ड इभेन्ट्स** | **ट्र्याक** |
|---|---|
| प्रथम- रु.५०००।- | प्रथम- रु.५०००।- |
| द्वितीय- रु.३०००।- | द्वितीय- रु.३०००।- |
| तृतीय- रु.२०००।- | तृतीय- रु.२०००।- |
| **म्याराथन** | **हाफ म्याराथन** |
| प्रथम- रु.३०,०००।- | प्रथम- रु.३०,०००।- |
| द्वितीय- रु.२०,०००।- | द्वितीय- रु.२०,०००।- |
| तृतीय- रु.१०,०००।- | तृतीय- रु.१०,०००।- |

**पदक तालिका**

| नपा | स्वर्ण | रजत | कास्य |
|---|---|---|---|
| १. भक्तपुर नपा | १४ | १४ | १५ |
| २. ललितपुर मनपा | ८ | ३ | ५ |
| ३. भरतपुर मनपा | ४ | २ | - |
| ४. मन्थली नपा | - | ३ | ६ |
| ५. कीर्तिपुर नपा | - | ३ | २ |
| ६. चौतारा सांगाचोकगढी नपा | - | ३ | २ |
| ७. चाँगुनारायण नपा | - | २ | - |
| ८. रामेछाप नपा | - | - | १ |
| ९. कागेश्वरी नपा | - | - | १ |

मन्तव्य

# 'अन्तर नगर खेलकुद प्रतियोगिता शहीदहरूप्रति समर्पित'

- प्रमुख सुनिल प्रजापति




आज फागुन ८ गते ।२०४६ सालको जनआन्दोलनको शुरूआत भएको दोश्रो दिन । संयुक्त जन आन्दोलनलाई अगाडि बढाउने क्रममा तत्कालीन सरकारको निर्देशनमा दोश्रो विश्वयुद्धमा प्रतिवन्धित डमडम गोली प्रहार भएको थियो । त्यस घटनामा परी राजकुमार सुवाल, हरिकृष्ण भूजु, कृष्णराम दुवाल, निर्मल कुमार शाक्यलगायतले शहादत प्राप्त गर्नु भयो र धेरै योद्धाहरू घाइते हुनुभयो । प्रजातन्त्र पुनः स्थापनाको लागि आफ्नो ज्यानको आहुति दिने ती महान् शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र घाइते योद्धाहरू प्रति उच्च सम्मान प्रकट गर्दछौं ।

शहीदको बलिदानबाट प्राप्त प्रजातन्त्रपश्चात सत्तामा पुगेका नेताहरूले शहीदलाई बिर्से, स्वेच्छाचारी ढङ्गले शासन गरे, व्यक्तिगत फाइदाको निम्ति देश बेच्न समेत तयार भए भनी जनताले नेताहरूको आलोचना गर्दै छन् । पालैपालो सत्तामा पुगेर जनताको भावनामाथि कुठाराघात गर्ने नेताहरू प्रति क्रमशः जनता आक्रोशित हुँदै छन् ।

भक्तपुर नगरपालिकाले फागुन ८ गते शहीद दिवसको अवसर पारी हरेक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता गर्दै आइरहेको छ । अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता शहीदहरू प्रति समर्पित छ । खेलकुद प्रतियोगिता गरेर शहीदहरू प्रति उच्च सम्मान व्यक्त गर्दै आएको छ ।

मित्रहरू,

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यसँगै खेलकुदलाई पनि प्राथमिकतामा राख्दै आएको छ । विभिन्न खेलहरूको नियमित प्रशिक्षणको साथै विद्यालयहरूमा पूर्णकालीन प्रशिक्षक नियुक्ति गरी खेलकुद गतिविधिहरू गर्दै आएको छ ।

नगरवासी हरेक युवालाई कुनै न कुनै खेलमा सहभागी गराउने उद्देश्यले हामी काम गर्दैछौं । हरेक वर्ष अन्तर नगर खेलकुद प्रतीयोगिता मात्रै होइन अन्तर विद्यालय खेलकुद प्रतियोगिता पनि गर्दैछौं । २०७६ कार्तिक १७ गतेदेखि २३ गते सम्पन्न अन्तर विद्यालय खेलकुद प्रतियोगितामा २१०० खेलाडीहरू सहभागी थिए । नगरभरि अध्ययनरत विद्यार्थी सङ्ख्यालाई हेर्ने हो भने यो निकै कम सङ्ख्यामा छन् ।

नगर भित्रका ९२ वटा विद्यालय मध्ये ७२ वटा विद्यालयमात्रै प्रतियोगितामा सहभागी भए । बाँकी २० वटा विद्यालय किन सहभागी भएनन् ? हामी त्यसबारे पनि अध्ययन गर्दैछौं । सामुदायिक र निजी लगानीमा संचालित विद्यालयहरू बीच शैक्षिक, सांस्कृतिक र खेलकुद प्रतियोगिताहरू गर्दैछौं । हरेक क्षेत्रमा सामुदायिक र निजी एउटै स्तरमा अगाडि बढ्दै छ ।

निर्वाचनको बेला हामीले हरेक वर्ष एक एक वटा खेलको प्रतियोगिता संचालन गर्ने प्रतिवद्धता जाहेर गरेका थियौं । यो खेलकुद प्रतियोगिता चुनावी घोषणापत्र कार्यान्वयनको एउटा सिलसिला मात्रै हो ।

नगरवासीहरूको राम्रो स्वास्थ्यको लागि प्रत्येक वडामा व्यायामशालाहरूको निर्माण गर्नुको साथै ख्वप कलेज, ख्वप इ. कलेज लगायतका ठाउँहरूमा व्यवस्था गरेका छौं । युवा, जेष्ठ सबै उमेर समूहको लागि ब्यायामशाला उपयोगी हुने हाम्रो विश्वास छ ।

अन्तरनगर खेलकुद प्रतियोगिता राष्ट्रिय खेलाडी छनौटको एक राम्रो अवसर हुन सक्छ । भक्तपुरबाट राम्रा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने पनि हाम्रो लक्ष्य हो । पूर्वाधारको कमीले हाम्रा खेलाडीहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा त्यति प्रभावकारी प्रस्तुत गर्न सकेका छैनन् । हामी खेलाडी साथीहरूको सल्लाह र सुझाव अनुसार खेलकुदको पूर्वाधार निर्माणमा पनि जोड दिदैछौं ।

खेलकुद प्रतियोगितामा सहभागी १६ नपाका जनप्रतिनिधिहरू सबैलाई हार्दिक स्वागत गर्दछौं । सहभागी खेलाडी तथा अभिभावकहरूलाई देशभक्त, असल र अनुशासित नागरिक तयार गर्ने पनि हाम्रो लक्ष्य हो ।

अन्तमा सहभागी सबैलाई अग्रिम शुभकामना ! धन्यवाद !

*(अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताको उद्‌घाटन समारोह फागुन ८ गते व्यक्त मन्तव्य)*

# अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताबारे पत्रकार भेटघाट

भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८ गतेदेखि १२ गतेसम्म हुने अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताबारे फागुन ६ गते पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले



निर्वाचनको समयमा भक्तपुरका जनताबीच व्यक्त प्रतिबद्धता पूरा गर्न भक्तपुर नपाले हरेक वर्ष खेलकुद प्रतियोगिताको आयोजना गर्दै आएको बताउनुभयो।



भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रलाई महत्त्व दिंदै खेलकुदलाई संविधानको मौलिक हकको रूपमा समावेश गर्नुपर्ने बताउनुहुँदै नगर प्रमुख प्रजापतिले खेलकुदलाई सबै नागरिकको अभिन्न अङ्गको रूपमा विकास गर्दै लाने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो।

भक्तपुर नपाले नगरका सबै वडा तथा नपाद्वारा सञ्चालित कलेजहरूमा व्यायामसामग्री स्थापना गरिसकेको, सभ्य र अनुशासित नागरिक तयार गर्ने नारालाई सार्थक तुल्याउन प्रयासरत रहेको बताउनुहुँदै उहाँले खेलाडीहरूलाई आफ्नो प्रतिभा प्रस्फुटन गर्ने मञ्च प्रदान गर्न खेलकुद प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

उहाँले जनतालाई परिचालन र सक्रिय बनाइराख्न भक्तपुर नगरपालिकाले समय–समयमा बाजा तथा खेलकुद प्रतियोगिता, स्वास्थ्य शिविर सञ्चालन, विभिन्न सीपमूलक तालिम गर्दै यहाँका नागरिकहरूलाई उत्साहित पनि गर्दै आएको बताउनुभयो।

पत्रकार भेटघाट कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समिति संयोजक श्यामकृष्ण खत्रीले अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता हुनेबारे प्रेस विज्ञप्ति वाचन गर्नुभयो भने भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो।

नेपाल एथ्लेटिक्स संघका सचिव राधाकृष्ण बिष्टले भक्तपुर नपाको आयोजनामा हुने एथ्लेटिक्स प्रतियोगिता अन्तर्राष्ट्रिय मूल्य–मान्यताअनुसार खेलाइने र यो राष्ट्रिय स्तरकै खेल प्रतियोगिता भएको बताउनुभयो।

कार्यक्रममा विभिन्न सञ्चारमाध्यमबाट प्रतिनिधित्व गर्नुभएका पत्रकारहरूले प्रतियोगिताबारे जिज्ञासा व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले अन्तर नगर एथ्लेटिक्स प्रतियोगितामा सहभागी भक्तपुर नपाका खेलाडीहरूलाई ट्र्याक सुट पनि वितरण गर्नुभयो।



k|d'v kh|fklt v]nf8Lnf0{6«ofs ;6 ljt/0f ug{}b}

# अन्तर नगर एथ्लेटिक्सबारे प्रेस विज्ञप्ति

सांस्कृतिक नगरको पहिचान बोकेको भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रमा पनि विशिष्ट स्थान हासिल गर्दै आएको छ । खेललाई नागरिक जीवनको एक अभिन्न अङ्गको रूपमा विकास गर्ने नगरपालिकाको उद्देश्य हो । यही उद्देश्य प्राप्तिका लागि नगरपालिकाले समय–समयमा विभिन्न खेलकुद गतिविधिहरू गर्दै आएको छ । फुटबल, भलिबल, बक्सिङ, कराते, टेबलटेनिस, जिम्नाष्टिकलगायतका खेलहरूको नियमित प्रशिक्षणको व्यवस्था गर्दै नगरपालिकाभित्रका विद्यालयहरूमा नगरपालिकाबाटै नियुक्त प्रशिक्षकहरूमार्फत खेलकुद प्रशिक्षणहरू दिँदै आइरहेका छौं । नगरपालिकाको प्रशिक्षणबाट उत्पादित कति खेलाडीहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका भइसकेका छन् । यो हाम्रो लागि खुशीको कुरा हो । हामी अनुशासित र स्तरीय खेलाडी उत्पादनमा निरन्तर जोड दिँदैछौं ।

हामी निर्वाचित भएको अढाइ वर्ष बित्यो । हामीले जनताबीच निर्वाचनको बेला गरेको प्रतिबद्धता बिर्सेका छैनौं । हरेक वर्ष कुनै एक खेलको अन्तर नगर खेलकुद प्रतियोगिता आयोजना गर्ने हाम्रो प्रतिबद्धता हो । यही अनुसार पहिलो वर्ष अन्तरनगर **भलिबल** प्रतियोगिता, दोस्रो वर्ष अन्तरनगर **सितेरियो कराते** प्रतियोगिता र यो तेस्रो वर्ष अन्तरनगर **एथ्लेटिक्स** प्रतियोगिताको आयोजना गर्दैछौं ।

विगतमा झैं यो वर्ष पनि खेलकुद प्रतियोगिता भव्य रूपमा सम्पन्न हुने आशा गर्दछौं । प्रतियोगिताका लागि गर्नुपर्ने अन्तिम तयारी पूरा भएको छ । नगर प्रमुखको संयोजकत्वमा प्रतियोगिता मूल समिति र अन्य १२ वटा उपसमिति गठन गरी काम गरिरहेको जानकारी गराउँदछौं । यस प्रतियोगितामा फिल्ड इभेन्ट्स अन्तर्गत सटपुट, लङ जम्प, ज्याभलिन थ्रो, डिस्क्स थ्रो, हाइ जम्प, ट्रिपल जम्प र ट्र्याक इभेन्ट्सअन्तर्गत १०० मिटर, २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ५००० मि., १०००० मि., ४२.१९५ कि.मी. (म्याराथन), २१.०९ कि.मी (हाफ म्याराथन), ४X१०० मि. रिले, ४X२०० मि. सहितका खेलहरू समावेश छन् ।

फिल्ड इभेन्ट्समा प्रथमलाई रु.५,०००।–, द्वितीयलाई रु.३,०००।– र तृतीयलाई रु.२,०००।–, ट्र्याकतर्फ प्रथमलाई रु.५,०००।–, द्वितीयलाई रु.३,०००।– र तृतीयलाई रु.२,०००।– नगद पुरस्कारबाट पुरस्कृत गरिनेछ ।

म्याराथनमा प्रथमलाई रु.३०,०००।–, द्वितीयलाई रु.२०,०००।–, तृतीयलाई रु.१०,०००।– नगद पुरस्कारबाट पुरस्कृत गरिनेछ ।

हाफ म्याराथनमा प्रथम हुनेलाई ३०,०००।–, द्वितीयलाई २०,०००।– तृतीयलाई १०,०००।– नगद पुरस्कारबाट पुरस्कृत गरिनेछ ।

अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको अनुमानित लागत ३० लाख रहेको जानकारी गराउन चाहन्छौं ।

फागुन १ गतेसम्म प्रतियोगितामा भाग लिने खेलाडीहरूको नाम दर्ता गराउन समय दिइएकोमा जम्मा १६ वटा नगरपालिकाहरूले आफ्ना खेलाडीहरू पठाउन नाम दर्ता गराएका छन् ।

अन्तर नगर एथ्लेटिक्स प्रतियोगितामा

१) घोराही उपमहानगरपालिका–दाङ
२) ललितपुर महानगरपालिका–ललितपुर
३) चाँगुनारायण नगरपालिका–भक्तपुर
४) रामेछाप नगरपालिका–रामेछाप
५) कीर्तिपुर नगरपालिका–कीर्तिपुर
६) शंखरापुर नगरपालिका–काठमाडौं
७) मनोहरा कागेश्वरी नगरपालिका–काठमाडौं
८) मध्यपुर थिमी नगरपालिका–भक्तपुर
९) चौदण्डीगढी नगरपालिका–उदयपुर
१०) टोखा नगरपालिका–काठमाडौं
११) भक्तपुर नगरपालिका
१२) साँगाचोक चौतारा गढी नगरपालिका–सिन्धुपाल्चोक
१३) मन्थली नगरपालिका–रामेछाप
१४) भरतपुर महानगरपालिका–चितवन
१५) रत्ननगर नगरपालिका–चितवन र
१६) विदुर नगरपालिका–नुवाकोट गरी १६ वटा नगरपालिकाको सहभागिता रहनेछ ।

भक्तपुर नगरपालिका विद्यालयदेखि नै खेलकुद प्रतियोगितामा जोड दिँदैछ । हरेक वर्ष अन्तर विद्यालय खेलकुद प्रतियोगिताको आयोजना गरी विद्यार्थीहरूमा भएको खेलको प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्दै आएको छ । खेलकुद प्रतियोगितामा विद्यार्थीहरूको सहभागिता बढ्दै जानु खेलप्रतिको आकर्षण बढ्दै जानुको प्रमाण हो । २०७६ कार्तिक १७ गतेदेखि २३ गतेसम्म सञ्चालित अन्तरविद्यालय खेलकुद प्रतियोगितामा ७२ विद्यालयका २१०० विद्यार्थीहरूको सहभागिता रहेको थियो । अझ त्यसलाई वृद्धि गर्दै नगरभित्र सञ्चालित सबै विद्यालयका विद्यार्थीहरूलाई सहभागी गराउने सोचका साथ तयारी अगाडि बढाउँदैछौं ।

खेलकुदको माध्यमबाट अनुशासित नागरिक तयार गर्दै देशको सार्वभौमिकता रक्षाको लागि लड्ने देशभक्त नागरिक तयार गर्न र युवाहरूलाई धुम्रपान, मद्यपान र ➲➲

# गमला फुटाउनेहरूलाई रु. पाँचहजार जरिवाना

भक्तपुर नगरपालिकाले नगरको सम्पदा क्षेत्रमा हरियाली व्यवस्थापन गर्ने उद्देश्यले दरबार क्षेत्र, दत्तात्रय, न:पुखुलगायत विभिन्न स्थानमा बिरुवासहित गमलाहरू राखेपछि स्थानीय वासिन्दा तथा पर्यटकहरूबाट सकारात्मक प्रतिकृयाहरू आइरहेका छन् । घना बस्तीका कारण नगरभित्र रुख बिरुवा रोप्ने ठाउँ नहुँदा खल्लो लागे पनि सम्पदा क्षेत्रमा हरियाली देख्न पाउँदा खुशी लागेको उहाँहरूको भनाइ छ । पुरानो नगरको उपयुक्त स्थानमा सानै भए पनि बगैंचा बनाउनु पर्ने र केही पिच सडकको दायाँबायाँ पेटीमा वृक्षारोपण गर्नुपर्ने सुझावहरू पनि दिनुभएको छ ।

पछिल्ला समयमा दरबार क्षेत्र, दत्तात्रय र न:पुखु क्षेत्रमा राखिएका आकर्षक गमलाहरू केही उच्छृङ्खल व्यक्तिहरूले जाँड रक्सी खाएर फुटाउने अराजक गतिविधि गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा भक्तपुर नगरपालिका वडा नं. ७ का रिजन लागे र वडा नं. १० का रमेश सुवाल रहेको महानगरीय प्रहरी परिसरका प्रहरी उपरीक्षक सबिन प्रधानले बताउनुभयो । सीसी क्यामेराको फुटेजका आधारमा पक्राउ परेकाहरूबाट नगरपालिकाले प्रतिव्यक्ति रु. ५ हजारको दरले जरिवाना गरेको नगरपालिका स्रोतले बतायो ।

उच्छृङ्खल गतिविधि गर्ने व्यक्तिका परिवार सदस्यहरूले नगर प्रमुख सुनिल प्रजापति र वडाध्यक्ष रबिन्द्र ज्याख्वसँग भेट गरी आफ्ना सन्तानहरूबाट गल्ती गरेको स्वीकार गरेको नगरपालिका स्रोतले बतायो । नगरपालिकाले जनताको पक्षमा गरेका काम र सम्पदा पुन:निर्माण गरिरहेकोमा आफूहरू खुशी भएको जानकारी दिँदै उहाँहरूले आफ्ना सन्तानहरूको गलत व्यवहार सच्याउन आफूहरू कटिवद्ध हुने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले नयाँ पुस्तालाई समाजप्रति जिम्मेवार बनाउन तथा इमानदारिपूर्वक देशको सेवा गर्न परिवार, समाज र विद्यालयबाट सकारात्मक वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो ।

## जिल्ला सामुदायिक आँखा केन्द्रको स्तरोन्नतिबारे छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र तीलगंगा आखा प्रतिष्ठानका कार्यकारी निर्देशक तथा प्रमुख डा. सन्दुक रुइतबीच फागुन ८ गते जिल्ला सामुदायिक आँखा केन्द्रको स्तरोन्नतिबारे छलफल भएकोछ ।

➲➲ लागुपदार्थको दुर्व्यसनीबाट जोगाउँदै स्वस्थ र सुसंस्कृत समाज बनाउने हाम्रो लक्ष्य हो ।

**पत्रकार मित्रहरू,**

हामीसँग खेलकुद विकासको लागि आवश्यक पूर्वाधारहरूको कमी छ । शहीद स्मृति खेलमैदान र महेश्वरी खेलमैदानको स्तरवृद्धिको तयारी गर्दैछौं । केही प्राविधिक कारणले त्यो सोचेअनुरूप अगाडि बढ्न सकेको छैन । हामी सक्दो छिटो विकास गर्ने तयारीमा छौं । यो वर्षको खेलकुद प्रतियोगिता सिद्धपोखरीको उत्तरतर्फको खेलमैदान र पश्चिमतर्फको खेलमैदानमा हुनेछ । नेपाली सेनासँग हामीले सहमति गरिसकेका छौं ।

खेलकुद प्रतियोगिताको उद्घाटन न्याली यही २०७६ फागुन ८ गते बिहान ८ बजे भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट सुरु भई नगर परिक्रमा गरेर भनपा २ शहीद स्मृति खेल मैदानमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले उद्घाटन गर्नुहुने अवगत गराउँदछौं ।

अन्तमा, भक्तपुर नगरपालिकाको आयोजनामा यही फागुन ८ गतेदेखि १२ गतेसम्म हुने अन्तर नगर खेलकुद प्रतियोगिताबारे आ-आफ्नो सञ्चारमाध्यमबाट व्यापक प्रचारप्रसार गरी सहयोग गरिदिन सम्पूर्ण पत्रकार मित्रहरूमा हार्दिक अपिल गर्दछौं ।

**भक्तपुर नगरपालिका**

मिति : २०७६ फागुन ६ गते, मंगलबार

# प्रमुख सुनिल प्रजापति र नेपाली सेनाका मेजर जनरल निरञ्जनकुमार श्रेष्ठबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपाली सेनाका मेजर जनरल निरञ्जनकुमार श्रेष्ठले फागुन १६ गते भेट गर्नुभयो। प्रमुख प्रजापतिले उहाँलाई भादगाउँले कालो टोपी लगाइदिनुभएर स्वागत गर्नुभयो।

मित्रराष्ट्र संयुक्त अधिराज्य बेलायतका सेनाका प्रमुख कार्लेटन स्मिथ सम्मिलित टोलीको फागुन २३ गते भक्तपुरमा हुने भ्रमणमा 'ब्यान्ड डिस्प्ले सञ्चालन' गर्न तयारी छलफलको लागि मेजर जनरल श्रेष्ठ भक्तपुर नगरपालिका आउनुभएको हो।

भेटपश्चात मेजर जनरल श्रेष्ठले भक्तपुर दरबार क्षेत्रमा अवस्थित सांस्कृतिक र पुरातात्त्विक सम्पदाहरूको स्थलगत अवलोकन गर्नुभयो। प्रमुख प्रजापतिले मेजर जनरल श्रेष्ठलाई भक्तपुरको प्रसिद्ध 'मयूर झ्याल' र नगरपालिकाका प्रकाशनहरू मायाको चिनोस्वरूप प्रदान गर्नुभएको थियो।

# ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठकबाट विभिन्न निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा २०७६ फागुन १६ गते भक्तपुरको ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक बस्यो।

उक्त बैठकमा ङातापोल मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष केशव तमखुले समितिमार्फत हालसम्म गरेका कार्य प्रगतिबारे जानकारी दिनुहुँदै मन्दिर जीर्णोद्धारको अनुमानित लागत रु. ६५,१३,३५८।२७ रहेको र जीर्णोद्धार उपभोक्ता समितिको गठन २०७६ साल कार्तिक २१ गते भएको बताउनु भयो।



बैठकले ङातापोल मन्दिर जीर्णोद्धारको सिलसिलामा स्थानीय जनता, विभिन्न संघ, संस्था र पर्यटकहरूलगायत चन्दादाताहरूबाट स्वेच्छाले चन्दा, दान दातब्य दिन चाहेमा संकलन गर्न भक्तपुर नगरपालिकाका लेखा प्रमुख रामसुन्दर सुजखु र ङातापोल मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष केशव तमखुको संयुक्त हस्ताक्षरमा नेपाल बैंक कमलविनायक शाखा कार्यालयमा खाता सञ्चालन गर्ने निर्णय गऱ्यो।

ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन उपभोक्ता समितिमार्फत आवश्यक सङ्ख्यामा सीसी क्यामेरा जडान गर्ने र सुरक्षा प्रबन्धको जिम्मेवारी महानगरीय प्रहरी परिसर भक्तपुरलाई दिने निर्णय बैठकले गऱ्यो।

बैठकले ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा स्वेच्छाले आर्थिक सहयोग, चन्दा, दान दातव्य दिन चाहने तथा श्रमदान समेत गर्न चाहने व्यक्ति, संघ-संस्था, गुथि, टीम, क्लबलाई सहयोग आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गऱ्यो।

ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारको क्रममा प्रयोग भएका वा प्रयोग गरिने सामग्रीहरू तथा सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका चिजहरूको व्यवस्थित अभिलेखीकरण राखी भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुर, गुठी संस्थान भक्तपुर कार्यालय र पुरातत्त्व विभागको कार्यालय भक्तपुरमा एक एक प्रति सुरक्षित राख्ने निर्णय गऱ्यो।

# भक्तपुर नपामा स्थानीय पाठ्यक्रमबारे विज्ञहरूसँग परामर्श बैठक

भक्तपुर नगरपालिकाको आयोजनामा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी विज्ञहरूसँगको परामर्श बैठक फागुन १५ गते नगरपालिकाको सभाकक्षमा सम्पन्न भयो । भक्तपुर नपाले नगरका सबै विद्यालयहरूमा कक्षा १ र ६, कक्षा २ र ७ को स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको छ । नगरपालिकाले कक्षा ३ र ८ को पाठ्यक्रम र **'ख्वपको पहिचान'** नामक पाठ्यपुस्तक प्रकाशन गर्ने क्रममा छ ।



विज्ञहरूसँगको परामर्श बैठकमा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको मौलिक सीप, प्रविधि, इतिहासबारे नयाँ पुस्तालाई जानकार बनाउन नगरपालिकाले शैक्षिक वर्ष २०७५ देखि ४ वटा कक्षामा स्थानीय पाठ्यक्रम लागु गरिसकेको बताउनुभयो ।

भक्तपुर नगरपालिका नेपालमा स्थानीय पाठ्यक्रम लागु गर्ने पहिलो नगरपालिका भएको बताउनुहुँदै प्रमुख प्रजापतिले पाठ्यसामग्रीको रूपमा **'ख्वपको पहिचान'** नामक पुस्तक प्रकाशनमा ल्याएको बताउनुभयो । भक्तपुर नपाद्वारा गठित स्थानीय पाठ्यक्रम तयारी कार्यदल र विज्ञहरूको सल्लाहअनुरूप पाठ्यक्रमका विषयवस्तु आधारित रहेको बताउनुहुँदै उहाँले भन्नुभयो – 'भक्तपुरमा अध्ययनरत विभिन्न जिल्लाका विद्यार्थीहरूले पनि यहाँको मौलिक खेलकुद, संस्कृति, पर्यटन, खानालगायतको विषयमा जान्ने अवसर पाउनेछन् ।'

स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी दिनुहुँदै स्थानीय पाठ्यक्रम तयार कार्यदल सदस्य सिद्धिरत्न शाक्यले स्थानीय पाठ्यक्रम लागु गर्नुको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै भक्तपुरवासीले आफू जन्मे/हुर्केको ठाउँ र संस्कृतिकबारे ज्ञान बाँड्न पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा सहभागी विज्ञहरूद्वारा भक्तपुर नपाले भक्तपुरका विद्यालयहरूमा लिपी र भाषाका कक्षाहरू सञ्चालन गर्नुपर्ने, विद्यार्थीलाई मौलिक संस्कारहरूबारे अडियो-भिडियोसहितको डकुमेन्ट्री देखाई सिक्ने अवसर दिनुपर्ने, समाजप्रति उत्तरदायी बनाउने ढङ्गले यहाँका संस्कृतिहरूको महत्त्वबारे प्रष्ट पार्नुपर्ने, स्थानीय खेल खेल्न प्रेरित गर्नुपर्ने, स्थानीय पाठ्यक्रमको उपलब्धी र प्रभावकारिताबारे अनुगमन गर्नुपर्ने, अनुसन्धानमा आधारित ज्ञान र सीप दिनुपर्ने, शिलापत्र-ताम्रपत्र आदिको ज्ञान दिने ढङ्गले शिक्षित गर्नुपर्ने, स्थान विशेष शब्दहरूबारे थाहा दिनुपर्ने, भाषागत शुद्धाशुद्धीमा ध्यान दिनुपर्नेलगायतका सुझावहरू प्रस्तुत गरेका थिए ।

स्थानीय पाठ्यक्रम तयार कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेँ र कार्यदलका सदस्य रोशनराज तुईतुईले बैठकमा प्रस्तुत महत्त्वपूर्ण सुझावको लागि धन्यवाद ज्ञापन गर्नुहुँदै नगरपालिकाले प्रकाशन गर्ने पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा विज्ञहरूको महत्त्वपूर्ण सुझावलाई मनन् गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# ‘मिलेनियम च्यालेन्ज कर्पोरेशन र इन्डो प्यासिफिक स्ट्राटेजी’ विषयक प्रवचन कार्यक्रम

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा फागुन १२ गते ‘एमसीसी र इन्डो प्यासिफिक स्ट्राटेजी’ विषयमा कलेजका कर्मचारी र शिक्षकहरूबीच प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले वर्तमान समयमा अमेरिकी साम्राज्यवादविरुद्ध लडाइँ गर्नु आवश्यक भएको बताउनुभयो ।

नेपालजस्तो सानो मुलुकको लागि एमसीसी सम्झौता चुनौतीपूर्ण भएको बताउनुहुँदै एमसीसी सम्झौतालाई संसदबाट अनुमोदन गराउन विदेशी दलालहरू सक्रिय रहेको बताउनुभयो ।

एमसीसी सम्झौताका शर्तहरूबारे केलाउनुहुँदै सांसद सुवालले एमसीसी सम्झौता भारतको प्रस्तावमा अमेरिकाले नेपाललाई सहयोग गर्न लागेको देखिन्छ भन्नुभयो ।

आइपीएस र एमसीसी सम्झौता एउटै भएको बताउनुहुँदै नेता सुवालले एमसीसीमा सहभागी हुनु भनेको अमेरिकी नेतृत्वको सैनिक गठबन्धनमा सामेल हुनु हो भन्नुभयो ।



दुई तिहाइ भएको सरकारले देशहित विपरीतका ऐन–कानुन पास गरी संविधान नै संशोधन गर्ने खतरा भएको औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले चीनसित लड्न अमेरिकाले यो रणनीति अगाडि सारेको र एमसीसी सम्झौता अनुमोदन भयो भने नेपालको ऐन–कानुन नै नचल्ने खतरा भएको बताउनुभयो ।

लडाइँबाट नहारेसम्म संरा अमेरिकाले साम्राज्यवादी सोच नत्याग्ने बताउनुहुँदै उहाँले विदेशीको पैसाले चुनाव जितेका शासक दलका नेताहरूले विदेशीकै इसारामा अमेरिकी एमसीसी सम्झौतालाई अगाडि सारेको बताउनुभयो ।

संयुक्त राज्य अमेरिका युवाहरूको सपनाको देश नभइ अपराधी र गुण्डाहरूको देश बन्दै गइरहेको बताउनुहुँदै अध्यक्ष रोहितले एमसीसीलाई कुनै हालतमा संसदबाट पारित गराउन नहुने र त्यसको विरुद्ध नेमकिपाले फागुन १३ गते रत्नपार्कदेखि विरोध जुलुस गर्दै अमेरिकी दूतावासमा विरोध पत्र बुझाउने कार्यक्रम रहेको र सो कार्यक्रममा न्यायप्रेमी जनतामाझ उपस्थितिको लागि आह्वान गर्नुभयो ।

नेमकिपाका सचिव एवम् संघीय सचिव प्रेम सुवालले

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले एमसीसीलाई प्रतिनिधिसभाबाट अनुमोदन गराउन शासक दलका नेताहरूले सक्रियता बढाइरहेकोमा आपत्ति जनाउनुहुँदै सरकारले शर्तसहितका सहयोग स्वीकार गर्न नहुने र त्यस्ता सहयोगको सशक्त विरोध गरी अस्वीकार गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माकले ‘मिलेनियम च्यालेन्ज कर्पोरेशन’ विषयमा प्रस्तुतीकरण देखाउनुहुँदै मिलेनियम च्यालेन्ज लागु भएका संसारका विभिन्न देश अन्योलमा रहेको बताउनुहुँदै यो सम्झौता अमेरिकाले अगाडि सारेको इन्डो प्यासिफिक सामरिक रणनीतिकै अङ्ग भएको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. सुनिल दुवालले हिन्द प्रशान्त रणनीतिबारे आफ्नो प्रस्तुतीकरण देखाउनुहुँदै संयुक्त राज्य अमेरिकाले चीनको विरुद्ध लड्न अन्य शक्ति राष्ट्रहरूलाई आफ्नो खेमामा तान्ने प्रयास गरिरहेको बताउनुभयो ।

मन्तव्य

# ‘अमेरिकी एमसीसी सम्झौता संसदबाट अनुमोदन हुनबाट रोक्नु आवश्यक छ’

- प्रमुख सुनिल प्रजापति

अहिले मिलिनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौताको विषयमा व्यापक चर्चा छ। अमेरिकाले एमसीसी सम्झौता अन्तर्गत रु. ५५ अर्ब सहयोग गर्ने सम्बन्धमा पक्ष र विपक्षमा बहस चलिरहेको छ। सत्तारुढ दल नेकपाभित्रै कार्यदल गठन गर्नु परेको स्थिति छ। प्रधानमन्त्री ओली र परराष्ट्रमन्त्री प्रदिप ज्ञवालीलगायतका मन्त्री तथा नेताहरू एमसीसी संसदको हिउँदे अधिवेशनबाट जसरी पनि पास गराउने भनेर लाग्दैछन्। प्रतिपक्ष नेकाँका सभापति शेरबहादुर देउवादेखि नेकाँका नेताहरू छिट्टै पास गराउन जोड बल गर्दैछन्।

अहिलेको स्थिति हेर्दा ठिक महाकाली सन्धि हुनु अघिको समयको सम्झना गराउँछ। फरक यति हो कि त्यसबेला नेकाँको सरकार थियो। शेरबहादुर देउवा प्रधानमन्त्री थिए। एमालेका नेताहरू माधव कुमार नेपाल, के.पी. ओलीहरू महाकाली सन्धिको समर्थनमा कसेर लागेका थिए। महाकाली सन्धिपछि नेपाललाई वर्षको १ खर्ब २० अर्ब आम्दानी हुन्छ, अब पश्चिमबाट सूर्य उदाउँछ भनेर के.पी. ओलीले बोलेको कुरा ताजै छ। एमालेमा कृत्रिम बहुमत श्रृजना गरी महाकाली सन्धि पारित गरियो। २३ वर्ष पछि फर्केर हेर्दा महाकाली नदीको पानी भारतले पाउनु बाहेक नेपालले केही पाएन। अहिले नेकपाको झन्डै दुई तिहाइको सरकार छ। नेपाली कांग्रेस प्रतिपक्षमा छ। नेकाका नेताहरू एमसीसी संसदबाट अनुमोदन गर्ने पक्षमा छन्, राष्ट्रघाती महाकाली सन्धिमा एमाले लागेजस्तै।

यथार्थमा एमसीसी नेपाललाई ५५ अर्बको आर्थिक सहयोगको जालोमा फसाइ नेपालको सार्वभौमिकता माथि नियन्त्रण गर्ने अमेरिकी चाल हो। विद्युत प्रशारण लाइन विस्तार गर्ने र सडकको स्तरोन्नति गर्ने उद्देश्य नराम्रो होइन। सं.रा. अमेरिका मात्रै होइन, कुनै पनि देशले विना शर्त सहयोग गर्छ भने त्यसलाई स्वीकार गर्न सकिन्छ। तर कसैले आफ्नो राजनैतिक स्वार्थलाई पूरा गर्न सहयोगको झोला बोकेर आउँछ भने आफ्नो देशको हितलाई ध्यानमा राखेर त्यस्ता सहयोग अस्वीकार गर्नुपर्छ।

सरकारमा बस्ने केही मन्त्रीहरू देश विकासले गति लिन नसक्नुमा एमसीसी पास नहुनुलाई दोष दिंदैछन्। अर्थमन्त्री युवराज खतिवडाले बितेको ६ महिनामा पूँजीगत खर्च कम हुनुमा एमसीसी सम्झौताको रकम प्राप्त नहुनु बताए। उनको यो दाबी सरासर झुट हो किनभने अमेरिकाबाट प्राप्त हुने ५५ अर्ब रूपैयाँ ५ वर्षमा मात्रै प्राप्त हुने हो। वर्षको ११ अर्ब रूपैयाँ भनेको यो आर्थिक वर्षको पूँजीगत खर्चको २ प्रतिशत भन्दा कम हो।




मुख्य कुरा एमसीसीअन्तर्गत नेपालले पाउने सहायता इण्डो प्यासिफिक रणनीति (आइपिएस) अन्तर्गत हो वा होइन भन्ने मै विवाद छ। २०७६ वैशाख ३० देखि जेठ १ (१३–१५ मे २०१९) मा नेपाल भ्रमणमा आएका अमेरिकी दक्षिण एशियाका लागि उपसहायक मन्त्री डेभिड रेन्चले नेपालका लागि इण्डो प्यासिफिक रणनीति अन्तर्गत सहयोगको अत्यन्त महत्त्वपूर्ण थालनी भएको बताए। त्यसैगरी अमेरिकी सहायक राज्यमन्त्री एलिस वेल्सले सन् २०१९ फेब्रुअरी १० मा भियतनाम भ्रमणको सिलसिलामा एमसीसीअन्तर्गत नेपाललाई प्रदान गरिने ५० करोड डलर अनुदान आइपीएसको हिस्सा भएको बताए।

अमेरिकाका जिम्मेवार पदाधिकारीहरूले एमसीसीअन्तर्गतको रकम आइपिएसअन्तर्गत हो भनी सार्वजनिक अभिव्यक्ति दिइसकेपछि वा स्वीकार गरिसकेपछि त्यसबारे थप प्रमाणहरू खोजिरहनु आवश्यक छैन। एमसीसीको पैसा आईपीएसअन्तर्गतको हो। यसमा कसैले शंका नगरे हुन्छ। त्यो पैसा स्वीकार गर्नुको अर्थ नेपाल हिन्द प्रशान्त सैन्य गठबन्धनको सदस्य बन्नु हो। यो नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत छ।

सार्वजनिक भएका बुँदाहरू हेर्दा आश्चर्य लाग्छ। नेपालको समेत झण्डै १४ अर्ब रूपैयाँ राखेर अगाडि बढाइने योजनाको लेखा परीक्षण अमेरिकी कम्पनीले मात्रै हेर्ने नेपालको महालेखाले हेर्न नमिल्ने, यो कस्तो सम्झौता हो ? यो, हाम्रो सार्वभौमिकता माथिको नियन्त्रण हो।

सम्झौता र नेपालको कानुन बाझिएमा एमसीसीकै प्रावधान लागू हुने व्यवस्था कसरी नेपालको हितमा हुन सक्छ ?

अझ सम्झौतामा भारतको सहमति लिनुपर्ने प्रावधानले थप प्रश्न उब्जाएको छ। नेपाल र सं .रा. अमेरिका बीचको सम्झौता हो वा भारत समेत त्रिपक्षीय सम्झौता ? उक्त सम्झौता संसदले जस्ताको तस्तै अनुमोदन गर्नुको अर्थ हो, नेपालले भारतको उपनिवेशलाई स्वीकार गर्नु। यो कदापि हुन सक्दैन। अमेरिकाले नेपाललाई भारतकै एक अङ्गको रूपमा मानेको छ भन्ने यसले पुष्टि गर्छ। नत्र एक स्वतन्त्र र सार्वभौम देशले कुनै देशसँग सम्झौता गर्दा कसैको सहमतिको आवश्यकता पर्दैन।

२०७२ सालको भूकम्पपछि भक्तपुरको सम्पदा पुनःनिर्माणको लागि नेपाल सरकार र जर्मनी सरकारबीच भएको सम्झौता र एमसीसी करिब करिब उस्तै भयो। भक्तपुरका १० वटा सम्पदा र ३ वटा विद्यालय भवन निर्माणको लागि १० मिलियन युरो (१ करोड युरो) नेपाली १ अर्ब २० करोड सहयोगको सम्झौता भएको थियो। त्यसमा भक्तपुर नपाले २० प्रतिशत व्यहोर्नुपर्ने उल्लेख थियो।

हामी निर्वाचित भएपछि विज्ञ साथीहरूसित उक्त सहयोगबारे छलफल गर्‍यौं। बुँदा बुँदा केलाएर हेर्‍यौं। सम्झौतामा लेखा परीक्षण जर्मनी लेखापरीक्षकले गर्ने, मुद्दा परेमा जर्मनी अदालतमा चलाउने, निर्देशक समितिमा उनीहरूले सिफारिस गरेका व्यक्तिहरूमात्र बस्ने, उनीहरूको सिफारिसमा मात्रै सामान खरिद गर्ने, सम्पदामा दण्डी सिमेन्टको प्रयोग गर्न सकिने जस्ता प्रावधानहरू पायौं।


हामीले महालेखाले पनि लेखापरीक्षणको बन्दोबस्त हुनुपर्ने, मुद्दा मामिला परेमा सर्वोच्च वा संवैधानिक अदालतले हेर्ने व्यवस्था हुनुपर्ने, निर्देशक समिति नगरपालिकाले गठन गर्ने, प्राचीन स्मारक संरक्षण ऐन २०१३ विपरीत सम्पदा क्षेत्रमा सिमेन्ट र दण्डी प्रयोग गर्न नसकिने बतायौं। जर्मनहरू एक शब्द र वाक्यमा संशोधन गर्न तयार भएनन्। अन्त्यमा हाम्रो सार्वभौमिकता, आत्म निर्णयको अधिकारलाई बन्धकमा राखेर उक्त पैसा स्वीकार नगर्ने निष्कर्षमा पुग्यौं। अहिले जे जति कामहरू भइरहेका छन् भक्तपुर नगरपालिका आफैले जनताको सहयोगमा गरिरहेको छ।

हुन त अहिले एमसीसी सम्झौताबारे नेकपाले गठन गरेको कार्यदलले प्रतिवेदन पार्टी अध्यक्षहरूलाई बुझाई सकेको छ। सम्झौता संशोधन विना संसदले अनुमोदन गर्न नसक्ने उल्लेख गरेको समाचारमा जनाइएको छ। एमसीसीका युरोप एशिया प्यासिफिक तथा ल्याटिन अमेरिका मामिलासम्बन्धी सहायक उपाध्यक्ष जोनाथन ब्रुक्सले "एमसीसीको सबै मान्यता सम्झौता अनुरूप अघि बढ्नु आवश्यक छ। यसमा परिवर्तन अमेरिकालाई मान्य हुँदैन" भनेका छन्।

केही अर्ब रूपैंयाको लोभमा देशको सार्वभौमिकता अमेरिकाको हातमा सुम्पने वा सहयोग अस्वीकार गरेर सार्वभौमिकता रक्षा गर्ने ? आज हामी ती दुईमध्ये एक विकल्प रोज्नुपर्ने अवस्थामा छौं। देशको लागि ५५ अर्ब त्यो पनि वर्षको ११ अर्ब कुनै ठूलो रकम होइन। सार्वभौमिकता गुमेपछि फिर्ता हुन असम्भव छ वा धेरै समय लाग्न सक्छ। आत्मगौरवको जीवन बिताउन हामीले कठिन बाटो रोज्न तयार हुनुपर्छ। सार्वभौमिकता रक्षाको लागि एमसीसीसम्झौता संसदबाट अनुमोदन हुनबाट रोक्न आ–आफ्नो क्षेत्रबाट संघर्ष गर्नु आजको आवश्यकता हो।

पैसासँग देशको सार्वभौमिकताको तुलना हुन सक्दैन। विदेशीसामु आत्मसमर्पण गरेर भीख मागेको पैसाले देश समृद्ध हुन सक्दैन।

*(भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा फागुन १२ गते 'मिलेनियम च्यालेन्ज कर्पोरेशन र इन्डो प्यासिफिक स्ट्राटेजी' विषयमा भएको प्रवचन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार–सम्पादक)*



# श्वासप्रश्वास पुनर्स्थापना केन्द्रको दोस्रो चरणको सम्झौता

दीर्घ दमखोकी रोगका विरामीहरूको उपचारका लागि जापान अन्तर्राष्ट्रिय चिकित्सा प्रविधि संस्था (जिम्टेफ) को प्राविधिक तथा आर्थिक सहयोगमा भक्तपुर नगरपालिका वडा नं. ९ तुमचोमा निर्माणाधीन श्वासप्रश्वास पुनर्स्थापना केन्द्रको दोस्रो चरणको सम्झौता फागुन १४ गते सम्पन्न भयो ।

नेपालस्थित जापानी राजदूत र जिम्टेफका नेपाल प्रतिनिधिबीच दूतावासको कार्यालयमा एक समारोहबीच सम्पन्न उक्त सम्झौतामा केन्द्रको भवन निर्माण तथा चिकित्सा उपकरण खरिद पश्चात नेपाली चिकित्सकहरूलाई उपचारसम्बन्धी तालिम दिने तथा जापानी विज्ञहरूको उपस्थितिमा उपचार गराउने विषय उल्लेख थियो ।




समारोहमा नेपालका लागि जापानी राजदूत सामिची साइगोले जापानका वरिष्ठ सरकारी चिकित्सकहरूको संस्था जिम्टेफको सहयोगमा भक्तपुर नगरपालिकाले स्थानीय जनताको सहभागिता र उपभोक्ता समितिमार्फत केन्द्रको भवन निर्माण गरेकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले दुई देशका जनताबीचका सम्बन्धलाई थप सुमधुर पार्न केन्द्रले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्तगर्नुभयो । बढ्दो शहरी विकाससँगै वायु प्रदूषण बढेको कारणले जनतामा श्वासप्रश्वाससम्बन्धी रोगहरू देखापरेको चर्चा गर्नुहुँदै दीर्घ रोगीहरूलाई जापानी प्रविधिबाट उपचार गराउन नेपालमै पहिलो पटक भक्तपुरमा केन्द्र स्थापनागर्न खोजेको बताउनुभयो ।

जिम्टेफका नेपाल प्रतिनिधि मायदानोरिकोले भक्तपुरमा श्वासप्रश्वास पुनर्स्थापन केन्द्र संचालनको तीनवर्षे योजनाअन्तर्गत पहिलो वर्ष भवननिर्माण र उपकरण खरिद प्रकृया सफलतापूर्वक सम्पन्न भएको र दोस्रो वर्षमा नेपाली चिकित्सकहरूलाई यस उपचार विधिबारे तालिम संचालन गरी विरामीको उपचार शुरु गर्ने तयारी भइरहेको बताउनुभयो । उहाँले नेपालमा पहिलोचोटि समुदायमा आधारित केन्द्र संचालन गरिन लागेको र भक्तपुरवासी जनता र भक्तपुर नगरपालिकाले गरेको सहयोगप्रति कृतज्ञता व्यक्तगर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नगरपालिकाले आफ्नै जग्गामा नियमानुसार नक्सापास गरी स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत् केन्द्रको भवन निर्माण गर्दा लागत अनुमानभन्दा कम खर्चमा गुणस्तरीय भवन तयार भएको बताउनुभयो । उहाँले जापानी चिकित्सा टोली र जापानी जनताप्रति धन्यवाद ज्ञापन गर्नुहुँदै हाल निर्माणाधीन भवनको उद्घाटन आगामी चैत्र ३ गते एक समारोहबीच गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा त्रिवि शिक्षण अस्पतालका वरिष्ठ डाक्टर एवं सोलिड नेपालका कार्यकारी निर्देशक डा. खेमबहादुर कार्कीले भक्तपुरमा स्थापित श्वासप्रश्वास केन्द्रलाई उत्कृष्टताको नमूना परियोजना बनाउने र यसैलाई केन्द्र बनाई देशका अन्य नगरपालिकाका चिकित्सकहरूलाई पनि तालिम संचालन गर्ने तयार भइरहेको जानकारी दिनुभयो ।

जिम्टेफले भक्तपुर नगरपालिकालाई केन्द्रको भवन निर्माणका लागि नि:शर्त १ करोड ७० लाख रूपैया आर्थिक सहयोग प्रदान गरेको र नगरपालिकाले आफ्नै ५ आना ३ पैसा ३ दाम क्षेत्रफलको जग्गामा दुइटा फरक फरक उपभोक्ता समितिमार्फत भवन निर्माण कार्य सम्पन्न गरेको नगरपालिका स्रोतले बताएको छ । उक्त भवनमा दीर्घ दमखोकी रोगका विरामीहरूलाई फिजियोथेरापी विधिबाट उपचार सेवा प्रदान गरिने र त्यसका लागि आवश्यक चिकित्सकीय उपकरणहरू जडान गर्ने कार्य भइरहेको पनि बताइएको छ । आगामी चैत्र ३ गतेबाट सर्वसाधारण विरामीहरूलाई कम शुल्कमा उपचार शुरु गरिने नगरपालिकाले जानकारी दिएको छ ।

ख्वपको वार्षिकोत्सव र शैक्षिक प्रदर्शनी

# शैक्षिक संस्थाको सफलता शिक्षक र विद्यार्थीको संयुक्त मिहिनेत र प्रयासले सम्भव हुने

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप माविको २० औं, ख्वप कलेजको १८ औं र शारदा क्याम्पसको २९ औं वार्षिकोत्सवको कार्यक्रम तथा शैक्षिक प्रदर्शनी उद्घाटन माघ २२ गते गर्नुभयो।

भक्तपुरको देकोचास्थित ख्वप कलेजमा भएको कार्यक्रममा बोल्नुहुँदै नेता बिजुक्छेँले कुनै पनि शैक्षिक संस्थाको सफलता शिक्षक र विद्यार्थीको संयुक्त मिहिनेत र प्रयासले सम्भव हुने बताउनुभयो। विद्यार्थीहरूलाई अध्ययनशील र उत्साहित बनाउन शिक्षकहरूले थप योगदान गर्नुपर्नेमा जोड दिनुहुँदै विद्यार्थीहरूसँग असल व्यवहार गर्न मार्गनिर्देशन गर्नुभयो।




संसारमा सबभन्दा बढी ऐन–कानुन नचल्ने देश अमेरिका भएको इंगित गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले अमेरिकामा विना भिसा करोडौं मानिसहरूको बसोबास रहँदै आएको छ भन्नुभयो। गैरकानुनी रूपमा बसोबास गर्दै आएका मानिसहरूलाई अमेरिकाबाट देश निकाला गरे अमेरिकामा ठूलो संकट निम्तिने खतरा भएको उहाँले बताउनुभयो।

छिमेकी मुलुक चीनमा हालै महामारीको रूपमा देखापरेको कोरोना भाइरसको प्रतिरोध प्रति ऐक्यबद्धता जनाउनुहुँदै अध्यक्ष बिजुक्छेँले संयुक्त राज्य अमेरिकाले स्वाभाविक रूपमा युद्ध जित्न नसके अनेक जालझेल गर्न सक्नेतर्फ सचेत पार्नुभयो।

नेपाल मजदुर किसान पार्टीका सचिव तथा संघीय सांसद प्रेम सुवालले ख्वप विश्वविद्यालय अनुमति मागेको १२ वर्ष बित्दा पनि विश्वविद्यालय सञ्चालन स्वीकृति नपाउनु भनेको सरकारका सञ्चालकहरू जवाफदेही नभएको प्रस्ट भन्नुभयो।

रोजगारीको नाममा ७० लाखभन्दा बढी नेपाली युवाहरू विदेशका बहुराष्ट्रिय कम्पनीहरूमा श्रम गर्न बाध्य भएकोमा चिन्ता प्रकट गर्नुहुँदै सांसद सुवालले भारतद्वारा अतिक्रमित ६० हजार हेक्टर भन्दा बढी जग्गा कुटनीतिक पहलबाट फिर्ता नहुने हुँदा सो मुद्दा अन्तर्राष्ट्रिय अदालतमा लानुपर्ने बताउनुभयो।

सांसद सुवालले अमेरिकी एमसीसी सम्झौता हिन्द प्रशान्त रणनीतिअन्तर्गतकै भएको बताउनुहुँदै यो नेपालको हितविपरीत भएको बताउनुभयो। उहाँले कोरोना भाइरस नियन्त्रणमा चीनले गरिरहेको प्रयास प्रशंसनीय भएको बताउनुहुँदै नेपाल मजदुर किसान पार्टीले कोरोना भाइरसविरुद्ध ऐक्यबद्धता जनाइसकेको धारणा राख्नुभयो।

कार्यक्रमका सभापति कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले देशभरि सरकारी वा समुदायिक विद्यालय तथा कलेजहरू असफल भइरहेको अवस्थामा भक्तपुर नपाद्वारा सञ्चालित विद्यालय, कलेज शैक्षिक गुणस्तरको हिसाबमा कुनै निजी शैक्षिक संस्थाभन्दा कम नभएको बताउनुभयो।

सिमाना जोडिएका ठाउँहरूमा भएको थिचोमिचो र अन्यायबारे खुलेर विरोध गर्न विद्यार्थीलाई आह्वान गर्नुहुँदै प्रमुख प्रजापतिले ख्वपमा अध्ययनरत हरेक विद्यार्थी देश रक्षाको निम्ति निरन्तर आवाज उठाउने सिपाहींको रूपमा अगाडि बढ्न शुभकामना दिनुभयो।

बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले नवउदारवादलाई निमित्यान्न पार्ने बलियो हतियार समाजवाद भएको उल्लेख गर्नुहुँदै शिक्षामा भएको विभेदीकरण, वर्गविभेद, भागबण्डा र भ्रष्टाचारका कारण देशको शिक्षा क्षेत्र तहसनहस



भएको बताउनुभयो । भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरू शिखरको पाइलातर्फ लम्किरहेको बताउनुहुँदै सांसद गोसाइँले अमेरिकी एमसीसी सम्झौतामा अमेरिकी साम्राज्यवाद हाबी भइरहेको प्रस्ट पार्नुभयो ।

बागमती प्रदेशका सांसद सृजना सैंजुले नेपालका विश्वविद्यालयहरू बौद्धिक भ्रष्टाचारको केन्द्रको रूपमा विकास हुँदै जानु चिन्ताजनक भएको बताउनुहुँदै नेपालले एमसीसी स्वीकार गरे देश अमेरिकी सेनाको अखडा बन्नेछ भन्नुभयो । नेमकिपाले अमेरिकी एमसीसी सम्झौताको वास्तविकताबारे जनतालाई सचेत पार्न जिल्ला र चोक–चोकमा सभाहरू आयोजना गर्दै आइरहेको उहाँले जानकारी गराउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नपाद्वारा सञ्चालन भएका कलेजहरूको नतिजा र गुणस्तर दिनप्रतिदिन अभिवृद्धि हुँदै जानु सुखद पक्ष भएको बताउनुहुँदै गुणस्तरीय शिक्षा प्रदान गर्न कलेजहरू निरन्तर क्रियाशील रहने बताउनुभयो ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसन्धान गुणस्तर तथा शासकीय सुधार महाशाखाका प्रमुख डा. रामचन्द्र पाण्डेले नेपाल सरकारले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तालिममा धेरै रकम खर्चिरहेको तर ती तालिमहरू उपलब्धीशून्य भएको र प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानले शिक्षा क्षेत्रमा भइरहेको व्यापारीकरण र गलत संस्कारलाई निरुत्साहित गर्न भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले नि:स्वार्थ रूपमा देशभरका विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ भन्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले भक्तपुर शैक्षिक केन्द्रको रूपमा विकास भइरहेको बताउनुहुँदै भक्तपुर नपाले गरिरहेको काम–कारबाही अन्य स्थानीय तहको लागि नमुनायोग्य भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशीले ख्वप कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो भने ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले ख्वप माविको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । कार्यक्रममा कलेजका शिक्षक कमिनिका



न्याइँच्याइँले पनि बोल्नुभएको थियो भने कलेजमा अध्ययनरत विद्यार्थीहरूले गीत, संगीत, नाच र विविध सांस्कृतिक प्रदर्शनीहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष बिजुक्छेँले कलेजमा अनवरत रूपमा १० वर्षभन्दा बढी सेवा गर्ने कर्मचारी तथा शिक्षकहरूलाई सम्मान गर्नुभयो भने अतिथिहरूले विभिन्न विषयमा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो ।

साथै वार्षिकोत्सवको अवसरमा भएको भक्तपुर जिल्लास्तरीय कक्षा ८ देखि १२ सम्म अध्ययनरत विद्यार्थीबीच वक्तृत्वकला, चित्रकला, हाजिरीजवाफ, बास्केटवल प्रतियोगिताका विजयी प्रतियोगीहरूलाई प्रमुख अतिथि तथा अतिथिहरूले मेडल तथा प्रशंसापत्र प्रदान गर्नुभयो ।

माघ २२ देखि २४ सम्म सञ्चालन भएको शैक्षिक प्रदर्शनी अवलोकन प्रवेश निःशुल्क र प्रदर्शनीमा कलेजका विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा र कानुन गरी पाँच वटा संकायमा कक्षा ११ देखि स्नातकोत्तर तहसम्मका विद्यार्थीहरूले स्टलहरू राखेका थिए ।

## विद्यार्थीहरूले अध्ययनको अतिरिक्त अनुसन्धानमा पनि ध्यान दिनुपर्ने

**- सुनिल प्रजापति**

ख्वप माविको २० औँ, ख्वप कलेजको १८ औँ र शारदा क्याम्पसको २९ औँ वार्षिक उत्सव कार्यक्रम तथा वार्षिक उत्सवको अवसरमा भएको शैक्षिक प्रदर्शनीको समापन कार्यक्रम




नगर प्रमुख एवम् कलेज/विद्यालय सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको आतिथ्यमा माघ २४ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले शैक्षिक प्रदर्शनी सफल पार्न सहयोग गर्ने सम्पूर्ण शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूमा विद्यालय/कलेज सञ्चालक समिति र भनपाको तर्फबाट धन्यवाद व्यक्त गर्नुहुँदै चैत ४ गतेदेखि ८ गतेसम्म हुने भक्तपुर महोत्सवको अवसरमा हुने शैक्षिक प्रदर्शनीमा पनि सहभागिता जनाउन अनुरोध गर्नुभयो ।

'वार्षिक उत्सव कार्यक्रममा प्रस्तुत हुने सबै कार्यक्रमहरूको सङ्ग्रह गरी अभिलेख राख्नु आवश्यक छ । हामीले हाम्रो संस्कृति र पहिचानलाई जोगाउनुपर्छ, विदेशी संस्कृतिलाई बढावा दिने काम हामीबाट हुनुहुँदैन ।' उहाँले भन्नुभयो ।

विद्यार्थीहरूले अध्ययनको अतिरिक्त अनुसन्धानमा पनि ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूको अनुसन्धानको लागि भनपाद्वारा सञ्चालित विद्यालय/कलेज र नगरपालिकाद्वारा सहयोग गर्ने छ भन्नुभयो ।

देशभरिका शैक्षिक संस्थानहरूमा भनपाद्वारा सञ्चालित कलेजहरू अब्बल दर्जामा रहेको प्रमाणित हुँदै आएको उल्लेख गर्नुहुँदै उहाँले पूर्वाञ्चल विश्वविद्यालयबाट प्राप्त सम्बन्धन प्राप्त ११५ वटा कलेजहरूमध्ये ख्वप इन्जिनियरिङ कलेज सर्वोत्कृष्ट कलेज हुन सफल भएको जानकारी गराउनुभयो ।

'राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रको विविध ज्ञान हासिल गरी अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी हुन सक्ने गरी आफूलाई सक्षम राख्नु अहिलेको आवश्यकता हो', प्रमुख प्रजापतिले भन्नुभयो ।

भक्तपुर शैक्षिक गन्तव्यको केन्द्र बन्दै गइरहेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'भनपाले शिशु स्याहारदेखि कलेजसम्म सञ्चालन गरिरहेको छ, विश्वविद्यालय सञ्चालन गर्ने हाम्रो लक्ष्य हो । यदि सरकार सकारात्मक रह्यो भने भनपाले शिशु स्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा दिनेछ । त्यो योगदान भक्तपुरको लागि मात्र नभई देशभरिको लागि हुनेछ । सस्तो र गुणस्तरीय शिक्षाको लागि भक्तपुर नगरपालिकाले योगदान गर्ने नै छ ।'

ख्वप माविका प्राचार्य प्रकाश कुमार श्रेष्ठले ११० भन्दा बढी विद्यालयका दसौँ हजार विद्यार्थीले शैक्षिक प्रदर्शनी अवलोकन गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले वार्षिक उत्सवको अवसरमा भएको विविध प्रतियोगिताका विजयी विद्यार्थीहरूलाई मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रममा कलेजका प्राचार्य रूपक जोशीले पनि बोल्नु भएको थियो भने विद्यार्थीहरूबाट सांस्कृतिक प्रस्तुतिहरू प्रदर्शन गरिएका थिए ।

# ङातापोल मन्दिर जीर्णोद्धारसम्बन्धी अन्तरक्रिया

नेपालकै अग्लो विश्व प्रसिद्ध ङातापोल मन्दिर जीर्णोद्धारसम्बन्धी अन्तरक्रिया भक्तपुर नगरपालिकाको आयोजनामा विज्ञ एवम् सरोकारवालाहरूको उपस्थितिमा माघ २० गते भनपा सभाकक्षमा सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्प र त्यसपछिका परकम्पले क्षति पुऱ्याएको भक्तपुर नगरको प्रसिद्ध ङातापोल मन्दिरको जीर्णोद्धार ६५ लाख १३ हजार ३५८ रूपैयाँको लगत इस्टिमेटमा जीर्णोद्धार सुरु गरेको छ ।



कार्यक्रममा बोल्नुहुँदै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले नेपाल भूकम्पीय जोखिमको हिसाबले ११ औं स्थानमा रहेको जानकारी गराउनुहुँदै ङातापोल संरक्षणको लागि मौलिक प्रविधिका साथै गुणस्तरीय सामग्री प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

सम्पदामा पर्न सक्ने भूकम्पीय जोखिम न्यूनीकरण गर्नका लागि काठको संरचना महत्त्वपूर्ण हुने भएको बताउनुहुँदै उहाँले सम्पदा संरक्षणको लागि सरकारी तहबाट सुपथ मूल्यमा गुणस्तरीय काठ उपलब्ध गराउनुपर्छ भन्नुभयो ।

प्रमुख अतिथि सुवालले सम्पदा पुन:निर्माण र जीर्णोद्धारमा कामको गुणस्तर र आर्थिक अनुशासनलाई विशेष जोड दिनुपर्ने तथा मुख्य मुख्य सम्पदाहरूको भूकम्प अघि र पछिको विस्तृत अध्ययनको आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले सन् १७०२ मा राजा भूपतिन्द्र मल्लको पालामा निर्मित ङातापोल मन्दिर ३१७ वर्षसम्म पनि जस्ताको तस्तै रहनु उत्कृष्ट प्रविधिको प्रमाण हो भन्नुभयो ।

भूकम्पपछिको भक्तपुरका सम्पदा पुन:निर्माण भक्तपुर नगरपालिकाले मौलिक प्रविधिलाई जोड दिँदै मौलिक स्वरूपमै जीर्णोद्धार गर्ने र मन्दिरमा अवस्थित हरेक वस्तुको क्षतिबारे अध्ययन र अनुसन्धान गर्दै सुरक्षित अभिलेखीकरण गरिरहेको उहाँले बताउनुभयो ।

सम्पदा पुन:निर्माणमा काठ अभाव रहेको बताउनुहुँदै सरकारले सहज रूपमा काठ उपलब्ध गराउनेतिर ध्यान दिनुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरूको पुन:निर्माण वा जीर्णोद्धारको कार्य साधारण जनतालाई जानकारी गराई आवश्यक राय–सुझाव संकलन र छलफलको आवश्यकता औंल्याउनुभयो । सांस्कृतिक सम्पदाहरूको मौलिक नाम संरक्षण गर्नुपर्ने बताउनुहुँदै सांसद गोसाईले ङातापोल मन्दिर जीर्णोद्धारमा कुनै किसिमको कमी हुन नदिन विज्ञ र प्राविधिकहरूको सुझाव आवश्यक छ भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले सम्पदा संरक्षणको कार्य नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्ने विचार व्यक्त गर्नुहुँदै सम्पदा संरक्षणलाई विशेष महत्त्व दिई भक्तपुर नगरपालिकाले विज्ञहरूको सल्लाह र सुझावलाई मनन गर्दै अगाडि बढिरहेको जानकारी दिनुभयो ।

संरक्षणविद् प्राध्यापक सुदर्शनराज तिवारीले प्राचीन प्रविधि र सामग्री उपलब्ध भएसम्म त्यसैको प्रयोग गर्नुपर्नेमा जोड दिनुहुँदै आधुनिक सामग्री प्रयोगको नाउँमा मन्दिरको छानामा जर्मन प्रोजेक्टले तार्पेन राख्ने शुरु गरेपछि धेरै सम्पदाहरूको बेहाल भएको बताउनुभयो ।








;f+b k|d ;'jfn, k|d'v ;'lgn k|hfklt, ;f+b ;'/]G›/fh uf];fO{ pkk|d'v /hgL hf]zL / k|fWofks ;'bz{g/fh ltjf/L



k'/ftTj sf k"j{ dxflgb]{zs lji0f'/fh sfsL{, 0{ e/t zdf{, k"j{ GofofwLz uf}/Laxfb'/ sfsL{, k|f= k'?iff]Qdnf]rg >]i7 / k|x/L pk/LIfs ;lag k|wfg

उहाँले भनपाले ५५ झ्याल दरबारको जीर्णोद्धार गरेर नमूना काम गरेकोमा प्रशंसा गर्नुहुँदै भक्तपुरको ५ तले मन्दिर र ५५ झ्याल दरबारमा तत्काल उपलब्ध सबै खालका प्रविधि र वस्तु प्रयोग भएको हुनसक्ने बताउनुभयो ।

पुरातत्त्व विभागका पूर्व महानिर्देशक विष्णुराज कार्कीले ङातापोलमा राखिएका टुँडालहरूको अध्ययन गराउनुपर्ने, अमूर्त सम्पदाहरूलाई जोगाउनुपर्ने, भक्तपुर नपाबाट निर्माण सम्पन्न सम्पदा संरक्षणबारे प्रतिवेदन तयार गर्नुपर्ने, ङातापोलको गारो र अन्य विषयबारे प्राविधिक अध्ययन गराउनुपर्नेमा जोड दिनुभयो ।

संरक्षणविद् ई. भरत शर्माले आफ्नो मौलिक प्रविधि छोडेर अरुको सहयोग माग्न नहुने बताउनुहुँदै भक्तपुरका सम्पदा पुन:निर्माण उपभोक्ता समितिमार्फत् गर्नु उदाहरणीय छ भन्नुभयो । उहाँले सम्पदाहरूलाई जीवन्तता दिने विज्ञहरूको सुझाव लिई कार्य अगाडि बढाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीले भक्तपुरको मन्दिरको प्रोफाइल बनाउनुपर्ने बताउनुहुँदै पूजा आजा नगरिने मन्दिर मन्दिर नहुने हुनाले मन्दिर सञ्चालनका लागि आर्थिक व्यवस्था गर्नुपर्ने बताउनुभयो । पुराना मौलिक नामहरू परिवर्तन गर्न नहुने उहाँको भनाइ थियो ।

प्रा. पुरुषोत्तमलोचन श्रेष्ठले ङातापोलको तल्लो तलामा आएको चर्कनबारे अध्ययन हुनुपर्ने र ङातापोल मन्दिरको बेलाबखतमा संरक्षण र सम्बर्द्धन हुनुपर्ने बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानले जीर्णोद्धारमा कार्यगर्ने कामदारका सुरक्षालाई विशेष ध्यान दिई हेल्मेट, लुगा, जुत्ता, बेल्टको प्रयोग अनिवार्य गर्नुपर्ने मर्मत सम्भारको क्रममा अनधिकृत व्यक्तिलाई प्रवेश गराउन नहुने तथा सम्भावित चोरीलाई रोक्न सिसिटिभी जडान गरी सुरक्षा व्यवस्थापन गर्नुपर्ने बताउनु भयो ।

गुथि संस्थान केन्द्रीय कार्यालय काठमाडौंका सहायक प्रशासक हरिप्रसाद सुवेदीले भक्तपुरका अमूर्त सम्पदाहरूमा पनि नगरपालिकाले ध्यान दिनुपर्नेमा जोड दिनुहुँदै सांस्कृतिक सम्पदाहरूमा प्रयोग गरिएका काठहरू बलियो रहेको बताउनुभयो ।

ङातापोलका पुजारीसमेत रहनु भएका डा.सिद्धिवीर कर्माचार्यले ङातापोलको निर्माणमा ठाडो र तेर्सो अनुपात मिलेकोले ठडिराखेको बताउनु भयो ।

दरबार हेरचाह कार्यालयका पुरातत्त्व अधिकृत मोहनसिंह लामाले विश्वप्रसिद्ध मन्दिर जीर्णोद्धार कार्यको स्थलगत अध्ययन गरी आवश्यक सहयोग गर्न तत्पर रहेको उल्लेख गर्नुभयो ।

ई.मन्जिप शाक्यले स्ट्रक्चरल फ्रिक्वेन्सी सन् २००२ मा भन्दा सन् २०१५ मा घटेकोले चर्कन (Cracks) आउने बताउनु हुँदै स्ट्रक्चरल स्टडी हुनुपर्ने र जीर्णोद्धार गर्दा भित्रबाट काठका खम्बा राख्दा बलियो हुने बताउनु भयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको सो कार्यक्रममा ख्वप इ. कलेजका आ.ई. रबिना शिल्पकारले ङातापोल मन्दिरको क्षति अध्ययनबारे प्रस्तुतीकरण दिनुभएको थियो ।



cltly j8fWoIf /laGb|HofVj, xl/k|;fb ;'j]bL, 8f=l;l4jL/ sdf{fo{, dfxgl;+nfdf / O{dlGhk zfSo

ङातापोल मन्दिरको जीर्णोद्धार सम्बन्धी अन्तरक्रिया

# ‘सम्पदा निर्माणमा जनताको अपनत्व अनुभव–राम्रो पक्ष’

- प्रमुख सुनिल प्रजापति




भक्तपुर कला र संस्कृतिले धनी नगर हो । भक्तपुरमा रहेका थुप्रै मूर्त र अमूर्त सम्पदाहरूले नेपालको नाउँ विश्व सामु चिनाएको छ । काष्ठकला, धातुकला र वास्तुकला तथा प्रस्तर कलाका उत्कृष्ट नमूनाहरू भक्तपुरमा पाइन्छ ।

२०७२ सालको भूकम्पले भक्तपुरमा नराम्ररी क्षति पुऱ्यायो । करिब ८ हजार घरहरू भत्के, २५२ जनाको ज्यान गयो, ११५ बढी सम्पदाहरू भत्के । १५ वर्षसम्म जनाप्रतिनिधि नहुँदा देश धेरै पछि पऱ्यो । भूकम्पको बेलामा जनप्रतिनिधिहरू नहुँदा जुन गतिले पुन:निर्माणको काम अगाडि बढ्नु पर्ने हो त्यो हुन सकेन । २०७४ सालमा जनप्रतिनिधि नगरपालिकामा प्रवेश गरेसँगै पुन:निर्माणले गतिलियो । भूकम्प पछि नगरपालिकाले ९१ वटा सम्पदाहरू पुन:निर्माण सम्पन्न गरिसकेको छ भने दर्जनौं निर्माणाधिन अवस्थामा छन् । सम्पदा पुन:निर्माणको लागि मात्रै भनपाले २५ करोड ४९ लाख ५२ हजार रुपैयाँ खर्च गरिसकेको छ ।

टौमढीस्थित भैरवनाथको मन्दिर हालै जीर्णोद्धार सम्पन्न गऱ्यौं । नगरपालिकाको मात्रै त्यसमा लगानी होइन, स्थानीय जनताको श्रमदान र आर्थिक सहयोगसमेत प्राप्त भयो । सम्पदा निर्माणमा जनतालाई अपनत्वको अनुभव गराउन सक्नु नै हाम्रो राम्रो पक्ष हो । हरेक सम्पदा निर्माणमा यही विषयलाई ध्यानमा राखेर काम गर्दैछौं ।

हाम्रो प्राचीन मौलिक प्रविधि कति उत्कृष्ट छ भन्ने उदाहरण ङातापोंलले दिइरहेको छ । १९९० सालको भूकम्पमा १ तलामात्रै भत्केको थियो भने २०४५ सालमा कुनै क्षति भएन । २०७२ सालमा १ तलामा क्षति पुगेको देखिन्छ । त्यसको जीर्णोद्धार गर्न प्राविधिक अध्ययन भइरहेको छ ।

सन् १७०२ मा राजा भूपतिन्द्र मल्लको पालामा निर्मित उक्त मन्दिर ३१७ वर्षसम्म पनि जस्ताको तस्तै रहनु उत्कृष्ट प्रविधिकै प्रमाण हो । भूकम्प पछिको पुन:निर्माणमा हामीले मौलिक प्रविधिलाई जोड दिंदैछौं । मौलिक स्वरूपमा अलिकति मात्रै परिवर्तन गर्न खोज्नु पनि हाम्रो निम्ति सह्य हुने छैन ।

विश्व सम्पदा सूचीमा सूचिकृत ठाउँहरूको संरक्षण र सम्वर्द्धन गर्नु हामी सबैको कर्तव्य र जिम्मेवारी हो । जनस्तरबाटै काम गर्न खोज्दा विभिन्न चुनौतीहरू देखा पर्दैछन् । सम्पदा पुन:निर्माणमा काठ अभाव छ । बजारबाट किनेर काम गर्न पनि गाह्रो छ । सरकारले सहज रूपमा काठ उपलब्ध गराउनेतिर ध्यान दिएको छैन ।

नगरपालिकाले पुन:निर्माण गर्दा हरेक वस्तुको क्षतिबारे अध्ययन र अनुसन्धान अभिलेखीकरण गर्दैछ । त्यसले आगामी दिनमा त्यसको इतिहास मात्रै होइन, प्राविधिक रूपमा बुझ्न पनि सहज हुने हाम्रो विश्वास छ ।

सम्पदा पुन:निर्माण वा जीर्णोद्धार गर्दा संयुक्त राष्ट्र सङ्घको शैक्षिक, वैज्ञानिक, सांस्कृतिक संगठन (युनेस्को) मापदण्ड विपरीत नहोस् भन्नेमा हामी अत्यन्त सचेत छौं । हाम्रा सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धारमा परम्परागत मौलिक शैली र प्रविधिलाई नै प्रयोग गर्दै आएका छौं । विदेशीको जिम्मामा पुन:निर्माण वा जीर्णोद्धार गर्नु भन्दा स्थानीय जनतासँग सहयोग माग गरेका छौं । आज जनताको साथ र सहयोगले ‘पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति’ नारालाई सार्थक बनाउन सम्भव भएको छ ।

सन् २०२० नेपाल भ्रमण वर्ष पनि हो । सरकारले घोषणा गरेको भ्रमण वर्ष सफल पार्न सम्पदा संरक्षणले महत्त्वपूर्ण योगदान पुऱ्याउने छ । त्यही उद्देश्यले भक्तपुर नगरपालिकाले कला संस्कृति संरक्षणमा करोडौं खर्च गरिरहेको छ । हाम्रो सम्पदा अब संसारकै सम्पत्तिको रूपमा रहेका छन् । त्यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको साझा जिम्मेवारी हो ।

*(भक्तपुर नपाबाट ङातापोंल जीर्णोद्धारबारे २०७६ माघ २० गते आयोजित अन्तरक्रिया कार्यक्रममा प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्यको सारसंक्षेप)*

# 'कोरोना भाइरस' रोग विषयमा छलफल तथा परामर्श

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी हुमकला



पाण्डेको नेतृत्वमा आउनुभएका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका चिकित्सकहरूको प्रतिनिधि टोलीसँग बुधबार हाल चीनमा फैलिएको 'कोरोना भाइरस' रोगको विषयमा छलफल भयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट आउनुभएका चिकित्सकहरूले कोरोना भाइरस रोगको लक्षण र उपचारको विषयमा जानकारी गराउनुभयो ।

छलफलमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले चीनबाट नेपाल फर्काइने नेपाली विद्यार्थीहरूलाई भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरण तालिम केन्द्रमा राख्नुभन्दा मानव बस्तीभन्दा टाढा अलग सुरक्षित स्थानमा व्यवस्थापन गर्न उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।

# चीनमा कोरोना भाइरसको महामारी

चीनको हुपेइ प्रान्तको उहानमा कोरोना भाइरसको व्यापक संक्रमणले महामारीको रूप लिएको छ । सन् २०१९ को दिसेम्वर ३१ मा पहिलो पटक देखापरेको भनिएको त्यस भाइरसको संक्रमणले ज्वरो धेरै आउने, रुघा खोकी लाग्ने र निमोनिया हुन्छ । त्यस भाइरसलाई अहिले 'कोभिड-१९' (कोरोना भाइरस डिजीज सन् २०१९) नाम दिइएको छ ।

कोभिड-१९ बाट संक्रमितको सङ्ख्या फागुन १९ सम्ममा ८७ हाजर बढी पुगेको र ३ हजार भन्दा बढीको मृत्यु भइसकेको छ । यो रोग विश्वका विभिन्न ६० देशमा पनि फैलिएको छ । नियन्त्रणको लागि चिनियाँ सरकारले व्यापक रूपमा स्वास्थ्यकर्मी परिचालन गरेको छ, रोकथामको उपायहरू अपनाएको छ । संक्रमितहरूको उपचारको लागि दश दिनमै अस्पतालहरू बनाएको छ ।

यस रोगको महामारी बारे विशेषगरि सं.रा. अमेरिका र तिन्का पिच्छलग्गुहरूले चीन सरकार र चिनियाँ समाजवादी व्यवस्था कै विरुद्ध विषवमन गरेर आफ्नो अमानवीय चरित्र प्रदर्शन गरिरहेका छन् भने विश्वका थुप्रै सरकार, पार्टी, नेता लगायत अन्तर्राष्ट्रिय समुदायले रोगविरुद्धको प्रयासमा ऐक्यबद्धता जनाएका छन् ।

उहानमा अध्ययनरत र अन्य गरी १७५ जना नेपालीलाई फागुन ४ गते नेपाल ल्याइ खरिपाटीमा 'क्वारेन्टाइन' मा राखिएकोमा १४ दिनपछि सबै स्वस्थ रहेकोले घर पठाइएका छन् । १८५ जना मध्ये ६ जनामा ज्वरो देखिएकोले चीनमै छोडिएको र चार जनाले फर्कन नचाहेको बताइएको थियो ।

**लक्षणहरू**

कोरोना भाइरसको संक्रमण भएको १५ दिनभित्र लक्षण देखिने चिकित्सकहरू बताउँछन् । संक्रमण भएको दुई साताभित्र देखिने मुख्य लक्षणहरू यस प्रकार छन् –

- ज्वरो आउने
- श्वासप्रश्वासमा अत्यधिक समस्या देखिने
- रुघाखोकी लाग्ने
- घाँटी र टाउको दुख्ने

**कसरी जोगिने ?**

रुघाखोकी लागेको तथा श्वासप्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाइ नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ ।

- नियमित रूपमा साबुनपानीले हात धुने
- खोक्दा, हाच्छ्युँ गर्दा नाक मुख छोप्ने
- संक्रमित व्यक्तिबाट टाढा बस्ने
- मास्क लगाएर हिँडडुल गर्ने
- पशुजन्य मासु तथा अन्डा राम्रोसँग पकाएर खाने
- जंगली र घरपालुवा पशुपन्छीसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
- लक्षणदेखिएमा चिकित्सकलाई देखाउने ।

**के छ उपचार ?**

नोबेल कोरोना भाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन । चिकित्सकहरूका अनुसार, यो भाइरसले निम्त्याएका लक्षणको आधारमा उपचार गरिन्छ । यस भाइरसको विरुद्ध हालसम्म कुनै खोप बनेको छैन ।

# कोरोनाविरुद्ध चिनियाँ प्रतिरोधप्रति नेमकिपाको ऐक्यबद्धता

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव एवं चीनका राष्ट्रपति सी चिनफिङलाई जनवादी गणतन्त्र चीनले कोरोना भाइरसको सङ्क्रमणविरुद्ध गरिरहेको प्रतिरोधको सफलताको कामना गर्दै माघ १८ गते ऐक्यबद्धता पत्र पठाउनुभएको छ । उहाँले कोरोना भाइरसको महामारीको प्रतिरोधमा चीन सरकार, चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ जनताको एकताको प्रशंसा गर्दै नेमकिपा चीन र चिनियाँ जनताको पक्षमा कटिबद्ध रहेको बताउनुभएको छ । पत्रमा भनिएको छ-

'केही हप्ता अगाडि चीनको हुपेइ प्रान्तको उहानमा देखिएको नोवेल कोरोना भाइरस सङ्क्रमण हाल चीनका विभिन्न भू-भागमा फैलिएको र जनजीवन प्रभावित भइरहेको खबरले हामीलाई चिन्तित बनाएको छ । कोरोना भाइरसको व्यापक सङ्क्रमणका कारण आजको दिनसम्ममा दुई सयजनाभन्दा बढीको मृत्यु भइसकेको र दश हजारभन्दा बढीमा सङ्क्रमण देखिएको र सङ्ख्या बढ्दै गइरहेबाट स्थितिको जटिलता एवम् गम्भीरता हामी अनुभव गर्न सक्छौं । चिनियाँ जनताको अत्यन्त महत्त्वपूर्ण वसन्त पर्व तथा नयाँ वर्षकै बेला आइलागेको यो विपत्तिबाट चिनियाँ जनतामा पुग्न गएको चोट र अप्ठ्यारो हामी महसुस गर्न सक्छौं ।

विपत्तिको यो समयमा नेपाली जनता र नेमकिपाका समस्त नेता, कार्यकर्ता तथा समर्थकको तर्फबाट महामहिमज्यू, चिनियाँ कम्युनिष्ट पार्टी, चिनियाँ जनता र चीन सरकारप्रति हार्दिक सहानुभूति प्रकट गर्दै सदाझैं सद्भाव व्यक्त गर्दछौं । यो सङ्कट तथा चुनौतीको घडीमा महामहिमज्यूको नेतृत्वमा सिङ्गो चीन र चिनियाँ जनता एक ढिक्का भई धैर्य, साहस र होशियारीका साथ समस्या समाधानमा जुटिरहेको समाचारले सबैलाई उत्साहित बनाएको छ । सङ्क्रमणको रोकथाम तथा नियन्त्रण कार्यमा शीघ्र सफलता मिलोस् भन्ने कामना गर्दछौं ।

साथै यो प्रकोप नियन्त्रण गर्न, सङ्क्रमित जनताको स्वास्थ्य उपचार तथा आवश्यक बन्दोबस्त गर्न र क्षति न्यूनीकरण गर्न चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ सरकारले देखाएको तत्परता र उच्च सतर्कताको सारा विश्व सराहना गर्दैछ । स्वास्थ्यकर्मीहरूको व्यापक परिचालन, जनशक्ति तथा प्रविधिको व्यापक उपयोग, वैज्ञानिक अनुसन्धान कार्यमा तीव्रता तथा हप्ता दिनमा अस्पताल निर्माण गरी कोरोना भाइरस सङ्क्रमित जनताको सेवा तथा उपचारमा चिनियाँ सरकारले गरेको अगुवाइ तथा जिम्मेवारीपूर्ण कार्यको जति प्रशंसा गरेपनि कम हुनेछ ।

सङ्क्रमणबाट अत्यन्त प्रभावित क्षेत्रमा अस्पताल निर्माण कार्य तीव्र गतिमा जारी रहेको र रोगीहरूलाई विशेष स्वास्थ्य सेवा दिइने खबरले अत्यन्त सकारात्मक सन्देश प्रवाह गर्दैछ । विश्वको निम्ति यो प्रेरणादायी तथा अनुकरणीय विषय हो । जनस्वास्थ्य सेवाको क्षेत्रमा यो विरलै पाइने एक उदाहरण या सफलता हो ।

विगतमा झैं यो व्यापक सङ्क्रमणमाथि पनि विजय हासिल गर्न चीनलाई सफलता मिल्ने कुरामा हामी विश्वस्त छौं । यो सफलता केवल चिनियाँ जनताको निम्ति मात्र महत्त्वपूर्ण नभई विश्व स्वास्थ्य क्षेत्रको निम्तिसमेत उत्तिकै महत्त्वपूर्ण छ । यो सम्वेदनशील घडीमा सबैको साझा प्रयास, हातेमालो तथा अगुवाइको अपेक्षा गर्दछौं ।

साथै चीनमा वसोवास गर्दै आएका र रहेका नेपाली एवम् विभिन्न देशका नागरिकहरूको निम्ति चीन सरकारले यथोचित बन्दोवस्त गरिरहेको समेत विश्वास व्यक्त गर्दछौं ।'

# राष्ट्रिय कला सङ्ग्रहालय पुनःनिर्माणबारे छलफल

राष्ट्रिय सभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको बैठकमा 'भक्तपुर नगर क्षेत्रभित्र रहेका ऐतिहासिक, पुरातात्त्विक एवम् सांस्कृतिक महत्त्वका सम्पदाहरूको भूकम्पपछिको पुनःनिर्माण' सम्बन्धी छलफल फागुन ७ गते भयो।

बैठकले भक्तपुर दरबार क्षेत्रस्थित राष्ट्रिय कला




सङ्ग्रहालय रहेको सिंहध्वाका दरबार निर्माण गर्ने सम्बन्धमा पुरातत्त्व विभागका महानिर्देशक र संस्कृति मन्त्रालयले छिटै नै निष्कर्ष निकाल्नुपर्ने, भूकम्पपछिको पुनःनिर्माण गर्न सम्बन्धित निकायबाट काठ उपलब्ध गराउनुपर्ने, रु. १० करोडसम्म सम्पदा पुनःनिर्माणको लागि उपभोक्ता समितिमार्फत गर्न स्वीकृति दिन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले तत्काल प्रक्रिया अगाडि बढाउनुपर्ने निर्णय गर्‍यो।

बैठकमा राष्ट्रिय सभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका संयोजक रामनारायण बिडारीले २०७६ माघ ९ गते सरकारी आश्वासन अध्ययन उपसमितिको टोलीले २०७२ सालको भूकम्पपश्चातको पुनःनिर्माणको अवस्था र प्रगतिको स्थलगत निरीक्षण गरी त्यहाँ अवस्थित सम्पदाहरूको जानकारी लिएको बताउनुभयो।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको मुख्य कार्य प्रत्यायोजित व्यवस्थापनसम्बन्धी काम, राष्ट्रिय महत्त्वको विषय दस्ताबेजीकरण र सरकारी आश्वासन कार्यान्वयन भए/नभएको अनुगमन, राय-सुझाव संकलन र निरीक्षण गर्ने रहेको बताउनुभयो। उहाँले काठमाडौं उपत्यकाको पुरानो बस्तीका सम्पदा र निजी घर पुनःनिर्माण चुनौतीपूर्ण भएको औँल्याउनुहुँदै भक्तपुरले पुरातात्त्विक एवम् सांस्कृतिक महत्त्वका सम्पदाहरू पुनःनिर्माण उपभोक्ता समितिमार्फत उल्लेखनीय ढंगले कार्य अगाडि बढाइरहेको बताउनुभयो।


पुरातात्त्विक सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धारमा काठ खरिद प्रक्रिया निकै झन्झटिलो रहेको गुनासोप्रति ध्यानाकर्षण गराउनुहुँदै सांसद बिडारीले भक्तपुरको राष्ट्रिय कला सङ्ग्रहालय पुनःनिर्माणको कार्यलाई यथासक्य चाँडो पुनःनिर्माण गराउन समिति क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

बैठकमा आमन्त्रित भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राष्ट्रिय कला सङ्ग्रहालय मल्लकालीन शैलीमा पुनःनिर्माण गर्न भक्तपुर नपा, पुरातत्त्व विभाग र संस्कृति मन्त्रालयको संयुक्त बैठकले मल्लकालीन शैलीमा बनाउने निर्णय गरिसकेको जानकारी गराउनुहुँदै भक्तपुर नगरपालिकाले सम्पदा पुनःनिर्माण कार्य पुरातत्त्व विभाग, पुनःनिर्माण प्राधिकरणसँग नजिक बसेर सहकार्य गरी काम अगाडि बढाइरहेको बताउनुभयो।

सम्पदा पुनःनिर्माणको निम्ति आवश्यक काठहरू सहज रूपमा उपलब्ध गराउन सम्बन्धित निकायमा निर्देशन दिनुपर्ने माग गर्नुहुँदै प्रमुख प्रजापतिले भूकम्प पीडितलाई दिइँदै आएको अनुदान रकम र समयसीमा बढाउनुपर्नेमा जोड दिनुभयो।

नगर प्रमुख प्रजापतिले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका संयोजक रामनारायण बिडारीलाई सम्बन्धित निकायमा आवश्यक निर्देशन दिन निर्देशन मागपत्र हस्तान्तरण गर्नुभयो।

**निर्देशन पत्रको प्रतिलिपि**



# जनस्वास्थ्य केन्द्रमा कर्मचारी भेला



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रका कर्मचारीहरूको भेला फागुन ६ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले अरुको सम्मान गर्न जान्ने व्यक्तिले अरुबाट पनि सम्मान पाउने बताउनुभयो । संस्थाभित्रका स–साना कुरा पनि आलोचनाको विषय बन्न सक्नेप्रति सचेत पार्नुहुँदै उहाँले आर्थिक गतिविधि आर्थिक अनुशासनमा रही गर्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले जनताको गुनासो कम हुने गरी जनताको भावना जितेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

जनस्वास्थ्य केन्द्रको सेवामा भएको कमी–कमजोरी औंल्याउने अधिकार नागरिकहरूसँग भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले जनताबाट उठाएको करबाट कलेज, स्वास्थ्य संस्था तथा जनता केन्द्रित गतिविधि सञ्चालन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

जनस्वास्थ्य केन्द्र प्रमुख रत्नसुन्दर लासिवाले संस्था राम्रो भए संस्थाले प्रवाह गर्ने सेवा सुविधा पनि राम्रो हुने बताउनुहुँदै बिरामीसँग सम्मानपूर्वक व्यवहार गर्नुपर्ने बताउनुभयो । उहाँले अस्पताल संवेदनशील क्षेत्र भएको हुँदा कार्यालय समयमा उपस्थित हुनुपर्ने, बिरामीसँग नम्र भएर व्यवहार गर्नुपर्ने र सकेसम्म बिरामीले बोल्ने भाषामै बोल्न आग्रह गर्नुभयो ।

---

➲➲ सरोकारवाला निकायहरूका प्रमुखहरूलाई आमन्त्रित गरिएको उक्त बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले काठमाडौं उपत्यकाभित्र अवस्थित ५३८ सम्पदा मध्ये १७२ वटा निर्माण सम्पन्न भइसकेको बताउनुभयो । नेपाल सरकारले ठूलूला सम्पदा पुनःनिर्माणलाई प्राथमिकता दिएर कार्य अगाडि बढाइरहेको र सम्पदा पुनःनिर्माण रकम व्यवस्थापनमा केही प्राविधिक समस्या रहेको औंल्याउनुभयो ।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका सचिव शिवहरि शर्माले प्राधिकरणले राष्ट्रिय कला सङ्ग्रहालय पुनःनिर्माण कार्यलाई छिटै अगाडि बढाउनुपर्ने बताउनुहुँदै नगरपालिकाको सिफारिसमा उपभोक्ता समितिमार्फत १० करोडसम्म पुनःनिर्माण कार्य गर्न सकिने प्रावधानलाई प्राधिकरणले अगाडि सार्ने प्रक्रियामा रहेको अवगत गराउनुभयो ।

पुरातत्त्व विभागका महानिर्देशक दामोदर गौतमले भक्तपुरको राष्ट्रिय कला सङ्ग्रहालयको पुनःनिर्माण कार्य अगाडि बढ्नेबारे युनेस्कोमा पत्राचार गरेको जानकारी दिनुहुँदै त्यहाँको जवाफ पश्चात कार्य अगाडि बढाइने बताउनुहुँदै युनेस्कोले विश्वसम्पदामा सूचीकृत सम्पदाहरू खतराको सूचीमा राख्न सक्नेतर्फ सजग गराउनुभयो ।

बैठकमा नेपाल वन तथा वातावरण मन्त्रालयका सचिव विश्वनाथ ओलीले भूकम्प पीडितलाई आवश्यक काठ उपलब्ध गराउन नेपाल सरकारले निर्देशिका नै तयार गरी काठ उपलब्ध गराइरहेको बताउनुहुँदै पुरातात्त्विक सम्पदा पुनःनिर्माण गर्न निगमले विशेष साइजको काठ उपलब्ध गराउँदै आएको छ भन्नुभयो ।

बैठकमा राष्ट्रिय सभा सदस्यहरू राधेश्याम अधिकारी, बलराम बाँस्कोटालगायतले भक्तपुर दरबार क्षेत्रस्थित राष्ट्रिय कला सङ्ग्रहालय पुनः निर्माण मल्लकालीन शैलीमा हुनुपर्ने र सम्पदा पुनःनिर्माणको लागि सहज रूपमा काठ उपलब्ध गराउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

यसअघि २०७६ साल माघ ९ गते समितिका पदाधिकारीहरूले भक्तपुरको सम्पदा पुनःनिर्माणबारे निरीक्षण गर्नुहुँदा नगर प्रमुख प्रजापतिले नगरपालिकामा आइपरेका विभिन्न समस्याहरूबारे समितिका सभापतिलाई लिखित ध्यानाकर्षण पत्र बुझाउनुभएको थियो ।

# भक्तपुर महोत्सवको तयारी तीव्र

## महोत्सवमा गरिने शैक्षिक प्रदर्शनीबारे छलफल

भक्तपुर नगरपालिकाको आयोजनामा चैत ४ गतेदेखि ८ गतेसम्म हुने भक्तपुर महोत्सव २०७६ मा प्रदर्शन गरिने शैक्षिक प्रदर्शनीको तयारीमा विद्यालयका प्रधानाध्यापक र शिक्षक–शिक्षिकाहरूबीच छलफल कार्यक्रम फागुन १४ गते भयो ।

भेलामा सम्बोधन गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर महोत्सव २०७६ लाई स्मरणयोग्य महोत्सव बनाउन र भक्तपुरलाई वर्षैभरि पर्यटकीय र महोत्सवमय बनाउने प्रयासमा नगरपालिकाले सक्रियता बढाउने बताउनुभयो ।

भक्तपुर शिक्षाको बारेमा धेरै प्रचार भएको जिल्ला भएको हुँदा महोत्सवमा आकर्षक शैक्षिक प्रदर्शनी र प्रतियोगिताहरू समावेश हुने बताउनुहुँदै प्रमुख प्रजापतिले लोप हुन पुगेका संस्कृतिलाई जनतामाझ प्रदर्शन गर्ने र भक्तपुरको जीवन्त शैली, सीप, कला–कौशल प्रदर्शन गर्ने अवसरको रूपमा महोत्सवलाई लिनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुरको सम्पदा पुन:निर्माणको लागि नेपाल सरकार र जर्मनी सरकारबीच भएको सम्झौता र अमेरिकी एमसीसी सम्झौता उस्तै रहेको औंल्याउनुहुँदै प्रमुख प्रजापतिले उक्त सम्झौता संसदबाट अनुमोदन गर्नुको अर्थ नेपालले भारतको उपनिवेशलाई स्वीकारेको ठहर्ने बताउनुभयो । पैसाको लागि देशको सार्वभौमिकता बन्धकमा राख्ने काम कसैले गर्न नहुने उहाँले बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य एवम् भक्तपुर महोत्सव शैक्षिक प्रदर्शनी व्यवस्थापन समिति सदस्य सुजन माकले महोत्सवलाई शैक्षिक उद्देश्य प्राप्ति गर्न पुस्तक प्रदर्शनीलाई व्यापक बनाई ख्वप इन्जिनियरिङ कलेजले रोबोटिक प्रदर्शनी र प्रतियोगिताको आयोजना गर्ने बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य एवम् भक्तपुर महोत्सव शैक्षिक प्रदर्शनी व्यवस्थापन समिति सदस्य रूपक जोशीले महोत्सवमा विद्यार्थीहरूको सहभागिता बढाउन शैक्षिक गतिविधिलाई प्राथमिकता राखेको बताउनुभयो ।

भक्तपुर महोत्सव सचिवालयका संयोजक गौतमप्रसाद लासिवाले महोत्सवमा समावेश हुने विभिन्न विधाहरूबारे अवगत गराउनुहुँदै भक्तपुरको परम्परागत पोशाक, नाच प्रदर्शन, परम्परागत नेवारी खाना महोत्सव र जीवनशैलीसँग मिल्ने भोजभतेर पनि महोत्सवको मुख्य आकर्षण हुने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् महोत्सवका व्यवस्थापन समिति संयोजक हरिराम सुवाल र वडा नं. ७ का वडा सदस्य एवम् महोत्सव व्यवस्थापन समिति सदस्य रञ्जना त्वातीले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका सहभागी विभिन्न विद्यालयका प्रधानाध्यापक तथा शिक्षक–शिक्षिकाहरूले महोत्सवमा पाठ्यक्रममा आधारित उद्देश्यमूलक शैक्षिक प्रदर्शनी गर्नुपर्ने, लोकनृत्य प्रतियोगिता गर्नुपर्ने, शैक्षिक प्रदर्शनीमा समावेश गरिने विधाहरूबारे विद्यालयहरूलाई प्रष्ट पार्नुपर्ने, प्लास्टिकजन्य सामग्री निकै कम प्रयोग गर्नुपर्ने र प्रदर्शनीमा विविध शैक्षिक विषयवस्तुमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभयो ।

## सहकारीकर्मीहरूको भेला

भक्तपुर महोत्सवको तयारीमा भक्तपुर नपाले फागुन ८ गते भक्तपुर नगरभित्रका सहकारीकर्मीहरूको भेला गऱ्यो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर महोत्सवमा सबैले आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउन आह्वान गर्नुहुँदै सहकारीले गरिरहेका कुरा भक्तपुर महोत्सवमा प्रदर्शन गर्न पनि आह्वान गर्नुभयो ।



महोत्सव भन्दैमा जथाभावी पैसा असुल्ने, मनोरञ्जनको नाममा विकृति फैलाउने काम गर्न नहुने बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर महोत्सवलाई सबैले अवसरको रूपमा प्रयोग गरी भक्तपुरका राम्रा कुरालाई देशविदेशमा सकारात्मक प्रचार गर्नुपर्छ भन्नुभयो ।

सहकारीको माध्यमबाट पनि सहकारीमा भक्तपुरलाई नमुना सहरको रूपमा परिचित गर्न सहकारीकर्मीमाझ आह्वान गर्नुहुँदै उहाँले देशको पर्यटनको लागि टेवा दिन भक्तपुर महोत्सवको आयोजना भएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले महोत्सवको समयमा नगरको सरसफाइको निम्ति फोहरमैला व्यवस्थापनबारे पनि छलफल भइरहेको बताउनुहुँदै भक्तपुर महोत्सव सफल बनाउन सहकारीकर्मीहरूले आ–आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर महोत्सव सचिवालयका संयोजक गौतमप्रसाद लासिवाले महोत्सवका आकर्षण र विशेषताबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्णगोविन्द लाखाजुले पनि महोत्सवलाई उल्लासमय ढंगले सम्पन्न गर्नुपर्नेलगायतका धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा उपस्थित सहकारीकर्मीहरूले महोत्सवको विषयमा आ–आफ्ना जिज्ञासा र धारणाहरू प्रस्तुत गरेका थिए ।

## भनपाका कर्मचारी भेला

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले फागुन ६ गते भक्तपुर नगरपालिकाको आयोजनामा चैत्र ४–८ गतेसम्म हुन गइरहेको भक्तपुर महोत्सवलाई भव्यताका साथ सम्पन्न गर्न कर्मचारीहरूको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुने उल्लेख गर्नुहुँदै भक्तपुर नगरवासीमा भएको सीप प्रदर्शन गर्नका लागि भक्तपुर महोत्सव सुवर्ण अवसर भएको बताउनुभयो ।

भक्तपुरलाई जीवनमा एक पटक पुग्नैपर्ने गन्तव्यको रूपमा विकास गर्न सिङ्गो भक्तपुरका जनता लाग्नुपर्ने र त्यसका लागि जनप्रतिनिधिहरूको नेतृत्व, कर्मचारीहरूको लगनशीलता, व्यवसायीहरूको आतिथ्यता, स्वास्थ्यकर्मीहरूको कर्तव्यनिष्ठता लगायत सम्पूर्ण नगरवासीहरूको साथ र सहयोग आवश्यक रहेको बताउनुहुँदै उहाँले क्युवामा जस्तो एक मनको एकता भए जस्तोसुकै कठिन कार्यमा पनि सफलता हासिल गर्न सकिन्छ भन्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले महोत्सवमा सम्पदा लगायत नगरको हरेक क्षेत्र, टोल, गल्लीको सरसफाइलाई विशेष ध्यान दिनुपर्ने बताउनुहुँदै अवलोकनकर्ताले राम्रो पक्षलाई भन्दा नराम्रो पक्षलाई केलाउने हुँदा सबै खाले चुनौती सामना गर्न हामी सक्षम हुनुपर्ने बताउनुभयो ।



नगरपालिकाले महोत्वसको तयारीस्वरूप दिनहुँ जसो समितिहरू मार्फत् विभिन्न सरोकारवालाहरूसँग बसी महोत्सवको व्यापक तयारी गरिरहेको जानकारी गराउनुहुँदै पाँच दिने महोत्सवमा सांस्कृतिक महोत्सव गर्ने योजना रहेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नपाको आयोजनामा यही फागुन ८–१२ सम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रतियोगितामा भनपा लगायत १६ वटा नगरपालिकाले भाग लिएको जनाकारी दिनुहुँदै प्रतियोगिताको विभिन्न इभेन्टबारे जानकारी गराउनुभयो ।

उहाँले भक्तपुर महोत्सवको तयारीमा नगरपालिका तदारुकताका साथ अगाडि बढिरहेको छ भन्नुहुँदै भक्तपुरमा रहेको मूर्त र अमूर्त सम्पदाहरू देखाउने यो सुनौलो मौका भएकोले कर्मचारीहरूले आ–आप्नो ठाउँबाट मिहिनेत र लगनशीलताका साथ महोत्सवको तयारी तथा प्रचार प्रसारमा लाग्नुपर्ने आवश्यकताबोध गराउनुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले भक्तपुर महोत्सव सिङ्गो भक्तपुरवासीले उल्लासमय तरिकाले सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर महोत्सव सचिवालयका संयोजक गौतमप्रसाद लासिवाले भक्तपुर महोत्सवबारे संक्षिप्त जानकारी प्रस्तुति मार्फत् उपस्थित कर्मचारीहरूलाई प्रष्ट्याउनुभयो भने कर्मचारी ओमप्रसाद धौभडेलले पनि बोल्नुभएको थियो ।

## होटल व्यवसायीहरूको भेला

### ‘भक्तपुर महोत्सवलाई पृथक ढङ्गले मनाऔं’

नेपाल भ्रमण वर्ष सफल पार्न भक्तपुर नगरपालिकाको आयोजनामा यही चैत ४–८ गतेसम्म सञ्चालन हुने पाँच दिने ‘भक्तपुर महोत्सव’ को तयारीस्वरूप फागुन ५ गते नगरभित्रका होटल व्यवसायीहरूको भेला सम्पन्न भयो ।




भेलामा सम्बोधन गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरको भविष्य पर्यटन क्षेत्रको विकासमा भएको बताउनुहुँदै आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि होटल व्यवसायीहरूले गुणस्तरीय सेवा–सुविधा प्रदान गर्न आह्वान गर्नुभयो ।

चीनमा हाल देखापरेको कोरोना भाइरसका कारण भक्तपुर भ्रमण गर्ने चिनियाँ पर्यटकहरूमा कमी आएको औंल्याउनुहुँदै प्रमुख प्रजापतिले होटल–व्यवसायीहरूबीच हुने अस्वस्थ प्रतिस्पर्धालाई निरुत्साहित गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने लक्ष्य नगरपालिकाको रहेको बताउनुहुँदै उहाँले नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्न र भक्तपुरको पहिचानलाई संसार सामु चिनाउने उद्देश्यले ‘भक्तपुर महोत्सव’ को आयोजना भएको बताउनुभयो ।

भक्तपुरको पुरानो नगरलाई व्यवस्थित र आकर्षक बनाउन २०७६ साल फागुन १ गतेदेखि भारी सवारीसाधन प्रवेश गरिएको जानकार गराउनुहुँदै प्रमुख प्रजापतिले आन्तरिक र बाह्य पर्यटकको स्वागत–सत्कार व्यवस्थित हुनुपर्ने बताउनुभयो । भक्तपुर महोत्सवलाई अरु ठाउँको महोत्सवभन्दा फरक र पृथक ढङ्गले आयोजना गर्ने योजना भएको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुर नपाले नगरको सरसफाइलाई पहिलो प्राथमिकता दिएर अगाडि बढिरहेको छ भन्नुभयो ।

कार्यक्रममा उपस्थित होटल व्यवसायीहरू मोनिका कायस्थ, कैलाश धौबन्जार, सत्यराम सुवाल, रञ्जित मारिखु, कृतन अवाललगायतले भक्तपुरमा कल्चर सेन्टरको आवश्यकता भएको, धार्मिक पर्यटकहरूलाई प्रोत्साहन गर्ने गरी मन्दिरहरू खोल्ने व्यवस्था गर्नुपर्ने, पर्यटकहरूको सुरक्षाको प्रबन्धमा ध्यान दिनुपर्ने, विदेशी पाहुनाहरूको विशेष स्वागतको व्यवस्था हुनुपर्ने, सन्ध्याकालीन पर्यटनको लागि सम्पदालाई असर नपर्ने गरी रात्रीकालीन बत्तीको व्यवस्था गर्नुपर्ने, पर्यटकहरूको सामान ढुवानीको लागि सानो इलेक्ट्रिक सवारी वा ह्वील चेयरको व्यवस्था हुनुपर्ने, भुस्याहा कुकुर नियन्त्रण गर्न पहलकदमी आवश्यक भएकोलगायतका सुझावहरू राख्नुभएको थियो ।

भक्तपुर महोत्सव सचिवालयका संयोजक गौतमप्रसाद लासिवाले महोत्सवका आकर्षणहरूबार जानकारी दिनुहुँदै भक्तपुरको सबै गल्ली र चोकहरूमा महोत्सवका आकर्षणहरू समावेश रहेको बताउनुभयो । उहाँले पाँचदिने महोत्सवलाई उल्लासमय ढङ्गले सम्पन्न गर्न सम्पूर्ण व्यवसायीहरूलाई आ–आफ्नो क्षेत्रमा योगदान गर्न पनि आह्वान गर्नुभयो ।

## सांस्कृतिक गुरु तथा संस्कृतिकर्मी भेला

भक्तपुर नगरपालिकाको आयोजनामा यही २०७६ चैत्र ४ देखि ८ गतेसम्म हुने भक्तपुर महोत्सवको तयारी तीव्र पारिएको छ। यसै क्रममा फागुन ३ गते नगरपालिका क्षेत्रभित्रका सांस्कृतिक गुरु तथा संस्कृतिकर्मीहरूको भेला सम्पन्न भयो।

भेलामा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर महोत्सवलाई सम्पूर्ण भक्तपुरवासीहरूको साझा महोत्सवको रूपमा अघि बढाउने तयारी भइरहेको बताउनुभयो। भक्तपुर नगरपालिका देशभरिका अन्य स्थानीय तहहरू तथा विदेशी मित्रहरूका लागि समेत उदाहरणीय गन्तव्य बनिरहेको सन्दर्भ उल्लेख गर्नुहुँदै उहाँले भक्तपुरको कला, संस्कृति, जीवनशैली, उत्पादन, परम्परागत खेल तथा उपचारविधि लगायत यहाँका मौलिक पहिचानलाई संसारसामु चिनाउने राम्रो अवसरको रूपमा भक्तपुर महोत्सवलाई लिन सकिने धारणा राख्नुभयो।




भक्तपुरलाई शिक्षा, स्वास्थ्य उपचार र सरसफाइमा उत्कृष्ट नमूना बनाउने अभियानसँगै नगरपालिकाले हरेक नगरवासीको हातमा कुनै न कुनै सीप दिने र देशका कुनाकाप्चामा सम्पदा संरक्षण र संस्कृति प्रवर्द्धन कार्यमा भक्तपुरबाट दक्ष जनशक्ति उत्पादन गर्ने सोचले काम भइरहेको बताउनुभयो।

नगर प्रमुखले नगरवासीहरू खानेपानीको समस्यामा रहेकोमा सचेत बन्दै भक्तपुर नगरपालिकाले काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडसँग सहकार्य गरेर विभिन्न ठाउँमा पानीको स्रोत पहिचान गरी ट्यांकीको निर्माण गरिरहेको जानकारी दिनुभयो। सल्लाघारीस्थित डीप बोरिङको पानी प्रशोधन गरी फागुन २ गतेदेखि पानी वितरणको परीक्षण थालनी गरेको उहाँले बताउनुभयो।

भक्तपुरको पुरानो नगर क्षेत्रलाई व्यवस्थित, आकर्षक र पैदलयात्राको लागि सहज बनाउने हेतुले फागुन १ गतेदेखि भारी सवारी साधन प्रवेश निषेध गरिएको समेत प्रमुख प्रजापतिले अवगत गराउनुभयो।

भेलामा भनपा ९ नं वडाका वडाध्यक्ष तथा सांस्कृतिक व्यवस्थापन समितिका संयोजक रबिन्द्र ज्याख्वले सांस्कृतिक अग्रजहरूको राय सल्लाहको आधारमा महोत्सवको क्रममा परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक प्रस्तुतीहरू गर्ने तयारी भइरहेको बताउनुभयो।

उहाँले भक्तपुर अझै पनि कतिपय परम्परागत बाजागाजा तथा सांस्कृतिक विधाहरू लोपोन्मुख अवस्थामा रहेको चर्चा गर्नुहुँदै लोप भइसकेका र लोपोन्मुख विधाहरूलाई समेत पुनःजीवन दिन सके महोत्सवको सार्थकता रहने उल्लेख गर्नुभयो।

ज्येष्ठ नगरसभासद तथा सांस्कृतिक व्यवस्थापन समितिका सदस्य गोविन्द दुवालले दाफा, भजन तथा परम्परागत बाजागाजा तथा नाचहरूमा दख्खल हासिल गरेका सांस्कृतिक गुरुहरू कुनै विश्वविद्यालयका प्राध्यापकभन्दा कम नभएको बताउनुभयो। उहाँले भक्तपुरका जनताले कला संस्कृतिलाई सामाजिक संस्कारको रूपमा स्वीकार गरी स्वयंसेवी भावनाले दाफा भजनमा लागिरहेको चर्चा गर्नुहुँदै नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्न ढिला गर्न नहुनेमा जोड दिनुभयो।

भक्तपुर महोत्सव सचिवालयका संयोजक गौतम प्रसाद लासिवाले नपाले २०५४ साल र २०६९ सालमा आयोजना गरेका महोत्सवहरूको समीक्षा गर्नुहुँदै अबको महोत्सव नगरको मूल बजारमा मात्र सीमित नगरी विभिन्न गल्ली र चोकहरूमा समेत महोत्सका आकर्षणहरू समावेश गर्ने बताउनुभयो।

महोत्सव सचिवालयका रमेश प्रजापतिले महोत्सवको क्रममा हुने विभिन्न गतिविधिबारे जानकारी गराउनुभएको उक्त कार्यक्रममा सहभागी सांस्कृतिककर्मीहरूले महोत्सवलाई भव्यताका साथ सम्पन्न गर्न विभिन्न रचनात्मक सल्लाह दिनुभयो।

# भक्तपुर महोत्सव २०७६ सचिवालय

ब्यासी-२, भक्तपुर

# सांस्कृतिक प्रतियोगितासम्बन्धी सूचना

ऐतिहासिक तथा सांस्कृतिक नगरी भक्तपुरको कला, संस्कृति, रहनसहन र स्थानीय उत्पादनहरूको प्रवर्द्धन गरी नयाँ पुस्तामा हस्तान्तरण गर्ने तथा आन्तरिक एवम् बाफय पर्यटन प्रवर्द्धन गरी आर्थिक गतिविधि बृद्धि गर्ने उद्देश्यले भक्तपुर नगरपालिको आयोजनामा हुने भक्तपुर महोत्सव २०७६ को अवसरमा बाँसुरी बाजा प्रतियोगिता, दाफा भजन प्रतियोगिता, माक प्याखं प्रतियोगिता र जिल्लास्तरीय विद्यालय/कलेजको प्रगतिशील नृत्य प्रतियोगिता हुने हुँदा प्रतियोगितामा सहभागी हुन इच्छुक सांस्कृतिक समूह, दाफा भजन, खल: तथा विद्यालय/कलेजहरूले मिति २०७६ फागुन २५ गते भित्र सम्बन्धित वडा कार्यालय वा भक्तपुर महोत्सवको सचिवालयमा दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रतिसमूह दर्ता शुल्क : रु. १००।-

दर्ता गर्ने अन्तिम मितिः २०७६ फागुन २५ गते

दर्ता गर्ने स्थानः भक्तपुर नगरपालिका वडा नं १ देखि १० वडा कार्यालयहरू, भक्तपुर महोत्सव सचिवालय ब्यासी, भनपा २

**बाँसुरी बाजा** प्रतियोगिता : २०७६ चैत्र ५ गते

**दाफा भजन** प्रतियोगिता : २०७६ चैत्र ६ गते

**माक प्याखं** प्रतियोगिता : २०७६ चैत्र ७ गते

**प्रगतिशील नृत्य** प्रतियोगिता : २०७६ चैत्र ७ गते

## पुरस्कार राशी

### बाँसुरी बाजा, दाफा भजन, माक प्याखं

| | |
|---|---|
| प्रथम पुरस्कार | रु.२०,०००।- |
| द्वितीय पुरस्कार | रु.१५,०००।- |
| तृतीय पुरकार | रु.१०,०००।- |
| सान्त्वना पुरस्कार (२ टोली) | रु.५,०००।- |

### प्रगतिशील नृत्य

| | |
|---|---|
| प्रथम पुरस्कार | रु.१०,०००।- |
| द्वितीय पुरस्कार | रु.८,०००।- |
| तृतीय पुरकार | रु.६,०००।- |
| सान्त्वना पुरस्कार (२ टोली) | रु.४,०००।- |

## दाफाभजन प्रतियोगिताको नियम

- ☐ प्रत्येक टोलीले आयोजक समितिले निर्धारित परिक्रमाको रुटमा बाजासहित गीत गाएर घुम्नु पर्नेछ । नगर परिक्रमाको समेत मूल्यांकन गरिनेछ ।
- ☐ नगर परिक्रमाको क्रममा टोलीमा जति जना सदस्य रहे तापनि मूल्यांकन स्थलमा प्रतिटोली बढीमा १६ जना हुनुपर्नेछ । दाफा भजन टोलीमा तँ बजाउने २ जना, बौचा (झ्याली) बजाउने २ जना, कम्तीमा खिं (लाला खिं) बजाउने १ जना र बाँकी सबै गीत गाउने हुनुपर्नेछ र आवश्यकता अनुसार अन्य बाजा पनि बजाउन सकिनेछ ।
- ☐ मञ्चमा तोकिएको समयमा उपस्थित हुनु पर्नेछ ।
- ☐ दाफा भजनको प्रस्तुति पालो गोला प्रथाद्वारा गरिनेछ ।
- ☐ एउटा दाफा भजन समूहबाट एक टोली मात्र सहभागी हुन पाउनेछ ।
- ☐ मूल्यांकन स्थलमा प्रत्येक टोलीलाई प्रस्तुतिको निम्ति १५ मिनेट समय दिइने छ । उक्त समयमा रागसहित भजन गाउनुपर्नेछ । प्रतियोगिताको शुरुमा र प्रस्तुति शुरु भएर १३ मिनेटमा संकेत स्वरूप रातो झण्डा उठाउनेछ । १५ मिनेट समय पश्चात पुनः झण्डा उठाउनेछ ।
- ☐ भजन आफ्नो अनुकुलता अनुसार गाउन सकिन्छ । मञ्चमा जुन भजन गाउने हो । भजनको बोल फारम सहित बुझाउनु पर्नेछ ।

## प्रगतिशील नृत्य प्रतियोगिताको नियम

- ☐ प्रतियोगितामा एक विद्यालय/कलेजबाट एउटा मात्र नृत्य टोली सहभागी हुन पाउनेछ ।
- ☐ एउटा टोलीमा बढीमा दश जना मात्र सहभागी हुन पाउनेछ ।
- ☐ प्रतियोगी विद्यालय/कलेजहरूले प्रगतिशील तथा राष्ट्रिय भावनायुक्त गीत छान्नु पर्नेछ ।
- ☐ यो प्रतियोगिता जिल्लास्तरीय हुनेछ ।
- ☐ गीतको बोल दर्तासँगै बुझाउनु पर्नेछ ।

## माक प्याखं प्रतियोगिताको नियम

माक प्याखंमा ८-१२ जोडी हुनुपर्ने र प्रत्येक समूहलाई ७ मिनेट समय दिइनेछ ।

माक प्याखंको मूल्यांकन नम्बर देहाय बमोजिम हुनेछ-

समय ५ बाजा २०

| | | | |
|---|---|---|---|
| अभिनय | २० | ताल | २० |
| कलाकार | ५ | पोशाक | १० |
| अनुशासन | १० | गण | ५ |
| नगर परिक्रमा | ५ | | |
| जम्मा | | | १०० |

## बाँसुरी बाजा प्रतियोगिताको नियम

- प्रतियोगितामा सहभागी सङ्ख्या १ जना देखि १० जना सम्म सहभागी रहेको टोली हुनुपर्नेछ ।
- प्रतियोगितामा बाँसुरीका साथ मादल, लालाखीं, पछिमा, ढोलक, धिमाय्, वाद्यवादन प्रयोग गर्न पाइनेछ । तँ, सिछ्याय्, भ्याली आफुले रोजेर बजाउन पाईनेछ ।
- प्रतियोगिताको समयमा आफ्नो अनुकुलको बाँसुरी बजाउन सक्नेछ भने एउटा बोलको निम्ति बढीमा ५ मिनेटको हुनेछ ४ मिनेटमा जनाउ घण्टी दिइनेछ ।
- प्रतियोगिताको मूल्यांकन गाईजात्रा रुट अनुसारको नगरपक्रिमा र भोलाछेंको डबलीमा निश्चित समय प्रदर्शन गराएर गर्नेछ ।
- प्रतियोगितामा सहभागी हुने प्रतियोगीहरूको पोशाकमा एकरूपतालाई विशेष ग्राहयता दिइनेछ ।
- एक जना प्रतियोगीले एउटा मात्र समुहबाट भाग लिन पाईने छ ।
- प्रतियोगितामा भाग लिने सबै प्रतियोगीहरूको नामावली बुझाउनु पर्नेछ ।

बाँसुरीबाजा र दाफा भजन नगर परिक्रमाको क्रममा देहायबमोजिमका बुँदाहरूमा मूल्यांकन गरिनेछ–

| | | |
|---|---|---|
| क | बोल, ताल र लयकारी | ५ |
| ख | सङ्ख्या | ५ |
| ग | अनुशासन | ५ |
| घ | आकर्षण | ५ |
| जम्मा | | २० |

बाँसुरीबाजा र दाफा भजन स्थलगत मूल्यांकनको क्रममा देहाय बमोजिमका बुँदाहरूमा मूल्यांकन गरिनेछ–

| | | |
|---|---|---|
| क | बोल, ताल र लयकारी | ३० |
| ख | समयको परिपालना | ५ |
| ग | अनुशासन | ५ |
| घ | हाउभाउ | १० |
| ङ | भेषभुषा | १० |
| च | प्रष्टता | २० |
| जम्मा | | ८० |


◆प्रतियोगिता सम्बन्धी कुनै विवाद उठेमा निर्णायकहरूको राय सल्लाह लिइने छ र आयोजकको निर्णय नै अन्तिम हुनेछ ।

## ङातापोल मन्दिर जीर्णोद्धारमा आर्थिक सहयोग

| क्र.सं | नाम | रकम रू. |
|---|---|---|
| १ | प्रा.डा. शिद्धिवीर कर्माचार्य | ५५५५ |
| २ | श्री शिवनारायण गोथे | १०२५ |
| ३ | श्री प्रेमगोपाल कर्माचार्य | ५५०१ |
| ४ | सुभाषिणी कर्माचार्य | २००० |
| ५ | विनोद तामाङ | २००५ |
| ६ | जानकी दर्शनधारी | १००५ |
| ७ | श्रीभक्त प्रजापति | २५०५ |
| ८ | शिद्धार्थ बज्राचार्य | १००५ |
| ९ | शिवभक्त खयरगोली | १०१० |
| १० | मधुसुदन प्रसाद धौभडेल | १५०० |
| ११ | ध्रुवप्रसाद वैद्य | ५०५ |
| १२ | विमलभक्त प्रधानाङ्ग | १००५ |
| १३ | भिमा प्रधानाङ्ग | ५०५ |
| १४ | विभिसा प्रधानाङ्ग | ३०५ |
| १५ | भविष्य प्रधानाङ्ग | २०५ |
| १६ | रत्नदेवी प्रधानाङ्ग | ५०५ |
| १७ | जयसुन्दर हाडा | ६००० |
| १८ | चन्चल हाडा | १०१० |
| १९ | बालकृष्ण कर्माचार्य | ५१५ |
| २० | लक्ष्मीलाल द्योला | ५५५५ |
| २१ | रामभक्त मुनंकर्मी | ५०५ |
| २२ | रामगोपाल लागे | ५०० |
| २३ | लक्ष्मीभक्त राजचल | ५००० |
| २४ | सच्चि शुशिल कार्की | १००१११ |
| २५ | गौरीबहादुर कार्की | १०१५५ |
| | जम्मा | १५५४९२ |

*श्रोत : ङातापोंल जीर्णोद्धार उपभोक्ता समिति, २०७६।११।१८*

## बसिबियाँलोको उत्तर



अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको मूल समिति २०७६ को बैठक

# उत्कृष्ट खेलाडी चयन गर्ने राम्रो अवसर

भक्तपुर नगरपालिकाको आयोजनामा फागुन ८ देखि १२ गतेसम्म भक्तपुरको शहीद स्मृति खेल मैदानमा हुने अन्तरनगर एथ्लेटिक्स प्रतियोगिता भव्यताका साथ सम्पन्न गर्न माघ २७ गते अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको मूल समिति २०७६ को बैठक बस्यो ।

भक्तपुर नपाका प्रमुख एवम् मूल समारोह समितिका संयोजक सुनिल प्रजापतिको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा १२५ सदस्यीय मूल समारोह समितिका सदस्यहरू, १२ वटा उपसमितिका सदस्यहरू, भक्तपुर नपाका शाखा प्रमुखहरू र विभिन्न सञ्चार माध्यमका पत्रकारहरूको उपस्थिति रहयो ।

बैठकमा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले अन्तर नगर प्रतियोगिता नगरभित्र रहेका उत्कृष्ट खेलाडी चयन गर्ने राम्रो अवसर भएको बताउनुभयो ।

प्रतियोगितामा सहभागिताको लागि देशभरिका नगरपालिका तथा गाउँपालिकाहरूमा पत्रचार भइसकेको जानकारी गराउनुहुँदै उहाँले समय-समयमा हुने प्रतियोगिताहरूले खेलाडीहरूमा उत्साह थप्नुका साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलाडी तयार गर्ने राम्रो अवसर पनि हो भन्नुभयो ।

युवाहरूलाई संस्कृति संरक्षण, खेलकुद क्षेत्र लगायतका अतिरिक्त क्रियाकलापमा सक्रिय बनाइराख्न भक्तपुर नपाले खेलकुद प्रतियोगिता, बाजा प्रतियोगिता, खेल प्रशिक्षण आदि नियमित रूपमा सञ्चालन गरिरहेको छ - उहाँले भन्नुभयो ।

स्थानीय तह निर्वाचन २०७४ मा नेपाल मजदुर किसान पार्टीले भक्तपुर नपाको लागि जारी गरेको घोषणापत्रअनुरूप करिब ५० प्रतिशत कार्यहरू सम्पन्न गरिसकेको अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले नेमकिपाको निर्देशन पालना गर्दै जनताको सेवालाई प्राथमिकतामा राख्दै आफ्नो गतिविधि सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले देशको सार्वभौमिकता रक्षाका लागि युवाहरूको भूमिकाबारे चर्चा गर्नुहुँदै सुसंस्कृत र अनुशासित युवा पुस्ता तयार गर्ने लक्ष्य नगरपालिकाको रहेको बताउनुभयो । उहाँले महिला खेलाडीहरू उत्पादन गर्न भक्तपुर नपाले विभिन्न खेल प्रशिक्षण र महिलाहरूको सुरक्षाको निम्ति आत्मरक्षाको तालिम सञ्चालन गरिरहेको छ भन्नुभयो ।

एथ्लेटिक्स खेलाडी कान्छीमैया कोजुले भक्तपुर नपाले आयोजना गर्ने अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता नेपालमै पहिलोपटक आयोजना हुँदैछ भन्नुहुँदै उहाँले यस प्रतियोगिताले एथ्लेटिक्स खेलाडीहरूमा उत्साह थपेको बताउनुभयो ।

बैठकमा भक्तपुर नपाको युवा तथा खेलकुद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले शहीद दिवसको अवसरमा भक्तपुर नपाले प्रत्येक वर्ष खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउनुहुँदै प्रतियोगिता भव्य र सभ्य बनाउन समिति र उपसमितिका पदाधिकारीहरूको क्रियाशीलता आवश्यक भएको बताउनुभयो ।



बैठकमा भक्तपुर नपाको युवा तथा खेलकुद समिति सदस्य एवम् वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो ।

अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता भव्य रूपमा सम्पन्न गर्न सचिवालय उपसमिति, निर्णायक उपसमिति, जुरी कमिटि, स्वयम्सेवक उपसमिति, प्रचारप्रसार समिति, पुरस्कार व्यवस्थापन समिति, जलपान समिति, यातायात/बास व्यवस्थापन, र्‍याली व्यवस्थापन, मञ्च तथा ग्राउण्ड व्यवस्थापन, खेलाडी निरीक्षण समिति र प्राथमिक उपचार समितिलगायत गठन गरेको छ ।

# धिमेबाजा प्रतियोगितासम्बन्धी संस्कृतिकर्मीहरूको भेला

भक्तपुर नपाले भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता सम्बन्धी संस्कृतकर्मीहरुको भेला माघ २३ गते आयोजना गऱ्यो ।

भेलामा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा यही माघ २५ र २६ गते हुन गइरहेको प्रतियोगितात्मक धिमेबाजा प्रतिस्पर्धा स्वस्थ ढंगले सञ्चालन गर्ने योजना रहेको बताउनुहुँदै यो सांस्कृतिक प्रतियोगिताले चैत ४–८ गतेसम्म हुने भक्तपुर महोत्सवलाई टेवा पुग्ने बताउनुभयो ।



उहाँले प्रतियोगिताको मूल्यांकन दर्शकले गर्ने हुनाले दर्शकलाई आकर्षक ढंगले बाजा बजाएर सबैको मन जित्न सफल हुनेगरी आफ्नो कलालाई प्रतियोगितामा प्रस्तुत गर्नुपर्ने बताउनुभयो ।

यस प्रतियोगितामा भक्तपुर जिल्लाबाट ७७ वटा बाजा समूहले भाग लिनु सुखद् भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर महोत्सवको तयारीमा नगरपालिका तदारुकताका साथ अगाडि बढिरहेको छ भन्नुभयो ।

नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्न भनपाले भक्तपुर महोत्सव आयोजना गरेको जानकारी दिनुहुँदै उहाँले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल र ज्ञानविज्ञानको केन्द्रको रूपमा क्रमशः विकास गर्दै लाने नगरपालिकाको उद्देश्य रहेको बताउनुभयो ।

कार्यक्रममा भनपा–७ का वडाध्यक्ष उकेश कवांले देशको मौलिक पहिचान जोगाउन नगरपालिकाले प्रत्येक वर्ष विभिन्न सांस्कृतिक प्रतियोगिताको आयोजना गर्दै आएको बताउनुहुँदै प्रतियोगितामा आफ्नो प्रतिभा इमानदारीपूर्वक प्रस्तुत गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा भनपा–९का वडाध्यक्ष रबिन्द्र ज्याख्वले प्रतियोगिताका नियम, बजार परिक्रमा, अङ्कभार र पुरस्कारको बारेमा उपस्थित संस्कृतिकर्मीहरूलाई प्रष्ट्याउनुभयो ।

# डीप बोरिङको पानी परीक्षण वितरण

भक्तपुर नगरको खानेपानी समस्या समाधानका लागि भक्तपुर नगरपालिकाले नगरको विभिन्न ठाउँमा डीप बोरिङ गरी ती ठाउँहरूमा पानी ट्यांकी निर्माणको कार्य गरिरहेको छ । भक्तपुर नगरपालिकाले काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग सहकार्य गरी भनपा वडा नं. १ च्वङा गणेश मन्दिरको उत्तरतर्फ डीप बोरिङ गरी पानी वितरणको लागि ट्यांकी निर्माण गरी पानी वितरण तयारीमा जुटिरहेको छ । डीप बोरिङको पानी भनपा वडा नं. १ को विभिन्न ठाउँमा वितरण गर्न फागुन ५ गते परीक्षण भएको छ । सोही सिलसिलामा भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले डीप बोरिङको पानी ट्यांकी निरीक्षण गर्नुभयो । उक्त बोरिङबाट दैनिक ३ लाख लिटर पानी उपलब्ध हुने के.यु.के.एल. ले बताएको छ ।



# विश्व क्यान्सर दिवसको अवसरमा जनचेतनामूलक कार्यक्रम

'म हुँ, म गर्छु' भन्ने मूल नाराका साथ विश्व क्यान्सर दिवस भक्तपुर क्यान्सर अस्पतालको आयोजनामा जनचेतनामूलक कार्यक्रम अस्पताल प्राङ्गणमा माघ २१ गते मनाइयो ।

कार्यक्रममा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले निजी क्षेत्र र एनजीओ/आइएनजीओलाई सरकारले अस्पताल सञ्चालन स्वीकृति दिएका कारण सरकारी अस्पतालको स्तरोन्नति हुन नसकेको बताउनुभयो ।

स्वास्थ्य क्षेत्र सेवाको क्षेत्र भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले सेवा क्षेत्रमा स्वार्थी र व्यापारिक मानसिकताले कमिसन र नाफाको चलखेल बढिरहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको घरदैलो नर्सिङ सेवाको स्वास्थ्य प्रतिवेदनअनुरूप भक्तपुरमा नसर्ने रोगको जोखिम बढिरहेको बताउनुहुँदै उहाँले भक्तपुर क्यान्सर अस्पतालले देशभरिका क्यान्सर रोगीहरूको सेवा गरिरहेको छ भन्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर ऋषिकेशनारायण श्रेष्ठले क्यान्सर रोगको जोखिम कम गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालनको आवश्यकता औँल्याउनुहुँदै सरकारले विपन्न तथा गरिबलाई दिँदै आएको आर्थिक सहयोगको




साटो निःशुल्क क्यान्सर उपचार सेवा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुमित्रा गौतम, भक्तपुर क्यान्सर अस्पतालका डा. रोशन प्रजापतिले धन्यवाद ज्ञापन मन्तव्य दिनुभएको थियो भने डा. मुना कार्कीले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अस्पतालका नर्स तथा डाक्टरहरूले जनचेतनामूलक नृत्य, नाटक, गीतलगायतका सांस्कृतिक प्रस्तुतिहरू प्रदर्शन गरेका थिए ।

# ताप्लेजुङको मिक्वाखोला गापाका प्रतिनिधिमण्डल भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग ताप्लेजुङको मिक्वाखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत योगेन्द्रराज गुरुङ नेतृत्वको टोलीले माघ २४ गते नपाको सभाकक्षमा भेट गऱ्यो ।



टोलीलाई भक्तपुर नपामा स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरको परिचय र नगरपालिकाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा गरिरहेको गतिविधिहरूबारे संक्षेपमा अवगत गराउनुभयो ।

भक्तपुर नगरपालिकाले जनतालाई समयमै कर तिर्न उत्साहित बनाउँदै आइरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले एनजीओ/आइएनजीओले गर्ने कामहरू नगरपालिकाले स्वयम्ले गरिरहेको र भक्तपुर नपामा एनजीओ र आइएनजीओहरूको स्वीकृतिमा रोक लगाइरहेको बताउनुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले देशभरिका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ भन्नुहुँदै उहाँले भक्तपुर नपाले सांस्कृतिक संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले भूकम्प प्रतिरोधी घर निर्माण गर्न भक्तपुरका डकर्मी, सिकर्मीलगायतका कालीगढ दक्ष र अनुभवी भएको बताउनुभयो ।

भेटमा मिक्वाखोला गाउँपालिकाका प्रप्रअ योगेन्द्रराज गुरुङ, गाउँपालिका महासंघका कार्यकारी निर्देशक विमल पोखरेललगायतले विकास निर्माण, शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा भक्तपुर नगरपालिका सबै स्थानीय तहहरूको लागि उदाहरणीय रहेको बताउनुहुँदै उपभोक्ता समितिको सफल कार्यान्वयन भक्तपुर नगरपालिकाले गरिरहेको बताउनुभयो ।

प्रतिनिधिमण्डल टोलीलाई नगर प्रमुख प्रजापतिले भक्तपुरको प्रसिद्ध मयूर झ्याल, नपाद्वारा प्रकाशित प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।

टोलीले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको स्थलगत अवलोकन गर्नुभएको थियो ।

# नगरमा सहकारी गतिविधि

**श्वेत भैरव साकोस**

## 'शारीरिक र मानसिक रूपमा स्वस्थ रहन खेलकुद आवश्यक'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा भएको अन्तर सहकारी बुद्धिचाल प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम माघ १९ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले खेलकुद प्रतियोगिताले व्यक्तिको शारीरिक र मानसिक विकास गर्नुका साथै व्यक्तित्व विकासमा सहयोग गर्ने जानकारी दिनुहुँदै युवा पुस्तालाई सही मार्गमा डोऱ्याउनको लागि खेलकुद अपरिहार्य भएको बताउनुभयो ।



युवा पुस्ताले आफ्नो ज्ञान र बुद्धि देश र समाजको विकासको निम्ति प्रयोग गर्नुपर्ने बताउनुहुँदै उहाँले नगरमा हाले देखापरेका लागूपदार्थको दुर्व्यसनी, जाँड रक्सी सेवन र नक्कली विवाह जस्ता विकृतिबाट जोगिन युवापुस्ता सजग हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रतियोगिताले समाजमा सम्पर्क र सम्बन्ध बढाउनुका साथै एक आपसमा सहयोगी भावना विकास गर्ने हुनाले यस्ता प्रतियोगिताहरू निरन्तर गरिरहनुपर्छ भन्नुहुँदै प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको नेतृत्वले भक्तपुरमा सकारात्मक परिवर्तन भई समाज अगाडि बढिरहेको उदाहरण प्रस्तुत गर्नुभयो ।

नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै भक्तपुर नगरपालिकाले माघ २५ गते धिमेबाजा प्रतियोगिता, फागुन महिनामा अन्तरनगर एथ्लेटिक्स प्रतियोगिता र चैत्र ४-८ गतेसम्म भक्तपुर महोत्सव आयोजना गर्न लागेको जानकारी दिनुहुँदै उहाँले ती कार्यक्रमहरूमा नगरवासीको सहभागिता तथा सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले युवा पुस्ताको शारीरिक, मानसिक र सामाजिक विकासको लागि टोल-टोलमा खेलकुदलगायत अन्य सामाजिक गतिविधिहरू बढाउनुपर्ने बताउनुहुँदै युवाहरूलाई समाजिक दायित्व बहन गर्दै जिम्मेवार नागरिक बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

बुद्धिचाल खेलका रेफ्रि एवं भक्तपुर जिल्ला बुद्धिचाल संघका निरञ्जन प्रजापतिले दुई दिनसम्म सञ्चालित बुद्धिचाल प्रतियोगितामा खेलाडीहरूको उत्साहजनक सहभागिता रहेको बताउनुहुँदै खेलहरूलाई निरन्तरता दिई खेलाडीहरूलाई प्रोत्साहित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाको युवा तथा खेलकुद उपसमितिका संयोजक लक्ष्मीप्रसाद दुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले उत्कृष्ट ३ सहकारी संस्थाहरूः भक्तपुर, समय र श्रमजीवी साकोसलाई कप तथा प्रमाणपत्र र १० जना खेलाडीहरू क्रमशः विक्रम चोकामी, विजय जती, विक्रम जती, राजाराम दुवाल, निकेन कुसाथा, जेन श्रेष्ठ, गणेश अवाल, धर्मसुन्दर तुलाधर, शिवभक्त गाईजु र सागर ग्वाछालाई पदक, प्रमाण-पत्र तथा नगद पुरस्कार वितरण गर्नुभयो भने रेफ्रिहरू निरञ्जन प्रजापति, किरण गाईजु, राजकुमार लघु र इन्द्रभक्त पञ्चलाई कदरपत्र वितरण गर्नुभयो ।

राम मन्दिरको शतवार्षिकोत्सव

# समाजको सेवा नै धर्म हो

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको प्रमुख आतिथ्यमा श्रीराममन्दिर स्थापनाको शतवार्षिकोत्सव कार्यक्रम माघ १७ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि जोशीले धार्मिक सहिष्णुता कायम गर्दै भक्तपुरवासीहरूले सम्पदा संरक्षणमा अग्रणी स्थान हासिल गर्दै १०० वर्ष पूरा गरी ऐतिहासिक महत्त्व कायम गर्न सफल राममन्दिर जीर्णोद्धार गरी उदाहरणीय काम गरेकोमा बधाई ज्ञापन गर्नुभयो । उहाँले संस्कृतिभित्र जीवन दर्शन रहेको कुरा प्रष्ट्याउनुहुँदै भक्तपुर नगरपालिकाले गरिरहेको सम्पदा संरक्षणको प्रशंसा गर्नुभयो ।

कार्यक्रममा विशिष्ट अतिथि सुनिल प्रजापतिले १०० वर्ष नाघेको सांस्कृतिक महत्त्व बोकेका कुनै पनि वस्तु सम्पदा बन्ने हुँदा राममन्दिर पनि सम्पदाको रूपमा रहने विचार व्यक्त गर्नुहुँदै हाम्रा पुर्खाले सिर्जेका ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेका सबै सम्पदाहरूको संरक्षण गर्नु हाम्रो दायित्व हो भन्नुभयो ।

उहाँले पर्तिजग्गा, साझा जग्गा र सार्वजनिक गुठी जग्गा र सम्पत्ति आफ्नो व्यक्तिगत नाममा राख्ने गरेको उदाहरणहरू प्रस्तुत गर्नुहुँदै सार्वजनिक सम्पत्तिको रूपमा राममन्दिर संरक्षण कार्य उदाहरणीय भएको बताउनुभयो । उहाँले "देश र समाजको सेवा नै धर्म हो" भन्नुभयो ।

प्रमुख प्रजापतिले भाषा, कला, संस्कृतिको संरक्षण सबै नगरवासीको दायित्व भएको हुँदा सबैले यसको सम्बर्द्धन गर्दै पुस्तान्तरण गर्नुपर्ने बताउनुहुँदै भक्तपुर सानो नगर भएकोले भक्तपुरलाई पर्यटकीय नगरको रूपमा विकास गराउन सकेमा बढीभन्दा बढी नगरवासीको आर्थिक समुन्नति हुने सोचका साथ यही चैत्र ४-८ गतेसम्म भक्तपुर महोत्सवको आयोजना गर्न लागेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्प पश्चात भक्तपुर जिल्लाभित्रका क्षतिग्रस्त ९१ वटा सम्पदा पुनःनिर्माण गरिसकेको र हाल ङातापोंल मन्दिरको जीर्णोद्धार कार्य भैरहेको बताउनुहुँदै भक्तपुर नपामा भएका ऐतिहासिक भाजुपोखरी र रानीपोखरीलगायतका पोखरीहरूको संरक्षण गरिरहेको उहाँले बताउनुभयो ।

सांस्कृतिक सम्पदाहरू जीर्णोद्धार एवं पुनःनिर्माण ठेक्काबाट गराउँदा संरचनाको मौलिकता गुम्ने बताउनुहुँदै सम्पदा आफैले पुनःनिर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले मानव जीवनलाई नैतिक र समाजसेवाप्रति उत्तरदायी बनाउन धेरै समयदेखि धार्मिक आस्थाले काम गरिरहेको बताउनुहुँदै जीवनलाई पूर्ण र कल्याणकारी बनाउन अमूर्त सम्पदाले काम गर्ने बताउनुभयो ।

पुर्खाले सिर्जेको कला र संस्कृति र सम्पदाको संरक्षण कार्य भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्ने बताउनुहुँदै उहाँले यसबाट नैतिकवान समुदाय र सुन्दरमय समाज बनाउन सकिने बताउनुभयो ।

कार्यक्रममा पुरातत्त्व विभाग, भक्तपुरका प्रमुख सरस्वती सिंहले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त राममन्दिरको पुनःनिर्माण कार्यको लागि पुरात्त्व विभागबाट हालसम्म १ करोड ९० लाख बजेट विनियोजित भई कार्य सम्पन्न भएको जानकारी गराउनुहुँदै संरक्षण कार्यमा सहयोग पुऱ्याउनुहुने समुदाय र संरक्षण समितिका पदाधिकारीहरूप्रति आभार प्रकट गर्नुभयो ।




राममन्दिर संरक्षण समितिका सभापति इन्द्रप्रसाद प्रजापति, सचिव विजयराम प्रजापति, कोषाध्यक्ष विनोद प्रजापति, सदस्य मिनाक्षी प्रजापति, महन्त हरिदास वैष्णव लगायतले बोल्नुभएको कार्यक्रममा 'राममन्दिर' स्मारिका विमोचन, संरक्षण कार्यमा सहयोग गर्नुहुने व्यक्तिहरूलाई सम्मान तथा प्रशंसापत्र वितरण गरिएको थियो ।

# नगरमा शैक्षिक गतिविधि

## बासु स्कूल
## 'सबभन्दा बढता भ्रष्टाचार सिंहदरबारमा'

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सबभन्दा बढता भ्रष्टाचार सिंहदरबारमा भएको र प्रधानमन्त्री ठगहरूको घेराबन्दीमा रहेको बताउनुभएको छ ।

बासु माध्यमिक विद्यालय र बासु कलेजको वार्षिकोत्सको अवसरमा फागुन १६ गते आयोजित कार्यक्रममा अध्यक्ष रोहितले सूचना मन्त्री भ्रष्टाचारमा परेपछि प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने विचार राख्नुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, 'हरेक मन्त्रीको कामको जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्छ ।' उहाँले प्रतिपक्षले आफ्नो भूमिका निर्वाह गर्न नसकेको भन्नुहुँदै अन्यत्र भए मन्त्रीहरू भ्रष्टाचारमा मुछिएपछि संसद चल्न दिँदैनथ्यो भन्नुभयो ।

उहाँले भन्नुभयो, 'नेपाली काङ्ग्रेसलाई थाहाछ, आफ्ना मन्त्री पनि त्यस्तै थिए ।' पदमा पुगेपछि नेताहरूमा सत्तामात चढ्ने भएकोले प्रतिपक्षको व्यवस्था गरिएको तर प्रमुख प्रतिपक्षले आफ्नो भूमिका निर्वाह नगरेको बताउनुभयो ।

अध्यक्ष रोहितले सङ्घीयताको सिद्धान्तअनुसार स्थानीय निकायलाई स्वायत्त हुनुपर्ने भन्नुहुँदै केन्द्रबाट नगरपालिका र गाउँपालिकामा कर्मचारी पठाउनु गलत हो भन्नुभयो । मातृभाषाबाहेक भोजपुरी, मैथिली, राजवंशी, थारुलगायत देशको एक राष्ट्रिय भाषा विद्यार्थीलाई सिकाउनुपर्ने भन्नुहुँदै स्थानीय निकायमा खटिने कर्मचारीले स्थानीय भाषा जानेको हुनुपर्ने विचार राख्नुभयो ।

चिनियाँ क्रान्तिपछि नेता माओ त्सेतुङले नेताको जन्मदिन नमनाउने, कुनै ठाउँको नाम नेताको नाममा नराख्ने, भाषण लामो नगर्नेजस्ता आचारसंहिता लागू गरेको भन्नुहुँदै अध्यक्ष रोहितले प्रधानमन्त्री ओलीको घरमा गरिने जन्मदिनमा गरिएको कार्यशैली उपयुक्त नभएको विचार राख्नुभयो । उहाँले भन्नुभयो, 'प्रमको उपचार विदेशी चिकित्सकबाट हुनुहुँदैन ।' नेपालमै राम्रो अस्पताल आवश्यक भएको अध्यक्ष रोहितले बताउनु भयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यमा विद्यालयहरूको योगदान सन्हानीय भएको उल्लेख गर्नुहुँदै विद्यार्थीले पढाइमा राम्रो गर्नुको साथै अनुशासनमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले विद्यार्थीको ज्ञान सिङ्गो समाजको विकासको निम्ति उपयोगी हुनुपर्ने भन्नुहुँदै भनपाले स्थानीय पाठ्यक्रम बनाई विद्यार्थीलाई स्थानीय ज्ञान दिने प्रयास गरेको बताउनुभयो ।

बाग्मती प्रदेश सांसद सृजना सैंजूले मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौता संसदबाट अनुमोदन हुननहुने भन्नुहुँदै यसबाट नेपालको सार्वभौमिकता समाप्त हुने सम्भावना रहेको बताउनुभयो । उहाँले देशको सार्वभौमिकता सङ्कटमा रहेको बेला देशभक्त नागरिक तयार गर्न विद्यालयहरू अग्रसर हुनुपर्ने भन्नुहुँदै शिक्षामा निजीकरण एवम् व्यापारीकरण गलत भएको तर्क गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सरोजराज गोसाईको सभापतित्वमा भएको कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सदस्य जगनाथ सुजख्, नेपाल नर्सिङ समाजका अध्यक्ष देविका दनेखु, भनपा वडा नं २ का अध्यक्ष हरिप्रसाद बासुकला र बासु कलेज व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण जोशीले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा बासु मावि तथा कलेजका प्रिन्सिपल अम्विका न्याइच्याईले विद्यालयको प्रगतिप्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । समारोहमा प्रमुख अतिथि नेमकिपाका अध्यक्ष रोहितले विद्यालयमा २५ वर्ष र १५ वर्षसम्म सेवा गर्ने शिक्षकहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो । त्यस्तै अतिथिहरूले अन्तर विद्यालयस्तरीय विभिन्न प्रतियोगिता र विद्यालयका आन्तरिक प्रतियोगिताहरूमा प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यार्थीलगायत विभिन्न आन्तरिक प्रतियोगितामा सफललाई पुरस्कार वितरण गर्नुभएको थियो ।

वार्षिकोत्साको अवसरमा शैक्षिक प्रदर्शनी र सांस्कृतिक कार्यक्रम प्रदर्शन गरिएको थियो ।

## विद्या विकास स्कूल
## 'विदेशी संस्कृति हाबी भएकोतर्फ सचेत हुनुपर्ने'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्या विकासको ३५ औं स्थापना दिवस तथा अभिभावक दिवस कार्यक्रमको उद्घाटन फागुन ८ गेत गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले विद्यालय स्थापना दिवसको अवसरमा विद्यार्थीहरूद्वारा प्रस्तुत सांस्कृतिक प्रदर्शनीको प्रशंसा गर्नुहुँदै विद्यार्थीलाई किताबको ज्ञान सँगसँगै अतिरिक्त क्रियाकलापमा सहभागी गराइराख्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले नेपाली समाजमा विदेशी संस्कृति हाबी हुँदै आएको तर्फ सबै सचेत हुनुपर्ने बताउनुहुँदै भक्तपुरको मौलिक

सीप, कला-संस्कृति नयाँ पुस्तामा हस्तान्तरण गर्ने लक्ष्य बोकेर अगाडि बढिरहेको छ भन्नुभयो ।

नगरवासी विद्यार्थीलाई कम्तीमा ४ वटा भाषाको ज्ञाता बनाउने उद्देश्यले भक्तपुर नपाले नेपाल भाषा, चिनियाँ भाषा, जापानिज लगायतका भाषा प्रशिक्षण सुरु गरिसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले विभिन्न विद्यालयहरूले पनि भाषाको कक्षा सञ्चालन गर्नु खुशीको विषय भएको बताउनुभयो ।

विद्यालय स्थापना दिवस कार्यक्रममा विद्यार्थीहरूले विविध मनोरञ्जनात्मक सांस्कृतिक प्रस्तुतिहरू देखाएका थिए ।

## रोम्बस स्कूल
## 'व्यक्ति होइन देशलाई समृद्धितर्फ डोऱ्याउनुपर्छ'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रोम्बस स्कूलको छैटौं वार्षिकोत्सव, अभिभावक दिवस, सांस्कृतिक कार्यक्रम एवम् सम्मान तथा पुरस्कार वितरण कार्यक्रमको उद्घाटन फागुन ७ गते गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि प्रजापतिले विद्यार्थीहरूलाई सभ्य, सुसंस्कृत र असल नागरिक बन्न अभिप्रेरित गर्नुहुँदै व्यक्ति समृद्धि बन्ने होइन देशलाई समृद्धितर्फ डोऱ्याउनुपर्छ भन्नुभयो ।

शिक्षाले व्यक्ति, समाज र देशलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएको र उच्च शिक्षामा गरिब जनताको पहुँच नभएको बताउनुहुँदै शिक्षामा जनताको पहुँच अभिवृद्धि गर्न भनपाले सस्तोमा गुणस्तरीय शिक्षा दिने कलेजहरू सञ्चालन गरी भक्तपुरलाई शैक्षिक गन्तव्यस्थल बनाउन लागिरहेको बताउनुभयो ।

भक्तपुर नपाले निरन्तर रूपमा विभिन्न भाषाको कक्षा सञ्चालन गरी एक व्यक्तिलाई कम्तीमा चारवटा भाषाको ज्ञाताको बनाउने उद्देश्य लिएको बताउनुहुँदै असल संस्कार पाएका व्यक्तिले आफूभन्दा ठूला-सानासँग शिष्ट व्यवहार गर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा स्कूलका प्रिन्सिपल राजेन्द्र कोजू, ईसिडी विशेषज्ञ सानु अमात्यले पनि बोल्नु भएको थियो । स्कूलको गतिविधि बालमैत्री भएको बताउनुहुँदै २१ औं शताब्दीमा विद्यार्थीहरूलाई युग सुहाउँदो शिक्षा दिन विद्यालय अग्रसर हुनुपर्ने र वालवालिकाको शारीरिक र मानसिक विकास सँगै असल संस्कार दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले वागीश्वरी माविका पूर्व प्र.अ. मोहनप्रसाद प्रजापति, बासु माविका पूर्व प्र.अ. बालमुकुन्द बासुकला र जोरपाटी मा.वि.का पूर्व प्र.अ. शेरबहादुर डाखुसीलाई सम्मान पत्र र दोसल्ला ओढाइ सम्मान, रोम्बस शुभश्री पदक र वर्ष अभिभावक वितरण तथा रोम्बस स्मारिका विमोचन गर्नुभयो ।

## एभरेष्ट इंगलिस स्कूल
## 'शासक दलका नेताहरूमा दूरदर्शी सोचको कमी'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा एभरेष्ट इङलिस स्कूलको ३७ औं वार्षिकोत्सव समारोह २०७६ को अवसरमा आयोजित पुरस्कार वितरण तथा पुस्तक हस्तान्तरण कार्यक्रम फागुन १ गते विद्यालय प्रांगणमा सम्पन्न भयो ।

विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर शैक्षिक क्षेत्रमा अगाडि बढिरहेको जिल्ला भएको बताउनुहुँदै भक्तपुरको एउटै परिवारमा ६ जनासम्म इन्जिनियर उत्पादन भएको बताउनुभयो ।

सरकारले ख्वप विश्वविद्यालय सञ्चालनको स्वीकृतिमा ढिलाइ गरेका कारण भक्तपुरवासीको चाहना अपुरो भएको बताउनुहुँदै प्रमुख प्रजापतिले शासक दलका नेताहरूमा दूरदर्शी सोचको कमी भएको औंल्याउनुभयो ।

भक्तपुर नपाले समाजकेन्द्रित भएर तल्लो वर्गको हितमा काम गरिरहेको बताउनुहुँदै उहाँले देशको निम्ति नमुना र उदाहरणीय काम भक्तपुर नपाले गरिरहेको बताउनुभयो ।

एभरेष्ट इ. स्कूलका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारीले स्वागत मन्तव्य राख्नुहुँदै विद्यालय स्थापनाको ३८ वर्षदेखि विद्यालयको सर्वाङ्गीण हितको निम्ति काम गरिरहेको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले विभिन्न विद्यालयका प्रतिनिधिहरूलाई पुस्तक हस्तान्तरण र विद्यालयका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो ।

## पारागन स्कूल
## 'विद्यालयले असल र सुसंस्कृत, योग्य नागरिक तयार गर्नुपर्ने'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पारागन एकेडेमीको १७ औं वृहत वार्षिकोत्सव, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रमको माघ १६ गते पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले अभिभावक र विद्यार्थीहरूले पैसा कमाउन र व्यक्तिगत सुख सुविधाको लागि नभई देश र जनताको सेवा गर्ने उद्देश्यले पढाउनु र पढ्नु पर्छ भन्नुहुँदै भविष्यमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सोचले शिक्षा, भूगोल, इतिहास, कला संस्कृति जस्ता विषयहरूलाई विशेष महत्त्व दिई पठन पाठन गर्नु गराउनुपर्ने बताउनुभयो ।

उहाँले विश्वविद्यालयहरूले शिक्षासँगै हातमा सीप र

श्रम गर्न दिनुपर्ने बताउनुहुँदै त्यस्ता व्यक्ति कहिल्यै पनि बेरोजगार हुनुनपर्ने बताउनुभयो ।

देशलाई अगाडि बढाउन विद्यालयले असल र सुसंस्कृत, योग्य नागरिक तयार गर्नुपर्ने भन्नुहुँदै उहाँले विद्यार्थीहरूको छनौटको विषय राम्रो हुनुपर्ने र देशले उत्पादन गरेका राम्रा विद्यार्थीहरू विदेशमा गइरहेको हुँदा विद्यार्थीहरूमा देशभक्तिको भावना जागृत गराउनुपर्ने बताउनुभयो ।

प्रमुख अतिथि प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षालाई विशेष प्राथमिकता दिई कार्य गरिरहेको बताउनुहुँदै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँले लेख्नुभएको "१०० वर्ष पछिको भक्तपुर"को परिकल्पनालाई साकार पार्न नपाले विभिन्न भाषा सम्बन्धी तालिमहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

रात्रीकालीन समयमा पर्यटकहरूलाई भक्तपुरको अवलोकन गराउने उद्देश्यले ठाउँ ठाउँमा परम्परागत बाजा, नृत्य, भक्तपुर मौलिक पहिचान बोकेको सांस्कृतिक झाँकीहरूको व्यवस्थापन गराउने सोच रहेको बताउनुहुँदै कला, संस्कृतिलाई पुस्तान्तरण गराउने उद्देश्यले नगरपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रममा ती विषयहरूलाई समेटेको उहाँले बताउनुभयो ।

पारागन एकेडेमीले देशको लागि योग्य जनशक्ति उत्पादन गर्नेमा विश्वास व्यक्त गर्नुहुँदै प्रमुख अतिथि प्रजापतिले शिक्षाले समाज परिवर्तनको लागि महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा उत्प्रेरक रमन नेपालीले अभिभावक तथा विद्यार्थीहरूलाई सकारात्मक सोचका साथ अगाडि बढेमा कहिल्यै पनि असफल नहुने हुँदा जीवनलाई सफल बनाउन आ–आफ्नो तर्फबाट प्रयास गर्नुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद कुसी, एनप्याब्सनका जी.बी खड्का, ई.सी.डी.एक्स्पर्ट सानु खड्का, नगर शिक्षा प्रमुख हरि निरौला, विद्यालयका प्रिन्सिपल पुण्यराम कवां, मर्डन बोर्डिङ स्कूलका प्रिन्सिपल बाबुकाजी कसपाल, अभिभावक दीपक लामिछाने, शिक्षक राजेन्द्र फोंजु, विद्यार्थी विजया काफ्लेलगायतले विद्यालयको प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयबाट एसईई परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरू, विभिन्न परीक्षामा सर्वोत्कृष्ट छात्र–छात्राहरू, साफ खेलकुदमा उत्कृष्टता हासिल गरेका पूर्व विद्यार्थीहरू तथा विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा उत्कृष्ट हुन सफल अभिभावक, शिक्षक तथा विद्यार्थीहरूलाई मायाको चिनो र पदक वितरण गरिएको थियो ।

## स्प्रिङ्गडेल कप भलिबल प्रतियोगिता

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्प्रिङ्डेल माविको आयोजनामा भएको १० औं विद्यालयस्तरीय छात्र तथा तेस्रो उपत्यकाव्यापी स्प्रिङ्डेल कप भलिबल प्रतियोगिताको माघ २३ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भलिबल खेललाई राष्ट्रिय खेल घोषणा गर्नु खुशीको कुरा भएको बताउनुहुँदै प्राथमिकता अनुसार यो खेलको विकास पनि हुनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष विद्यालयस्तरीय खेल प्रतियोगिता संचालन गरी नगरभित्रका विद्यार्थी खेलाडीहरूलाई खेल जगतमा क्रियाशील बनाइरहेको बताउनुभयो ।

उहाँले खेल शारीरिक, मानसिक विकासको निम्ति हुनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले भनपाले नियमित रूपमा ६ वटा खेलकुदको प्रशिक्षण सञ्चालन गर्दै आएको र प्रशिक्षणले विद्यार्थीहरूको मनोबल बढाउन मद्दत पुऱ्याइरहेको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका संस्थापक प्रिन्सिपल शिवजी श्रेष्ठले भलिबल खेलको प्रबर्द्धन गर्न विद्यालयले विद्यार्थीहरूलाई उत्साहित बनाउन यो खेल प्रतियोगिताको आयोजना गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला प्याब्सनका अध्यक्ष चन्द्र अधिकारीले भक्तपुर शिक्षाको उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास भइरहेको बताउनुहुँदै विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराइराख्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल भलिबल संघका अध्यक्ष मनोरञ्जन शर्माले खेलाडीको पहिचानले राष्ट्रको इज्जत बढाउन मद्दत पुग्ने बताउनुहुँदै भलिबल राष्ट्रिय खेल भलिबलमा महिला भलिबल तालिमको विकास दिनप्रति दिन बढ्दै गएको जानकारी दिनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उत्तम नारायण महतले भक्तपुर जिल्लामा शैक्षिक गुणस्तरको हिसाबमा अगाडि रहेको र सरकारी विद्यालय पनि निजी विद्यालयको तुलनामा अगाडि रहेको अवगत गराउनुभयो ।

कार्यक्रममा शिक्षिका शर्मिला चौगुठीले पनि बोल्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले रेफ्रि बलराम न्हिसुतुलाई बल हस्तान्तरण गरी खेलको औपचारिक उद्घाटन गर्नुभएको थियो ।

# वडा गतिविधि




## १ वडामा आत्मरक्षा तालिम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आत्मरक्षा भनेको आफ्नो सुरक्षा आफैं गर्ने कला भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा माघ २० गते भएको तीनदिने आत्मरक्षा तालिमको उद्घाटन समारोहमा



प्रमुख प्रजापतिले जीवनको सुरक्षा सबभन्दा महत्त्वपूर्ण हुने बताउनुहुँदै संकटको समयमा आफू सुरक्षित भई अरुको उद्धार गर्न पनि तालिमको आवश्यकता हुने बताउनुभयो ।

विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै अतिरिक्त क्रियाकलाप र सामान्य ज्ञानबारे जानकारी हुनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाद्वारा सञ्चालन हुने आत्मरक्षाको प्रशिक्षण उपलब्धीपूर्ण हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नपाले गरिरहेको विद्यार्थी केन्द्रित गतिविधिअन्तर्गत नगरका सबै वडाका विद्यार्थीहरूलाई आफू सुरक्षित बन्न आत्मरक्षा तालिम सञ्चालन गरिरहेको बताउनुभयो ।

सनसाइन स्कुलका संस्थापक रेणु ढकालले नि:शुल्क रूपमा भक्तपुर नपाले सञ्चालन गरेको आत्मरक्षा तालिम विद्यार्थीहरूलाई उपयोगी हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडा सदस्य सूर्यप्रसाद श्रेष्ठले पनि बोल्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले आत्मरक्षा तालिमका प्रशिक्षकहरूलाई ट्राक सुट वितरण गर्नुभयो ।

## ४ वडामा दन्त शिविर

भक्तपुर नगरपालिका वडा नं. ४ को आयोजनामा फागुन १० गते तारा माविको प्राङ्गणमा दन्त शिविर सम्पन्न भयो ।

शिविरमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले स्वास्थ्य नै धन हो, शरीरको सबै अङ्गको उत्तिकै महत्त्व र मूल्य हुने बताउनुहुँदै दाँतको उपचार निकै कठिन र महँगो पर्ने हुँदा यसको उचित हेरचाह गर्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले नयाँ पुस्ताको आधुनिक जीवनशैलीका कारण समाजमा विकृतिहरू पनि भित्रिँदै गएको औंल्याउनुहुँदै




सुसंस्कृत समाज निर्माणको अभियानमा भक्तपुर नपा क्रियाशील रहेको बताउनुभयो ।

देशकै अग्लो पाँच तले मन्दिरको अभिलेखीकरण गर्दै पुन:निर्माण गरिरहेको भक्तपुर नपाले आयोजना गर्ने भक्तपुर महोत्सवमा भक्तपुरवासीहरूको मौलिक कला, सीप, संस्कृति उजागर हुने बताउनुहुँदै शारीरिक, मानसिक र बौद्धिक रूपमा स्वस्थ रहन आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी नपाले नियमित रूपमा विभिन्न स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको र दाँतको सुरक्षाको निम्ति खाना खाइसकेपश्चात नियमित दाँत माझ्ने बानी विकास गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् कार्यपालिका सदस्य एवम् भनपा वडा नं. ४ स्वास्थ्य समितिका संयोजक कृष्णलक्ष्मी दुवालले दाँतबाट हुने सम्भावित रोगबाट बच्न यसको समयमै सुरक्षा र चेकजाँच गराउनु आवश्यक भएको बताउनुहुँदै नेमकिपाको आयोजनामा फागुन १३ गते एमसीसी सम्झौताको विरोधमा

अमेरिकी दूतावासमा विरोध पत्र बुझाउने कार्यक्रममा सहभागिताको लागि आह्वान गर्नुभयो ।

स्वास्थ्य समितिका सल्लाहकार उपेन्द्र सुवालले दाँत शरीरको महत्त्वपूर्ण अङ्ग भएको औंल्याउनुहुँदै नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर नगरपालिकाले सबै वडामा शारीरिक ब्यायामशाला जडान गरिसकेको र यसको उपभोगको निम्ति पनि आग्रह गर्नुभयो ।

कार्यक्रममा स्वास्थ्य समितिका सदस्य एवम् तारा माविका शिक्षक कृष्णगोविन्द दुवाल र वडा सदस्य राजेन्द्र माकले पनि आ–आफ्नो विचार ब्यक्त गनुभयो ।

शिविरबाट १३३ जना लाभान्वित भएका थिए ।

## ६ वडामा निशुल्क दन्त शिविर तथा प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका अन्तर्गत महिला स्वास्थ्य स्वयम् सेविका र नर्स परिचालन समिति भ.न.पा. ६ वडाको आयोजनामा माघ १८ गते नि:शुल्क दन्त शिविर सम्पन्न भयो ।




उक्त कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुरमा सर सफाइ नहुँदा विभिन्न किसिमका रोगहरूले मान्छेहरू मर्दा छेराउतीले लाग्यो भनी छेराउतीलाई दोष दिन्थे तर अहिले भ.न.पा. ले सर सफाइ गरेपछि त्यस्ता छेराउती हरायो । यसरी अरुलाई दोष दिनुभन्दा आफ्नो घर, टोल, चोक, गल्लीहरू सफा राख्न सकेमा कसैले पनि अकालमा मृत्यु हुनु पर्ने छैन तर अहिले जनताले खानपानमा ध्यान नदिनाले, ऐश आराम र शारीरिक व्यायामको अभावमा सुगर, प्रेसर र मृगौलाको समस्या जस्ता रोगहरूले सताउने गरेको छ भन्नुभयो । रोग लागे पछि उपचार गर्नुभन्दा कोही बिरामी नपरुन् भन्ने उद्देश्यले विभिन्न किसिमका रोगहरू बारे जनचेतना जगाउने उद्देश्यले भक्तपुर न.पा.का सबै वडाहरूमा यस्ता कार्यक्रमहरू संचालन गर्दै आइरहेको बताउनुहुँदै उहाँले समाज सेवाको लागी जन स्वास्थ्य कार्यालय च्याम्हासिह मार्फत दैनिक ५०० भन्दा बढी बिरामीहरूको सेवा गर्दै आइरहेको बताउनु भयो । उहाँले जन्मिन्दा नभएको दाँत बुढ्यौलीा पनि दाँत नरहने एक चिनिया विद्वानको कथा सुनाउनुहुँदै शरीरको सबैभन्दा कडा दाँत हो र पहिले झर्ने पनि दाँत नै भएकोले सबैसँग नरम व्यबहार गर्न अनुरोध गर्नुभयो ।।

भ.न.पा. वडा नं ६ का वडाअध्यक्ष हरिराम सुवालले सभापतिको आशनबाट बिगतमा जस्तै यस पटक पनि जनताको स्वास्थ्य सेवाको निम्ति शिविर गरिएको र यस्ता स्वास्थ्य शिविरले जनताको स्वास्थ्य समस्या कम हुँदै जाने आशा व्यक्त गर्नुहुँदै विकास निर्माणका गतिविधिहरूबारे चर्चा गर्नुभयो । कार्यक्रममा उहाँले गत पुष ९, १० र ११ गते सम्पन्न कौसी खेती तालिमका प्रशिक्षाथीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

जनस्वास्थ्य केन्द्र च्यम्हासिहका डा.बालकृष्ण चाँगुभारीले दाँत कमजोर हुनुको कारणहरू मध्ये खानालाई राम्रोसँग नचपाउनु, बिहान उठ्ने बित्तिक्कै दाँत माझ्नुका साथै हामीले दाँतलाई उपयोग नगर्नु नै मुख्य कारण हुन् भन्नुभयो ।

उक्त कार्यक्रममा कार्यपालिका सदस्य शोशन मैया सुवाल, कौशी खेती तालिमका प्रशिक्षक मिना मैया सुवाल, वडा सदस्य सिद्धिराम अवालले पनि बोल्नु भएको थियो ।

शिविरमा १०५ जना बिरामीहरूको दाँत परीक्षणका साथै निशुल्क औषधी पनि वितरण गरिएको थियो ।

## ६ वडामा आत्मरक्षा तालिम

भक्तपुर नपाको ६ नं वडा कार्यालयको आयोजनामा आत्मरक्षा तालिम माघ २६ गते संचालन भयो । कार्यक्रमका सभापति एवम् ६ नं वडाअध्यक्ष हरिराम सुवालले देश विदेशमा घटेका बलात्कार लगायतका विभिन्न घटनाहरूको स्मरण गराउनुहुँदै आत्मरक्षा तालिम पाए पछि आफनो आत्मबल बढ्नुका साथै अप्रिय घटना हुनबाट बच्न सक्ने बताउनु भयो ।

उहाँले भक्तपुर नगरपालिका र वडा कार्यालयको गतिविधिबारे प्रकाश पार्नुहुँदै सिकेका ज्ञानहरू स्कूलमा गएर अन्य साथीहरूलाई र घर तथा टोलछिमेकका अन्यलाई पनि सिकाउन आग्रह गर्नुभयो ।




कार्यपालिका सदस्य रोशनमैया सुवालले एक्लै हिंडिरहेको अबस्थामा कुनियत भएका व्यक्तिहरूले हातपात गर्ने गरेको धेरै उदाहरणहरू भएकोले त्यस्ता घटनाबाट सुरक्षित

रहनको लागि आत्मरक्षा तालिमको धेरै महत्त्व रहन्छ भन्नुभयो। उहाँले विद्यार्थी जीवनमा मिहिनेत गर्ने त छँदैछ साथै अन्य गतिविधिमा लाग्न सके अझ राम्रो हुने बताउनु भयो।

कार्यक्रममा वडा सदस्य सिद्धिराम अवाल, प्रशिक्षक द्वय रबिना सुवाल र मुना बासुकलाले आत्मरक्षा तालिमको बारेमा प्रकाश पार्नु भएको थियो भने कार्यक्रममा वडा सचिब जितबहादुर खाईजुले पनि बोल्नु भएको थियो।

## ९ वडामा आत्मरक्षा तालिम

भक्तपुर नगरपालिकाको आयोजनामा भनपा वडा नं. ९ मा भएको आत्मरक्षा तालिमको समापन कार्यक्रम नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा फागुन ६ गते सम्पन्न भयो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले आफूमा भएको कुनै पनि सीप अनावश्यक प्रयोग भए खतरा हुने र सही सदुपयोग भए निकै फलदायी हुने बताउनुभयो।




जीवनमा आइपर्ने कुनै पनि समस्या सामना गर्न मानसिक रूपमा तयार हुनुपर्ने औंल्याउनुहुँदै प्रमुख प्रजापतिले तालिमबाट सिकेको सीप र ज्ञानलाई सही ढङ्गले उपयोग हुनेमा विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले विद्यार्थीको अमूल्य समयलाई सही सीप सिकाउने अवसरको रूपमा यो तालिम सञ्चालन गरेको बताउनुहुँदै कुनै पनि समयमा आउनसक्ने आपतविपतमा आफूमा भएको सीपले आफ्नो सुरक्षा गर्न मद्दत पुऱ्याउने बताउनुभयो।

आत्मरक्षा तालिमका प्रशिक्षकद्वय रबिना सुवाल र मुना बासुकलाले नगरपालिकाले सञ्चालन गरेको आत्मरक्षाको तालिम महिला हिंसाविरुद्धको अभियान भएको औंल्याउनुहुँदै जीवनलाई सफलताका साथ अगाडि बढाउन शिक्षा र खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा तालिमका प्रशिक्षकहरू गीता खनाल र सदिक्षा न्हेमाफुकीले तालिममा सहभागी हुन पाउँदा आभार प्रकट गर्नुहुँदै ३ दिने आत्मरक्षाको तालिम निकै उपयोगी हुने र तालिमले प्रतिरक्षा गर्ने आत्मविश्वास जगाएको बताउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य छोरीमैया सुजखु र मिरा बासुकलाले पनि बोल्नुभएको थियो।

समापन कार्यक्रममा प्रशिक्षार्थीहरूले आफूले सिकेको आत्मरक्षा तालिमको केही सीप प्रदर्शन गरेका थिए।

## १० वडामा आत्मरक्षा तालिम

भक्तपुर नगरपालिका १० नं वडा कार्यालयको आयोजनामा तीन दिने आत्मरक्षा तालिम उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा पारागन स्कूल कमलविनायकमा माघ २३गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि जोशीले महिला, छोरीबेटी बचाउन आत्मरक्षा तालिम दिएको बताउनु हुँदै देशमा अराजक गतिविधिहरू बढीरहेको साथै घटिरहेको बलात्कारका घटनाले आत्मरक्षा तालिमले महिला दिदीबहिनीहरूमा आत्मविश्वास बढ्ने विश्वास गर्नुभयो।

उहाँले माघ २५ र २६ गते धिमे प्रतियोगिता, भिजिट नेपाल २०२० को अवसरमा आयोजित चैत्र ४ गतेदेखि हुने भक्तपुर महोत्सवको जानकारी दिनुहुँदै शिक्षा, स्वास्थ्यमा भक्तपुरले फड्को मारेको साथै वातावरण जोगाउनेतर्फ भक्तपुर नगरपालिका सचेत रहेको बताउनु भयो।

कार्यक्रममा वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले भक्तपुर नगरपालिकाले गरिरहेको विद्यार्थी केन्द्रित गतिविधि अन्तर्गत नगरका सबै वडाका विद्यार्थीहरूलाई सुरक्षित बन्न दिन आत्मरक्षा तालिम संचालन गरिरहको र जीवनको सुरक्षा सबैभन्दा महत्त्वपूर्ण हुने भएकोले संकटको समयमा आफू सुरक्षित हुने र अरुलाई पनि उद्धार गर्न सक्ने गरी देश र समाजको निम्ति तालिम उपयोग गरी विकृति र विसंगतिबाट टाढा रहनु पर्ने बताउनु भयो।




कार्यक्रममा पारागन स्कूलका प्रिन्सिपल पुण्यराम कवाँ, प्रशिक्षक मुना बासुकला र वडासदस्य जितेन्द्र मुनंकर्मीले पनि बोल्नु भएको थियो भने उक्त तालिममा पारागन स्कूल, न्यातापोल स्कूल, मनकामना स्कूल, ईष्टप्वाईन्ट स्कूलका ५०

जना विद्यार्थीहरू सहभागी भएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो ।

### महालक्ष्मी पाटी पुन: निर्माण सम्पन्न

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. १० स्थित महालक्ष्मी पाटीको फागुन ९ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो ।

स्थानीय जनताबाट गठित उपभोक्ता समितिबाट निर्मित उक्त पाटीको उद्घाटन गर्नुहुँदै उहाँले सम्पदा संरक्षण जनताको साझा जिम्मेवारी भएको बताउनुभयो ।

उहाँले सम्पदा पुन:निर्माणमा आधुनिकभन्दा परम्परागत प्रविधि र सीपको सदुपयोगमा जोड दिनुहुँदै मौलिक शैली कुनै बहानामा परिवर्तन गर्न नहुने विचार व्यक्त गर्नुभयो ।




'ढुङ्गेधारा, पोखरी, मठ–मन्दिर, देवालय, शिवालय हाम्रा पुर्खाले सिर्जेका सम्पत्ति हुन्, त्यसको संरक्षण गर्नु हाम्रो साझा कर्तव्य हो । नगरपालिकाले विदेशी पर्यटकहरूबाट सङ्कलन गरिएका अधिकांश रकम सम्पदा संरक्षणमा खर्च गर्दैछ', उहाँले भन्नुभयो ।

भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले भनपाले जनताको सहयोगका विभिन्न विकास निर्माणको काम गरिरहेको चर्चा गर्नुहुँदै शिक्षा र स्वास्थ्यमा भनपाले विशेष जोड दिइरहेको छ भन्नुभयो ।

भनपाका योजना तथा सम्पदा शाखा प्रमुख रामगोविन्द श्रेष्ठले महालक्ष्मी पाटी ५०० वर्षभन्दा लामो इतिहास बोकेको चर्चा गर्नुभयो ।

स्थानीय उपभोक्ता समितिका अध्यक्ष शिवहरी जरेजूको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

उक्त पाटी पुन: निर्माण गर्न रु. ३९ लाख लागत इष्टिमेट भएकोमा कुल रु. ३० लाख ४७ हजार ५०० रूपैयाँ खर्च भएको थियो ।

## अरनिको सभाभवन निर्माणस्थल परिसरमा सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा वडा नं ६ मा अवस्थित अरनिको सभाभवन निर्णाणस्थलमा पाक्षिक सरसफाइ कार्यक्रम फागुन १ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै वातावरण समितिका संयोजक तथा वडा नं ९ का वडा अध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले नगरलाई सुन्दर, स्वच्छ र सफा राख्नको लागि आफ्नो ठाउँ आफै सफा गरौं भन्ने उद्देश्यले विगत २०७४ साल श्रावण १ गतेदेखि जनप्रतिनिधि, कर्मचारी एवं स्थानीय जनताको उपस्थितिमा नियमित सरसफाइका कार्यक्रमहरू अटुट रूपले भइरहेको बताउनुभयो ।

उहाँले सांस्कृतिक नगरी भक्तपुर आन्तरिक तथा बाह्य पर्यटनको आकर्षणको केन्द्रविन्दुमा रहेकोले आगामी चैत महिनाको ४ गतेदेखि ८ गतेसम्म भक्तपुर महोत्सव हुने कुरा समेत जानकारी दिनुभयो । ऐतिहासिक एवं पुरानो नगर क्षेत्रको सौन्दर्यता कायम गर्न र पैदलयात्रीहरूको सुरक्षाको लागि फागुन १ गतेदेखि पुरानो नगर क्षेत्रमा भारी सवारी साधन प्रवेश निषेध गरिएको समेत बताउनुभयो ।

वडा नं २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले नगरपालिकाले शिक्षा, स्वास्थ्य र खेलकुदलाई विशेष महत्त्व दिइरहेको र फागुन ८ गतेदेखि १२ गतेसम्म अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता सञ्चालन गर्न लागेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं ६ का वडा अध्यक्ष हरिराम सुवालले सभापतित्वको आशनबाट प्रदेश सरकारसँगको सम्झौता भएसँगै अरनिको सभाभवनको निर्माण थालनी गर्ने बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य रोशनमैया सुवाल र बुद्धिराम अवालले पनि बोल्नुभएको थियो ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

# पुरातत्त्वविद् तारानन्दको निधन

पुरातत्वविद् तारानन्द मिश्रको ८१ वर्षको उमेरमा गत पुस १९ गते साँझ निधन भयो। पछिलो समय उहाँ रौतहटको मौलापुरमा उत्खनन परियोजनामा व्यस्त हुनुहुन्थ्यो। उत्खननको क्रममा भर्‍याङको दुइटा सिँढीबाट उहाँ लडेर बेहोस हुनुभएको थियो।

वि.सं. १९९५ मा वीरगञ्जको बिर्ताबजारमा जन्मनु भएका मिश्रले प्राचीन इतिहास र पुरातत्त्व विषयमा अध्ययन गर्नु भएको थियो। २०२१ सालमा पुरातत्त्व विभागको सेवा प्रवेश गरी २०५१ सालमा जागिरबाट अवकाश लिनुभयो। तर पुरातत्त्व विभागमा छँदा र अवकाश पछि पनि ५५ वर्ष निरन्तर उत्खनन कार्यमा लाग्नुभयो।

नेपालका एक ख्यातीप्राप्त पुरातत्त्वविद् मिश्रले भक्तपुर नपाद्वारा आयोजित विभिन्न कार्यक्रममा आफ्नो गहकिलो विचार र सल्लाह दिएर सहयोग गर्नुभएको थियो।



तस्बिर: नेपाल साप्ताहिक

पुरातत्त्व अधिकृत भीष्म बाँस्कोटाले (नेपाल साप्ताहिक) मा लेखेअनुसार मिश्रले काठमाडौँको लिच्छविकालीन बस्ती हाँडीगाउँ र धुम्बाराहीको उत्खनन गरी प्राप्त प्रमाणका आधारमा विशालनगरलाई राजधानी सहरका रूपमा दाबा गरे। उनको नेतृत्वमा कपिलवस्तुको पुरातात्त्विक उत्खनन भयो। त्यसबाट मृण्मय खैरो रङका भाँडावर्तनका साथै पूर्वी र पश्चिमी द्वारसमेत फेला परे। त्यसले भारतीय पुरातत्त्वविद् देवला मित्राले उत्खनन गरी अपूरो र भ्रमात्मक रिपोर्ट प्रकाशन गरी चर्किएको विवादलाई मत्थर मात्र गरेन कि प्राप्त यथेष्ट प्रमाणका आधारमा कपिलवस्तुको प्राचीनता ईसापूर्व सातौँ शताब्दी कायम हुन गयो।

कपिलवस्तुको भ्रमणपछि चिनियाँ यात्रीहरूले आफ्नो यात्रा वृत्तान्तमा वर्णन गरेबमोजिम कपिलवस्तुबाट धौलागिरि हिमाल देखिने र वाणगंगा नदी बग्ने थप पुष्टि भयो।

मिश्रले पुरातात्त्विक स्थल तिलौराकोटदेखि विराटनगरनजिकको भेडियारी पुरातात्त्विक स्थलमा उत्खनन गरे। यो पूर्वको सर्वप्रथम उत्खनन भएको प्राचीन र प्रसिद्ध स्थल हो।

नेपाली पुरातत्त्वमा सबैभन्दा पहिले प्रशिक्षण लिएका पुरातत्त्वविद् मिश्रले ***प्राचीन नेपाल***को सम्पादन गरे। तेस्रो शताब्दीतिर नेपाल भ्रमणमा आएका तिब्बती भिक्षु ***धर्मस्वामीको जीवनीलाई नेपालीमा अनुवाद*** गरे। ***द कन्जरभेसन एन्ड हेरिटेज प्लानिङ अफ बौद्धनाथ स्तुप*** सम्पादन गरे। ***द लोकेसन अफ कपिलवस्तु एन्ड आर्कियोलोजिकल एस्काभेसन, सर्भे अफ आइकोनोग्राफी अफ काठमाडौँ भ्याली, बुद्धिष्ट कलेक्सन अफ नेसनल म्युजियम***जस्ता पुस्तक प्रकाशित छन्।

मिश्रले लुम्बिनीको मायादेवी मन्दिर प्राङ्गणमा समेत उत्खनन गरे। यहाँ ६ वटा तह (खसिया, मल्लकाल, गुप्तकाल, कुषाणकाल, सुंगमित्राकाल, अशोककाल र अशोकपूर्वको काल) को उत्खनन गरी हेर्दा ६ वटै सांस्कृतिक कालखण्डको अस्तित्व फेला पर्‍यो। उनीपछिका उत्खननले लुम्बिनीको प्राचीनता ईसापूर्व छैटौँ शताब्दी कायम गरेको छ।

साहित्यिक ग्रन्थमा वर्णित 'प्राचीन देवदह' र 'मायादेवीको माइती' का रूपमा परिचित रूपन्देहीको भवानीपुरमा समेत मिश्रले उत्खनन गर्दा मूर्ति, भग्नावशेषका साथै प्रशस्त मात्रामा मध्यकालीन माटाका भाँडाकुँडाका नमुना फेला परे।

सन् २०१५ को भूकम्पपछि उनी बुङमतिको रातो मच्छिन्द्रनाथ उत्खननमा संलग्न भए। कपिलवस्तु, लुम्बिनी, भेडियारी, भवानीपुरजस्ता मुख्य पुरातात्त्विक स्थलको पहिचान एवं प्रमाणीकरणमा मिश्रको देन इतिहास र भावी पुस्ताले कहिल्यै भुल्ने छैन।

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (४)

**परिच्छेद - २...**

**८. नगरपालिकाको वर्गीकरण :** (१) नेपाल सरकारले सम्बन्धित स्थानीय तह र प्रदेश सरकारसँग परामर्श गरी देहायका शर्त तथा सुविधा पूरा गरेको आधारमा नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका घोषणा गर्न सक्नेछ –

(क) नगरपालिका

(१) हिमाली जिल्लाको हिमाली क्षेत्रमा कम्तीमा दश हजार, हिमाली जिल्लाको पहाडी क्षेत्र तथा पहाडी जिल्लामा कम्तीमा चालीस हजार, भित्री मधेशका जिल्लामा कम्तीमा पचास हजार, तराईका जिल्लामा कम्तीमा पचहत्तर हजार र काठमाडौँ उपत्यकाभित्रका जिल्लामा कम्तीमा एक लाख स्थायी बासिन्दा भएको,

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि 'हिमाली जिल्ला, पहाडी जिल्ला, भित्री मधेश, तराईका जिल्ला तथा काठमाडौँ उपत्यकाका जिल्ला' भन्नाले अनुसूची–१ मा उल्लेख भए बमोजिमका जिल्ला जनाउँछ ।

(२) पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय हिमाली क्षेत्रको भए कम्तीमा एक करोड रुपैयाँ र अन्य जिल्लामा भए कम्तीमा तीन करोड रुपैयाँ भएको,

(३) सडक, सडक पेटी, विद्युत, खानेपानी, सञ्चार र त्यस्तै अन्य न्यूनतम शहरी सुविधा भएको,

(४) फोहोरमैलाको व्यवस्थापन तथा ल्याण्डफिल्ड साइटको उचित प्रबन्ध भएको,

(५) प्रत्येक वडामा तोकिएबमोजिमको खुल्ला क्षेत्र तथा पार्क उद्यान भएको,

(६) कम्तीमा पच्चीस शय्याको अस्पताल सुविधा भएको,

(७) यात्रु विश्रामस्थल तथा सार्वजनिक शौचालयसहितको बसपार्क भएको,

(८) खानेपानी तथा सरसफाइको व्यवस्था भएको,

(९) बैंक तथा वित्तीय संस्थाको सेवा भएको,

(१०) सामुदायिक भवन तथा सभाहल भएको,

(११) बजार क्षेत्र भएको,

(१२) पशुवधशाला भएको,

(१३) शवदाहस्थल भएको,

(१४) खेलमैदान भएको,

(१५) नगर गुरुयोजना तयार भएको,

(१६) तोकिएबमोजिमका अन्य मापदण्ड पूरा भएको तथा अन्य शहरी सुविधा भएको ।

(ख) उपमहानगरपालिका

(१) कम्तीमा दुई लाख स्थायी बासिन्दा भएको,

(२) पछिल्लो पाँच वर्षको वार्षिक औसत आन्तरिक आय कम्तीमा पच्चीस करोड रुपैयाँ भएको,

(३) कम्तीमा एक सय शय्याको एक अस्पतालसहित कम्तीमा दुई सय शय्याको अस्पताल सुविधा भएको,

(४) फोहरमैला प्रशोधन तथा व्यवस्थापन प्रणाली भएको,

(५) सभाहल भएको,

(६) राष्ट्रियस्तरको रगंशाला, व्यायामशाला तथा कभर्ड हल भएको,

(७) विद्युत, खानेपानी र सञ्चार सेवाको उपलब्धता भएको,

(८) नगरभित्रका प्रमुख सडकहरू पक्की भएको,

(९) उच्चस्तरीय शिक्षा तथा प्राविधिक शिक्षाको सुविधा भएको,

(१०) सार्वजनिक उद्यान र नगर सभागृहको व्यवस्था भएको,

(११) आधुनिक पशुवधशाला र व्यवस्थित शवदाह स्थल भएको,

(१२) सार्वजनिक प्रयोगका स्थल र भवनहरू अपाङ्गतामैत्री तथा भौतिक रूपमा पहुँचयोग्य भएको,

(१३) पर्यटकीय स्तरको होटल, मोटल तथा रिसोर्ट भएको,

(१४) नगरपालिकालाई तोकिएका अन्य पूर्वाधार भएको,

(१५) तोकिए बमोजिमको अन्य शहरी सुविधा भएको ।

(ग) महानगरपालिका

(१) कम्तीमा पाँच लाख स्थायी बासिन्दा भएको,

(२) पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय कम्तीमा एक अर्ब रुपैयाँ भएको,

(३) टर्मिनलसहितको बसपार्क, पार्किङका लागि पर्याप्त सुविधा, सब वे तथा सडक पेटी भएको,

(४) शहरी परिवहनको सुविधा तथा अपाङ्गतामैत्री सार्वजनिक सवारी सुविधा भएको,

(५) कुल सडक लम्बाइको कम्तीमा पचहत्तर प्रतिशत सडकहरू पक्की भएको,

(६) स्नातकोत्तर तहसम्मको अध्ययन संस्था भएको,

(७) विशेषज्ञ सेवासहितको अस्पताल, एक सय शय्याको कम्तीमा एक साधारण अस्पतालसहित कम्तीमा पाँच सय शय्याको अस्पताल सुविधा भएको,

(८) व्यवस्थित तरकारी तथा फलफूल बिक्री केन्द्र भएको,

(९) सपिङ मलहरू भएको,

(१०) अन्तरराष्ट्रियस्तरको खेलकूद सञ्चालन गर्न उपयुक्त रगंशाला भएको,

(११) अन्तरराष्ट्रियस्तरको विमानस्थलसँगको आवागमनमा सहज पहुँच भएको,

(१२) अन्तरराष्ट्रियस्तरको सभाहल तथा अन्तरराष्ट्रियस्तरको व्यापारिक प्रदर्शनी स्थलको व्यवस्था भएको,

(१३) सङ्ग्रहालय भएको,

(१४) प्राविधिक शिक्षालय भएको,

(१५) अन्तरराष्ट्रियस्तरको होटल सुविधा भएको,

(१६) आफ्ना क्षेत्रभित्र रहेका विशेष महत्त्वका सम्पदाको संरक्षण भएको,

(१७) पर्याप्त मनोरञ्जनस्थल भएको,

(१८) बाल उद्यान र जेष्ठ नागरिक मनोरञ्जनस्थल भएको,


(१९) नाचघर तथा सिर्जना ग्यालेरीहरू भएको,

(२०) शहरी हरियाली तथा सौन्दर्य भएको,

(२१) तोकिएबमोजिमका अन्य शहरी सुविधा भएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका यसै ऐन बमोजिम कायम भएको मानिनेछ ।

**(क्रमशः)**



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 46

CHAPTER XXIII

MAHARANI TRIPUR

In November 1835 Martabar Singh was sent to Calcutta at the head of a complimentary mission to the Governor-General. The Raj all wished to send him to England, on an embassy to the King; but he abandoned the idea on hearing that he would be treated merely as a traveller, and would not be allowed to be the vehicle of political communication. Martabar returned to Nipal in March 1836, having been received in Calcutta with marked courtesy. 9

Ever since the death of the Queen Tripur Sundari in 1832, Bhim Sen's power had been on the wane. In the spring of 1837 the Rajah turned out of office some of Bhim Sen's favourites, and deprived Martabar Singh of his command of Gorkha in consequence of his refusing to hold it on reduced allowances. Martabar was succeeded by Ranjang Pandi's brother. The King at this time had a sudden fit of economy, and directed a great part of his attention to financial matters. He made the increase of his family (he had now six children), and the consequently increased household expenses of Darbar, an excuse for general retrenchments. The office of Ditha or Chief Justice, hitherto always held by an officer of the army, was given to a Brahman of legal knowledge and talent. Up to this time Bhim Son had succeeded in excluding all civilians from appointments under Government. In the beginning of July 1837 Ranjang Pandi was restored by the Rajah to all the lands and honours formerly held by his father Damodar Pandi, and which had been confiscated in 1803.

A few days afterwards the Rajah's youngest son,* an infant of one year, died suddenly; and it was at once given out that the child had died of poison, intended for its mother the Maharani, and given at the instigation of Bhim Sen, or some of his party. There is every reason to believe that the infant was killed by its own father, in order to obtain a basis of proceedings against Bhim Sen. On this charge, Bhim Sen, his brother Ranbir Singh, his nephew Martabar Singh, their families, the Court physician and his deputy, with a number more of the nearest relations of the Thappas, were incarcerated (the heads of the family in irons), proclaimed outcastes, and their property confiscated. They were fearfully tortured to induce them to confess, but not a syllable to criminate anyone was elicited.

Ranjang Pandi was suddenly appointed Minister. Fearful, from this appointment, of the establishment of the Pandis in power, Fatti Jang Chautria, Raghunath Pandit, and the junior Rani obtained from the King the liberation of Bhim Sen, Martabar, and the rest of the party. Pardon was given to the old man, who fell on his face at the Rajah's feet, in full Darbar; and public audiences were granted, and dresses of honour and caparisoned horses given to him, to Martabar, and to Bhim Sen's adopted son Shamsher Jang. Their confiscated property was returned, and they were brought back by the soldiery and people in triumph to their respective houses. Ranjang, the recognised leader of the now powerful Pandi party, was removed from the office of Minister, and Raghunath Pandit,* who was favourably inclined towards the Thappas, was elected Premier. He and his brother, Krishna Ram, were clever, well-informed men, of moderate and liberal views, but had long been living in retirement in consequence of all appointments having hitherto been conferred only on military men. Raghunath continued as ostensible Minister, but the Rajah assumed himself the immediate control and patronage of the army, which, at this time, having been increased by the raising of another battalion, now consisted of nineteen thousand rank and file. The strength of the army at the capital was somewhat diminished, three thousand troops being marched from it to various stations in the interior and on the frontier.

In the beginning of 1838 Ranjang Pandi, through the influence of the Maharani, was appointed Commander-in-Chief; an appointment popular with the army on the whole, in consequence of the fame of his father Damodar Pandi. His brother Ramdul Pandi was made Governor of Palpa, and another brother, Karbir Pandi, Keeper of the King's Wardrobe. Bhim Sen and Martabar Singh continued at large, but out of employ. They were still very popular with the army, as was shown by the fact that many of the officers and men took their discharge from their regiments and attached themselves as private followers to their suites. The dissensions in the Palace became very violent, owing to differences between the two Queens; the Maharani insisting on the appointment of Ranjang to be Premier, while the junior Rani as warmly advocated the restoration of Bhim Sen to power.

(* The Maharajah had two wives: 1st. The Maharani, an adherent of the Pandis; she had three sons, the eldest of whom is the present King, the second is in prison at Allahabad for the conspiracy of 1851, and the third was the child whom Bhim Sen was falsely accused of poisoning. 2nd. The Junior Rani, an adherent of the Thappas, who also bore him two sons; they and theirmother are now residing in exile at Benares. )

(* He was a Brahman, and at one time filled the office of Raj Guru.)

(To be continued)

# ब्लड प्रेसर लो भएमा के गर्ने ?

उच्च रक्तचाप भएजस्तै कतिपयलाई ब्लड प्रेसर लो हुने गर्छ । रक्तचाप न्यून भएका बिरामीहरूलाई पनि समान हेरचाह र जीवनशैली परिवर्तन आवश्यक पर्छ । ब्लड प्रेसर लोमा निम्न तरिका अपनाउन सक्नुहुन्छ–

**मदिरा त्याग्ने र बढी पानी पिउने :** मदिरा पिउँदा रक्तचाप बढ्छ तर न्यून रक्तचाप छ भन्दैमा कहिल्यै पनि मदिरा पिउने भूल नगर्नुहोस् । अत्यधिक अल्कोहलको मात्राले डिहाइड्रेसन ल्याउँछ र झन् रक्तचापको मात्रा घट्छ । बरु पर्याप्त मात्रामा पानी पिउनुहोस् । शरीरमा पानीको मात्रा बढी भएमा पनि न्यून रक्तचापबाट थोरै मात्रामा भएमा जोगिन सकिन्छ ।

**नूनको मात्रालाई अनुगमन गर्नुहोस् :** रक्तचाप बढी भएको अवस्थामा नुनको मात्रा घटाउनु बुद्धिमानी हुनेछ । तर रक्तचाप कमि भयो भन्दैमा नुनको मात्रा बढाउनु कदापी राम्रो होइन । नुनको मात्रा बृद्धि गर्दा उच्च रक्तचापको खतरामा बढाउँछ र स्वास्थ्यसम्बन्धी अन्य जटिलता ल्याउँछ । चिकित्सकले सुझाब दिएको दैनिक २ देखि ३ एमजी नुनमात्र प्रयोग गर्नुपर्छ ।

**आकस्मिक शारीरिक गतिविधि त्याग्नुहोस् :** आँखा धमिलो देखिनु र टाउको हल्का दुख्नु न्युन रक्तचापका लक्षणहरू भएकोले शरीरको पोजिसन परिवर्तन गर्दा विशेष सावधानी पुऱ्याउनुहोस् । ओछ्यानबाट उठ्दा वा बसिरहेको कुनै स्थानबाट उठ्दा यस्तो ख्याल गर्नुपर्छ । उभिनुभन्दा अगाडि पैतला र खुट्टालाई हल्का दबाउनुहोस् । ओछ्यानबाट उठ्नुअघि पनि ओछ्यानमा केही सेकेन्ड बसेर मात्र उभिनुहोस् ।

**उच्च कार्बोहाइड्रेडयुक्त खानाको मात्रा कम खानुहोस् :** न्यून रक्तचाप भएका मानिसलाई सामान्यतया उच्च कार्बोहाइड्रेडयुक्त खानेकुरा खान सुझाब दिइँदैन । कार्बोहाइड्रेडयुक्त खानेकुरा घटाउँदा सिस्टोलिक ब्लड प्रेसर घट्ने र खाना खाएपछि हुने हाइपरटेन्सन (पोस्टपेन्डियल) घट्छ ।

**तातो पानी र स्टिम नलिनुहोस् :** लामो समयसम्म तातो पानीले नुहाउँदा वा वाफ लिंदा आँखा धमिलो हुने र हल्का टाउको दुख्छ । तसर्थ आरामदायी वाथ ट्युबमा सुतेर तातो पानीले ननुहाउनुहोस् । बरु यसको सट्टा सकभर कुर्चीमा बसेर नहाउनुहोस् । कुर्चीबाट उठ्दा पैतला तथा खुट्टालाई एक पटक हल्का दबाएर मात्र उठ्नुहोस् ।

**बारम्बार खाना खानुहोस् :** रक्तचाप न्यून भएका मानिसहरूमा खानापछि हाइपरटेन्सन वा आँखा धमिलो हुने समस्या हुने भएकोले एकै पटक धेरै खाना नखानुहोस् । बरु हरेक दुई दुई घन्टामा थोरै थोरै खानुहोस् ।


(स्वास्थ्य खबरपत्रिकाबाट)

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७६ माघ महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | अपांग अशक्त | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | १९३ | ८३ | २१ | १५ | ५ | ६ | ६ | ११ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ७ | ० | १ | ० | १ |
| २ | रजनी सुवाल जरेजू | ५९ | २० | ४ | ३ | ० | ० | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | २ | ० | ६ |
| ३ | अनु गोसाई | २६९ | १११ | ४८ | ४२ | ४० | १० | १० | ६ | २४ | ७ | ३ | १ | ५ | ० | ३ | ४ | १३ | ७ | ७ | ० | ४ |
| ४ | रजनी सुवाल जरेजू | ५० | २१ | ७ | २ | १ | २ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | मञ्जु छुकां | १५५ | ४८ | १८ | १२ | १ | १ | २ | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| ६ | सृजना बोहजु | १७५ | ४९ | २५ | ११ | ३३ | १८ | ५ | ४ | ५ | ५ | ० | ० | ० | ४ | २ | ८ | ० | ० | ६ | १ | ३ |
| ७ | मञ्जु छुकां | ८७ | १८ | ५ | ३ | १ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| ८ | सविना दुवाल | १४० | ८ | ५ | ३ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ९ | सविना दुवाल | २०० | ११ | ८ | ० | ० | ० | ४ | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| १० | मोनिका पही | २५० | ३८ | २५ | १५ | १० | ० | ८ | १५ | ५ | ४ | ० | ० | १ | ० | २ | १ | ७ | ० | ३ | ० | २ |

संकलन - कमल केशरी राजचल

# आ.व. २०७६/७७ माघ महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १९९ | १०९ | १८४ | २३२ | १५७ | २३७ | २४५ | १७४ | १९२ | २४७ | २५० | १९१ | १९९ | २८० | १५१ |
| ■ सार्क तथा चिनियाँ | ३८४ | १७६ | १५२ | ३११ | १९१ | २७६ | ३३७ | ३७८ | ४१२ | ३४९ | ४५३ | ४९४ | २९४ | ३३३ | ५१४ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २३३ | ३३० | २६५ | २०१ | २४९ | २१७ | १६० | ३१३ | २७१ | २८० | २७५ | २७९ | २४१ | २६० |
| ■ सार्क तथा चिनियाँ | ३७८ | ३४६ | ३०० | ८६ | १६८ | १११ | ११७ | ४३ | ६४ | १६७ | ४६ | ५६ | ७१ | ४५ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ माघ | ६,६२१ | ७,०५२ | १३,६७३ |
| २०७५ माघ | ८,०९२ | ८,८८९ | १६,९८१ |
| प्रगति | −१,४७१ (−१८.१८%) | −१,८३७ (−२०.६६%) | −३३०८ (−१९.४८%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# धिमे, एथ्लेटिक्स र महोत्सव

भक्तपुर नगरपालिकाले जनतासमक्ष गरेको बचनबद्धता पूरागर्ने क्रममा माघमा धिमे प्रतियोगिता, फागुनमा एथ्लेटिक्स प्रतियोगिता सम्पन्न गरेको छ भने चैतमा 'भक्तपुर महोत्सव'को आयोजना गर्दैछ ।

हरेक वर्ष एउटा परम्परागत मौलिक बाजाप्रतियोगिता गर्ने प्रतिबद्धता अनुसार यसवर्ष जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता माघ २५ र २६ गते सम्पन्न भएको छ। एकदिन गर्ने सोचिएको प्रतियोगिता सहभागीहरूको सङ्ख्या अत्यधिक बढेकोले दुई दिन गरिएको थियो। प्रतियोगितामा ७७ समूहले दर्ता गराएकोमा ७२ समूहले भागलिएका थिए। धिमेसँग भुछ्या र सिछ्याको परम्परागत बाजा विगतमा प्रायःप्रौढ पुरुषले बजाउँदै आएकोमा अहिले युवा-युवती र किशोर -किशोरीहरू उल्लेखनीय रूपमा देखापरेका छन्। धिमेबाजा बाल-बालिकाले समेत बजाएर नगरलाई संगीतमय बनाउँदा अवसर दिँदैजाने हो भने कम्तिमा आधा शताब्दी ढुक्क हुन सकिने पर्यवेक्षकहरूले विश्वास व्यक्त गरे ।

सम्पदाको संरक्षण वस्तुतः आफ्नो पहिचान कायम राखी नयाँ पुस्तामा हस्तान्तरण गर्न हो। यस्तो प्रतियोगिताले संरक्षण, प्रबर्द्धन हुँदै हस्तान्तरण हुने र नयाँ पुस्तामा उत्साह थपिन्दै जाने निश्चित छ। प्रतियोगितामा उत्कृष्ट हुनेलाई आकर्षक पुस्कारका साथै भागलिने प्रत्येक समूहलाई समेत बाजा सामग्री र खाजा खर्च प्रदान गरिएकोले सबैको कदर र सम्मान भएको छ। यसको निरन्तरताले प्रतियोगितामा सहभागी हुन उत्साहित बनाउन ठूलो भूमिका खेल्नेछ।

निरंकुश पञ्चायतको अन्त्य र बहुदलीय प्रजातन्त्र पुनःस्थापनाको लागि भएको ४६ सालको जनआन्दोलनको 'शहीद दिवस'को अवसरमा शहीदहरूको सम्मान र स्मरण तथा वीर योद्धाहरूको सम्मानमा भक्तपुर नपाले अन्तरनगर खेलकुद प्रतियोगिताको आयोजना गर्दै आएको छ। यस वर्ष फागुन ८-१२ गते अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता सम्पन गरेको छ। १६ नपा सहभागी भएको १६ इभेन्टस्को प्रतियोगिता सफलतासाथ आयोजना गरी फागुन १२ गते पुरस्कार वितरण भइसकेको छ। प्रतियोगिता अन्तर नगरस्तरीय भएपनि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न यस्तो प्रतियोगिताको ठूलो महत्त्व छ। यस अर्थमा भक्तपुर नपाले राष्ट्रको खेलकुद क्षेत्रको विकासमा टेवा पुऱ्याइरहेको छ। यस कार्यमा साथ सहयोग दिई उत्कृष्ट हुनेलाई बधाई र सहभागीहरूलाई धन्यवाद छ ।

दुई वटा उल्लेखनीय प्रतियोगिता सम्पन्न गरेको भक्तपुर नपाले चैत ४-८ गते भक्तपुर महोत्सव -२०७६ को आयोजना गर्दैछ। यस महोत्सवले यहाँका मूर्त-अमूर्त कला, संस्कृति, जनजीवनको संरक्षण र प्रचार, स्थानीय उत्पादनको प्रवर्द्धनबाट पर्यटन उद्योगको विकासमा थप टेवा पुग्नेछ।

भक्तपुरनपाका गतिविधिहरूले नगर र नगरवासीहरूको हित भइरहेकोले नगरवासीको साथ र सहयोग पनि पाइरहेको छ। यसैक्रममा भक्तपुर महोत्सवलाई सफल र भव्य रूपमा सम्पन्न गर्न सबै क्षेत्र र पेशाका नगरवासीहरू सहभागी हुने र दरिलो साथ सहयोग दिने आशा र विश्वास छ।



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें
अन्तरनगर एथ्लेक्टिक्स प्रतियोगिताको समुद्घाटन गर्नुहुँदै



# बहुदलीय व्यवस्था पुनःस्थापनाका लागि शहादत प्राप्त गर्ने प्रातःस्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।



राजकुमार सुवाल
(२०२५ माघ १० - २०४६ फागुन ८)



कृष्णराम दुवाल
(२०२३ असार ७ - २०४६ फागुन ८)



हरिकृष्ण भुजु
(२०२७ फागुन २८ - २०४६ फागुन ८)



निर्मल कुमार शाक्य
(२०२२ असार १५ - २०४६ फागुन ८)



पुष्परत्न शाक्य
(२०१९ भाद्र १ - २०४६ चैत्र २६)



महेश श्रेष्ठ
(२०२३ - २०४७ बैशाख ३०)

## भक्तपुर नगरपालिका परिवार